राष्ट्रिय सूचना आयोग

National Information Commission

# वार्षिक प्रतिवेदन

# २०८१/८२

राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

# राष्ट्रिय सूचना आयोग
## National Information Commission

# वार्षिक प्रतिवेदन
## २०८१/८२

राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

# राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन, २०८१/८२


प्रकाशक : **राष्ट्रिय सूचना आयोग**

काठमाडौं, नेपाल ।

फोन नं. : ०१-४५९६५४४

इमेल : info@nic.gov.np

वेबसाईट : www.nic.gov.np

हेल्प लाइन : ०१-४५९६५४४

प्रकाशन मिति : २०८२

प्रति : ६५०

मुद्रक : कृपा प्रिन्टर्स

# आयोगका वर्तमान पदाधिकारीहरू



**प्रमुख सूचना आयुक्त**

डा. सुरेश प्रसाद आचार्य



**सूचना आयुक्त**

श्री गगन बिष्ट



**सूचना आयुक्त**

श्री दुर्गा भण्डारी पौडेल



**सचिव**

श्री दीर्घ राज मैनाली

# सूचनाका हकमा आयोग

नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हकको सुनिश्चितता गरेको छ । नेपालमा पहिलोपटक २०४७ सालको संविधानले नै यसको सुनिश्चितता गरेको थियो । तर त्यो संविधान कायम हुँदासम्म यसको कानूनी प्रत्याभूति गराउन सूचनाको हकसम्बन्धी ऐन बनाउने प्रयास सफल हुन सकेन । यो व्यवस्थालाई अन्तरीम संविधान २०६३ ले पनि यथावत स्वीकार गरेपछि मात्र सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भयो । यो ऐनले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच राख्न सूचना माग गर्ने र प्राप्त गर्ने नागरिक अधिकारलाई प्रत्याभूत गरेको छ ।

ऐनले दिएको नागरिक अधिकारको संरक्षण, प्रवर्द्धन र प्रचलनका लागि नै राष्ट्रिय सूचना आयोग गठन गरिएको हो । आयोगले ऐन प्रदत्त नागरिक अधिकारको सुरक्षा र प्रत्याभूतिका लागि निरन्तर काम गर्दै आएको छ । मूलतः आयोग नागरिकका अधिकारमा आफैं अग्रसर भएर सूचना दफा ३ उपदफा १ बमोजिम सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकार कार्यान्वयन एवम् सूचना दिलाउने भन्दा पनि नागरिकले पाउन नसकेका सूचनाको प्रवाहमा सहजीकरण गर्ने भूमिकामा सीमित रहेको छ । पछिल्लो समय आयोग राज्यबाट उपलब्ध हुने सीमित स्रोत साधनमा चल्नु परेका कारण आफ्ना गतिविधिलाई आयोगको आकांक्षा अनुरुप विस्तार गर्न सकिरहेको छैन ।

आयोगको नियमित काम आयुक्तहरूले पुनरावेदन अध्ययन गर्ने, त्यसका आधारमा कानून प्रदत्त अधिकारका आधारमा निर्देशन दिने वा फैसला गर्ने हो । आयोगलाई राज्य वा निजी क्षेत्रका कुन र कति सार्वजनिक निकायले कस्ता र कतिवटा सूचना प्रवाह गरे भनेर थाहा हुने अवस्था छैन । तसर्थ सूचना नपाएका कारण पुनरावेदन भएका आधारमा आयोगले आफूले सम्पादन गरेका कामलाई प्रगति विवरणका रुपमा प्रस्तुत गरिदै आएको छ । आयोगले कानूनको भावना अनुरुप मूलतः संरक्षण, प्रवर्द्धन र प्रचलन - यी तीन विषयलाई आफ्नो कार्य क्षेत्र बनाएको छ । पुनरावेदनमाथिको सुनुवाई त्यसमध्येको सूचनाको संरक्षण खातिर गरिएको काम हो ।

सूचना प्रवाहमा जहिले पनि दिने र लिने दुई पक्ष हुन्छ । सूचनाको माग गर्नेले आफूले चाहेको रुपमा सूचना दिनुपर्छ भन्ने दावी गर्नु स्वाभाविक लाग्छ किनकी सूचना कति  र कुन रुपमा माग गर्ने भन्ने कुनै प्रष्ट कानूनी आधार छैन । दिनु पर्ने पक्ष, जो सार्वजनिक निकाय हो, ऊसँग सूचना त्यो रुपमा संग्रहित नहुन पनि सक्छ । त्यसो हुँदा माग गर्नेलाई लाग्छ, सूचना मैले जुन रुपमा माग गरेकोहो, त्यही रुपमा पाउनु पर्छ । दिने पक्ष आफूसँग नभएको सूचना कसरी दिने भन्ने अन्योलका बीच गुज्रिरहेको हुन्छ । यो द्वन्द्वकाबीच माग गर्ने पक्ष पुनरावेदन लिएर राष्ट्रिय सूचना आयोग आई पुग्छ । आयोगले स्वाभाविक कर्मका रुपमा माग गरिएको सूचना किन दिन नपर्ने हो, त्यसको जानकारी माग गरेर अर्को पक्ष अर्थात् सम्बन्धित कार्यालयमा पठाउँछ ।

पुनरावेदनको सुनुवाईका प्रक्रियामा आयोगले जुन विधि र प्रक्रियाबाट काम गर्छ, त्यसमा माग गर्ने पक्ष आफूले चाहे जस्तो आदेश नगरिदिएको ठान्दछ । दिनु पर्ने पक्षसँग माग गरिइ अनुसारका सूचना नभएका कारण वा माग गर्ने पक्षले पटक पटक एकै प्रकृतिका सूचना माग गरेका कारण आयोगले आदेश गरेर झण्झट दिएको बुझाइ बनेको हुनसक्छ । यी दुबै गलत बुझाई हुन् । राष्ट्रिय सूचना आयोग आम नागरिकको सूचनाको हकको संरक्षण र प्रवर्द्धनका लागि नै खडा भएको हो । कसैलाई दुःख दिने वा कसैको स्वार्थ पूरा गर्ने अर्थमा आयोगले काम गर्दैन, गर्न सक्दैन र गर्नु हुदैन । यो मान्यताका प्रति आयोग दृढ संकल्पित छ र रहन्छ ।

समग्रमा सूचना दिने र माग गर्ने दुई पक्ष एक अर्कामा द्वन्द्व गरिरहेका छन् । माग र आपूर्ति गर्ने बीचको द्वन्द्व स्वाभाविक हुनु पर्ने हो । यस्ता स्वाभाविक प्रकृतिका द्वन्द्वमा समाधान खोजी दिनु राष्ट्रिय सूचना आयोगको कर्तव्य र दायित्व पनि हो । तर माग गरिएका र माग अनुसार नदिइएका सूचनाको अध्ययन गर्दा आयोगले गरिरहेका आदेश र फैसलाबाट आयोग सन्तुष्ट हुने अवस्था छैन । यो प्रयोजनका लागि आयोगले जति समय व्यतीत गरिरहनु परेको छ, त्यो परिणाममुखी बनाउनु पर्ने चुनौती आयोगका सामु छ । आयोगको अर्को प्राथमिकताको विषय प्रवर्द्धनमा जति समय दिनु पर्ने हो, आयोगले स्रोत र साधनको सीमितताका कारण पनि त्यो काममा लाग्न पाएको अवस्था छैन । सूचना अधिकारीहरू पटक पटक फेरिने संस्कार, सूचनामा सूचना अधिकारीको पहुँचको समस्या, कानूनतः सूचना प्रवाहका क्षेत्रमा गरिनु पर्ने स्वाभाविक कामहरूमा निस्पृहता जस्ता प्रवृत्तिको निरन्तरता तोड्न जरुरी छ । यसका लागि निरन्तर रुपमा सूचना प्रवाहको प्रवर्द्धनका काम व्यापक बनाउनु पर्ने हो । तर आयोग यी काममा केन्द्रीत हुने परिवेश बनाउन सकिएको छैन ।

सूचनाको हकको प्रचलन आयोगको अर्को काम हो । यसका लागि पनि प्रवर्द्धनकै काम जरुरी हुन्छ । नागरिकमा उनीहरूको अधिकारका बारे जानकारी गराउन सकिएको छैन । आफैंसँग सरोकार रहेको विषय पनि कहाँ र कसरी माग्ने ? ऊ जानकार छैन । सूचना नपाएमा गर्नु पर्ने के हो ? उसलाई बुझाइदिने व्यक्तिको अझै खाँचो छ । आयोग एउटा केन्द्रीय कार्यालय र केही कर्मचारीहरूमा सीमित छ । सूचना प्रवाहको अनुगमनका लागि बनेका सरकारी संयन्त्रको प्रभावकारिता देखिएको छैन । सूचनाको हकको प्रचलनको सुपरीवेक्षणका लागि बनाइएको सूचना अडिट एकसाथ देशभर सञ्चालन गर्ने र त्यसका आधारमा सूचनाको हकको समग्र मूल्यांकन गर्नका लागि आवश्यक स्रोत र साधन आयोगसँग छैन ।

यी प्रवृत्ति, परिवेश र सीमितताका बीच आयोगले गरेका कामको समीक्षा हुनुपर्ने थलो संसदमा प्रतिवेदन पुऱ्याउने दायित्व आयोगकै हो । आयोगले आफूले गरेका काम कारवाही समेटेर आ.व. २०८१/८२ को प्रतिवेदन सूचनाको हकसम्बन्धी ऐनको दफा २५(१) बमोजिम प्रधानमन्त्री मार्फत संसदमा छलफलका लागि तयार गरेको छ । आयोगको कामको अभिलेखका लागि पनि यो प्रतिवेदन तयार गरिएको छ । पुराना अभिलेख पुरानै प्रतिवेदनबाट जानकारी हुनसक्छ भन्ने बिश्वासका आधारमा प्रतिवेदनलाई मोटो होइन, परिष्कृत र परिपूर्ण बनाउने मात्र ध्येय राखिएको छ । पुनरावेदन गरिएका मुद्दाका फाइलको गन्ती गरेर उपलब्धी भनेर लेख्ने हाम्रो रहर पनि छैन । सूचना प्रविधिको यो जमानामा आयोगका अधिकांश गतिविधिहरू वेबसाइट मार्फत नै जानकारी गराइदै आएको छ । साथै सूचना प्राप्तिका हरेक प्रक्रिया डिजिटल माध्यमबाटै उपलब्ध गराउने प्रयत्नमा आयोग लागेको सहर्ष घोषणा गर्न पाउँदा गर्व अनुभूति भएको छ । हरेक यात्राको प्रारम्भ पहिलो पाइलाबाट शुरु हुन्छ भन्ने उक्तिमा बिश्वास राखेर शुरु गरिएको यो अभियान सफल बनाउनुको अर्को विकल्प छैन । यसमा सबैको साथ र सहयोगको अपेक्षाका साथ यो प्रतिवेदन प्रकाशन गरिएको छ । सूचनाको हक संरक्षण, प्रवर्द्धन र प्रचलनमा सहकार्य गर्नु हुने, सहयोग र समर्थन गर्नु हुने सबैका प्रति आयोग आभारी छ ।

यो वार्षिक प्रतिवेदन सर्वसाधारणको जानकारीका लागि आयोगको वेबसाइट www.nic.gov.np मा पनि राखिएको छ ।

| दुर्गा भण्डारी पौडेल | गगन बिष्ट | डा सुरेशप्रसाद आचार्य |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

# विषय सूची


**सूचनाको हकमा आयोग**

**कार्यकारी सारांश**

| | | | |
|---|---|---|---|
| **परिच्छेद- १** | | **राष्ट्रिय सूचना आयोगको परिचय** | **१** |
| | १. | पृष्ठभूमि | १ |
| | १.१ | संवैधानिक व्यवस्था | १ |
| | १.२ | कानूनी व्यवस्था | २ |
| | १.३ | राष्ट्रिय सूचना आयोगको गठन | २ |
| | १.४ | राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार | ३ |
| | १.५ | राष्ट्रिय सूचना आयोगको थप काम, कर्तव्य र अधिकार | ४ |
| | १.६ | अनुगमन तथा अधिकार प्रत्यायोजन | ५ |
| | १.७ | अधिकार प्रत्यायोजन सम्बन्धी गतिविधि | ९ |
| | १.८ | आयोगको कार्यालय र कर्मचारीसम्बन्धी व्यवस्था | ९ |
| | १.९ | आयोगको वार्षिक प्रतिवेदन | १० |
| | १.१० | आयोगको भवन | १० |
| **परिच्छेद- २** | | **सूचनाको हकसम्बन्धी ऐन, नियम तथा कानूनी व्यवस्था** | **११** |
| | २. | पृष्ठभूमि | ११ |
| | २.१ | सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को कानूनी व्यवस्था : | १२ |
| | २.२ | सूचना माग गर्ने प्रक्रिया र पुनरावेदन : | १३ |
| | २.३ | आयोगबाट आदेश गरिन प्रक्रिया | १५ |
| | २.४ | सूचनाको संरक्षण र वर्गीकरण | १५ |
| | २.५ | सूचनाको हकसम्बन्धी राष्ट्रिय रणनीतिक योजना (२०२१ देखि २०२५) | १६ |
| **परिच्छेद- ३** | | **पुनरावेदन र फछ्र्यौटको अवस्था** | **१८** |
| | ३. | पृष्ठभूमि | १८ |
| | ३.१ | निवेदन, उजुरी तथा पुनरावेदन | १८ |
| | ३.२ | क्षेत्रगत पुनरावेदनको विवरण | २१ |
| | ३.३ | उजुरी र निवेदनको विवरण | २३ |
| | ३.४ | प्रदेशगत पुनरावेदनको अवस्था | २३ |
| | ३.५ | निष्कर्ष | २४ |

| | | | |
|---|---|---|---|
| **परिच्छेद- ४** | **आयोगबाट भएका महत्वपूर्ण आदेश तथा सजायँ** | | **२५** |
| | ४. | पृष्ठभूमि | २५ |
| | ४.१ | आयोगबाट भएका महत्वपूर्ण आदेश | २५ |
| | ४.२ | आयोगबाट भएको कारबाही | २६ |
| **परिच्छेद- ५** | **आयोगबाट सम्पन्न भएका प्रवर्द्धनात्मक कार्य** | | **२८** |
| | ५.१ | आयोगमा नयाँ नेतृत्व | २८ |
| | ५.२ | अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रम | २९ |
| | ५.३ | सूचनाको हकसम्बन्धी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम | ३८ |
| | ५.४ | जिल्लास्तरीय सूचनाको हकसम्बन्धी कार्यक्रम | ४३ |
| | ५.५ | स्थानीय तह स्तरीय अन्तर्क्रिया कार्यक्रम | ४९ |
| | ५.६ | सूचनाको हकसम्बन्धी दिवस | ५३ |
| | ५.७ | क्षमता अभिबृद्धि कार्यक्रम | ५८ |
| | ५.८ | सूचना आयोगको अन्तर्राष्ट्रिय सम्बन्ध र गतिविधि | ६३ |
| | ५.९ | नेपाली राजदूतहरूसँग अलग्गै छलफल | ६४ |
| | ५.१० | प्रकाशन तथा प्रचार प्रसार | ६५ |
| | ५.११ | विविध गतिविधिहरू | ६७ |
| | ५.१२ | सूचनाको हकसम्बन्धी राष्ट्रिय रणनीतिक योजना (२०२१ देखि २०२५) सम्बन्धी प्रगति | ६८ |
| | ५.१३ | राष्ट्रिय सूचना आयोगलाई पूर्व आयुक्तहरूको सुझाव | ६९ |
| | ५.१४ | सूचनाको हकका विज्ञहरूसँग राष्ट्रिय सूचना आयोगको छलफल | ६९ |
| | ५.१५ | राष्ट्रपतिसँग आयोगका पदाधिकारीहरूको भेट | ७० |
| | ५.१६ | उच्च अदालत पाटनद्वारा राष्ट्रिय सूचना आयोगमा अनुगमन | ७० |
| | ५.१७ | सूचनाको हक सम्बन्धी प्रशिक्षण सम्पन्न | ७१ |
| | ५.१८ | सूचनाको हकबारे संसदीय समितिमा छलफल | ७१ |
| | ५.१९ | आरटीआई अडिट | ७२ |
| | ५.२० | अन्य निकायबाट सम्पादित क्रियाकलापहरु | ७३ |
| **परिच्छेद- ६** | **वित्तीय तथा भौतिक प्रगति** | | **७५** |
| | ६.१ | विनियोजित बजेट र खर्चको विवरण | ७५ |
| | ६.२ | विगत दश वर्षको विनियोजित बजेट र खर्चको विवरण | ७६ |
| | ६.३ | प्रशासनिक र कार्यक्रम खर्च | ७७ |
| | ६.४ | सहकार्य र साझेदारी | ७९ |
| | ६.५ | आयोगका पदाधिकारीहरूले लिएको भुक्तानीको विवरण | ७९ |

| | | |
|---|---|---|
| **परिच्छेद- ७** | **सूचनाको हकसम्बन्धी अभ्यास** | **८०** |
| | ७.१ अन्तर्राष्ट्रिय अभ्यास | ८० |
| | ७.२ नेपालको सन्दर्भ | ८१ |
| | ७.३ चुनौती | ८१ |
| | ७.४ हाम्रो योजना | ८२ |
| **परिच्छेद- ८** | **सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि आयोगका सुझावहरू** | **८३** |
| | ८. पृष्ठभूमि | ८३ |
| | ८.१ सुझावहरू | ८३ |
| अनुसूची- १ | राष्ट्रिय सूचना आयोगको संगठन संरचना | ८६ |
| अनुसूची- २ | नागरिक बडापत्र | ८७ |
| अनुसूची- ३ | आयोगमा आर्थिक वर्ष २०८१/८२ मा कार्यरत पदाधिकारी र कर्मचारीको विवरण | ८८ |
| अनुसूची- ४ | आर्थिक वर्ष २०८१/८२ आयोगको बैठकबाट भएका निर्णय | ९१ |
| अनुसूची- ५ | रणनीतिक प्राथमिकता | १२० |
| अनुसूची- ६ | आर्थिक वर्ष २०८१/८२ को पुनरावेदन शाखाको प्रगति विवरण | १३० |
| अनुसूची- ७ | राष्ट्रिय सूचना आयोगबाट भएका महत्वपूर्ण आदेश | १३१ |
| अनुसूची- ८ | आर्थिक वर्ष २०८१/८२ सम्म राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही भएको विवरण | १४० |
| अनुसूची- ९ | आर्थिक वर्ष २०८१/८२ मा सूचनाको हकसम्बन्धी अन्तर्क्रिया कार्यक्रमको तालिका | १४२ |
| अनुसूची- १० | आयोगबाट वार्षिक रुपमा प्रकाशन गरिने सूचनाको अधिकारको जर्नलमा रहेका लेख रचनाहरू विवरण | १४३ |
| अनुसूची- ११ | सफलताको कथा पुस्तकमा प्रकाशित लेखको विवरण सूचना आयोगको निरीक्षणको क्रममा दिनु भएको निर्देशन सुझाव तथा निर्देशन | १४५ |
| अनुसूची- १२ | राष्ट्रिय सूचना आयोग र द एशिया फाउण्डेशन, सिएसएम कार्यक्रमबीच भएको Letter of Exchange अनुसार २०८१ फागुन १३ गतेसम्म भएको प्रगति विवरण। | १४६ |
| अनुसूची- १३ | विगतका वार्षिक प्रतिवेदनमा दिइएका सुझाव | १४७ |
| अनुसूची- १४ | उच्च अदालत पाटनमा राष्ट्रिय सूचना आयोगलाई विपक्षी बनाइएका मुद्दाको विवरण | १५६ |
| अनुसूची- १५ | आरटिआई अडिट गरिएका सुदूरपश्चिम प्रदेश अन्तर्गत निकायको नामावली | १५७ |
| परिशिष्ट- १ | | |
| परिशिष्ट- २ | | |
| महत्त्वपूर्ण तस्वीरहरू | | |

# कार्यकारी सारांश

नेपालको संविधानको धारा २७ मा नेपाली नागरिकको सूचनाको हकको प्रत्याभूत गरिएको छ। यो नागरिकको मौलिक अधिकार हो। संविधानमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने उल्लेख छ। नागरिकलाई सूचनाको हकको प्रत्याभूत गरिएकोले संविधानको उक्त व्यवस्था कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको हो। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बनाई लागू गरेको छ। नेपाल सरकारबाट यस नियमावलीमा २०६८ चैत्र १३ गते पहिलो संशोधन, २०७० श्रावण २८ गते दोस्रो संशोधन र २०७७ मंसीर १० मा तेस्रो संशोधन गरिएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने कामका लागि कम्तीमा एकजना महिलासहित प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्त रहेको एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था छ। सूचनाको हकको कार्यान्वयनलाई प्रभावकारी बनाउन नेपाल सरकारले वि.सं. २०७६ सालमा सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका पनि जारी गरेको छ। निर्देशिकामा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहने गरी केन्द्रीय समन्वय इकाई, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवको संयोजकत्वमा कार्यान्वयन अनुगमन इकाई, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहने गरी प्रदेश अनुगमन इकाई र प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला अनुगमन इकाईको व्यवस्था गरिएको छ।

नेपालको संविधानको धारा २७ मा भएको सूचना माग्ने र पाउने हकसम्बन्धी व्यवस्थाको कार्यान्वयनका लागि जारी भएको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ को उपदफा (१) बमोजिम सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने काम, कर्तव्य तथा अधिकारका लागि राष्ट्रिय सूचना आयोग गठन भएको हो। सोही ऐनको दफा २५ को उपदफा (१) बमोजिम प्रत्येक वर्ष आफूले गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन प्रधानमन्त्री मार्फत व्यवस्थापिका संसदमा प्रस्तुत गर्ने व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०८१/८२ को सत्रौं वार्षिक प्रतिवेदन तयार गरिएको छ। यस वार्षिक प्रतिवेदनमा ८ परिच्छेद, १२ अनुसूची र दुई परिशिष्ट रहेका छन्। आयोगले आयोजना गरेका कार्यक्रममा सरोकारवालाले उठान गरेका विषय र आयोगले आफूले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि महसुस गरेका विषयको आधारमा सुझावहरू तयार गरी यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

राष्ट्रिय सूचना आयोगको कार्यालय काठमाडौँ त्रिपुरेश्वरमा रहेको छ। आयोगलाई आवश्यक कर्मचारीको व्यवस्था नेपाल सरकारले गर्नेछ भन्ने व्यवस्था भएबमोजिम निजामती सेवाका कर्मचारी उपलब्ध गराउने गरिएको छ। आयोगको प्रशासकीय प्रमुखका रूपमा निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदाधिकारी सचिव रहने व्यवस्था रहेको छ। आयोगको सचिवालयमा प्रशासन शाखा, योजना तथा प्रवर्द्धन शाखा र पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा गरी ३ वटा शाखा रहेका छन्। आयोगमा अधिकृत स्तरका १३ जना, सहायक स्तरका ८ जना र श्रेणीविहीन १६ समेत गरी कूल ३७ जनाको दरबन्दी रहेको छ। आयोगको कार्यसम्पादन गर्न आवश्यक पर्ने बजेटको व्यवस्था नेपाल सरकारबाट विनियोजन हुने गरेको छ।

सूचनाको हकको कार्यान्वयनको अवस्थाबारे अनुगमन, प्रचलनका साथै प्रवर्द्धन गर्ने कानूनी दायित्व आयोगमा रहेको छ। सोही बमोजिम आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय सूचना आयोगबाट जिल्लास्थित कार्यालय प्रमुख, सूचना अधिकारी, जनप्रतिनिधि तथा सञ्चारकर्मीको सहभागितामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो।

आयोगबाट संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका विभिन्न सरकारी तथा गैरसरकारी सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयनको अवस्था तथा समस्याको बारेमा अनुगमन तथा मूल्याङ्कनका कार्य समेत भएका थिए । यही आर्थिक वर्षमा आयोगले गरेको अन्तर्क्रियात्मक अभिमुखीकरण कार्यक्रमबाट ६८० जना महिला र १,५०१ जना पुरुष गरी जम्मा २ हजार १८१ जनालाई सूचनाको हकसम्बन्धी कानूनी तथा व्यावहारिक ज्ञान प्रदान गरिएको थियो । विभिन्न निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, जनप्रतिनिधि, सूचनाको हकका अभियन्ता र सञ्चारकर्मीसमेत यसमा संलग्न रहेका थिए ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा सूचना माग गर्न सकिने निकाय र विषय, सूचना माग गर्ने प्रक्रिया र पुनरावेदन, आयोगबाट गरिने निर्णय प्रक्रिया, सूचनाको संरक्षण र वर्गीकरणजस्ता विषयमा कानूनी व्यवस्था गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा १ हजार १४० पुनरावेदन प्राप्त भएका थिए । यसरी प्राप्त पुनरावेदन मध्ये १,०२५ फछ्र्यौट भई ९७.७१ प्रतिशत पुनरावेदन उपर आयोगले अन्तिम निर्णय गरेको छ ।

राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकबारे नागरिकलाई अभिमुखीकरण गर्न सञ्चारका विभिन्न माध्यम मार्फत पनि प्रयास भएको छ । नागरिकको चेतनास्तर अभिवृद्धि गर्नका लागि राष्ट्रिय सूचना आयोगबाट आर्थिक वर्ष २०८१/८२ मा नेपाल टेलिभिजन, रेडियो नेपाल र गोरखापत्र संस्थानसँगको सहकार्यमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएका थिए । आयोगसँगको सहकार्यमा नेपाल टेलिभिजनमार्फत प्रसारण हुने "सूचना मेरो हक" तथा गोरखापत्रमा विभिन्न समयमा प्रकाशित नागरिक चेतनामूलक सामग्री सूचनाको हकको प्रचलन र प्रवर्द्धनमा प्रभावकारी भएको आयोगले अनुभव गरेको छ । आयोगले आफ्ना क्रियाकलापहरूलाई सर्वसाधारण नागरिक तथा सार्वजनिक निकायमा पुऱ्याउने उद्देश्यबाट "सूचना मेरो अधिकार" नामक बुलेटिन त्रैमासिक रुपमा नेपाली भाषामा प्रकाशन गरेको थियो । यसअघि यो बुलेटिन अंग्रेजी भाषामा समेत प्रकाशन हुने गरेको थियो । यसपटक बजेटको अभावका कारण यो प्रकाशन सम्भव भएन । साथै सूचनाको हकका विज्ञहरूको लेख रचना समेटिएको आर. टी. आई. जर्नल यथासम्भव जर्नलकै मान्यताका आधारमा प्रकाशन गरियो । आफ्नो वेबसाइट www.nic.gov.np र सामाजिक सञ्जालमार्फत समेत आयोगले आफ्ना गतिविधि प्रवाह गर्ने गरेको छ ।

सूचनाको हक सम्बन्धी संवैधानिक तथा कानूनी प्रावधान र यसबाट सुशासनमा पुग्न सक्ने योगदानबारे नागरिकलाई जानकारी दिने उद्देश्यले आयोगले सूचनाको हकसम्बन्धी सूचना मागकर्ताको लागि सहयोगी पुस्तिका तयार गरी वितरण गरेको छ । यो पुस्तिका नेपाली, अंग्रेजी, मैथिली, भोजपुरी, थारु र अवधी भाषामा समेत तयार गरी वितरण गरियो । सूचनाको प्रवाहलाई सहज बनाउन मद्दत पुगोस् भन्ने उद्देश्यले सार्वजनिक निकायका लागि पनि सहयोगी पुस्तिका नेपाली र अंग्रेजी भाषामा तयार गरी वितरण गरिएको छ । यसबाट सूचना माग गर्ने नागरिक र सूचना प्रवाह गर्ने सार्वजनिक निकायका पदाधिकारीको क्षमता वृद्धिमा महत्वपूर्ण योगदान पुगेकोमा आयोग विश्वस्त छ ।

राष्ट्रिय सूचना आयोगले सर्वसाधारण नागरिकलाई सूचनाको हकको प्रयोग गर्दा सुशासनमा पुग्न सक्ने योगदान र यसबाट प्राप्त उपलब्धीबारे नागरिकलाई जानकारी दिन नेपाली, मैथिली, भोजपुरी, थारु र अवधी भाषामा श्रव्य तथा दृश्य सामग्री तयार गरी सामाजिक सञ्जालका साथै विभिन्न रेडियो र टेलिभिजनबाट समेत प्रसारण गर्ने व्यवस्था पनि गरेको थियो । यसबाट आगामी दिनमा सुशासनको क्षेत्रमा उल्लेख्य योगदान पुग्ने विश्वास आयोगले लिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा समय सापेक्ष संशोधन र परिमार्जन गर्नुपर्ने आवश्यकता छ । आयोगको कार्यक्षेत्र विस्तार गर्न पर्याप्त वित्तीय स्रोतसाधन विनियोजन

गर्नुको साथै बजेट व्यवस्थामा स्वायत्तता प्रदान गर्नु पर्ने देखिन्छ। सघीय संरचना अनुरूप आगामी दिनमा आयोगले आफ्ना कार्यक्रम, कामकारबाहीलाई र क्रियाकलापहरूलाई नागरिक सामु पुऱ्याउन यथाशक्य प्रदेश तथा स्थानीय तहमा लक्षित कार्यक्रम गर्नु पर्ने महसुस गरेको छ। सूचनाको हकलाई प्रभावकारी बनाउन प्रदेश तहका कार्यालयहरू खोल्न समेत आयोगले ढिला भएको महसुस गरेको छ। यही मान्यताका आधारमा आयोगले सरकार समक्ष यो आग्रह प्रस्तुत समेत गरिसकेको छ।

आयोगले सूचनाको हक कार्यान्वयनलाई नागरिक तहसम्म पुऱ्याउन र प्रभावकारी बनाउन विभिन्न निकायहरूसँगको सहकार्य वा निकायहरूले सञ्चालन गर्ने कार्यक्रमहरूमा सहभागिता जनाई सूचनाको हकको प्रयोग बढाउन प्रोत्साहित गर्ने गरेको छ। आयोगका अतिरिक्त अन्य निकायहरूबाट सञ्चालन गरिने यस्ता कार्यक्रमहरूमा फरक वर्गको सहभागिता तथा नागरिक समाज समेतको सहभागिता हुने कारणबाट पनि यस्ता कार्यक्रमहरू प्रभावकारी भएको पाइएको छ।

आयोगले भदौ ३ मा राष्ट्रिय सूचना दिवस, सेप्टेम्बर २८ मा सूचनाको हकमा विश्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस, बैशाख २२ मा आयोग स्थापना दिवसका अवसरमा फरक फरक कार्यक्रमहरू आयोजना गरिदै आएको छ। साथै राष्ट्रिय सूचना दिवसका अवसरमा आयोगका पूर्व पदाधिकारीलाई सम्मान र स्थापना दिवसको अवसर पारी विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार, उत्कृष्ट सूचना अधिकारी पुरस्कार र आयोगका उत्कृष्ट कर्मचारी पुरस्कार वितरण गरी सूचनाको हकका क्षेत्रमा लाग्न प्रोत्साहित गरेको छ।

प्रत्येक वर्ष गरिँदै आएको आरटीआई अडिट यस वर्ष सुदुरपश्चिम प्रदेश स्तरमा सम्पन्न भएको छ र अडिट प्रतिवेदनबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्ने क्रममा रहेको छ। त्यसैगरी सूचनाको हकका क्षेत्रमा अन्तर्राष्ट्रिय अभ्यास तथा नेपालमा रहेका कार्यन्वयनगत चुनौतीहरूलाई सामना गर्दै थप प्रभावकारी बनाउनुपर्ने आयोगको निचोड रहेको छ।

आयोगले विगत वार्षिक प्रतिवेदनहरूमा दिइएका सुझावहरूको कार्यान्वयन हुन सक्दा सूचनाको हकको कार्यान्वयनमा प्रभावकारिता आउने हुँदा कार्यान्वयनमा सबै सार्वजनिक निकायको ध्यानाकर्षण गराउंदै यस आर्थिक वर्षमा पनि विभिन्न कार्यक्रमहरूमा सहभागीहरूले व्यक्त गरेका विचार, सार्वजनिक निकायका पदाधिकारीहरूले व्यक्त गरेका विचार, आयोगका पदाधिकारीहरू तथा राष्ट्रसेवक कर्मचारीहरूको अनुभव, अभियन्ता तथा नागरिक समाजबाट प्राप्त सुझावहरूका आधारमा नेपाली नागरिकलाई प्राप्त यस महत्वपूर्ण अधिकारको कार्यान्वयनलाई थप प्रभावकारी बनाउन १६ वटा सुझावहरू प्रस्तुत गरेको छ।

# परिच्छेद- १
# राष्ट्रिय सूचना आयोगको परिचय

## १. पृष्ठभूमि

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अपनाएको मुलुक हो । नेपालको संविधानको प्रस्तावनामा समृद्ध राष्ट्र निर्माण गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान जारी भएको उल्लेख गरिएको छ। संविधानबमोजिम नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको छ ।

संविधानको धारा २७ मा सूचनाको हकअन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ । नागरिकलाई सूचनाको हकको प्रत्याभूत गरिएकोले संविधानको यस धाराको कार्यान्वयनका लागि व्यवस्थापिका संसद्बाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित भई वि.सं. २०६४ भदौ ३ गतेदेखि लागु भएको हो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागु भएको दिनलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाउने गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नेपाली नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यबस्था गरेको छ। आयोगले आफूले सम्पादन गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत संघीय संसद्मा प्रस्तुत गर्नुपर्ने कानूनी व्यवस्था ऐनको दफा २५ ले गरेको छ । यस बमोजिम आयोगबाट आर्थिक वर्ष २०८०/८१ मा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि भएगरेका काम कारबाही एवम् गतिविधि समेटी प्रस्तुत सोह्रौं वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

### १.१ संवैधानिक व्यवस्था

नेपालमा सूचनाको हकलाई सर्वप्रथम ऐतिहासिक जनआन्दोलनपश्चात् जारी भएको तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ मा प्रत्याभूत गरिएको थियो । सो संविधानको भाग-३, मौलिक हकअन्तर्गत धारा १६ मा प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था र सोही धाराको प्रतिबन्धात्मक व्यवस्थामा तर यस धारामा लेखिएको कुनै कुराले कानूनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने उल्लेख गरिएको थियो । तत्पश्चात् जारी भएका दुवै वटा संविधानमा सूचनाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग-३, मौलिक हकअन्तर्गत धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भन्ने व्यवस्था र सोही धाराको प्रतिबन्धात्मक व्यवस्थामा तर कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने उल्लेख गरिएको थियो ।

वर्तमान नेपालको संविधानको भाग- ३ मौलिक हकअन्तर्गत धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र पाउने हक हुनेछ भन्ने उल्लेख गरिएको छ।

सोही धाराको प्रतिबन्धात्मक व्यवस्थामा तर कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने उल्लेख गरिएको छ ।

यसैगरी धारा २८ मा गोपनियताको हकसम्बन्धमा व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनियता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भनी उल्लेख गरिएको छ ।

## १.२ कानूनी व्यवस्था

वर्तमान नेपालको संविधानको धारा २७ मा व्यवस्था गरिएको सूचनाको हकअन्तर्गत नागरिकको आफ्नो र सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई कानूनद्वारा व्यवस्थित गर्नुका साथै राज्यका काम कारवाहीलाई लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज तुल्याउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले तत्कालीन व्यवस्थापिका संसद्ले सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित गरी २०६४ साल श्रावण ५ गते प्रमाणीकरण गरेको हो । सो ऐन प्रमाणीकरण भएको ३० औँ दिनमा प्रारम्भ हुने व्यवस्थाबमोजिम २०६४ भाद्र ३ गतेदेखि कार्यान्वयनमा आएको हो । सोही ऐनको दफा ३ ले प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुने र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने व्यवस्था सुनिश्चित गरेको छ । यसरी संवैधानिक र कानूनीरूपमा राज्यको काम, कारवाहीलाई लोकतान्त्रिक पद्धति अनुरूप खुला, पारदर्शी, उत्तरदायी र जवाफदेही बनाई सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नु/गराउनु सार्वजनिक निकायहरूको दायित्व हो भनी व्याख्या गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बनाई लागु गरेको छ । यस नियमावलीमा २०६८ चैत्र १३ गते पहिलो संशोधन, २०७० साल श्रावण २८ गते दोस्रो संशोधन र २०७७ साल मंसिर १९ मा तेस्रो संशोधन गरिएको छ ।

## १.३ राष्ट्रिय सूचना आयोगको गठन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि कम्तिमा एकजना महिलासमेत समावेश हुने गरी एक जना प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्त भएको तीन सदस्यीय स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था छ । सभामुखको अध्यक्षतामा सञ्चार तथा सूचना प्रविधि मन्त्री र नेपाल पत्रकार महासंघका सभापति सदस्य रहेको समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र आयुक्तहरूको नियुक्ति गर्ने व्यवस्था छ ।

सोही व्यवस्था अनुसार २०६५ साल वैशाख २२ गते पहिलो पटक गठन भएदेखि हालसम्म नियुक्त हुनु भएका प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

हालसम्म नियुक्त प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको विवरण

| सि.नं. | नाम, थर | पद | नियुक्ति मिति | सम्म |
|---|---|---|---|---|
| | | **पहिलो कार्यकाल** | | |
| १. | श्री विनय कुमार कसजु | प्रमुख सूचना आयुक्त | २०६५।०१।२२ | २०६९।०४।०३ सम्म |
| २ | श्री श्रीआचार्य | सूचना आयुक्त | २०६५।०१।२२ | २०६९।०४।०३ सम्म |
| ३. | श्री श्रीआचार्य | कावा प्रमुख सूचना आयुक्त | २०६९।०४।०४ देखि | २०७०।०१।२१ सम्म |
| ४. | श्री सविता भण्डारी बराल | सूचना आयुक्त | २०६५।०१।२२ | २०७०।०१।२१ सम्म |
| | | **दोस्रो कार्यकाल** | | |
| १. | श्री कृष्णहरि बाँस्कोटा | प्रमुख सूचना आयुक्त | २०७१।०९।२४ | २०७६।०९।२३ |
| २. | श्री किरणकुमार पोखरेल | सूचना आयुक्त | २०७१।०९।२४ | ” |
| ३. | श्री यशोदादेवी तिम्सिना | सूचना आयुक्त | २०७१।०९।२४ | ” |
| | | **तेस्रो कार्यकाल** | | |
| १. | श्री महेन्द्र मान गुरूङ्ग | प्रमुख सूचना आयुक्त | २०७६।०९।२४ | २०८१।०९।२३ |
| २. | श्री कमला ओली थापा | सूचना आयुक्त | २०७६।०९।२४ | २०८१।०९।२३ |
| ३. | श्री रत्नप्रसाद मैनाली | सूचना आयुक्त | २०७६।०९।२४ | २०८१।०९।२३ |
| | | **हालको पदाधिकारी** | | |
| १. | डा. सुरेशप्रसाद आचार्य | प्रमुख सूचना आयुक्त | २०८१।०९।२४ | |
| २. | श्री गगन विष्ट | सूचना आयुक्त | २०८१।०९।२४ | |
| ३. | श्री दुर्गा भण्डारी पौडेल | सूचना आयुक्त | २०८१।०९।२४ | |

२०७० बैशाख २२ देखि २०७१ पुस २३ सम्म करीब १७ महिना आयोग पदाधिकारीविहीन रहेको थियो । त्यस अवधिमा आयोगका सचिव श्रीराम पन्तले नै निमित्त प्रमुख सूचना आयुक्तका हैसियतमा काम गर्नु भएको थियो । २०७६ पुष २४ देखि प्रमुख सूचना आयुक्तमा महेन्द्र मान गुरूङ्ग र सूचना आयुक्तमा कमला ओली थापा र रत्नप्रसाद मैनाली रहनु भएको छ । आयोगका पदाधिकारीको कार्यकाल ५ वर्षको हुने कानूनी व्यवस्था रहेको छ । राष्ट्रिय सूचना आयोगको संगठन संरचना अनुसूची- १ मा राखिएको छ ।

## १.४ राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा १९ मा राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छः

१.४.१ सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

१.४.२ त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

१.४.३ नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

१.४.४ समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

१.४.५ यस ऐनबमोजिमको दायित्व पालना गर्न/गराउन सम्वन्धित पक्षलाई आदेश दिने ।

१.४.६ नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्वन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

१.४.७ सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नको लागि आवश्यक पर्ने उपयुक्त आदेश दिने ।

## १.५ राष्ट्रिय सूचना आयोगको थप काम, कर्तव्य र अधिकार

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा १९ मा तोकिएको काम कर्तव्य र अधिकारको अलावा राष्ट्रिय सूचना आयोगको थप काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकिएको छः

१.५.१ नेपाली नागरिकले सार्वजनिक निकायसँग सूचना माग गर्दा मागेको सूचना नपाएमा वा पाएको सूचनाउपर चित्त नबुझेमा निजले आयोगसमक्ष पुनरावेदन दिन सक्छन् । आयोगले सो पुनरावेदनमाथि कारवाही गरी सूचना दिनु भन्ने आदेश जारी गर्न सक्छ ।

१.५.२ सरकारी निकायमा रहेका सूचनाको वर्गीकरण गर्न बनेको समितिले वर्गीकरण गरेको सूचनाउपर चित्त नबुझी त्यस्तो सूचना सार्वजनिक हुनुपर्ने भनी पुनरावलोकनको लागि निवेदन पर्न सक्छ । यस्ता निवेदनउपर आयोगले छानबिन गरी त्यस्तो सूचना गोप्य राख्नुपर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिन सक्छ ।

१.५.३ सूचना नदिने, दिन इन्कार गर्ने, आंशिक रूपमा सूचना दिने वा गलत सूचना दिने वा समयमा सूचना नदिने सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई जरिवाना गर्न र विभागीय कारवाहीका लागि आयोगले सम्बन्धित पदाधिकारीसमक्ष लेखी पठाउन सक्छ ।

१.५.४ सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा दिएको वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानिनोक्सानी पर्न गएमा आयोगले सम्बन्धित निकाय वा पदाधिकारीबाट क्षतिपूर्ति भराई दिन सक्छ ।

१.५.५ सूचना प्रवाह गर्ने क्रममा कुनै निकाय वा पदाधिकारीले बढी दस्तुर लिने अवस्था सिर्जना भएमा नागरिकले आयोगमा उजुरी गर्न सक्ने र आयोगले दस्तुर पुनरावलोकनको आदेश दिन सक्छ ।

१.५.६ आयोगले सूचनादाताको संरक्षण गर्छ र निजलाई कुनै कारबाही भएको भए त्यस्तो कारबाही बदर गर्न र कुनै क्षति पुऱ्याइएको भए क्षतिपूर्तिसमेत भराई दिन सक्छ ।

१.५.७ कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचनालाई दुरूपयोग गरेमा आयोगले जरिवाना गर्न सक्छ ।

१.५.८ आयोगले आफूले वर्षभरि गरेको कामकारवाहीको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत संघीय संसद्मा प्रस्तुत गर्छ । यसका साथै सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमासमेत प्रकाशन गर्छ ।

राष्ट्रिय सूचना आयोगको नागरिक बडापत्र अनुसूची- २ मा राखिएको छ ।

## १.६ अनुगमन तथा अधिकार प्रत्यायोजन

१.६.१ सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ मा भएको गर्ने व्यवस्था

१. **केन्द्रीय समन्वय इकाई :** (१) सूचनाको हकको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्न, गराउन तथा तत्सम्बन्धमा समन्वय कायम गर्न देहायबमोजिमको एक केन्द्रीय समन्वय इकाई रहनेछ :

(क) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) सचिव, आयोग - सदस्य

(घ) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको केन्द्रीय समन्वय इकाईको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) ऐन तथा नियमावलीको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन आवश्यक समन्वय तथा अनुगमन गर्ने, गराउने,

(ख) ऐनको दफा २७ बमोजिमको समितिलाई सूचनाको वर्गीकरण सम्बन्धी काममा सहयोग गर्ने,

(ग) विभिन्न मन्त्रालय र केन्द्रीयस्तरका निकायबाट सूचनाको हक सम्बन्धी व्यवस्था कार्यान्वयन भए, नभएको अनुगमन गर्ने, गराउने,

(घ) सूचनाको हक सम्बन्धी नीतिगत विषयमा नेपाल सरकारसमक्ष सुझाव पेश गर्ने,

(ङ) सूचनाको हक कार्यान्वयन सम्बन्धमा विभिन्न मन्त्रालय, आयोग तथा केन्द्रीय स्तरका निकाय बीच समन्वय गर्ने,

(च) सूचनाको हक कार्यान्वयन सम्बन्धमा नेपाल सरकार र आयोगबाट प्राप्त निर्देशनको पालना गर्ने, गराउने ।

(३) उपदफा (१) बमोजिमको केन्द्रीय समन्वय इकाईले ऐन, नियमावली तथा यस निर्देशिकाको अधीनमा रही आफ्नो काम कारबाही तथा बैठक सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

२. **कार्यान्वयन अनुगमन इकाई :** (१) ऐन तथा नियमावलीको व्यवस्थालाई प्रभावकारी रुपले कार्यान्वयन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा देहायबमोजिमको कार्यान्वयन अनुगमन इकाई रहनेछः

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सहसचिव (सञ्चार महाशाखा हेर्ने), मन्त्रालय - सदस्य

(घ) सहसचिव, आयोग - सदस्य

(ङ) महानिर्देशक, हुलाक सेवा विभाग - सदस्य

(च) सूचना अधिकारी, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको कार्यान्वयन अनुगमन इकाईको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विभिन्न मन्त्रालय र केन्द्रीयस्तरका निकायबाट हुने सूचनाको हकको कार्यान्वयनसम्बन्धी काम कारबाहीको अनुगमन गरी एकीकृत विवरण तयार गर्ने,

(ख) सार्वजनिक निकायमा सूचना माग गरेको विवरण तथा त्यस्ता निकायबाट सूचना दिइएको वा दिन इन्कार गरेको विवरणको छुट्टाछुट्टै अभिलेख राखे नराखेको अनुगमन गर्ने र त्यसरी अनुगमन गर्दा छुट्टाछुट्टै अभिलेख नराखेको पाइएमा छुट्टाछुट्टै अभिलेख राख्न लगाउने,

(ग) विभिन्न मन्त्रालय र केन्द्रीयस्तरका निकायहरूमा सूचना अधिकारीको व्यवस्था भए नभएको अनुगमन गर्ने र त्यसरी अनुगमन गर्दा सूचना अधिकारीको व्यवस्था नगरिएको भए त्यस्तो व्यवस्था गर्न निर्देशन दिने,

(घ) सूचना प्रवाहको व्यवस्था सम्बन्धमा अनुगमन गर्ने, गराउने,

(ङ) सूचना अधिकारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने, गराउने,

(च) खण्ड (क) बमोजिमको एकीकृत विवरण त्रैमासिक रुपमा केन्द्रीय समन्वय इकाईलाई उपलब्ध गराउने,

(छ) आयोग र केन्द्रीय समन्वय इकाईले दिएका निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

(३) उपदफा (१) बमोजिमको कार्यान्वयन अनुगमन इकाईले ऐन, नियमावली र यस निर्देशिकाको अधीनमा रही आफ्नो काम कारबाही तथा बैठक सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

३. **प्रदेश अनुगमन इकाई :** (१) प्रदेशस्तरका कार्यालयबाट सूचनाको हकको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गर्न गराउन प्रत्येक प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवको संयोजकत्वमा एक प्रदेश अनुगमन इकाई रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रदेश अनुगमन इकाईमा रहने अन्य सदस्य प्रदेश सरकारले तोकेबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको प्रदेश अनुगमन इकाईको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) ऐन तथा नियमावलीको व्यवस्थालाई प्रदेश सरकारका कार्यालय तथा प्रदेशस्तरका सार्वजनिक निकायबाट प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका कार्यालयबाट हुने सूचनाको हकको कार्यान्वयन सम्बन्धी काम कारबाहीको अनुगमन गरी एकीकृत विवरण तयार गर्ने र सो विवरण त्रैमासिक रुपमा कार्यान्वयन अनुगमन इकाईलाई उपलब्ध गराउने,

(ग) प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका कार्यालयबाट सूचना अधिकारीको व्यवस्था गरे नगरेको अनुगमन गर्ने र त्यसरी अनुगमन गर्दा सूचना अधिकारीको व्यवस्था नभएको देखिएमा सूचना अधिकारीको व्यवस्था गर्न निर्देशन दिने,

(घ) प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका कार्यालयमा ऐनको दफा ५ को उपदफा (३) र नियमावलीको नियम ३ बमोजिम प्रकाशन गर्नु पर्ने सूचना प्रकाशित गरे, नगरेको अनुगमन गर्ने,

(ङ) सूचनाको हक कार्यान्वयन सम्बन्धमा प्रदेश सरकारका मन्त्रालय, प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा प्रदेशस्तरका अन्य निकाय बीच समन्वय गर्ने,

(च) प्रदेश सरकारका मन्त्रालय, प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा स्थानीय तहका सूचना अधिकारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने, गराउने,

(छ) सूचनाको हक कार्यान्वयन गर्ने सम्बन्धमा आयोग, केन्द्रीय समन्वय इकाई र कार्यान्वयन अनुगमन इकाईले दिएका निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

(४) उपदफा (१) बमोजिमको प्रदेश अनुगमन इकाईले ऐन, नियमावली र यस निर्देशिकाको अधीनमा रही आफ्नो काम कारबाही तथा बैठक सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

४. **जिल्ला अनुगमन इकाई :** (१) जिल्लास्थित सार्वजनिक निकायबाट सूचनाको हकको कार्यान्वयन भए, नभएको विषयमा अनुगमन गर्न, गराउन प्रत्येक जिल्लामा देहायबमोजिमको जिल्ला अनुगमन इकाई रहनेछः

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिको कार्यालय- सदस्य

(ग) प्रमुख, जिल्ला हुलाक कार्यालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको जिल्ला अनुगमन इकाईको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) जिल्लास्थित सार्वजनिक निकायमा सूचना माग गरेको विवरण तथा सूचना दिएको वा दिन इन्कार गरेको विवरणको छुट्टा छुट्टै अभिलेख राखे, नराखेको अनुगमन गर्ने,

(ख) जिल्लास्थित सार्वजनिक निकायले ऐनको दफा ५ को उपदफा (३) र नियमावलीको नियम ३ बमोजिम प्रकाशन गर्नु पर्ने सूचना प्रकाशन गरे, नगरेको अनुगमन गर्ने,

(ग) जिल्लास्थित सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था गरे, नगरेको अनुगमन गर्ने र त्यसरी अनुगमन गर्दा सूचना अधिकारीको व्यवस्था नभएको देखिएमा सूचना अधिकारीको व्यवस्था गर्न निर्देशन दिने ।

(३) उपदफा (१) बमोजिमको जिल्ला अनुगमन इकाईको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) सूचनाको हकको कार्यान्वयन तथा अनुगमन गर्न जिल्ला अनुगमन इकाईका लागि आयोगले आवश्यक रकम जिल्ला हुलाक कार्यालय/हुलाक सेवा निर्देशनालयमा उपलब्ध गराउन सक्नेछ ।

(५) जिल्ला हुलाक कार्यालय/हुलाक सेवा निर्देशनालयले जिल्ला अनुगमन इकाईको प्रत्येक महिनाको खर्चको फाँटवारी मन्त्रालय र आयोगमा पठाउनु पर्नेछ ।

५. **प्रतिवेदन पेश गर्नु पर्ने :** (१) कार्यान्वयन अनुगमन इकाई र प्रदेश अनुगमन इकाईले यस निर्देशिकाबमोजिम आ-आफ्नो कार्य क्षेत्र भित्र परेका कार्यहरू सम्पन्न गरी अनुसूची- १ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी प्रत्येक तीन महिनामा आयोग तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) जिल्ला अनुगमन इकाईले सार्वजनिक निकायबाट जिल्लास्तरमा भएको सूचनाको हक सम्बन्धी कार्यक्रमको विवरण तथा सूचनाको हकको कार्यान्वयनको अवस्थाको बारेमा अनुसूची- २ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी प्रत्येक तीन महिनामा आयोग र प्रदेश अनुगमन इकाईमा पठाउनु पर्नेछ ।

६. **सचिवालय सम्बन्धी व्यवस्था :** (१) केन्द्रीय समन्वय इकाईको सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ ।

(२) कार्यान्वयन अनुगमन इकाईको सचिवालय मन्त्रालयमा रहनेछ ।

(३) प्रदेश अनुगमन इकाईको सचिवालय प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ ।

(४) जिल्ला अनुगमन इकाईको सचिवालय जिल्ला हुलाक कार्यालय/हुलाक सेवा निर्देशनालयमा रहनेछ ।

## १.७ अधिकार प्रत्यायोजन सम्बन्धी गतिविधि

राष्ट्रिय सूचना आयोगले आफूलाई प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्ने अधिकार बाहेक अन्य काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख सूचना आयुक्त, सूचना आयुक्त वा कुनै निकाय वा अधिकारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्ने कुरा ऐनको दफा २० मा उल्लेखित छ । यस अनुसार आयोगले २०७७ मंसिर ११ गतेको बैठकबाट ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई निम्नानुसार अधिकार प्रत्यायोजन गरेको छ ।

१.७.१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक तीन/तीन महिनामा स्वतः प्रकाशन (Pro-Active Disclosure) नियमित प्रकाशन गर्न तहाँ जिल्लाका सबै सरकारी कार्यालय, स्थानीय तह र सार्वजनिक निकायहरूलाई (सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(क)) आदेश दिने ।

१.७.२ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४ क बमोजिम जिल्लाका सबै सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायमा सूचना अधिकारी तोक्न र पदाधिकारीको नाम, सम्पर्क र फोटोसहित विवरण फ्लेक्स वोर्ड (Flex Board) लगायतका उपयुक्त माध्यमद्वारा सार्वजनिक गर्न आदेश दिने ।

१.७.३ सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ ख (४) मा सार्वजनिक निकायमा परेको सूचनाको मागसम्बन्धी निवेदन र सोउपर सूचना दिएको विषयलाई पनि ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने व्यबस्था भएबमोजिम जिल्लाका उल्लेखित सबै सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायहरूमा पर्ने निवेदन र सोबमोजिम सूचना उपलब्ध गराइएको वा इन्कार गरिएको विवरणको छुट्टै अभिलेख राख्न आदेश दिने ।

१.७.४ जिल्ला प्रशासन कार्यालयबाट प्रत्यायोजित अधिकार बमोजिम सम्पादित कार्यहरू

- सार्वजनिक निकायहरूमा सूचना अधिकारी तोके/नतोकेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालयहरूबाट अनुगमन गर्ने गरिएको ।
- नियमित रुपमा सूचना अधिकारीहरूको बैठक बस्ने गरेको ।
- स्वतः प्रकाशन गर्ने कार्य र अनुगमन गर्ने कार्यहरू अपेक्षित रुपमा हुन नसकेको ।

## १.८ आयोगको कार्यालय र कर्मचारीसम्बन्धी व्यवस्था

राष्ट्रिय सूचना आयोगको कार्यालय काठमाडौँमा रहेको छ । यस आयोगले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ । सूचनाको हकसम्बन्धी क्रियाकलाप अझ प्रभावकारी रूपमा सञ्चालन गर्न राष्ट्रिय सूचना आयोगले नेपाल सरकारलाई सातै प्रदेशमा प्रादेशिक सूचना आयोग गठन गर्नुपर्ने सुझाव दिएको छ । साथै, प्रादेशिक सूचना आयोगको स्थापना नहुञ्जेल आयोगको प्रदेशस्तरमा वा जिल्लास्तरमा सम्पर्क कार्यालय स्थापना गर्न पनि नेपाल सरकारसमक्ष सुझाव प्रस्तुत भएको छ । आयोगलाई आवश्यक कर्मचारीको व्यवस्था नेपाल सरकारले गर्नेछ भन्ने व्यवस्था भएबमोजिम निजामति सेवाका कर्मचारी उपलब्ध गराउने गरिएको छ । आयोगको प्रशासकीय प्रमुखका रूपमा निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदाधिकारी सचिव रहने व्यवस्था रहेको छ । आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीको विवरण **अनुसूची- ३** मा रहेको छ ।

आयोगको सचिवालयमा ३ वटा शाखाहरू क्रमशः प्रशासन शाखा, योजना तथा प्रबर्द्धन शाखा र पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा रहेका छन् । कूल दरबन्दी ३७ जना रहेकोमा अधिकृत स्तरका १३ जना, सहायक स्तरका ८ जना र श्रेणीविहीन १६ जनाको दरबन्दी रहेको छ । आयोगको कार्यसम्पादन गर्न आवश्यक पर्ने खर्चको व्यवस्था नेपाल सरकारले गर्दछ । आयोग स्थापना कालदेखि विभिन्न स्थानहरूमा भाडाको भवनबाट आफ्नो कार्य सञ्चालन गर्दै आइरहेको थियो । आयोगले नेपाल सरकारसँग पटक पटक सरकारी भवन वा जग्गा उपलब्ध गराउन अनुरोध गरिरहेको थियो । हाल नेपाल सरकारबाट त्रिपुरेश्वरमा सरकारी भवन उपलब्ध गराइएकोले २०८० साल साउन १ गतेबाट आयोग आफ्नो सूचना आयोग भवनमा सरेको छ ।

## १.९ आयोगको वार्षिक प्रतिवेदन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २५ मा आयोगले प्रत्येक वर्ष आफूले सम्पादन गरेका कामकारवाहीको वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत् संघीय संसद्समक्ष प्रस्तुत गर्नु पर्ने व्यवस्था गरिएको छ। यही व्यवस्था अनुसार आयोगले स्थापनाकालदेखि नै प्रतिवेदन प्रस्तुत गर्दै आएको छ। सोही ऐनको दफा २५ को उपदफा (२) बमोजिम यसरी प्रस्तुत गरिएको प्रतिवेदन सर्वसाधारणको जानकारीका लागि आयोगको वेबसाइट www.nic.gov.np मार्फत पनि सार्वजनिक रूपमा प्रकाशित गर्ने गरिएको छ ।

आयोगले विगतका आर्थिक वर्ष २०६५/०६६ देखि आर्थिक वर्ष २०८०/८१ सम्म १६ वटा प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत व्यवस्थापिका संसदमा प्रस्तुत गर्नका लागि पेश गरिसकेको छ। यो आयोगको सत्रौं प्रतिवेदन हो ।

## १.१० आयोगको भवन



# परिच्छेद- २
# सूचनाको हकसम्बन्धी ऐन, नियम तथा कानूनी व्यवस्था

## २. पृष्ठभूमि

नेपालको सन्दर्भमा सूचनाको हकको संवैधानिक प्रत्याभूति २०४७ सालको संविधानले प्रष्ट शब्दमा गरेको हो। यद्यपि, त्यसअघिका संविधानका केही सन्दर्भलाई सूचनाको हकसँग जोडेर हेर्ने प्रयत्न गरेको पाइन्छ। नेपाल अधिराज्यको संविधान, २०१५ को भाग ३ को मौलिक हकअन्तर्गत धारा ३ को वैयक्तिक स्वतन्त्रता अन्तर्गत उपधारा (६) र नेपालको संविधान, २०१९ को धारा ११ को समानताको हक अन्तर्गत उपधारा (६) मा कुनै गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारणसहितको सूचना, यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन भनी मौलिक हक अन्तर्गत स्वतन्त्रताको हकमा केही विषयलाई समावेश गरिएको थियो। ती दुई संविधानका यी व्यवस्थाले आम नागरिकलाई सार्वजनिक सरोकारमा सूचना पाउने अधिकारको प्रत्याभूति गरेका मान्न सकिदैन।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ मा पहिलो पटक सूचनाको हकसम्बन्धी छुट्टै व्यवस्था गरी प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी उल्लेख गरियो। नेपालको अन्तरिम संविधान, २०६३ मा पनि रोही बमोजिमका प्रावधानहरू राखिएका थिए। वर्तमान नेपालको संविधान, २०७२ को धारा २७ मा सूचनाको हकसम्बन्धी व्यवस्था गरी प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी व्यवस्था गरिएको छ। २०४७ सालको संविधानमा भएको व्यवस्थाको निरन्तरता स्वरुप अन्तरीम संविधान २०६३ मा भएको व्यवस्थालाई आधार मानी पहिलोपटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी गरियो। यसको एक वर्षभित्रमा नै सूचनाको हकसम्बन्धी नियमावली, २०६५ समेत बन्यो। यसरी यी कानूनी व्यवस्थाबाट नेपालमा राष्ट्रिय सूचना आयोग गठन भई सूचनाको हक कार्यान्वयनमा आएको हो।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आयोगसँग परामर्श गरी सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बनाई लागु गरेको हो। यस नियमावलीमा पटक पटक गरी तीनपटक संशोधन गरिएको छ। तर यी संशोधनमध्ये तेस्रो संशोधन मूलतः नयाँ संविधानको भावनासँग मेल खाने बनाउन मात्र गरिएको पाइन्छ। नियमावलीमा क्रमशः २०६८ चैत्र १३ गते पहिलो, २०७० श्रावण २८ गते दोस्रो संशोधन र २०७७ साल मंसीर १९ मा तेस्रो संशोधन गरिएको थियो। पछिल्लो पाँच वर्षको अवधिमा यसमा कुनै संशोधन गरिएको छैन। तीन वटा संशोधन भइसक्दा पनि कतिपय नियमहरू भने अझै समय सापेक्ष बनाउन आवश्यक देखिएको छ।

संविधान र ऐन-नियममा व्यवस्थित नागरिकको सूचनाको हकलाई प्रचलन गर्न/गराउन नेपाल सरकारले सूचनाको हक कार्यान्वयनसम्बन्धी अनुगमन निर्देशिका २०७६ जारी गरेको छ। साथै, राष्ट्रिय सूचना आयोगले आफ्नो आन्तरिक कार्यविधिलाई चुस्त र दुरुस्त पार्ने क्रममा राष्ट्रिय सूचना आयोगको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७२, पुनरावेदनको कारवाही र किनारा गर्नेसम्बन्धी कार्यविधि, २०७८, उजुरीको कारवाही र किनारा गर्नेसम्बन्धी कार्यविधि, २०७७ तथा निवेदनको कारवाही र किनारा गर्नेसम्बन्धी कार्यविधि, २०७२ बनाई कार्यान्वयन भइरहेका छन्।

यसैगरी राष्ट्रिय सूचना आयोगमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता, २०७२; सरकारी निकायले स्वतः प्रकाशन (Proactive Disclosure) गर्नु पर्नेसम्बन्धी निर्देशिका, २०७१; राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालनसम्बन्धी निर्देशिका, २०७५; इजलास सञ्चालन तथा पेसी व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७६ र राष्ट्रिय सूचना आयोगका पदाधिकारीको आचारसंहिता, २०७६ जारी भई कार्यान्वयन भइरहेका छन् ।

## २.१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को कानूनी व्यवस्था :

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले दफा ३ ले हरेक नागरिकलाई सार्वजनिक निकायमा रहेका आफ्नो व्यक्तिगत र सार्वजनिक महत्वका विषयमा थाहा पाउने अधिकार सुनिश्चित गरेको छ ।

### २.१.१ सूचना माग गर्न सकिने निकाय र विषय :

सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको विषयमा नेपाली नागरिकले सूचना माग गर्न पाउँछन् । सार्वजनिक निकाय भन्नाले सूचनाको हकसम्बन्धी ऐनको दफा २ को खण्ड (क) अनुसार, देहायका संघ, संस्था रहेका छन् :

(१) संविधानअन्तर्गतका निकाय,
(२) ऐनद्वारा स्थापित निकाय,
(३) नेपाल सरकारद्वारा गठित निकाय,
(४) प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकारद्वारा गठित निकाय,
(५) स्थानीय तह वा त्यसका कार्यालयहरू,
(६) कानूनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक संगठित संस्था वा प्रतिष्ठान,
(७) प्रचलित कानूनबमोजिम दर्ता भएका राजनितिक दल तथा संगठन,
(८) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था,
(९) नेपाल सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था,
(१०) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरू,
(११) प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा प्रदेश सरकारको अनुदान प्राप्त संगठित संस्था,
(१२) प्रदेश सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था,
(१३) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदेश सरकारबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ र संस्थाहरू,
(१४) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था

सोही ऐनको दफा २ को खण्ड (ग) अनुसार सार्वजनिक महत्वको विषय भन्नाले सार्वजनिक सरोकारको विषय सम्झनु पर्छ भनिएको छ ।

## २.२ सूचना माग गर्ने प्रक्रिया र पुनरावेदन :

१. ऐनको दफा ७ बमोजिम सूचना माग गर्ने मागकर्ताले आफूले चाहेको सार्वजनिक सरोकारको सूचना कारणसहित माग गर्न सक्दछ । निवेदनमा कुन सूचना मागिएको हो भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरेको हुनु पर्नेछ । सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।

२. तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारणसहितको जानकारी तुरुन्त निवेदकलाई गराउनु पर्नेछ । कुनै व्यक्तिको जीउ-ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनु पर्नेछ । सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य नै खुला, पारदर्शी, जिम्मेवार र जवाफदेही शासन व्यवस्थाको स्थापना गर्नु रहेकोले सूचना माग गर्दा मौखिक, टेलिफोन, इमेल वा अन्य माध्यमबाट माग्न सकिन्छ । सूचना माग गर्दा कुनै दस्तुर लाग्दैन । वारेशद्वारा पनि सूचना माग्न सकिन्छ ।

३. सूचना अधिकारीले निवेदकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनु पर्नेछ । कुनै लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकन गर्नको लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकनको निमित्त मनासिव समय उपलब्ध गराउनेछ ।

४. सूचना माग गर्दा बुझाउनु पर्ने दस्तुरको सम्बन्धमा ऐनको दफा ८ तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम प्रचलित कानूनमा छुट्टै व्यवस्था गरेकोमा सोहीबमोजिमको दस्तुर र त्यस्तो दस्तुरको व्यवस्था नगरेकोमा देहायबमोजिमको दस्तुर सम्बन्धित सार्वजनिक निकायसमक्ष बुझाउनु पर्नेछः

(क) सामान्य आकारको (आठ दशमलब तीन इञ्च चौडाइ र एघार दशमलब सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ पाँच रूपैयाँ,

(ख) खण्ड (क) मा उल्लेख भएभन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ दश रूपैयाँ,

(ग) डिस्केट, सीडी र अन्य यस्तै प्रकारका विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडीबापत पचास रूपैयाँ,

(घ) सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम/कारबाहीको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रूपैयाँ । तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकनबापत दस्तुर लाग्ने छैन ।

५. माथि जुनसुकै कुरा लेखिएको भएता पनि सामान्य आकारको (आठ दशमलब तीन इञ्च चौडाइ र एघार दशमलब सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको त्योभन्दा बढी दश पृष्ठसम्मको सूचना सम्बन्धित सार्वजनिक निकायले निःशुल्क उपलब्ध गराउनु पर्नेछ । कुनै

सूचना तयार गर्दा लेखिएभन्दा बढी खर्च लाग्ने भएमा सार्वजनिक निकायले वास्तविक लागतको आधारमा दस्तुर निर्धारण गर्न सक्नेछ। सार्वजनिक निकायले सूचना दिंदा लिने दस्तुरबापतको रकम नगदै लिने वा कुनै खास बैङ्कमा जम्मा गरी सोको भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ। सूचनाबापतको दस्तुर प्रत्येक दुई वर्षमा पुनरावलोकन गरी अद्यावधिक गरिनेछ भनिएतापनि हालसम्म पुनरावलोकन हुन सकेको छैन।

६. ऐनको दफा ९ बमोजिम सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिकरूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र सम्बन्धित कार्यालयका कार्यालय प्रमुखसमक्ष उजुरी दिन सक्नेछ।

७. उजुरी प्राप्त भएपछि उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ। सूचना अधिकारीले जानी जानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न सक्नेछ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ५ (क) बमोजिम ७ दिनभित्र सूचना उपलब्ध गराउन आदेश दिन सक्दछ। जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारणसहितको जानकारी निवेदकलाई दिनु पर्नेछ।

८. कार्यालय प्रमुखसमक्ष उजुरी दिंदा निवेदकको उजुरीउपर सात दिनभित्र कुनै कारवाही नभएमा वा सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ऐनको दफा १० बमोजिम त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र आयोगसमक्ष देहायबमोजिमको विवरण उल्लेख गरी स्वयम् आफै कार्यालयमा उपस्थित भई लिखित निवेदन दिन, वारेशमार्फत, ईमेल वा अनलाइनमार्फत, हुलाक वा जिल्ला प्रशासन कार्यालयमार्फत पुनरावेदन दिन सक्नेछ।
   - क. पुनरावेदकको नाम, थर, वतन र सम्पर्क नम्बर सम्भव भए इमेल ठेगाना।
   - ख. वारिस भए निजको नाम, थर, वतन र सम्पर्क नम्बर।
   - ग. विपक्षीको नाम, थर, वतन सम्भव भए सम्पर्क नम्बर।
   - घ. आफूले माग गरेको सूचनाको स्पष्ट विवरण।
   - ङ. सूचना रहेको सार्वजनिक निकायमा पुनरावेदक सूचना माग गर्न गएको स्पष्ट विवरण।
   - च. सूचना रहेको सार्वजनिक निकायको कुन पदाधिकारी वा शाखा र उपशाखामा सूचना छ, सम्भव भए खुलाउने।

९. पुनरावेदकले पुनरावेदन गर्दा देहायबमोजिको कागजात पेश गर्नुपर्दछ :
   - १. नेपालको नागरिक प्रमाणित गर्ने कुनै प्रमाण।
   - २. सूचना अधिकारीसमक्ष सूचना माग गरेको निवेदनको प्रतिलिपि।
   - ३. कार्यालय प्रमुखसमक्ष उजुरी गरेको प्रमाणको प्रतिलिपि।
   - ४. हुलाकमार्फत सूचना माग गरिएको रहेछ भने हुलाकको छाप लागेको रसिद वा डकुमेन्ट।
   - ५. वारिस राखेमा सम्बन्धित व्यक्तिले सहीछाप गरेको वारिसनामा वा मञ्जुरीनामा कागज।

## २.३ आयोगबाट आदेश गरिन प्रक्रिया :

प्रक्रिया पूरा गरी प्राप्त हुन आएका पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफूसमक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षीप्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ । पुनरावेदनको कारबाही र किनारा गर्दा देहाय बमोजिमको आदेश गर्न सकिने छ :

(क) पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई बिनाशुल्क सूचना उपलब्ध गराउनू भनी सम्बन्धित सार्वजनिक निकायको प्रमुख र सूचना अधिकारीको नाममा आदेश गर्न ।

(ख) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिब कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन ।

(ग) प्रमुख वा सूचना अधिकारीले समयमा दिनु पर्ने सूचना बिनाकारण समयमा उपलब्ध नगराई ढिलाइ गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन दुई सय रूपैयाँको दरले निजलाई जरिवाना गर्न ।

(घ) पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न ।

आयोगले दर्ता भएको पुनरावेदन उपर ६० (साठ्ठी) दिनभित्र निर्णय गर्नेछ । आयोगले पुनरावेदनको कारवाही र किनारा गर्दा पुनरावेदकको माग दाबी, सम्बन्धित सार्वजनिक निकायको जवाफ तथा प्राप्त सबुद प्रमाण र प्रचलित कानूनको मूल्याङ्कनका आधारमा गर्नेछ ।

यस आर्थिक वर्षमा आयोगको बैठक १२ पटक बसेको र उक्त बैठकमा भएका निर्णयहरू अनुसूची-४ मा राखिएको छ ।

## २.४ सूचनाको संरक्षण र वर्गीकरण :

सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्री आदेशसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्नु सार्वजनिक निकायको दायित्व हो । सार्वजनिक निकायले सम्भव भएसम्म सूचनाको हकसम्वन्धी ऐन, २०६४ लागु हुनुभन्दा कम्तिमा बीस वर्षसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गर्नु/गराउनु पर्ने व्यवस्था सोही ऐनको दफा ५ मा गरेको छ । साथै प्रत्येक ३/३ महिनामा सूचना अद्यावधिक गरी प्रकाशनसमेत गरी आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्नेछ । सार्वजनिक निकायमा रहेको देहायको विषयसम्बन्धी सूचना प्रवाह गरिने छैन । यस्ता प्रकृतिका सूचनाहरू बढीमा तीस वर्षको अवधिसम्म मात्र गोप्य राख्न सकिनेछ :

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ्ग वा व्यापारिक गोपनियतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने ।

यस अतिरिक्त ऐनको दफा ४ (२) को खण्ड (क) ले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्न हरेक सार्वजनिक निकायले आफूसँग रहेका सूचनाहरू वर्गीकरण गरी राख्नु पर्ने व्यवस्था गरेको छ । ऐनमा भनिएको छ :

(२) उपदफा (१) को प्रयोजनका लागि देहायका काम गर्नु सार्वजनिक निकायको दायित्व हुनेछ :

(क) सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गराउने ।

## २.५ सूचनाको हकसम्बन्धी राष्ट्रिय रणनीतिक योजना (२०२१ देखि २०२५) :

सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि स्वतन्त्र राष्ट्रिय सूचना आयोगको अझ बढी सक्रिय भूमिका अपेक्षित रहेको यसमा पन पुनरावेदन र संस्थागत विश्लेषणबाट प्राप्त नतिजाबाट देखिन आएको छ । राज्यको काम कारवाहीलाई खुला र पारदर्शी बनाउन, नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेका सूचनामा नागरिकको सरल र सहज पुऱ्याउन तथा माग गरेको सूचना प्रवाह गर्न आयोगको संस्थागत क्षमतामा अभिवृद्धि, ऐन कानुनमा सुधार, पूर्वाधारको व्यवस्था गर्न अत्यावश्यक देखिएको छ । सरोकारवाला विश्लेषणबाट गैरसरकारी संस्था तथा समर्थक र प्रवर्द्धकको सुदृढिकरण गरी समन्वयात्मक रूपमा एकीकृत र परि पूरक कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गरी सशक्तिकरण गरिनु पर्ने पनि उत्तिकै आवश्यकता देखिएको छ ।

सार्वजनिक निकायलाई बढी जिम्मेवार र जवाफदेही तथा उत्तरदायी बनाई नागरिकको हकको सम्मान, सूचना संरक्षण र सम्प्रेषण गर्ने प्रविधिमैत्री प्रणालीको प्रयोग गरी सक्षम गराउनु पर्ने देखिएको छ । सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सूचनाको हकका पक्षमा नागरिकलाई सशक्तिकरण गर्नुपर्ने देखिएको छ । आयोगका सवल पक्ष र अवसरहरूको उपयोग र कार्यान्वयनबाट सशक्त संगठनात्मक क्षमता भएको र मौलिक हकको प्रत्याभूति गराउन सक्षम गराउनु पर्ने देखिएको छ भने दुर्वल पक्ष तथा चुनौतिहरूलाई योजनावद्ध ढंगबाट हटाउँदै लगी भविष्यको लागि स्पष्ट दिशाबोध दिने गरी विकास गरिनु पर्ने देखिएको छ ।

प्रस्तुत रणनीतिक योजना तर्जुमा गर्दा राष्ट्रिय आवश्यकता, विगतका अनुभव र अभ्यास एवम् सूचनाका हकको विश्वव्यापी सिद्धान्तहरूलाई आत्मसात गर्दै निम्न बमोजिम मार्गदर्शक सिद्धान्तबाट निर्देशित रही तर्जुमा गरिएको छ :

(क) खुला र पारदर्शी कार्य संस्कृति,

(ख) नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,

(ग) सूचनामा सरल र सहज पहुँच पुऱ्याउने तथा माग गरेमा र नगरेमा पनि अधिकतम खुलासा गर्ने,

(घ) नागरिकप्रति जिम्मेवार र जवाफदेही,

(ङ) राष्ट्रसेवकको भावना र व्यवहार तथा प्रभावकारी कार्यान्वयन,

(च) सूचना प्रवाहमा तत्परता एवम् वास्तविक र भरपर्दो सूचना समयभित्रै प्रवाह गर्ने प्रणालीगत व्यवस्था,

(छ) प्रविधिमैत्री सूचना अभिलेख र व्यवस्थापन प्रणाली,

(ज) स्वच्छ, निष्पक्ष, निर्भिक र समन्यायिक, परिणाममुखी, सिर्जनशील र जनसेवी सार्वजनिक प्रशासन, समावेशी आधार र सूचनामा पहुँच,

(झ) सूचनाको हकका सरोकारवालासँग साझेदारी र सहकार्यको विकास,

(ञ) समावेशी आधार,

(ट) मानव अधिकारको सम्मान, संरक्षण एवम् प्रत्याभूति,

(ठ) सूचना माग र प्रयोगकर्ताको सशक्तीकरण,

(ड) आमसंचारको प्रयोगमा वृद्धि,

(ढ) खुला समाज एवम् सचेत, सक्रिय र जिज्ञासु नागरिक,

(ण) सूचनाको हकप्रति नागरिक समाजको अपनत्व/स्वामित्व ।

रणनैतिक योजनाको **दूरदृष्टि** सुशासनका लागि पारदर्शी र सुसूचित समाजको निर्माण रहेको छ भने **ध्येय** सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको सरल र सहज पहुँच अभिवृद्धि गर्ने रहेको छ । सार्वजनिक निकायका काम कारबाहीहरूलाई खुला, पारदर्शी र प्रविधिमैत्री बनाई नागरिकप्रति जिम्मेवार बनाउने र नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउने **लक्ष्य** लिएको रणनैतिक योजनाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(क) सूचनामा नागरिकको सहज पहुँच मार्फत् सुशासन कायम गराउने ।

(ख) सेवा प्रवाहलाई खुला, पारदर्शी, जनमुखी र उत्तरदायी बनाउन नागरिक समाज, सूचनाका अभियन्ता, प्रवर्द्धक र समर्थकहरूको क्षमता अभिवृद्धि गर्ने ।

(ग) सार्वजनिक निकायलाई नागरिकप्रति जिम्मेवार र जवाफदेही बनाउन प्रविधिमैत्री सूचना व्यवस्थापन प्रणालीको माध्यमबाट क्षमता अभिवृद्धि गर्ने ।

(घ) आयोगको संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त व्यावसायिक र प्रतिष्ठायुक्त संस्थाको रूपमा पहिचान दिलाउने ।

(ङ) मागपक्षलाई सूचनाको हकप्रति सचेत बनाई सक्षम नागरिक बनाउन सघाउने ।

आयोगको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना २०२१-२०२५ को कार्यान्वयनमा सूचनाको हकका माग पक्ष, आपूर्ति पक्ष र आयोग, सूचनाका हकका प्रवर्द्धक, समर्थक र आमसंचार माध्यमको सक्रिय र सशक्त भूमिका रहन आवश्यक रहने छ । प्रस्तुत रणनीतिहरू एक अर्काका परिपूरक र अभिन्न अंगको रूपमा रहेकोले उस्तै उस्तै देखिएता पनि कार्यक्रमहरूमा सहकार्य एवम् साझेदारी तथा सहयोग र समन्वयमा मात्र सम्पन्न हुनसक्ने अपेक्षा राखिएको छ । प्रस्तुत रणनैतिक योजनाका मूख्य **रणनीति**हरू देहाय बमोजिम रहेका छन् :

रणनीति १ : नागरिकलाई सूचनाको हकको प्रयोग गर्न प्रोत्साहन र सशक्तीकरण गर्ने ।

रणनीति २ : सूचनाको हकका प्रवर्द्धक, समर्थक/अभियन्ताहरूलाई प्रोत्साहन, सहजीकरण, सशक्तीकरण तथा संवर्द्धन गर्ने ।

रणनीति ३ : सार्वजनिक निकायलाई पुनः अभिमुखीकरण तथा सुदृढीकरण गर्ने ।

रणनीति ४ : आयोगको संस्थागत क्षमता अभिवृद्धि तथा सुदृढीकरण गर्ने ।

उल्लेखित रणनीतिहरू कार्यन्वयनका लागि कार्ययोजना पनि बनेको छ । कार्य योजनामा ९६ वटा क्रियाकलापहरू तय गरिएको छ र त्यहि रणनैतिक योजना अनुरुप सूचनाको हक सम्बन्धी कार्यक्रमहरू आयोगका तर्फबाट सञ्चालन भइरहेका छन् । रणनीतिक योजना र यसको कार्यान्वयनको अवस्थामा राखिएको छ ।

# परिच्छेद- ३
# पुनरावेदन र फछ्र्यौटको अवस्था

### ३. पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक सुनिश्चित गरेको छ। यो मौलिक हकको कार्यान्वयन राज्यका काम कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने उद्देश्य पूरा गर्नका लागि हो। सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउनु कानूनबाट परिभाषित राज्य र गैर राज्य पक्षका सबै सार्वजनिक निकायको दायित्व हो। नागरिकको वैयक्तिक हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न एवं नागरिकको सुसूचित हुने हकलाई संरक्षण, प्रवर्द्धन र प्रचलन गराउने उद्देश्यले सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ कार्यान्वयनमा रहेका छन्।

कानूनका यी व्यवस्थाहरूलाई कार्यान्वयनमा ल्याउन अर्ध न्यायिक निकायका रुपमा सूचनाको हकसम्बन्धी ऐन २०६४ ले राष्ट्रिय सूचना आयोगको संरचना बनाएको छ। प्रमुख सूचना आयुक्त सहित तीन आयुक्त रहने यो आयोगले कानूनको परिकल्पना अनुसार नागरिकको सुसूचित हुने हकलाई संरक्षण, प्रवर्द्धन र प्रचलन गराउने उद्देश्य बोकेको छ।

### ३.१ निवेदन, उजुरी तथा पुनरावेदन

राष्ट्रिय सूचना आयोगमा मूलतः तीन प्रकृतिका विवरण आएका हुन्छन्। निवेदन, उजुरी र पुनरावेदन। कुनै विषयमा जानकारी गराउने वा जानकारी पाउने उद्देश्यले आउने लिखत निवेदन हो। सूचना अधिकारी र कार्यालय प्रमुखबाट समेत माग गरिए बमोजिमका सूचना नपाएमा त्यसलाई दिलाइ पाउन सूचना मागकर्ताले ल्याउने वा पठाउने लिखत पुनरावेदन हो। राष्ट्रिय सूचना आयोगबाट सूचना दिन आदेश गरिसकेपछि पनि माग बमोजिमको सूचना नपाएको अवस्थामा सूचना मागकर्ताले उजुरी गर्ने गर्छन्। यस अघि, सूचना अधिकारले सूचना नदिएको अवस्थामा कार्यालय प्रमुखसँग गरिने आग्रह पनि उजुरी हो। त्यो उजुरीका आधारमा आयोगले थप आदेश गर्ने गर्छ। उजुरीको आशय कार्वाहीसँग समेत जोडिएको हुन्छ।

सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ मा भएको कानुनी व्यवस्था बमोजिम हरेक नागरिकले आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सार्वजनिक निकायसँग सूचना माग गर्न पाउँछ। त्यसरी माग गरिएको सूचना प्राप्त नभए वा अपुरो सूचना प्राप्त भएमा सार्वजनिक निकायका प्रमुख समक्ष उजुरी गर्नु पर्छ। सार्वजनिक निकायका प्रमुखबाट समेत सूचना नपाएको अवस्थामा राष्ट्रिय सूचना आयोग समक्ष पुनरावेदन/उजुरी दिनसक्ने व्यवस्था सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ ले गरेको छ। यद्यपि, कहाँ र कति संख्यामा सूचनाको माग गरियो र कति उपलब्ध गराइए भन्ने जानकारी आयोगमा आउने व्यवस्था वा विधि बनेको छैन। आयोगले सूचनालाई माग गर्ने र दिनेदेखि पुनरावेदनका प्रक्रियासम्म डिजिटल माध्यमबाट उपलब्ध गराउने व्यवस्थाका लागि आयोगले तयारी गरिरहेको छ।

ऐन कार्यान्वयन भए नभएको विषयको अनुगमनका क्रममा माग गरिएका सूचना, उपलब्ध गराइएका सूचना र उपलब्ध गराउन नमिले वा नसकिएका सूचनाको अलग अभिलेख राख्न आयोगले निर्देशन दिने गर्छ। हरेक

सार्वजनिक निकायलाई सूचना नपाएका हकमा सूचना मागकर्ता पुनरावेदन लिएर आयोगमा आई पुग्ने गर्छन् । अहिलेसम्म आयोगसँग प्रारम्भिक दुई चरणमा नपाइएका सूचनाको मात्र विवरण उपलब्ध हुने गर्छ ।

### ३.१.१ सूचना

आर्थिक वर्ष २०८१/८२ मा आयोगमा दर्ता भएका पुनरावेदनहरूको संख्या विश्लेषण गर्दा सूचना माग गर्ने प्रवृत्ति पहिलो छ महीना बढेको र त्यसपछि केही कम हुदै गएको देखिन्छ । एउटा व्यक्तिले एउटा निवेदन तयार गरेर संस्थाको नाम मात्रै परिवर्तन गरी एकैपटक धेरै संस्थामा इमेलबाट सूचना माग गर्ने, इमेल पाए नपाएको फलोअप नगरी सूचना अधिकारीले सूचना नदिएको भन्ने अर्को निवेदन फेरि कार्यालय प्रमुखका नाममा पठाउने र त्यसरी सूचना माग गरिएको निवेदन पनि पुगे नपुगेको जानकारी नलिई कानूनी आधार मात्र टेकेर पुनरावेदन गर्ने प्रवृत्ति रहेछ ।

यसरी सूचना माग गर्नेहरूमा सीमित व्यक्तिहरू रहेको पाइएपछि पुस महिनामा उनीहरूलाई आयोगमा नै बोलाएर जानकारी लिने र सूचना माग गर्दा आफूलाई जानकारी चाहिएको विषयमा मात्र माग गर्ने, अनावश्यक विषयगत प्रश्न नसोध्ने, कामको प्रकृतिसँग मिलेका कारण देखाएर एउटै निवेदन हरेक कार्यालयमा पठाउने जस्तो प्रवृत्ति उचित नहुने, सूचना माग गर्नु पर्ने स्पष्ट कारणबारे जानकारी लिने काम गरिएको थियो । यसपछि त्यस प्रवृत्तिका अधिकांश सूचना मागकर्ताहरूले आफ्नो मागमा सुधार गर्ने गरेको पाइएको छ । तथापि केही यस्ता प्रवृत्तिले निरन्तरता पाइरहेको छ । नागरिकलाई जायज सूचना माग गर्न प्रोत्साहन गर्ने तर अनावश्यक सूचना माग गरेर सूचनादातालाई हतोत्साही गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति आयोगले लिएको छ ।

सूचना माग गर्न सहज होस् भन्ने ध्येयले सूचनाको माग र पुनरावेदन गर्न अनलाइन प्रविधिको प्रयोग गर्न सकिने व्यवस्था मिलाइएको छ । आयोगले हरेक सार्वजनिक निकायलाई सूचना अधिकारी तोक्न पटक पटक परिपत्र गरेको छ । सार्वजनिक निकायका सूचना अधिकारी, कार्यालय प्रमुख, विभिन्न पेशामा संलग्न महिला, सूचनाको हकका अभियन्ता, पत्रकार लगायतलाई सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गराउन अन्तरक्रिया, प्रशिक्षण, गोष्ठी, छलफल कार्यक्रम सञ्चालन गर्दै आएको छ । पुनरावेदनको संख्यामा अघिल्लो वर्षको तुलनामा केही कमी आएता पनि सूचना माग गर्ने प्रबृत्तिमा भने कमी नआएको प्रस्तुत तथ्यांकले देखाउँछ ।

प्रत्येक सार्वजनिक निकायले आ-आफ्नो वेबसाइट सञ्चालनमा ल्याई महत्वपूर्ण सूचना तथा जानकारी आफ्नो वेबसाइट मार्फत् सार्वजनिक गर्ने गरेको पाइन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक ३/३ महिनामा हरेक सार्वजनिक निकायले आफूले गरेको महत्वपूर्ण निर्णयहरू समावेश गरी कम्तीमा ऐन र नियमावलीमा तोकिएका २० बुँदामा स्वतः प्रकाशन गर्नु पर्ने व्यवस्था गरेको छ । मासिक, त्रैमासिक, अर्धवार्षिक प्रतिवेदनबाट समेत थुप्रै सूचना तथा जानकारी आम नागरिकले प्राप्त गरिरहेका छन् । विभिन्न सञ्चार माध्यमले सूचना प्रवाहमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । हालसम्म देशभरका सबै सार्वजनिक निकायमा कति सूचना माग गरियो र कति प्रवाह गरियो भन्ने जानकारी आयोगलाई नहुने हुँदा आगामी दिनमा आयोगको व्यवस्थापन सूचना प्रणाली (RTIMS) मार्फत सूचना माग गर्ने र प्रवाह गर्ने प्रणालीको विकास अन्तिम चरणमा पुगिसकेको छ । आयोगमा प्राप्त पुनरावेदन उजुरी निवेदन तोकिएको समय भित्रै कारवाही हुने गरी आयोगले कार्य गरिरहेको छ । यस आर्थिक वर्षमा प्राप्त पुनरावेदन उपर आयोगबाट भएका कारबाहीको विवरण **अनुसूची- ६** मा राखिएको छ ।

### ३.१.२ पुनरावेदन

आर्थिक वर्ष २०८१/८२ मा १ हजार ४९ वटा पुनरावेदन र ४ वटा उजुरी प्राप्त भएका थिए । ५१ वटा पुनरावेदन सूचनाको हकसम्बन्धी ऐन २०६४ बमोजिम प्रक्रिया पूरा नभई प्राप्त भएकोले सोको आधार र कारण खुलाई आयोगका सचिवबाट दरपिठ गरी निवेदकलाई जानकारी दिइएको थियो । प्रक्रिया पूरा भएका १ हजार ५३ वटा पुनरावेदन र उजुरी उपर ८३ वटा इजलाश सञ्चालन भई दफा १०(२) बमोजिम लिखित जवाफ पेश गर्नू भन्ने ९८५ वटा र सूचना उपलब्ध गराउनू भन्ने ४५३ वटा आदेश भए । त्यसैगरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम किन कारबाही नगर्ने भनी चेतावनीसहितको आदेश २३ वटा भए भने सोही दफाबमोजिमको कारबाहीको आदेश २ वटा भए । त्यसै गरी दफा २९ बमोजिमको आदेश एउटा र नियम २४(२) बमोजिमको आदेश ३ वटा भए । विभिन्न पुनरावेदनका सम्बन्धमा २ हजार ८४१ वटा पत्राचार भएका थिए ।

तालिका नं. २ : पुनरावेदनको अवस्था

| आर्थिक वर्ष | पुनरावेदन | फछ्र्यौट | फछ्र्यौट प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| २०६५/०६६ | १२ | ११ | ९१.६७ | |
| २०६६/०६७ | ३९ | २९ | ७४.३६ | |
| २०६७/०६८ | ४७ | २२ | ४६.८१ | |
| २०६८/०६९ | १३६ | ९० | ६६.१८ | |
| २०६९/०७० | २६० | १९९ | ७६.५५ | |
| २०७०/०७१ | ४७० | ४०९ | ८७.०२ | |
| २०७१/०७२ | ७७७ | ७६५ | ९८.४५ | |
| २०७२/०७३ | ६७८ | ६७४ | ९९.४१ | |
| २०७३/०७४ | ६७२ | ६७० | ९९.७९ | |
| २०७४/०७५ | ११७६ | ११७५ | ९९.९९ | |
| २०७५/०७६ | ११४४ | ११४४ | १०० | |
| २०७६/०७७ | १०१३ | १०१३ | १०० | |
| २०७७/०७८ | ७५३ | ७४२ | ९८.५ | पुनरावेदन मात्र |
| २०७८/७९ | १०८३ | १०७७ | ९९.४ | " |
| २०७९/८० | १०६८ | १०५४ | ९९.०४ | " |
| २०८०/८१ | १२६५ | १२०० | ९४.८६ | " |
| २०८१/८२ | १०४९ | १०२५ | ९७.७१ | " |

प्रस्तुत तालिका नं. २ को विवरण आयोगमा प्राप्त भएका उजुरी, निवेदन र पुनरावेदनको मात्र अवस्था हो । प्रस्तुत विवरणमा सार्वजनिक निकायहरूमा सूचना माग भएको, सूचना प्राप्त गरेको, सूचना दिन इन्कार गरिएको विवरण सङ्कलन गर्न सकिएको अवस्था छैन । सबै सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने विषयलाई प्राथमिकताका साथ सम्बोधन गर्न आवश्यक छ । सूचनाको

माग भएको र उपलब्ध गरिएको विवरण अभिलेखबद्ध गर्ने तथा अनुगमन इकाई मार्फत आयोगमा विवरण पठाउनु पर्ने व्यवस्था कार्यान्वयन गर्न आवश्यक छ । साथै, सूचना प्रविधिको प्रयोगमार्फत एकीकृत तथ्याङ्क सङ्कलन र विश्लेषणका लागि छुट्टै सफ्टवेयर बनाई लागु गर्नु पर्ने आवश्यकता देखिएको हुँदा आगामी आर्थिक वर्षमा Right to Information System (RTIMS), Proactive Discloser Report(PDR) र Appeal Management System लागु गर्दै जाने आयोगको योजना रहेको छ ।

चार्ट नं. १ : पुनरावेदनको अवस्था




## ३.२ क्षेत्रगत पुनरावेदनको विवरण

आर्थिक वर्ष २०८१/८२ मा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा आयोगमा प्रक्रिया पूरा भई आएका १०४९ पुनरावेदनहरूलाई क्षेत्रगत आधारमा तालिका नं. ३ मा प्रस्तुत गरिएको छ । गत आर्थिक वर्षमा १ हजार २६५ वटा पुनरावेदन प्राप्त भएकोमा स्थानीय तहको पुनरावेदन संख्या ११२० रहेको अर्थात् ८८.५४ प्रतिशत रहेकोमा यस आ. व. मा संख्यात्मक हिसाबले स्थानीय तहमा ४४३ वटा पुनरावेदन अर्थात् ४२.२१ प्रतिशत परेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा स्थानीय तहसँग सम्बन्धित पुनरावेदनको संख्या ६७७ ले कम रहेको छ । यसबाट स्थानीय तहमा सूचनाको हकको कार्यान्वयनमा सुधार भई मागेको सूचना दिने अभ्यास बढेबाट पुनरावेदन संख्या उल्लेख्य घट्न गएको हुन सक्ने देखिन्छ । त्यसै गरी बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित पुनरावेदन ७.७३ प्रतिशत शिक्षा, स्वास्थ्य तथा खेलकुद क्षेत्रमा २१.१० प्रतिशत, प्रशासन क्षेत्रमा १५.२० प्रतिशत रही अघिल्लो आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा बढी नै पुनरावेदन परेको छ । त्यसैगरी कानून, न्याय तथा प्रशासन, खानेपानी, विद्युत, निर्माण तथा यातायात, संस्थान तथा प्राधिकरण जस्ता सार्वजनिक निकायमा आर्थिक वर्ष २०८०/८१ को तुलनामा २०८१/८२ मा पुनरावेदनको संख्या बढेको देखिन्छ ।

तालिका नं. ३ : क्षेत्रगत पुनरावेदनको विवरण

आयोगमा पर्न आएका १०४९ पुनरावेदनहरूको क्षेत्रगत विवरणलाई निम्न रेखाचित्रबाट पनि प्रस्तुत गरिएको छ ।

| क्र.सं. | क्षेत्र | आर्थिक वर्ष २०८०/८१ | प्रतिशत | आर्थिक वर्ष २०८१/८२ | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | स्थानीय तह | ११२० | ८८.५४ | ४४३ | ४२.२१ |
| २ | बैंक तथा वित्तीय संस्था | ४७ | ३.७२ | ८१ | ७.७३ |
| ३ | सूचना तथा सञ्चार प्रविधि | ६ | ०.४७ | ७ | ०.६७ |
| ४ | कानून, न्याय तथा प्रशासन | ४ | ०.३२ | ४८ | ४.६० |
| ५ | शिक्षा, स्वास्थ्य तथा खेलकूद | ११ | ०.८७ | २२१ | २१.१० |
| ६ | खानेपानी, विद्युत, निर्माण तथा यातायात | ८ | ०.६३ | १६ | १.५३ |
| ७ | संस्थान तथा प्राधिकरण | १९ | १.५० | ३१ | २.८६ |
| ८ | जग्गा, मालपोत, भूमी, वन तथा कृषि | ४ | ०.३२ | २० | १.९१ |
| ९ | प्रशासन | ३७ | २.९२ | १६० | १५.२० |
| १० | अन्य (गैरसरकारी संस्था, अन्य संस्था) | ९ | ०.७१ | २२ | २.१० |
| | जम्मा | १२६५ | १०० | १०४९ | १०० |

**रेखाचित्र नं**. १ क्षेत्रगत पुनरावेदनको स्थिति



७५३ स्थानीय तहसँग सम्बन्धित सूचनाहरू प्राप्त नगरेको कारणबाट गत वर्ष भन्दा पुनरावेदन कम पर्नुबाट सूचनाको माग र प्रवाहको स्थितिमा स्थानीय तहमा सुधार भएको अनुमान आयोगले गरेको छ। स्वाभाविकरूपमा नागरिकसँग बढी नजिक रहेर कार्य सम्पादन हुने स्थानीय तहका क्रियाकलापमा नागरिकको चासो रहने भएकोले स्थानीय तहमा अन्य क्षेत्रको तुलनामा बढी सूचना माग भएको देखिन्छ। यसका लागि सुदूरपश्चिम प्रदेशको जिल्लामा स्थानीय तहमा सूचनाको हक कार्यान्वयन सम्बन्धी अध्ययन (आरटिआई अडिट) आयोगले गरेको छ। यो प्रतिवेदनले सार्वजनिक निकायहरूमा रहेका समस्याहरूको पहिचान गने क्रममा सूचना नदिने प्रवृत्ति नै हावी भएको देखाएको छ।

## ३.३ उजुरी र निवेदनको विवरण

आर्थिक वर्ष २०८१/८२ मा आयोग समक्ष सूचना उपलब्ध गराए बापत कारबाही भएकोमा सूचनादाताको संरक्षण गरी पाऊँ भनी एउटा र उपलब्ध गराएको सूचनाको दुरुपयोग भएको भनी ३ वटा उजुरी परेकोमा आयोगबाट सबै उजुरी उपर आवश्यक कारबाही प्रक्रिया अगाडि बढाएको छ।

तालिका नं. ४ : उजुरी, निवेदनको अवस्था

| आर्थिक वर्ष | उजुरी, निवेदन | फछ्र्यौट | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|
| २०७९/८० | ७ | ७ | १०० |
| २०८०/८१ | ४ | ४ | १०० |
| २०८१/८२ | ४ | १ | २५ |

## ३.४ प्रदेशगत पुनरावेदनको अवस्था

तालिका नं. ५ : प्रदेशगत पुनरावेदनको विवरण

| प्रदेश | महिला | पुरुष | अन्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| कोशी | ३ | १५ | ८ | २६ | २.४९ |
| मधेश | २ | २४४ | १ | २४७ | २३.५० |
| बागमती | ७४ | ६०४ | २२ | ७०० | ६६.७२ |
| गण्डकी | × | २० | १ | २१ | २.११ |
| लुम्बिनी | × | ३७ | २ | ३९ | ३.७२ |
| कर्णाली | × | ८ | १ | ९ | ०.८५ |
| सुदूरपश्चिम | × | ७ | × | ७ | ०.६७ |
| जम्मा | ७९ | ९३६ | ३५ | १०४९ | १०० |

यस आर्थिक वर्षमा सार्वजनिक निकायमा सूचनाको हकको प्रयोग गरी सूचना मागको अवस्थालाई प्रदेशगत रूपमा विश्लेषण गर्दा बागमती प्रदेशमा अन्य प्रदेशको तुलनामा बढी सङ्ख्यामा पुनरावेदन प्राप्त भएको अवस्था छ। यसरी सूचना माग गर्नेहरूको सङ्ख्यामा महिलाको तर्फबाट माग भएको सूचनाको सङ्ख्या पुरुषको तुलनामा त्यति बढ्न सकेको अवस्था छैन। अघिल्लो वर्ष झैं यस वर्ष पनि सूचना पाउन नसकी सबैभन्दा बढी पुनरावेदन गर्ने प्रदेशका बागमती प्रदेश रहेको छ भने सबैभन्दा कम पुनरावेदन परेको प्रदेशमा सुदूरपश्चिम प्रदेश रहेको छ।

चार्ट नं. १ : प्रदेशगत पुनरावेदनको अवस्था




## ३.५ निष्कर्ष

नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक प्रदान गरेको छ। राज्यका काम कारबाहीलाई लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन राज्य र नागरिकको हितलाई प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्ने र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्यले सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ कार्यान्वयनमा रहेका छन्। यस अनुरूप आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय सूचना आयोगमा क्षेत्रगत रुपमा प्राप्त निवेदन उजुरी तथा पुनरावेदनको समग्र रूपमा विश्लेषण गर्दा सूचना माग गर्ने प्रवृत्ति दिनप्रतिदिन बढ्दै गइरहेको देखिन्छ भने उजुरी र निवेदन गर्ने संख्यामा पनि कमी नआएको अवस्था छ। जनसंख्याको आकार बनोट र चेतनाको स्तरको कारणले समेत सूचना मागको अवस्थालाई प्रभाव पार्ने गरेको छ।

# परिच्छेद- ४
# आयोगबाट भएका महत्त्वपूर्ण आदेश तथा सजायँ

## ४. पृष्ठभूमि

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ मा राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार तोकेको छ। दफा १९ को खण्ड (ङ) मा यस ऐन बमोजिमको दायित्व पालना गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने र खण्ड (छ) मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने अधिकार आयोगमा रहने व्यवस्था गरेको छ। आयोगले समय समयमा सर्वसाधारण नागरिकलाई उपयोगी र महत्वपूर्ण हुने सूचना सार्वजनिक गर्न, प्रवाह गर्न, उपलब्ध गराउन वा उपयुक्त व्यवस्था गर्न आदेश वा निर्देश दिने गरेको छ। त्यसै गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ मा नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी ऐनले सर्वसाधारण नागरिकलाई दिएको सूचना माग्ने र पाउने अधिकारबमोजिम माग गरेको सूचना मनासिब कारण बिना नदिएको, दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा, सूचना दिन ढिलाई गरेमा वा ऐनबमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगरेमा त्यस्तो सार्वजनिक निकायका कार्यालयप्रमुख वा सूचना अधिकारी वा व्यक्तिलाई सजाय वा कारबाही गर्ने व्यवस्था गरेको छ। यसै अधिकारको प्रयोग गरी आयोगले त्यस्ता पदाधिकारीउपर कारबाही गर्ने गरेको छ। यस आर्थिक वर्षमा दुईजना पदाधिकारी उपर कारबाही भएको छ। महत्वपूर्ण आदेश तथा सजायँ **अनुसूची- ७** मा राखिएको छ।

## ४.१ आयोगबाट भएका महत्वपूर्ण आदेश

- सबै स्थानीय तहमा सूचना अधिकारी तोक्न र प्रत्येक ३/३ महिनामा स्वतः प्रकाशन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् निर्देशन दिने सम्बन्धमा मिति २०८१।०९।११ मा आयोगको बैठकबाट आदेश भएको।
- गुल्मी जिल्ला, इस्मा गा. पा.-६, अमरपुर निवासी मोहन बिक्रम लम्सालले इस्मा गाउँपालिकाको कार्यालय, गुल्मी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०८१।११।०२ मा पुनरावेदन गरेको।
- इश्मा गाउँपालिकाको कार्यालय, गुल्मीबाट निवेदकको जन्मदर्ताको ढड्डा सक्कलै झिकाउन मिति २०८२।०१।०४ को इजलासबाट आदेश भएको।
- आफ्नो वैयक्तिक विवरण सच्याउन चाहने निवेदकले माग गरे बमोजिमको नाम तथा सम्पूर्ण वैयक्तिक कागजातहरूमा लैङ्गिक विवरण सच्याउने सम्बन्धमा गृह मन्त्रालयलाई मिति २०८२।०३।०४ मा आयोगको बैठकबाट आदेश भएको।
- अपाङ्गता भएका नागरिकहरू सूचनाको पहुँचबाट विमुख भएको सार्वजनिक सूचना तथा आपतकालिन सूचना प्राप्तिमा कठिनाई भएको लगायतको राष्ट्रिय बहिरा महासंघ नेपालको गुनासो आयोगलाई प्राप्त भएकाले उल्लेखित समस्या समाधानको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत नेपाल सरकारलाई सिफारीश गर्ने निर्णय मिति २०८२।०३।०४ को बैठकबाट गरियो।
- नेपालमा मनसुनको अवधिमा निरन्तर र अत्याधिक रुपमा हुने वर्षाका कारण एवं जलवायु परिवर्तनका कारणले अप्रत्याशित तथा वेमौसमी रुपमा हुने प्रकोपका कारण ठूलो मात्रामा जनधन तथा भौतिक संरचनाको क्षति हुने गरेकोमा प्रकोप अगाडि वा प्रकोपको समयमा सूचना प्रवाहलाई थप चुस्त दुरुस्त तथा प्रभावकारी बनाउन सकिएमा प्रकोपबाट हुने क्षति न्यूनिकरण गर्न सकिने भएकाले गृह मन्त्रालय,

उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, वन तथा वातवरण मन्त्रालय, जल तथा विज्ञान विभाग, वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणलाई सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ग) बमोजिम सुझाव सहित निर्देशन दिने निर्णय गरियो ।

## ४.२ आयोगबाट भएको कारबाही

नेपालको संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम नागरिकले सार्वजनिक निकायमा सूचना माग गर्दा सूचना नपाएको कारणबाट राष्ट्रिय सूचना आयोगमा उजुरी परेको अवस्थामा छानवीन गर्दा प्रमाणित भएको अवस्थामा आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गर्ने गरेको छ । यस आर्थिक वर्षमा २ वटा सार्वजनिक निकायका प्रमुख तथा सूचना अधिकारीलाई कारबाही भएको छ । आयोगबाट हालसम्म भएका कारबाहीको विवरण **अनुसूची- ८** मा राखिएको छ । यसबाट सार्वजनिक निकायलाई नागरिकप्रति थप जिम्मेवार हुन र सूचनाको हकको कार्यान्वयन गर्न प्रेरित गरेको आयोगले विश्वास गरेको छ । यस आर्थिक वर्षमा भएका कारबाहीको छोटकरी विवरण तपसिलमा प्रस्तुत गरिएको छ ।

### ४.२.१ तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तुका कार्यालय प्रमुख, (अध्यक्ष) जय प्रकाश पाण्डे उपर भएको काराबाही :

कपिलवस्तु जिल्ला, बुद्धभूमी न. पा.-२, गोरुसिंगे निवासी बसन्त गिरीले तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तु समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०८०।०७।२० मा पुनरावेदन गरेकोमा आयोगबाट तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तुका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (२) बमोजिम ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०८०।०७।२० मा आदेश भएको । आयोगको आदेश पश्चात तोकिएको अवधिभित्र कुनै जानकारी उपलब्ध नगराएकोले विपक्षीको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार ७ (सात) दिनभित्र सूचना उपलब्ध गराउनू भनी मिति २०८०।०८।२८ मा आदेश भएको । आयोगबाट भएको आदेश पश्चात पनि विपक्षीले कुनै सूचना उपलब्ध नगराएकोले तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तुका अध्यक्ष, जय प्रकाश पाण्डेका नाममा सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ (१) बमोजिम कारबाही हुने व्यहोराको आदेश मिति २०८०।१२।१५ मा भएको र सोसम्बन्धी पत्र जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुले निजलाई बुझाई भरपाई यस आयोगमा उपलब्ध गराएको ।

आयोगबाट भएको चेतावनी सहितको आदेश पश्चात पनि तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तुका कार्यालय प्रमुख (अध्यक्ष), जय प्रकाश पाण्डेले कुनै जानकारी उपलब्ध गराएको नदेखिएकोले नागरिकको संबिधानप्रदत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने कार्यालय प्रमुख (अध्यक्ष), जय प्रकाश पाण्डेलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम रु ५,०००।- जरिवाना गर्नू भनी २०८१।०५।१७ मा आदेश भएको ।

### ४.२.२ सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौंका महेन्द्र जंग लामिछानेउपर भएको काराबाही :

ललितपुर जिल्ला, ललितपुर म. पा.-१० निवासी बलराम राजभण्डारीले सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई

पाउँ भनी यस आयोग समक्ष मिति २०७९।०३।०२ मा पुनरावेदन गरेको । उक्त पुनरावेदनको सम्बन्धमा यस आयोगबाट सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौंको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (२) बमोजिम ७ (सात) दिनभित्र तपसिलका सूचना उपलब्ध गराउनू भनी मिति २०८१।०३।१० मा आदेश भएको । आयोगको आदेश पश्चात् सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौंले तोकिएको म्यादभित्र कुनै जानकारी नदिएको भनी पुनरावेदकले मिति २०८१।०४।३० मा आयोग समक्ष उजुरी गरेकोले आयोगबाट विपक्षी सार्वजनिक निकायको नाउँमा आयोगको मिति २०८१।०३।१० को आदेश बमोजिम सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ (१) बमोजिम कारबाही हुने व्यहोराको आदेश मिति २०८१।०५।२४ मा भएको । आयोगबाट भएको चेतावनी सहितको आदेश पश्चात् पनि सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौंले कुनै जानकारी उपलब्ध गराएको नदेखिएको ।

आयोगबाट भएको चेतावनी सहितको आदेश पश्चात पनि सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौं कार्यालय प्रमुख, महेन्द्र जंग लामिछानेले कुनै जानकारी उपलब्ध गराएको नदेखिएकोले नागरिकको संबिधानप्रदत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने कार्यालय प्रमुख महेन्द्र जंग लामिछानेलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम रु १०,०००।- जरिवाना गर्नू भनी २०८१।०७।२१ मा आदेश भएको ।

# परिच्छेद- ५
# आयोगबाट सम्पन्न भएका प्रवर्द्धनात्मक कार्य

## ५.१ आयोगमा नयाँ नेतृत्व

नेपालको संविधानको धारा २७ मा प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था छ । संविधानले व्यवस्था गरेको सोही प्रावधानलाई सम्मान गर्दै राज्य, सरकार र निजी क्षेत्रको समेत सार्वजनिक निकायलाई खुला र पारदर्शी बनाई नागरिप्रति जवाफदेही बनाउन नेपालको संविधान, २०७२ को भाग ३ मा भएको मौलिक हक र कर्तव्यअन्तर्गत धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको हकलाई संवैधानिक प्रत्याभूति गरेको छ ।

राज्य एवं सार्वजनिक संस्थाका कामकारवाही लोकतान्त्रिक पद्धति अनुरूप खुल्ला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउने संविधानको लक्ष्य हो । राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने सम्वेदनशील सूचनाको संरक्षण गर्न र नागरिक समाजको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउनुका साथै संविधानमा व्यवस्था भएको सूचनाको हकसम्बन्धी प्रावधानलाई कार्यान्वयन गर्न व्यवस्थापिका संसद्बाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी गरिएको हो ।

संवैधानिक रूपमा नागरिकलाई प्रत्याभूत गरिएको सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने प्रयोजनका लागि ऐनबाट नै एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था गरिएको छ । राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले निर्धारण गरेका उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि विविध कार्यहरू सम्पादन हुँदै आएका छन् ।

यस परिच्छेदमा आयोगले आर्थिक वर्ष २०८१/०८२ मा सूचनाको हकको प्रचलन गर्न गराउन विभिन्न क्षेत्र तथा स्थानमा गरेका अन्तरक्रिया तथा प्रशिक्षण कार्यहरूलाई प्रस्तुत गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा सूचनाको हकसम्बन्धी अन्तर्क्रिया कार्यक्रमको विवरण तालिका **अनुसूची- ९** मा राखिएको छ । यी कार्यक्रम गर्नुको मूल उद्देश्य यसप्रकार रहेका छन् :

**उद्देश्यः**

- सूचनाको हकसम्बन्धी जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, आमनागरिक र समाजमा सचेतना फैलाउने ।
- सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरूलाई संविधानप्रदत्त नागरिक समाजको सूचनाको हकको सम्मान गर्न उत्प्रेरित गर्ने ।
- सार्वजनिक निकायहरूलाई तीन/तीन महिनामा आ-आफ्नो निकायबाट सम्पादन भएका कार्यको विवरण सार्वजनिक गर्न प्रोत्साहित गर्ने ।
- सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था गर्न आदेश दिने र तोकिएका सूचना अधिकारीलाई तालिम र अभिमुखीकरण कार्यक्रमहरूमार्फत सक्षम बनाई सूचना प्रवाहलाई सरल र सहज बनाउने ।
- सार्वजनिक निकायमा सूचना माग भएको विवरण छुट्टै अभिलेखमा राख्ने पद्धति विकास गरी एकरूपता अपनाउन प्रेरित गर्ने ।

- कानूनले तोकेकै अवधिभित्र माग भएको सूचना दिन जिम्मेवार पदाधिकारीहरूलाई उत्प्रेरित गर्ने र नागरिक समाजले पाउनु पर्ने सूचना नपाएमा आयोगमा उजूरी वा पुनरावेदन गर्दा अपनाउनु पर्ने विधी र प्रकृयाबारे जानकारी प्रदान गर्ने ।
- ऐनमा व्यवस्था भएको सूचनाको वर्गीकरण गर्नु पर्ने विषयका सूचनाको जानकारी दिलाउने ।
- सूचनाको हकसम्बन्धी ऐन नियमको व्यवस्था र विश्वव्यापी प्रचलनबारे जानकारीमूलक सन्देश प्रवाह गर्ने गराउने । सार्वजनिक निकायलाई सुशासनयुक्त र पारदर्शी बनाउने हेतु नागरिक समाजलाई सूचना माग गर्न प्रेरित गर्ने ।

#### ५.१.१ आयोगमा नयाँ नेतृत्व

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०८१ मंसीर ६ गतेको निर्णयानुसार २०८१ मंसीर २३ गतेदेखि लागु हुने गरी सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा १(४) बमोजिम राष्ट्रिय सूचना आयोगको प्रमुख सूचना आयुक्त र सूचना आयुक्तमा नियुक्त हुनु भयो । सोही मंसीर २६ गते प्रधानमन्त्री केपी शर्मा ओलीले एक विशेष समारोहका बीच प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यलाई शपथ ग्रहण गराउनु भयो । प्रधानमन्त्रीकै उपस्थितिमा प्रमुख आयुक्त डा. आचार्यले सूचना आयुक्तद्वय गगन विष्ट र दुर्गा भण्डारी पौडेललाई शपथ गराउनु भयो । शपथ ग्रहण कार्यक्रमपछि प्रधानमन्त्री ओलीले सूचनाको हकको महत्वका विषयमा आफ्ना धारणा राख्दै आयोगको नयाँ नेतृत्वले नागरिकको सूचनाको अधिकार दिलाउने गरी काम गर्नेछ भन्ने बिश्वास व्यक्त गर्नु भएको थियो ।

शपथ ग्रहण कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार विष्णु रिमाल, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्याल, मन्त्रालयका विशिष्ठ अधिकारीहरू र आयोगका सचिव एवं अन्य कर्मचारीहरूको उपस्थिति थियो । शपथ ग्रहण कार्यक्रमबाट प्रमुख आयुक्त तथा आयुक्तहरूले सिधै कार्यालयमा आई पदभार ग्रहण गर्नु भएको थियो । उहाँहरूलाई आयोगको तर्फबाट आयोगका सचिव कमलप्रसाद भट्टराई तथा अन्य कर्मचारीहरूले कार्यालयमा स्वागत गर्नु भएको थियो ।

### ५.२ अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रम

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ को उपदफा (१) मा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने सन्दर्भमा आयोगले केन्द्रीय, प्रदेश र स्थानीय तहमा विभिन्न अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ । राज्यबाट प्रदान गरिएका सीमित आर्थिक स्रोत र साधनका कारण आयोगले पर्याप्त कार्यक्रम सञ्चालन गर्न सकेको छैन । तथापि सञ्चालन भएका कार्यक्रमहरूले सहभागीहरूलाई सूचनाको हक कार्यान्वयनमा प्रोत्साहित र अभिप्रेरित गरेको आयोगको विश्वास छ । यस आर्थिक वर्षमा सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, जनप्रतिनिधि, नागरिक समाज, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी तथा आमनागरिक आयोगका विभिन्न कार्यक्रममा सहभागी भई सूचनाको हकको संवैधानिक प्रत्याभूति र त्यसका लागि अपनाउनु पर्ने विधि र प्रक्रियाका बारेमा जानकार भएका छन् ।

#### ५.२.१ न्यायाधीश र कानून व्यवसायीहरूसँग सूचनाको हक सम्बन्धी अन्तरक्रिया

राष्ट्रिय सूचना आयोगद्वारा मिति २०८१ पौष १० उच्च अदालत पाटनका न्यायाधीशहरूँग काठमाण्डौंमा सूचनाको हक कार्यान्वयन सम्बन्धी समसामयिक सवालहरू सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । न्यायाधीशहरूसँग गरिएको अन्तरक्रिया कार्यक्रममा सूचनाको हक कार्यान्वयनको लागि गरिने सुनवाई प्रकियामा दुबै पक्षलाई मौका दिनु पर्नेमा जोड दिइएको थियो ।

कार्यक्रम उच्च अदालत पाटनका न्यायाधीशहरू र आयोगका पदाधिकारी एवं कर्मचारीहरूको सहभागितामा सम्पन्न भएको थियो । कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यले अध्यक्षता ग्रहण गर्नु भएको थियो । कार्यक्रममा सर्वोच्च अदालतका न्यायाधीश सुनिलप्रसाद पोखरेलले प्रमुख आतिथ्यता ग्रहण गर्नु भएको थियो भने उच्च अदालत पाटनका कामु मुख्य न्यायाधीश लालबहादुर कुँवर विशेष अतिथि हुनुहुन्थ्यो । यस कार्यक्रमको उदघाटन सर्वोच्च अदालतका न्यायाधीश सुनिलप्रसाद पोखरेलले पानसमा दीप प्रज्वलन गरी गर्नु भएको थियो । आयोगका सचिव कमल प्रसाद भट्टराईले कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो ।

स्वागत मन्तव्यका क्रममा आयोगका सचिव भट्टराईले अन्तरक्रिया कार्यक्रम सौहार्द्रपूर्ण र सक्रिय सहभागिताका साथ सफल हुने अपेक्षा गर्नु भएको थियो । आयोगको स्थापना कालदेखि नै सूचनाको हक सम्बन्धमा पुनरावेदनको संख्या क्रमशः बढ्दै गएको जानकारी दिँदै उहाँले यसरी बृद्धि हुनुमा नागरिकमा सूचना माग गर्ने चेतनाको विकास र सचेनामा अभिवृद्धि भएको वा सार्वजनिक निकायले नागरिकले माग गरे बमोजिम सूचना नदिएको कारण वृद्धि भएको हो ? यसमा विचार पुऱ्याउनु पर्ने अवस्था रहेको उल्लेख गर्नु भयो । उहाँले आयोगको कार्यमा मार्ग निर्देशन हुने गरी छलफल र सुझावको अपेक्षा राख्दै उच्च अदालतका अधिकांश न्यायाधीशहरूको गरिमामय उपस्थितिले आयोगको गरिमा बढेको समेत बताउनु भयो ।

कार्यक्रमको उद्घाटन गर्दै सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेलले सूचना बौद्धिक सम्पत्ति भएको उल्लेख गर्नुभयो । प्रमुख अतिथि न्यायाधीश पोखरेलले दुवै निकायबाट भएको प्रस्तुतिले सूचनाको हक सम्बन्धमा जानकारी गराउनुका साथै छलफलका आयाम पनि प्रदान गरेको बताउनु भयो । उहाँले सूचनाको हक पारदर्शिता, जवाफदेहिता र सुशासनसँग सम्बन्धित रहेको र यो नागरिकको मौलिक हक भएको बताउनु भयो ।

सर्वोच्च अदालतका न्यायाधीश पोखरेलले सूचनाको हक विश्वव्यापी अधिकारको रुपमा स्थापित हुदै गएको बताउँदै जुन व्यक्तिसँग सूचना पर्याप्त छ, त्यो व्यक्ति सम्पत्तिको हिसाबमा धनी हुने अवस्था आएको छ । तसर्थ संविधान र कानुनले दिएको हक प्रयोग गरेर सूचना माग्ने संख्यामा दिनानुदिन वृद्धि हुन थालेको छ । यसो हुनुमा सूचनाको हक सम्बन्धी जागरुकता पैदा हुनु हो । अर्को अर्थमा भन्ने हो भने, सार्वजनिक निकायले सूचना सार्वजनिक नगरेको कारणले सूचना माग्नेको संख्यामा वृद्धि हुन पुगेको हो भन्ने बुझ्नु पर्दछ ।

लोकतान्त्रिक व्यवस्थामा जवाफदेहिता र पारदर्शिताले नै सुशासनको अवस्था बलियो हुने बताउँदै न्यायाधीश पोखरेलले भन्नुभयो- त्यस्ता सार्वजनिक निकायलाई आफ्नो सूचनाप्रति जवाफदेही बनाउ, जुन निकायले आफ्नो सार्वजनिक गरेको सूचनामा पूर्ण जवाफदेही हुन सकोस् । अहिले यत्ति काम गर्न आयोग सफल भयो भने सूचनाको हक स्थापित गर्ने काममा ठूलै उपलब्धी हासिल हुने छ ।' आयोगले सूचना वर्गीकरण नभएको अवस्थामा आफैंले कार्यविधि बनाएर सार्वजनिक सूचना र गोप्य सूचनाको अवधारणाका आधारमा काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सार्वजनिक संस्था भनेको कानूनद्वारा सिर्जित वा कानून अनुसार दर्ता भएको के हो छुट्याउनु पर्ने सुझाव दिँदै उहाँले सूचना, गलत सूचना र अफवाह (Information, misinformation / disinfrmation) छुट्याइ सूचनाको प्रयोग हुनु पर्ने, सूचनाको दुरुपयोग गरेमा के कस्तो सजायँ हुने स्पष्ट हुनु पर्ने एवं

सूचनाको हकको उपयोगको सम्बन्धमा हरेक नागरिकलाई जानकारी दिनु पर्ने उल्लेख गर्दै प्रमुख अतिथि पोखरेलले कार्यक्रममा सहभागिताको अवसर प्रदान गरेकोमा आयोगलाई धन्यवाद दिनु भयो ।

कार्यक्रममा उच्च अदालत पाटनका कायममुकाम मुख्य न्यायाधीश लालबहादुर कुँवरले मौलिक हकको कार्यान्वयनको सुनिश्चितताका लागि सूचना आयोग र उच्च अदालतको काँधमा गहन जिम्मेवारी रहेको बताउनुभयो । कायममुकाम मुख्य न्यायाधीश कुँवरले भन्नुभयो - आयोग स्थापना भएको पनि पन्ध्र वर्ष भइसकेको छ । तसर्थ समय सापेक्ष ऐन कानून र नियमावलीले संशोधन माग गरेको छ । नागरिक हकको रूपमा रहेको सूचना गलत प्रयोग हुनबाट जोगाउन पर्ने आवश्यकता छ । त्यसको लागि आयोगले आफ्नो अभ्यासका आधारमा कानूनमा समेत परिमार्जन गर्नुपर्ने आवश्यकता हुनसक्छ ।

सूचनाको हकसँगै सूचना मागकर्ताको विषयमा समेत अध्ययनको आवश्यकता रहेको बताउँदै उहाँले पुनरावेदनको सुनुवाइ गर्दा आधारभूत तहमा फैसला गर्नुअघि दुबै पक्षको कुरा सुनेर न्याय सम्पादन गर्न जोड दिनुभयो । सूचनाका सीमा र अभ्यासबाट समेत आफ्नो काम स्थापित हुनसक्ने बताउँदै कायम मुकायम मुख्य न्यायाधीश कुँवरले नागरिकप्रतिको जवाफदेहिता र सुशासनको लागि सूचनाको हकको सुनिश्चिताले मात्र लोकतन्त्र बलियो बन्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रममा आयोगको तर्फबाट सूचनाको हकसम्बन्धी ऐन, नियम तथा निर्देशिकामा भएका व्यवस्था र आयोगको कार्यसम्बन्धी विषयवस्तु समेटेर सूचना आयुक्त दुर्गा भण्डारी पौडेलले प्रस्तुति गर्नु भएको थियो । उच्च अदालत पाटनका न्यायाधीश दुर्गाप्रसाद ढुंगेलले सूचनाको हक सम्बन्धी कानून र यस विषयमा उच्च अदालतमा भएका पुनरावेदन, तिनको अवस्था र मुद्दाका प्रक्रिया सम्बन्धी विषयवस्तुहरूका केन्द्रीत रहेर प्रस्तुति गर्नु भएको थियो ।

छलफल र अन्तरक्रियाका क्रममा उठेका जिज्ञासा र सवालहरूमा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेशप्रसाद आचार्यले सम्बोधन गर्नु भएको थियो । उहाँले राष्ट्रिय सूचना आयोगले सूचनाको हक सम्बन्धमा सम्पादन गर्ने काम कारवाहीमा कतिपय अस्पष्टता रहेकोले त्यसको निरुपण र स्पष्टता कायम कायम गर्नका लागि यस कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । यस कार्यक्रममा आफ्नो महत्वपूर्ण समय दिनु भएकोमा न्यायाधिशहरूप्रति आभार प्रकट गर्दै उहाँले पत्रकारले यसको प्रयोग त्यति गर्न सकेको नदेखिएको, दिन मिल्ने र नमिल्ने सूचनाको वर्गीकरण नभएकोले सार्वजनिक निकायमा सूचना दिन समस्या देखिएको उल्लेख गर्नु भयो । कुन सूचना सार्वजनिक हो र कुन होइन भन्ने छुट्याउन गाह्रो भएकोले पनि यसको कार्यान्वयनमा चुनौति देखा परेको वा सूचना प्रवाह भन्दा नियन्त्रण गर्न खोजेको जस्तो देखिएको उहाँले बताउनु भयो । समान प्रकृतिको कार्य गर्ने राज्यका निकायले सूचना दिनु पर्ने तर नीजि क्षेत्रले दिनु नपर्ने अवस्थाको अन्त्य हुन पर्ने र सूचनाको वर्गीकरणको लागि सरकारसँग सम्वाद थालनी गरिएको जानकारी गराउँदै कार्यक्रममा सहभागिताको लागि सबैप्रति धन्यवाद र आभार व्यक्त गर्नुभयो ।

**५.२.२ राजनीतिक दलहरूमा सूचनाको हक कानूनको अभ्याससम्बन्धी अन्तरक्रिया कार्यक्रम**

राष्ट्रिय सूचना आयोगले २०८१ पौष २८ गते संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका संसदीय दलका प्रमुख सचेत एवं पार्टी पदाधिकारीहरूको सहभागितामा राजनीतिक दलहरूमा सूचनाको हक सम्बन्धी कानूनको अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यले अध्यक्षता ग्रहण गर्नु भएको कार्यक्रममा प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेको प्रमुख आतिथी हुनुहुन्थ्यो । कार्यक्रममा विभिन्न राजनीतिक दलका उपाध्यक्ष,

महामन्त्री, कार्यवाहक महामन्त्री, महासचिव, उपमहासचिव, प्रचार विभाग प्रमुख, प्रमुख सचेतक र सचेतकहरूको सहभागिता रहेको थियो । साथै उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्तद्वय  गगन विष्ट र दुर्गा भण्डारी पौडेल तथा आयोगका सचिव  कमलप्रसाद भट्टराई सहभागी हुनु भएको थियो । प्रमुख अतिथि प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले पानसमा दीप प्रज्वलन गरी कार्यक्रम उदघाटन गर्नु भएको थियो । आयोगका सचिव कमलप्रसाद भट्टराईले आमन्त्रित प्रमुख अतिथि लगायत सबैलाई स्वागत गर्नु भयो । कार्यक्रमको उदघोषण आयोगका उपसचिव सन्तोषकुमार दाहालले गर्नु भएको थियो ।

स्वागत मन्तव्यका क्रममा आयोगका सचिव कमलप्रसाद भट्टराईले राजनीतिक दलबाट प्रतिनिधित्व गर्ने सबै प्रति आभार व्यक्त गर्दै मौलिक हकलाई कार्यान्वयन गर्न सूचनाको हक सम्बन्धी ऐन २०६४, सूचनाको हक सम्बन्धी नियमावली २०६५ लगायतका विभिन्न कार्यविधि र निर्देशिकाहरू आएका र सूचना आयोगले हालसम्म १६ वटा बार्षिक प्रतिवेदन प्रधानमन्त्री मार्फत संसदमा पेश गरिसकेको व्यहोरा अवगत गराउनु भयो । आयोगमा पुनरावेदनको संख्या हरेक बर्षमा बृद्धि हुँदै आएको जानकारी दिंदै उहाँले सूचना अधिकारी र प्रवक्तामा प्रष्ट भिन्नता रहेकोले सबै राजनीतिक दलले प्रवक्ता तोकेर मात्र नपुग्ने, सूचना अधिकारी समेत तोक्नु पर्दछ भन्नु भयो ।

संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरू र संसदीय दलका प्रमुख सचेतकहरूको उपस्थिति रहेको अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यले कार्यपत्र प्रस्तुत गर्दै दलहरूलाई सूचनाको हकको सम्मान र पालना गर्न आग्रह गर्नु भयो । दरुका बारेमा आम नागरिकमा उठ्ने प्रश्नहरूको चर्चा गर्दै उहाँले भन्नुभयो : दलहरूको आम्दानीको स्रोत अपारदर्शी छ, कसैलाई बताउँदैनन् । टिकट वितरणमा प्रष्ट आधार बताइँदैन । नेताको विवेक नै टिकट वितरणको नीति बन्ने गरेको छ । राज्यबाट गराइने निर्वाचनमा पार्टीले गर्ने खर्च अपारदर्शी छ । पार्टीको मुख्य कारोबार बैंक खातामार्फत हुँदैन ।

प्रमुख अतिथि प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले मन्तव्यको क्रममा लोकतन्त्रलाई प्रभावकारी बनाउन नवगठित आयोगले सामूहिक महत्वपूर्ण कार्यक्रम आयोजना गर्नु भएको धन्यवाद प्रकट गर्नु भयो । लोकतान्त्रिक शासन प्रणालीमा दलको भूमिका महत्वपूर्ण रहने उल्लेख गर्दै उहाँले दलले नै जनताको अभिमत निर्णायक बनाउने काम हुँदा दलको काम लोकतान्त्रिक नभए प्रश्न उठ्नु स्वभाविक हो भन्नुभयो । सूचनाको हकलाई ठीक ढंगले नागरिकलाई बुझ्ने र बुझाउने विषयमा दलको भूमिका महत्वपूर्ण हुन्छ भन्नु हुदै सभामुख घिमिरेले आर्थिक विषयमा प्रश्न नै नउठ्ने प्रणालीको विकास गर्नु पर्ने बताउनु भयो । उहाँले पारदर्शिता भनेको छ्याङ्ङै पार्ने हो, ह्वाङ्ङै पार्ने होइन भन्नु हुदै कार्यक्रममा सहभागी हुने अवसर प्रदान गरेकोमा आयोग र आयुक्तहरूलाई धन्यवाद दिनु भयो ।

कार्यक्रममा पूर्व सभामुख तथा नेकपा (माओवादी केन्द्र) का उपाध्यक्ष अग्निप्रसाद सापकोटाले सार्वजनिक पदधारण गर्नेहरूको पद तथा गोपनीयताको शपथमा भएको व्यहोरा सच्याउनु पर्ने सुझाव दिनुभयो । “सूचनाको हकसम्बन्धी ऐनले एउटा व्यवस्था गर्ने, उता शपथको व्यहोरामा अर्को व्यवस्था हुने भएर अलमल भयो, शपथको व्यहोरा सच्याउन दलका नेताहरू लाग्नुपर्छ” सापकोटाले भन्नु भयो ।

नेकपा (एमाले) का उपमहासचिव तथा पूर्वमन्त्री प्रदीप ज्ञवालीले जनताप्रति सरकार र दललाई जवाफदेही बनाउन र सुशासन कायम गर्न सूचनाको हकको व्यवस्था उत्कृष्ट भएको बताउनु भयो । ऐनमा सूचनाको

हक र गोपनीयताको हक दुवै उल्लेख भएकाले यसको सम्बन्धलाई अझ प्रष्ट पार्न आवश्यक रहेको उहाँले सुझाव दिनुभयो । "कुन सूचना सार्वजनिक खपतको हो, कुन होइन मापदण्ड बनाउन सक्नुपर्छ । दलका नेताहरूले, जिम्मेवार निकायमा बस्नेहरूले बिना आधार कसैलाई दोषी देखाउने, आरोप प्रत्यारोप गर्न नपाउने गरी ऐनमा व्यवस्था गर्नसके समाजलाई सन्तुलित बनाउन सकिन्छ, राजनीतिक दलका नेता तथा सांसदहरूको जोड त्यता रहनुपर्छ" उहाँको सुझाव थियो ।

नेपाली कांग्रेसका सहमहामन्त्री भीष्मराज आङदेम्बेले दलका नेताहरू निर्वाचन जितेका बेला उन्मुक्त हुने, हारेका बेला कुण्ठाबाट ग्रसित भएर अभिव्यक्ति दिन्छन् भन्नुभयो । त्यसलाई शोभनीय बनाउन ऐनमै व्यवस्था गर्न सुझाव दिनुभयो । "राजनीतिलाई अहिले भीडले नियन्त्रण गरेको छ, जबकि राजनीतिले भीडलाई नियन्त्रण गर्नुपर्थ्यो । यो दीर्घकालीन चिज होइन, एकले अर्कालाई गलत देखाउन न्वारनदेखिको बल लगाउने राजनीतिक प्रवृत्ति छ, कसरी सूचनाको हक कार्यान्वयन होला ?" उहाँले चिन्ता ब्यक्त गर्नुभयो ।

अन्तरक्रिया कार्यक्रममा नेपाली कांग्रेसका प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्मा, नेकपा (एमाले) संसदीय दलका प्रमुख सचेतक महेश बर्तौला, नेकपा (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डे, नेकपा (एमाले) का केन्द्रीय सदस्य विष्णु रिजाल, रास्वपाका कार्यकाहक महासचिव कविन्द्र बुर्लाकोटी, राप्रपाका उद्धवराज भेटुवाल, जनता समाजवादी पार्टीका पूर्ण बस्नेत, लोसपाका मनिष झा लगायतले सूचनाको हकको कार्यान्वयनमा दलहरू जिम्मेवार भएर लाग्नुपर्ने धारणा राख्नुभयो । राष्ट्रिय सूचना आयोगका आयुक्त गगन विष्ट, दुर्गा भण्डारीको सहभागिता रहेको कार्यक्रममा आयोगका सचिव कमलप्रसाद भट्टराईले स्वागत र उपसचिव सन्तोषकुमार दाहालले कार्यक्रमको संचालन गर्नुभएको थियो ।

कार्यक्रमको छलफल र अन्तरक्रियामा उठेका जिज्ञासा र सवालहरूमा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेशप्रसाद आचार्यले सम्वोधन गर्नु हुदै नागरिकलाई राजनीतिक दलले समेत सूचना उपलव्ध गराउनु पर्ने बताउनु भयो । दलहरू पनि सार्वजनिक निकाय भएकाले नागरिकले मागेमा सूचना दिनुपर्ने दोहोऱ्याउँदै उहाँले व्यक्तिगत विषय जोडिएको लिखतको सूचना कति दिने र कति नदिने भन्ने प्रश्न खडा भएको उल्लेख गर्नु भयो । व्यक्तिगत र सार्वजनिक सरोकारका विषय के हो छुट्याउने गरी सूचनाको वर्गीकरण नहुँदा कार्य गर्न असजिलो भै रहेकोले चाँडै सूचनाको वर्गीकरण हुन पर्ने भन्दै प्रमुख आयुक्त डा. आचार्यले यो कार्यक्रम निकै फलदायी भएको र सूचनाको हकको कार्यान्वयनमा दलहरूबाट प्रतिवद्धता प्राप्त भएकोमा खुशी व्यक्त गर्दै कार्यक्रम समापन गर्नु भयो ।

### ५.२.३ मन्त्रालयका सूचना अधिकारीहरूसँग अन्तरक्रिया

नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । नेपालको संविधानको धारा २७ मा सूचनाको हक अर्न्तगत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गरिएको छ । सोही ऐनले नेपाली नागरिकको सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गराउन एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यवस्था गरेको छ । यसै सन्दर्भमा सूचनाको हक सम्बन्धी मन्त्रालयस्तरीय अन्तरक्रिया कार्यक्रम २०८२ जेठ ६ गते सम्पन्न गरिएको थियो ।

राष्ट्रियगानबाट शुरु भएको उक्त कार्यक्रममा अध्यक्षता राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आर्चायले गर्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि गृहमन्त्री रमेश लेखकले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको औपचारिक शुभारम्भ गर्नुभएको थियो । कार्यक्रममा सूचना आयुक्त द्वय गगन विष्ट, दुर्गा भण्डारी पौडेल र आयोगका सचिव दीर्घराज मैनाली लगायत विभिन्न मन्त्रालयका सूचना अधिकारी, संचारकर्मी एवं सूचनाको हकका अभियन्ताहरू गरी सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा करीब १०० जनाको उपस्थिति रहेको थियो । आयोगका सूचना आयुक्त श्री दुर्गा भण्डारी पौडेलले स्वागत मन्तव्य र कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको कार्यक्रमको सञ्चालन आयोगका उपसचिव सन्तोषकुमार दाहालले गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा गृह मन्त्री रमेश लेखकले कार्यक्रममा मन्तव्य राख्दै लोकतन्त्रलाई परिणाममुखी बनाउन खुला सरकारको अवधारणा अनुसार आयोगहरूको गठन हुने गरेको बताउनु भयो । उहाँले सरकारको कामलाई प्रभावकारी बनाउन आयोगहरू बनाइएको उल्लेख गर्दै जनताप्रति सरकार उत्तरदायी हुनु पर्दछ भन्नुभयो । राज्यका काम कारवाही पारदर्शी भएमा त्यसले सुशासन कायम गर्छ, उहाँले भन्नु भयो । सरकारको कामको बारेमा जनताले थाहा पाउनु पर्छ, तवमात्रै विधिको शासन स्थापना हुन्छ भन्दै राष्ट्रिय सूचना आयोगको भूमिका सूचनाको हकको कार्यान्वयनमा महत्वपूर्ण हुने विचार राख्नुभयो । कार्यक्रमको सफलताको शुभकामना दिदैं मन्त्री लेखकले नेपालको संविधान, २०७२ मा व्यवस्था भए बमोजिमको धारा २७ को सूचनाको हकको पालना गर्दा धारा २८ को गोपनियताको हकको समेत विचार गर्नुपर्ने भनाई राख्नु भएको थियो ।

कार्यक्रमका अध्यक्ष राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आर्चायले कार्यक्रममा उपस्थित प्रमुख अतिथि मन्त्रीलगायत कार्यक्रममा उपस्थित सम्पुर्ण महानुभावहरूप्रति आभार व्यक्त गर्दै सूचना शक्ति हो, सूचनामा खेल्ने व्यक्ति बलियो बन्ने गरेको उहदाहरण प्रस्तुत गर्नु भयो । अन्तर्क्रियामा उठेका प्रश्न र जिज्ञाषा समेतलाई सम्वोधन गर्दै प्रमुख आयुक्त डा. आचार्यले भन्नु भयो : सूचना दिइएको कारणले युग परिवर्तन भयो भन्न लायक काम गर्न पर्छ । सूचना दिएको कारणले दण्डित भए आयोगले संरक्षण गर्छ । सूचना खोजेर पनि दिनुपर्ने कानूनी व्यवस्था रहेका छ । नागरिकलाई बलियो बनाउन राज्यलाई जिम्मेवार बनाउने काम सूचनाको अधिकारले गर्छ । आयोगको कार्यक्षेत्र देशव्यापी भएपनि केन्द्रमा मात्रै संरचना रहेको र प्रदेशस्तरसम्म संरचना लैजाने योजना रहेको उहाँले जानकारी गराउनु भयो । साथै सूचना व्यवस्थापन प्रणाली (Information Management System) मार्फत सूचना माग सम्बन्धी कार्य गर्ने गरी आधारमञ्च (Platform) तयार गर्ने आयोगको भावी योजना रहेको समेत बताउनुभयो । प्रत्येक नागरिकले सूचना माग्न सक्ने तर त्यसलाई कसरी व्यवस्थित बनाउने भन्ने विषयमा आयोग लागिरहेको बताउँदै उहाँले कार्यक्रमको समापन गर्नुभएको थियो ।

**५.२.४ विभागका सूचना अधिकारीहरूसँग अन्तरक्रिया**

नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । नेपालको संविधानको धारा २७ मा सूचनाको हक अर्न्तगत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न

र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गरिएको छ। सोही ऐनले नेपाली नागरिकको सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गराउन एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यवस्था गरेको छ। प्रस्तुत सन्दर्भमा सूचनाको हक सम्बन्धी विभागस्तरीय अन्तरक्रिया कार्यक्रम २०८२ बैशाख १२ गते सम्पन्न गरिएको थियो।

राष्ट्रियगानबाट शुरु भएको उक्त कार्यक्रममा अध्यक्षता राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यले गर्नु भएको थियो। कार्यक्रमका प्रमुख अतिथि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री  पृथ्वी सुब्बा गुरुङवाट पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको औपचारिक शुभारम्भ गर्नुभएको थियो। सूचना आयुक्त द्वय गगन विष्ट र दुर्गा भण्डारी पौडेल तथा सचिव दीर्घराज मैनाली लगायत विभिन्न विभागका सूचना अधिकारी, संचारकर्मी एवं सूचनाको हकका अभियन्ताहरू गरी सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा करीब १०० जनाको उपस्थिति रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले उदघाटन मन्तव्य राख्दै लोकतन्त्रलाई परिणाममुखी बनाउन जवाफदेही सरकारको अवधारणा अनुसार आयोगहरूको गठन हुने गरेको बताउनु भयो। उहाँले आयोगहरू सरकारको कामलाई प्रभावकारी बनाउन बनाइएको संस्था भएको उल्लेख गर्दै सरकार जनताप्रति उत्तरदायी हुनु पर्दछ त्यसले सुशासन कायम गर्छ भन्नुभयो। उहाँले राज्यका काम कारवाही पारदर्शी हुनुपर्ने र सरकारको कामको बारेमा जनताले थाहा पाउन सके मात्रै विधिको शासन स्थापना हुन्छ भन्दै राष्ट्रिय सूचना आयोगको भूमिका सूचनाको हकको कार्यान्वयनमा महत्वपूर्ण हुने विचारका साथ कार्यक्रमको सफलताको शुभकामना दिनुभयो।

आयोगका सूचना आयुक्त दुर्गा भण्डारी पौडेलले स्वागत मन्तव्य दिँदै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो। उहाँले सरकारका हरेक निकाय सूचना प्रवाहका लागि चनाखो हुनु पर्ने उल्लेख गर्दै उहाँले सूचना प्रवाहको संस्कृति नहुँदा राज्यका निकाय र सरकारी संस्थाहरू बदनाम हुने गरेको र यसलाई आधार बनाएर लोकतन्त्रमाथि प्रश्न गर्ने गरिएको बताउनु भयो।

यस लगत्तै राष्ट्रिय सूचना आयोगका सचिव दीर्घराज मैनालीले सूचनाको हक सम्बन्धी सैद्धान्तिक, व्यावहारिक र नीतिगत पक्षमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यपत्र प्रस्तुतिका क्रममा सूचना के हो, सूचनाको हक किन, सूचनाको हक सम्बन्धी विश्वव्यापी सिद्धान्तहरू, सूचनाको हकको संवैधानिक र कानूनी आधार, सार्वजनिक निकायको दायित्व, सूचना अधिकारीको व्यवस्था, सूचनाको हकका विषयमा उजुरी दिने प्रक्रियाबारे जानकारी गराउनु भएको थियो। यसैगरी उहाँले पुनरावेदनको व्यवस्था, सूचनाको संरक्षण गर्नुपर्ने र यसको दुरुपयोग गर्दा भोग्नु पर्ने कारवाही त्यस्तै दिनुपर्ने सूचना नदिएका कारण भोग्नु पर्ने सँजाय र क्षतिपूर्ती समेतको व्यवस्थाका बारेमा समेत प्रस्तुति गर्नु भएको थियो।

कार्यपत्र प्रस्तुतिका क्रममा सूचनाको हकसम्बन्धी ऐन २०६४ ले सार्वजनिक निकायलाई जिम्मेवार र जवाफदेही बनाउँदै पारदर्शिता र सुशासनको परिकल्पना गरेको कुरा प्रष्ट पार्दै आयोगका सचिव मैनालीले ऐनले सार्वजनिक निकायको जिम्मेवारीलाई सम्बन्धित कार्यालयका प्रमुखको जिम्मेवारीका रुपमा परिभाषित गरेको र सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीमा भएको व्यवस्था, सूचना अधिकारी तोक्ने विषय, स्वतः प्रकाशन गर्नुपर्ने विषय ,सूचना माग गर्दा सूचना दिनुपर्ने विषय, सार्वजनिक निकायको दायित्वको विषय, आयोगले गरेका आदेशहरूको कार्यान्वयन सम्बन्धी विषय र यसको राष्ट्रिय तथा अन्तराष्ट्रिय पृष्ठभूमिका बारेमा समेत प्रकाश पार्नुभएको थियो।

अन्त्यमा अन्तरक्रिया कार्यक्रममा उठेका प्रश्न र जिज्ञासाहरूलाई सम्वोधन गर्दै कार्यक्रमका अध्यक्ष तथा आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेश आचार्यले सहभागी सबैलाई धन्यवाद दिदै कार्यक्रमको समापन भएको थियो । यो अन्तरक्रिया कार्यक्रमको सञ्चालन सूचना आयोगका उपसचिव देवेन्द्र कार्कीले गर्नु भएको थियो ।

**५.२.५ पत्रकारितामा सूचनाको हकको अभ्यास र चुनौतीहरू : सम्वाद कार्यक्रम**

सूचनाको हक सम्बन्धी ऐन २०६४ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि ऐनको दफा १९ को प्रवर्दनात्मक कार्य अन्तर्गत कार्यक्रम आयोजना गर्ने राष्ट्रिय सूचना आयोगको नियमित वार्षिक कार्यक्रम अन्तर्गत नेपाल पत्रकार महासंघले पत्रकारहरूबीच २०८२ वैशाख २३ गते अन्तरक्रिया संवाद कार्यक्रम गरेको छ । नेपाल पत्रकार महासंघको आफ्नै सभाहलमा नेपाल सरकारका सूचना तथा सञ्चार मन्त्री पृथ्वी सुब्बा गुरुङ को प्रमुख आतिथ्यता एवं राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेश प्रसाद आचार्यको विशिष्ट आतिथ्यतामा सो संवाद कार्यक्रम सम्पन्न गरिएको थियो ।

नेपाल पत्रकार महासंघ ६६ वर्ष लामो इतिहास बोकेको नेपाल पत्रकार महासङ्घ नेपालका पत्रकार हरूको साझा संगठन हो । सूचनाको हक पत्रकारहरूका लागि मात्र नभएर सम्पूर्ण नागरिकहरूका लागि सार्वजनिक महत्वका सूचनाहरू प्राप्त गर्न सघाउने साधन भएकोमा कार्यक्रमका सहभागीहरूबीच एकमत रह्यो । खासगरी खोजी पत्रकारिताका लागि नेपालमा पनि सूचनाको हकको व्यापक प्रयोग भइरहेको सन्दर्भमा यसको अभ्यासमा देखिएका चुनौतीहरू पहिचान गर्ने र ती चुनौतीहरूसँग जुध्ने रणनीतिकहरू तय गर्न सरोकारवालाहरूलाई मार्ग निर्देशन प्राप्त हुने महासङ्घको अपेक्षा समेत यस संवाद कार्यक्रमले पूरा गरेको छ ।

कार्यक्रमको प्रारम्भमा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष एवं सूचनाको हकका अभियन्ता तारानाथ दाहाल विषय प्रवेश गराउनुभएको थियो । उहाँले सहभागीहरूलाई नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था भएको उल्लेख गर्दै संविधानमा व्यवस्था गरिएको नागरिकको मौलिक हकको कार्यान्वयनका लागि जारी गरिएको सूचनाको हक सम्बन्धी ऐन २०६४ मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनेर सूचना माग गर्ने र प्राप्त नागरिक अधिकारलाई कानुनद्वारा नै प्रत्याभूत गरिएको छ भन्ने तथ्य समेत सहभागीहरूलाई स्पष्ट पार्नुभयो । तर यसको प्रयोग अहिले पनि सहज ढङ्गले नभैरहेको संवादमा निष्कर्ष निकालिएको थियो । पत्रकारहरूले सूचना संकलनका लागि सूचनाको हक प्रयोग गरे पनि सार्वजनिक निकायले अहिले पनि आवश्यक सूचना दिन आनाकानी गर्छन् भन्ने अधिकांश सहभागीहरूको मत थियो । अतः सूचनाको हक अभ्यासका क्रममा पत्रकारहरूले भोगेका चुनौतीहरू र समाधानका उपायहरू खोज्न स्रोत व्यक्ति तारानाथ दाहालले सूचनाको हक कसरी माग्न सकिन्छ भनेर आवेदन को फर्म्याटमा समेत छलफल गराउनुभयो ।

उहाँले जवाफदेहिता प्रबर्द्धन गर्ने, लुकाईएका सूचना खोतल्ने,सूचनाको प्रारम्भिक तहमा पहुँच बढाउने, गलत सूचनाको प्रतिवाद गर्ने, समुदायको सहभागिता बढाउने, र खोजी पत्रकारीतालाई सशक्त बनाउने गरियो भने पत्रकारिता मार्फत सूचनाको हक प्रबर्द्धन हुने बताउनुभयो ।

स्रोत व्यक्तिले संवाद कार्यक्रममा आफ्नो विचार राखिसकेपछि त्यहाँ उपस्थित भएका पत्रकारहरूले तथ्यमा आधारित भएर पत्रकारिता गर्दै गर्दा सूचनाको हक को अभ्यास र यो अभ्यास गर्दै गर्दा आफूले भोग्नुपरेका चुनौतीहरूको बारेमा समेत जानकारी गराउनुभयो । कार्यक्रमको सहजीकरण नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहाल, कार्यक्रममा सहभागीहरूलाई स्वागत नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले गर्नुभएको थियो । कार्यक्रमको अध्यक्षता गर्दै नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माले सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरू औंल्याउँदै सरकारी निकायहरूलाई सूचना दिन थप जिम्मेवार र उत्तरदायी बन्न आग्रह गर्नुभयो । उहाँले पत्रकारहरूले सूचना माग्ने र प्राप्त गर्ने सीप विकास गर्न यो कार्यक्रमले सेतुको भूमिका खेलेको समेत प्रष्ट पार्नुभयो ।

कार्यक्रमका विशिष्ट अतिथि राष्ट्रिय सूचना आयोगका अध्यक्ष डा. सुरेशप्रसाद आचार्यले राष्ट्रिय सूचना आयोगले हालसम्म गरेका क्रियाकलापहरू र हासिल गरेका उपलब्धिहरू समेत उक्त कार्यक्रमका सहभागीहरूका माझमा राख्नुभयो । साथै उहाँले आफ्नो मन्तव्यका क्रममा राष्ट्रिय सूचना आयोगले कम्तिमा पनि सातवटै प्रदेशमा आफ्नो कार्यालय राख्न सक्यो भने सूचना आयोगको क्रियाशीलतामा थप वृद्धि हुने र यसका लागि नेपाल सरकारसँग लगातार पैरवी गरिरहेको तथ्य समेत जानकारी गराउनुभयो । सूचनाको हक पत्रकारहरूका लागि मात्र होइन सम्पूर्ण नागरिकका लागि यस्तो औजार हो जसले नियमित सूचनाहरू बाहेक लुकेर बसेका वा लुकाइएका सूचनाहरू खोज्न वा प्राप्त गर्न सघाउँछ भन्नुहुँदै डा. आचार्यले नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनेर सूचना माग गर्ने र प्राप्त गर्ने नागरिक अधिकारलाई प्रत्याभूत गरिएको उल्लेख गर्नुभयो । नेपाल सरकारका तर्फबाट सूचना तथा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङले पत्रकार महासंघले राष्ट्रिय सूचना आयोगसँग सहकार्य गरी गरेको यस संवाद कार्यक्रम निकै प्रशंसनीय रहेको एवं नागरिकहरूमा सूचनाको हक प्रयोग सम्बन्धमा सचेतना बढाउनलाई महत्त्वपूर्ण रहने कुरा समेत उल्लेख गर्नुभयो । उहाँले सञ्चार मन्त्रीको तर्फबाट राष्ट्रिय सूचना आयोगको काम कर्तव्य र अधिकारलाई अझ पारदर्शी बनाउँदै अगाडि बढाउन आफू सधैंभरि क्रियाशील रहेको एवं नेपाल पत्रकार महासंघसँग सहकार्य गर्नका लागि सदैव उत्सुक रहेको कुरा समेत सहभागी राख्नुभयो ।

नागरिकहरूमा सूचनाको हक प्रयोग सम्बन्धमा सचेतना बढे पनि सार्वजनिक निकायले सूचना दिन आनाकानी गर्दछन् । अतः सूचनाको हक अभ्यासका क्रममा सरोकारवालाहरूले भोगेका चुनौतीहरू र समाधानका उपायहरू खोज्न संवाद निकै महत्वपूर्ण भएको नेपाल पत्रकार महासंघको निष्कर्ष रह्यो ।

### ५.२.६ सूचनाको हक कार्यान्वयनमा महासंघहरूको भूमिका : अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेशप्रसाद आचार्यले सूचना माग्ने पक्षको नियत सही हुनुपर्ने बताउनु भएको छ। सूचनाको हकका लागि राष्ट्रिय महासंघले हेटौंडामा आयोजना गरेको 'सूचनाको हकको व्यावहारिक कार्यान्वयनमा सरोकारवालाको भूमिका' विषय छलफल कार्यक्रममा उहाँले अभियन्ताले आफ्नो मर्यादा कायम राख्नुपर्ने बताउनु भएको छ ।

प्रमुख आयुक्त डा. आचार्यले एउटा उद्देश्यको लागि सूचना माग गरेर अर्को प्रयोजनाको निम्ति प्रयोग हुने प्रवृत्ति बढेकाले सूचना माग्नेको नियत सहि हुनुपर्नेमा जोड दिए । सूचनाको दुरुपयोग भइरहेको भन्दै उहाँले केही अभियन्ताका नाममा नागरिकको अधिकार कुण्ठित गर्ने काम नगर्न आग्रह गर्नु भयो ।

सूचनाको वर्गीकरण हुने उल्लेख गर्दै उहाँले दिन मिल्ने र नमिल्ने छुट्याएर गोपनियता कायम गरी दिन मिल्ने सूचनाहरू मागकर्तालाई दिन आग्रह गरे । सूचना मागको प्रयोजन के-को लागि हो, खुल्नुपर्ने उहाँको भनाइ थियो । प्रमुख आयुक्त डा. आचार्यले सूचना मागकर्ताले सबै माग गरिएको सूचना नपाउने पनि स्पष्ट पार्नु भयो ।

सूचना आयुक्त दुर्गा भण्डारीले सूचनाको हकको दुरुपयोगले प्रचलनमा समस्या आउने बताउनुभयो । उहाँले एकातिर सूचना हकको दुरुपयोगले सार्वजनिक निकायले सूचना दिन नखोज्ने हुदा मौलिक हक नै संकुचनाको हकको प्रयोग सही ढंगबाट हुनु पर्छ ।

सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उम्मीदप्रसाद बागचन्दको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष ताराबहादुर भण्डारीले स्थानीय तहमा गरिएको सूचनाको हक कार्यान्वयन परीक्षण र राष्ट्रिय जन वकालत मञ्च नेपालका अनुसन्धानकर्ता भोला भट्टराईले सीमान्तकृत चेपाङ समुदायको सामाजिक, आर्थिक, सांस्कृतिक अधिकारका लागि सूचना र सञ्चार क्षेत्रको भूमिकाबारे कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

## ५.३ सूचनाको हकसम्बन्धी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम

### क. कोशी प्रदेश, विराटनगर

२०८१ माघ १३ गते कोशी प्रदेशमा रहेका संघीय कार्यालय, कोशी प्रदेश अन्तर्गतका कार्यालयहरूका कार्यालय प्रमुख तथा सूचना अधिकारी, सञ्चारमाध्यमका प्रतिनिधि एवं पत्रकार, सुरक्षा निकायका प्रतिनिधिहरू समेतको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । सूचनाको हकको कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ को दफा ५ मा प्रदेशस्तरीय कार्यालयबाट सूचनाको हकको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गराउनको लागि व्यवस्था भएको प्रदेश अनुगमन इकाइका काम, अनुगमन सम्बन्धी अनुभवको आदानप्रदान, सूचनाको हकको कार्यान्वयन र अभ्यासको सम्बन्धमा छलफल र अन्तरक्रिया गर्नको लागि कोशी प्रदेश सरकारको सहयोग र समन्वयमा कार्यक्रम गरिएको हो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यले कार्यक्रमको अध्यक्षता ग्रहण गर्नु भएको यो कार्यक्रम कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको प्रमुख आतिथ्यतामा सञ्चालन भएको थियो । कोशी प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का प्रमुख सचिव केदारनाथ शर्मा कार्यक्रमको विशेष अतिथि र जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादव अतिथि हुनुहुन्थ्यो । कार्यक्रममा आयोगका सूचना आयुक्त गगन विष्ट र सचिव कमलप्रसाद भट्टराईको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा उपसचिव सन्तोषकुमार दाहालले उदघोषण गर्नु भएको थियो ।

यस कार्यक्रमको उदघाटन कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले पानसमा दीप प्रज्वलन गरी गर्नु भएको थियो । कार्यक्रममा आयोगका सचिव कमलप्रसाद भट्टराईले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । स्वागत मन्तव्यका क्रममा उहाँले सूचनाको हकको सार्वजनिक निकायमा पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्दै लोकतन्त्रलाई सुदृढ गर्न महत्वपूर्ण भूमिका रहेको बताउँदै कार्यक्रममा प्रदेशका मुख्यमन्त्रीको उपस्थितिले पनि कार्यक्रमको गरिमा बढेको बताउनु भयो ।

प्रमुख अतिथि एवं मुख्य मन्त्री हिक्मत कुमार कार्कीले उदघाटन मन्तव्य दिंदै नागरिकको मौलिक हकको रूपमा रहेको सूचना पाउने अधिकार प्रत्येक नागरिकको हक भएको बताउनु भयो। उहाँले अगाडि भन्नुभयो- सूचनाको हकको कार्यनयनले समाजलाई पारदर्शी र सुशासनयुक्त बनाउने छ। त्यसको लागि सार्वजनिक निकायले सूचनालाई सहज रूपमा उपलब्ध गराउनु पर्छ। सूचना लुकाएर होइन खुला र पारदर्शी बनाएर नै लोकतन्त्रको बलियो बनाउन सकिन्छ। पारदर्शी रूपमा सूचनाको पहुँच नागरिक तहसम्म सहज बनाउनको लागि सबै सार्वजनिक निकायलाई मुख्यमन्त्री कार्कीले आग्रह समेत गर्नु भयो।

लोकतान्त्रिक राज्य व्यवस्थामा सूचना दिने र लिने विषय मात्र नभई नागरिक हकको अनिवार्य अधिकारको रूपमा हरेक कार्य पारदर्शी बनाउन आग्रह गर्दै मुख्य मन्त्री कार्कीले कोशी प्रदेश भित्र सूचनाको हक कार्यन्वयनमा कुनै गुनासो नआउने गरी ढुक्कले काम गर्न निर्देशन समेत दिनु भएको थियो। उहाँले सूचना सही रूपमा सदुपयोग हुनु पर्ने बताउदै सूचनाको दुरुपयोग भएको भन्ने गुनासो समेत बेलाबेलामा सुनिने गरिएकोले त्यसलाई रोक्न आयोगको ध्यान जानुपर्ने बताउनु भयो।

उहाँले कर्तव्यसँगै यो हक नागरिकमा रहेको र सूचनाको हक माग्ने र पाउने विषय केही निश्चित व्यक्तिहरूमा सीमित देखिएको प्रसंग उल्लेख गर्दै उहाँले यसलाई आम नागरिकमा पुर्‍याई स्थापित गर्न आवश्यक छ भन्नुभयो।

कोशी प्रदेशका प्रमुख सचिव केदारनाथ शर्माले सुशासनको मुख्य आधार सूचनाको हक भएको बताउदै सार्वजनिक निकायका काम खुला र पारदर्शी बनाउन पर्नेमा जोड दिनुभयो। सार्वजनिक निकायले आफ्ना कार्य सम्पादनलाई नागरिकप्रति जवाफदेही हुने गरी  काम गर्न उहाँले आग्रह गर्नु भएको थियो। प्रमुख सचिव शर्मालेसूचनाको हक संवैधानिक र मौलिक हकको रुपमा स्थापित रहेको बताउनु हुदै सूचना दिनेमा वा सार्वजनिक निकायमा अभिलेख व्यवस्थापनमा केही समस्या रहनु, सूचना अधिकारीको यो अतिरिक्त ९क्भअयलमबचथ० कार्य हुनु र सूचनाको अभियन्ताको रुपमा देखा परेका निश्चित व्यक्तिहरू सूचनाको अभियन्ता हुनु नै पेशा वा के हो ? छुट्याउन नसक्नाले सूचना लिने र दिने दुवैमा समस्या देखा परेको बताउनु भयो। सार्वजनिक निकायले आफ्ना कार्य, गतिविधिहरू एवं प्रगति विवरणहरू समेटेर स्वतः प्रकाशन गर्ने गरेमा सूचना लिने र दिने कार्यको समाधान धेरै हदसम्म हुन्छ भन्दै उहाँले नियत सफा भएमा सूचना लिने र दिनेमा समस्या नरहेको र केही समस्या भएमा अनुगमन ईकाइसँग समन्वय गर्न अनुरोध गर्नु भयो।

कार्यक्रममा आयोगको तर्फबाट सूचना आयुक्त  गगन विष्टले सूचनाको हक सम्बन्धी ऐन, नियम तथा निर्देशिकामा भएका व्यवस्था र आयोगको कार्यसम्बन्धी विषयवस्तु समेटिएका सूचना शक्ति, ज्ञान र सम्पत्ति भएको सन्देश दिदै प्रस्तुति गर्नु भयो।

कोशी प्रदेशको तर्फबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव अर्जुन निरौलाले कोशी प्रदेशमा अनुगमन इकाइको गठन, यसका कार्य, सूचना मागको अवस्था र उपलव्ध गराएको विषयवस्तु सहित सूचनाको हकको कार्यान्वयनको अवस्था र अनगुमनका विषयवस्तुमा केन्द्रीत रहेर प्रस्तुति गर्नु भएको थियो।

गोष्ठीको अध्यक्षता समेत गर्नु भएका राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेश आचार्यले सार्वजनिक सरोकारका  सूचना दिने कार्य कुनै ऐच्छिक विषय नभएको उल्लेख गर्दै यो संविधानले प्रत्याभूत गरेको मौलिम हक सहितको अनिवार्य शर्त हो भन्नुभयो। नागरिक हकको रूपमा रहेको यो अधिकारलाई

बेवास्ता गरी सूचना लुकाउने र नदिने व्यक्ति उपर कारवाही गर्न आयोग बाध्य हुने जानकारी गराउनु भयो । सार्वजनिक निकायका जिम्मेवार व्यक्तिलाई सूचना दिने संस्कृतिको विकास गर्न आग्रह गर्दै प्रमुख सूचना आयुक्त डा. आचार्यले सूचनाको पहुँच नागरिकसम्म पुऱ्याउनु संविधानको मर्म भएको बताउनु भएको थियो ।

यादव कार्यक्रममा कोशी प्रदेश स्तरीय कार्यालय र विभागका प्रमुख तथा सूचना अधिकारी, सुरक्षा निकायका प्रमुखहरू र पत्रकारहरू लगायतको उपस्थिति रहेको थियो ।

**ख. सुदुरपश्चिम प्रदेश, धनगढी, कैलाली**

सूचनाको हकको कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ को दफा ५ मा प्रदेशस्तरीय कार्यालयबाट सूचनाको हकको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गराउनको लागि प्रदेश अनुगमन इकाइको व्यवस्था भएको छ । इकाईले गरेका काम, अनुगमन सम्बन्धी अनुभवको आदानप्रदान, सूचनाको हकको कार्यान्वयन र अभ्यासको सम्बन्धमा छलफल र अन्तरक्रिया गर्नको लागि सुदुरपश्चिम प्रदेश सरकारको सहयोग र समन्वयमा २०८१ चैत्र १९ गते सुदुरपश्चिम प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको सभाहल धनगढी, कैलालीमा सूचनाको हक सम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा सुदुरपश्चिम प्रदेशका प्रदेश मन्त्रालय र कार्यालय तथा संघ अन्तरगतका कार्यालय प्रमुख एवं सूचना अधिकारी, पत्रकारहरू, स्थानीय सुरक्षा निकायका प्रतिनिधिहरूसमेतको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यले अध्यक्षता ग्रहण गर्नु भएको थियो । सुदुरपश्चिम प्रदेशका मुख्यमन्त्रीलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गरिएकोमा समाय अभावले उहाँको प्रतिनिधिको रुपमा आन्तरिक मामिला तथा कानून मन्त्री हिरा सार्कीको प्रमुख अतिथ्यतामा कार्यक्रम सञ्चालन गरिएको थियो । आयोगका सूचना आयुक्त गगन विष्ट, सुदुरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रदेश सचिव वसन्तप्रसाद कोइराला, आयोगका सचिव दीर्घराज मैनाली, आर्थिक मामिला मन्त्रालयका सचिव झलकराम अधिकारी, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव सुरत कुमार बम, प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमाल, नेपाल पत्रकार महासंघ प्रदेशका अध्यक्ष भरत शाह, नेपाल पत्रकार महासंघ कैलालीका अध्यक्ष श्रवण देउवा अतिथिको रुपमा रहनु भएको थियो ।

कार्यक्रममा आयोगका सूचना आयुक्त गगन विष्टले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै आमन्त्रित प्रमुख अतिथि लगायत सहभागी सबैलाई आयोगको निमन्त्रणालाई स्वीकार गरी अन्तरक्रिया कार्यक्रममा समय दिईसहभागिता जनाइदिनु भएकोमा धन्यवाद ज्ञापन सहित आयोगको तर्फबाट स्वागत गर्नु भयो । स्वागत मन्तव्य पश्चात सुदूरपश्चिम प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्री हिरा सार्कीले पानसमा दीप प्रज्वलन गरी कार्यक्रम उदघाटन गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन आयोगका उपसचिव देवेन्द्र कार्कीले गर्नु भएको थियो ।

सुदुरपश्चिम प्रदेशमा सूचनाको हकको अभ्यास र कार्यान्वयनका विषयहरू समटेर सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रदेश सचिव वसन्तप्रसाद कोइरालाले प्रस्तुति गर्नु भयो । प्रस्तुतिका क्रममा उहाँले सूचनाको हकको कार्यान्वयनको लागि प्रदेश सरकारबाट हेलो सी. एम. को व्यवस्था गरिएको र गुनासो सुन्ने अधिकारी मार्फत पनि सूचनाको हकको कार्यान्वयन गर्ने गरिएको जानकारी दिनु भयो । सबै निकायबाट कानूनसम्मत स्वतः प्रकाशन हुन नसकेको तथ्य प्रस्तुत गर्दै उहाँले त्यसलाई अद्यावधिक

गरी लागु गरिने र सूचना अधिकारीको विवरण सेवाग्राहीले देख्ने गरी सबै कार्यालयमा राख्न लगाइने गरी सुधारोन्मुख हुने प्रतिवद्धता जनाउनु भयो । साथै आयोगबाट प्राप्त हुने निर्देशनको पालना गरी सूचनाको हकको प्रत्याभूतिका लागि कार्य गर्ने प्रतिवद्धता समेत सचिव कोइरालाले व्यक्त गर्नु भयो । आयोगको तर्फबाट सचिव दीर्घराज मैनालीले सूचनाको हकको संवैधानिक र कानूनी अवस्था, यसको अभ्यास र कार्यान्वयनमा आयोगको भूमिका लगायतका विषयहरू समेटेर प्रस्तुति गर्नु भएको थियो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेश आचार्यले सूचना अधिकार प्रवर्द्धन गर्न प्रदेश सरकार र स्थानीय तहले आवश्यक बजेट, कानुन, नीति तथा कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औंल्याउनु भयो । उहाँले सार्वजनिक निकायहरूले सूचना प्रवाहलाई सहज बनाउने हो भने सुशासन कायम गर्न ठूलो योगदान पुग्ने उल्लेख गर्नुभयो । उहाँले भदौ ३ गते मनाइने राष्ट्रिय सूचना दिवसलाई देशभर मनाइने गरी तयारी भइरहेको जानकारी गराउनु भयो । आयोगले सूचना अधिकारलाई जनस्तरमा पुऱ्याउने अभियान तीव्र रूपमा अघि बढाइरहेको उल्लेख गर्दै उहाँले आयोगमा पर्ने उजुरीमध्ये धेरैजसो स्थानीय तहका सार्वजनिक निकायहरूसँग सम्बन्धित रहेको तर, आयोगको प्रदेश र स्थानीय तहसम्म पुग्ने संयन्त्र नभएकाले समस्या समाधानमा चुनौती रहेको बताउनु भयो ।

उहाँले सार्वजनिक निकायहरूलाई सूचना उपलब्ध गराउन हेलचक्र्याइँ नगर्न आग्रह गर्दै भन्नु भयो : सूचना प्रदान गर्दा कानुनले संरक्षण गर्छ, तर सूचना लुकाउने वा नदिने निकायलाई आयोगले दण्डित गर्ने छ ।

अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि तथा प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री हिरा सिंह सार्कीले अहिलेको दुनियाँमा सूचनाको ठूलो महत्व हुने भएकाले सूचना दिन कसैले पनि कञ्जुस्याइ गर्न नहुने बताउनु भयो । सूचना अधिकारका विषयमा सुदूर पश्चिम प्रदेश अरु मामिलामा जस्तै पछाडि परेको गुनासो गर्नु हुदै मन्त्री सार्कीले सूचनालाई समय जस्तै महत्व दिन सहभागी सबैसँग आग्रह गर्नु भएको थियो । उहाँले राष्ट्रिय सूचना आयोगलाई यो प्रदेशका विभिन्न तहमा पुगेर सूचनाको हकका विषयमा कार्यक्रम सञ्चालन गर्न आग्रह समेत गर्नु भयो ।

मन्तव्यका क्रममा सुदुरपश्चिम प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री हिरा सार्कीले सूचना आम नागरिकले पाउने अधिकार भएको उल्लेख गर्दै प्रदेशस्तरमा सूचनाको हकमा आम नागरिकको पहुँच पुऱ्याउने र सबै सूचना अधिकारीलाई स्रोत साधन सम्पन्न बनाइ सर

सूचना आयुक्त गगन विष्टले सुदूर पश्चिम प्रदेशमा सूचनाको हकको विषय पछाडि परेको अनुभूति भएर नै आयोगले यो अन्तर्क्रिया राखेको जानकारी गराउँदै सूचनालाई सम्पत्तिका रुपमा बुझेर सही प्रयोग गर्न सबैमा आग्रह गर्नु भयो । सूचना लुकाउने होइन, दिने संस्कृतिको विकास गर्न पनि उहाँले सहभागी सबैलाई अनुरोध गर्नु भएको थियो ।

प्रदेश सरकारका सचिव, कार्यालयका प्रमुख तथा सूचना अधिकारीहरूको उपस्थितिका बीच राष्ट्रिय सूचना आयोगको आयोजनामा भएको प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रममा कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले सूचनाको हक सम्बन्धमा आयोगका गतिविधि लगायतका विषयमा जानकारी र पुनर्ताजगी गराइदिएकोमा आभार र धन्यवाद दिनु भयो । सूचनाको हक सम्बन्धमा ऐन, कानून, संरचना र चुनौतिका विषयमा भएको प्रस्तुतिलाई गम्भीरतापूर्वक लिएको बनाउनु हुदै उहाँले सूचना अधिकारीलाई सूचनाको पहुँच हुने संयन्त्रको निर्माण, निर्णय प्रक्रियामा सूचना अधिकारीको सहभागिता, साधन सम्पन्न र जोशिलो बनाउन नीतिगत रुपमा नै व्यवस्था हुन पर्ने बताउनु भयो ।

**ग. कास्की, पोखरा**

राष्ट्रिय सूचना आयोग र सातै प्रदेशका सूचनाको हक कार्यान्वयन अनुगमन इकाईबीच सूचनाको हक कार्यान्वयन गराउने बिषयमा छलफल कार्यक्रम सम्पन्न भएको छ । सूचनाको हकको कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ को दफा ५ मा व्यवस्था भए बमोजिम सातै प्रदेशका प्रदेशस्तरीय इकाई बिच छलफल भएको हो । निर्देशिकाको दफा ५ अनुसा राष्ट्रिय आयोगले सूचनाको हकको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गर्ने गराउनको व्यवस्था रहेकोछ । यहि पुष २२ गण्डकी प्रदेशको राजधानी पोखरा मा आयोजना भएको उक्त औपचारिक कार्यक्रमको गण्डकी प्रदेशका सामाजिक विकास,युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले उद्घाटन गर्नुभएको थियो । सो अवसरमा उहाले सूचनाको हक र सञ्चार क्षेत्रको सुदृढीकरणले लोकतन्त्रलाई बलियो बनाउने बताउनु भयो । राष्ट्रिय सूचना आयोगले गण्डकी प्रदेश सरकारको सहयोगमा आयोजना गरेको प्रदेशस्तरीय अनुगमन इकाई प्रमुखसँग "सूचनाको अधिकार - कार्यान्वयनको चुनौति" विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री थापाले सरकारी तथा सार्वजनिक निकायहरूको काममा उत्तरदायित्व र पारदर्शिता कायम गर्न नागरिकको सूचनामा पहुँच अपरिहार्य रहेको बताउनु भयो ।

मन्त्री थापाले सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन गर्न आबश्यक रहेको बताउँदै अनियमित र गलत कार्यलाई सतर्क गराउन, सार्वजनिक निकायमा निष्पक्षता र समानता कायम गराउन, सुशासनलाई व्यावहारमा उतार्न सूचनाको हक सम्बन्धि व्यवस्थाको कार्यान्वयन जरुरी रहेको उल्लेख गर्नुभयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सुचना आयुक्त डा. सुरेश आचार्यले नागरिकले सूचना पाउने अधिकारलाई प्रत्याभूत हुने गरि काम गर्नुपर्ने आवश्यकता रहेको बताए । उनले सूचना सम्भव भएसम्म अपडेट गर्नुपर्ने भन्दै अध्यावधिक गरिएका सूचनाहरू तीन महिनामा सार्वजनिक गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा राष्ट्रिय सूचना आयोगका आयुक्त द्धय गगन बिष्ट, दुर्गा भण्डारी पौडेलको उपस्थिति रहेको थियो । आयोगका सचिव कमल भट्टराई र गण्डकी प्रदेशका मुख्य सचिव रघुराम बिष्टले भन्तबय राख्नुभएको थियो । गण्डकी प्रदेशको तर्फबाट मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिव केशवराज ढकालले गण्डकी प्रदेशमा सूचनाको हकको कार्यान्वयनको अवस्था र अनगुमनका विषयवस्तुहरू समेटेर कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । बागमती, गण्डकी, लुम्बिनी तथा कर्णाली प्रदेशका सम्बन्धित पदाधिकारी एवं गण्डकी प्रदेशका सरकारी कार्यालयका प्रमुख, सूचना अधिकारी एवं गुनासो सुन्ने अधिकारी, पत्रकार, सञ्चारकर्मी तथा सुरक्षा निकायको प्रतिनिधि समेतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सूचनाको हकको कार्यान्वयनको लागि प्रदेश, स्थानीय तह र आयोगबाट तालिम/प्रशिक्षण र अन्तरक्रियाहरू गर्दै जानु पर्ने । सार्वजनिक निकायले गरेको कामको सूचनाको विवरण र अभिलेख अद्यावधिक राख्नु पर्ने, सरकार र नागरिकसंग सरोकार राख्ने संस्थाप्रति सूचनाको हक सम्बन्धी ऐन लागु हुने र उनीहरूले पनि सूचना दिनु पर्ने, कसैले गरेको वा गर्न लागेको कार्यले सार्वजनिक हानी नोक्सानी पारेमा वा पार्न लागेमा सूचना दिन मिल्ने र त्यसको संरक्षणको व्यवस्था कानूनमा नै भएकोले, कसैले मागेर लगेको सूचनाको दुरुपयोग गरेमा आयोगमा उजुरी दिन सकिने व्यवस्था रहेको छ ।

## ५.४ जिल्लास्तरीय सूचनाको हकसम्बन्धी कार्यक्रम

### क. सल्यान

सार्वजनिक निकायका कार्यालय प्रमुख र सूचना अधिकारी, राजनीतिक दलका प्रतिनिधि, सञ्चार क्षेत्र, सुरक्षा निकायका प्रतिनिधि, नागरिक समाज, गैरसरकारी संस्था र विभिन्न क्षेत्रका अभियन्ताहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्ने आयोगको लक्ष्य रहेको छ । सोही लक्ष्य पूरा गर्न सूचनाको हक सम्बन्धी कानुनका प्रावधान, यसको उपादेयता लगायतका विविध पक्षबारे सरोकारवालाहरूलाई जानकारी गराउने र सूचनाको हक सम्बन्धी कानून र सूचनाको हकका विषयमा कुनै द्विविधा भए छलफलको माध्यमद्वारा उचित निष्कर्षमा पुग्ने उद्देश्यका साथ २०८१ कार्तिक २७ गते सल्यान जिल्लामा जिल्ला प्रशासन कार्यालयको सभा हलमा सूचनाको हकसम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

कार्यक्रममा सल्यान जिल्लामा रहेका सरकारी कार्यालयका कार्यालय प्रमुखहरू, सूचना अधिकारीहरू, सूचनाको हक सम्बन्धका अभियन्ताहरू, रेडियो र टेलिभिजन र पत्रिकाका पत्रकारहरू, स्थानीय तहका प्रतिनिधिहरू, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि र सुरक्षा निकायका प्रतिनिधिहरू समेतको सहभागिता रह्यो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समितिका अध्यक्ष  बेलाराम रावल विशेष अतिथि हुनुहुन्थ्यो । यस कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शभ्मु प्रसाद रेग्मी र पत्रकार महासंघ सल्यान शाखाका कार्यवहक अध्यक्ष शंकर केसी अतिथिको रुपमा रहनु भएको थियो ।

यस कार्यक्रमको उदघाटनका क्रममा जिल्ला समन्वय समिति सल्यानका प्रमुख  बेलाराम रावलले पानसमा दीप प्रज्वलन गर्नु भएको थियो । कार्यक्रममा यस आयोगका उपसचिव युवराज अधिकारीले सहभागीहरूलाई स्वागत एवं कार्यक्रमको उद्देश्य प्रकाश पार्दै सूचनाको हक र यसको कार्यान्वयन सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

नेपाल पत्रकार महासंघ, सल्यान जिल्ला शाखाका कार्यवाहक अध्यक्ष शंकर केसीले आफ्नो मन्तव्य राख्ने क्रममा सरोकारवालाको महत्वपूर्ण उपस्थितिले यसको प्रयोगमा सहजता हुन बताउनु भयो । सूचनाको हक प्रवर्द्धन गरी नागरिकलाई सचेत बनाई सार्वजनिक सरोकारका सूचना उपलव्ध गराउन केही चुनौतीहरू रहेको उल्लेख गर्दै  अन्तरक्रियाबाट देखिएको, सरकारी निकायमा अभिलेख प्रणालीलाई डिजिटाइजेशन गर्नु पर्ने एवं कर्मचारीहरूलाई तालिमको व्यवस्था हुनु पर्ने बताउनु भयो । यस जिल्लामा सीमित सञ्चारकर्मीले मात्र सूचनाको हकको उपयोग गरेको देखिएकोले यसलाई समुदायस्तरमा पुऱ्याउन आयोगले पहल लिनुपर्ने धारणा राख्दै उहाँले कार्यक्रमको सफलताको कामना सहित यस्ता कार्यक्रमहरू नियमितरुपमा गर्नको लागि अनुरोध गर्नु भयो ।

मन्तव्यको क्रममा सल्यान जिल्लाका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले सरकारी निकायले मात्र सूचना दिने नभई यो गैरसरकारी संस्था, वित्तीय क्षेत्र, राजनीतिक दललगायत सबैले सूचना दिनुपर्ने र आम नागरिकले सूचना माग्न र पाउन सक्ने विषय भएको स्पष्ट पार्नु भयो । कर्मचारीको निरन्तर सरुवा हुने प्रवृत्ति र कर्मचारीको अभावले संस्थागत स्मृति (Institutional Memory) निर्माण हुन नसकेकाले सूचना प्रवाहमा केही समस्या देखिएको उल्लेख गर्दै उहाँले सूचना किन लिने, कसरी लिने, कसरी दिने

र के के सूचना दिने वा दिन मिल्ने र नमिल्ने सूचनाको विषयमा सूचना अधिकारीहरू सचेत रहनु पर्ने बताउनु भयो । उपलब्ध गराइएको सूचनाको गलत प्रयोग रोक्नु पर्ने, प्रसंग उल्लेख गर्दै प्रजिअ रेग्मीले दिन मिल्ने र नमिल्ने सूचनाको डिजिटाइजेशन गर्ने गरिएमा सूचनाको हकको उपयोगमा सजिलो हुने धारणा राख्नु भयो ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति सल्यानका प्रमुख  बेलाराम रावलले कार्यालयमा रहेका सूचनाहरूलाई अद्यावधिक र अभिलेखिकरण गर्नु अलिको चुनौती रहेको बताउनु भयो । उहाँले सबैले सूचना प्रवाह गरी पारदर्शिता कायम गरे सुशासन ल्याउन सकिने बताउँदै आयोग केन्द्रमा मात्र नरही तलसम्म व्यवस्थित हुन पर्छ भन्नुभयो । यो कार्यक्रममा सार्वजनिक निकाय, पत्रकार र सामाजिक कार्यकर्ता मात्र नभइ सर्वसाधारणलाई समेत सहभागी बनाउन पाएको भए नागरिकको चेतनामा अभिवृद्धि भई सूचना माग्ने र पाउने विषयमा उनीहरू पनि लाग्ने थिए भन्दै उहाँले कार्यक्रमको पूर्ण सफलताको कामना गर्नु भयो ।

प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले सूचनाको हक अन्तर्गत सूचना माग गरी कसैले त्यसलाई दुरुपयोग गरेमा आयोगमा उजुरी एवं जानकारी गराउनु हुन आग्रह गर्दै आफ्ना निकायले गरेका कार्यहरूलाई नागरिक समक्ष पुऱ्याउन स्वतः प्रकाशन अनिवार्य रुपमा गर्नुहुन अनुरोध गर्नुभयो । उहाँले हरेक कार्यालयका वेबसाइट अद्यावधिक गर्न पर्ने जानकारी गराउनु हुदै स्थानीय तह अन्तर्गत धेरै निकाय वा शाखाहरू रहने भएकोले स्थानीय तहले सूचनाको हकको कार्यान्वयनको लागि संयन्त्र निर्माण गरी जनशक्तिको व्यवस्थापन र तालिमको व्यवस्थाका लागि बजेट विनियोजन समेत गरी दिनुहुन अनुरोध गर्नु भयो । सूचना उपलब्ध नगराएमा अपिल सुन्ने निकाय सूचना आयोग भएकोले सूचनाको हकको कार्यान्वयनका सन्दर्भमा आयोगबाट भएका आदेश र समस्या सम्बन्धमा आयोगमा सम्पर्क गरी दिनुहुन अनुरोध गर्दै उहाँले कार्यक्रममा सक्रिय सहभागिताको लागि सबै सहभागीप्रति आभार व्यक्त गर्दै कार्यक्रम समापनको घोषणा गर्नु भयो ।

**ख. उदयपुर**

राष्ट्रिय सूचना आयोगको नियमित वार्षिक कार्यक्रम अन्तर्गत २०८१ कात्तिक २८ गते उदयपुर जिल्लाको गाईघाटस्थित जिल्ला समन्वय समितिको हलमा सूचनाको हक सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो । राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त कमला थापा ओलीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति उदयपुरका प्रमुख गौरबहादुर विश्वकर्मा, तथा विशेष अतिथि, जिल्ला समन्वय समितिका उपप्रमुख तेजप्रसाद गिरी र प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरे रहनु भएको थियो । सूचनाको हकका लागि राष्ट्रिय महासंघका केन्द्रीय महासचिव अजय शाह, सूचनाको हकका लागि राष्ट्रिय महासंघका कोशी प्रदेश अध्यक्ष नजवुल खान, नेपाल पत्रकार महासंघ उदयपुर जिल्ला अध्यक्ष भरत खड्का कार्यक्रमका सहभागी हुनुहुन्थ्यो । जिल्लास्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरू, सरकारी कार्यालयका सूचना अधिकारीहरू, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरू, सञ्चारकर्मी एवं सूचनाको हकका अभियन्ताहरू समेत गरी १०३ जनाको सहभागिता रहेको थियो । कार्यक्रम सूचना आयोगका शाखा अधिकृत डिल्लीराम भट्टले सञ्चालन गर्नुभएको थियो भने आयोगका उपसचिव सन्तोष कुमार दाहालले स्वागत मन्तव्य र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

सूचनाको हक समन्वय केन्द्रका केन्द्रीय अध्यक्ष अजय शाहले मन्तव्य राख्ने क्रममा सूचनाको हक सम्बन्धी ऐनमा दिन नमिल्ने भनी उल्लेख गरिए बाहेकका सबै सूचना दिन मिल्ने बताउनु भयो । सूचना दिन मिल्ने नमिल्ने भन्ने द्विविधा भएमा आयोग समक्ष सोधेर जानकारी लिएर पनि सूचना दिन सकिन्छ भन्दै उहाँले सार्वजनिक निकायको सूचना आमनागरिक सम्म पुऱ्याउनु कार्यालय प्रमुखको दायित्व पनि हो भन्नुभयो । आयोगले जिल्ला र स्थानीय तहमा यस किसिमको कार्यक्रम राखेर सूचनाको हकका विषयमा जानकारी गराएको, सूचना माग र आपूर्ति पक्ष बीच छलफल चलाएकोमा आयोगप्रति आभार समेत प्रकट गर्नु भयो ।

सूचनाको हकका लागि राष्ट्रिय महासंघका कोशी प्रदेश अध्यक्ष नजवुल खानले राष्ट्रिय सूचना आयोगले अभियन्ता, सूचनादाता र आयोग तीन पक्षलाई एकै ठाउँमा भेला पारेर यस किसिमको कार्यक्रमको आयोजना गरेर ज्यादै सराहनीय काम गरेका भन्दै आभार व्यक्त गर्नुभयो । यस किसिमको कार्यक्रम सबैका लागि प्रभावकारी हुनेमा विश्वास व्यक्त गर्दै उहाँले सूचना माग्दा सूचना मागकर्ताहरूलाई विभिन्न आरोप समेत लाग्ने गरेकोले त्यस किसिमका आरोपहरूबाट मुक्त हुन जरुरी रहेको भनाइ राख्नुभयो । सूचनाको हक कार्यान्वयनमा नेपाल कति नम्वरमा पर्छ भन्ने जिज्ञाशा राख्दै उहाँले कुन कुन भाषामा सूचना माग गर्न मिल्छ भन्ने जिज्ञाशा राख्नुभयो ।

कार्यक्रमका विशेष अतिथि एवं जिल्ला समन्वय समिति उपप्रमुख तेजप्रसाद गिरीले नेपालको संविधानमा सूचनाको हकलाई मौलिक हकको रुपमा राखिएको र सूचनाको हकले पारदर्शिता र सुशासन कायम हुन बताउनु भयो । कार्यक्रममा प्रस्तुत दुवै कार्यपत्रहरू ज्यादै महत्वपूर्ण र ज्ञानवर्द्धक भएको र यस किसिमको कार्यक्रमले उदयपुर  जिल्लाका कार्यालय प्रमुख र सूचना अधिकारी एवं सूचनाको हकका अभियन्ताहरूलाई सूचना माग र प्रवाह गर्ने कार्यमा मद्दत पुग्ने भनाइ राख्दै उहाँले कार्यक्रम आयोजना गरिदिएकोमा आयोगप्रति आभार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि एवं जिल्ला समन्वय समितिका प्रमुख गौरबहादुर विश्वकर्माले सूचनाको हकले पारदर्शिता र सुशासन कायम गर्ने बताउनु भयो । कार्यक्रममा प्रस्तुत दुवै कार्यपत्रहरू ज्यादै महत्वपूर्ण र ज्ञानवर्द्धक भएको बताउँदै उहाँले यस किसिमको कार्यक्रमले उदयपुर  जिल्लाका कार्यालय प्रमुख र सूचना अधिकारी एवं सूचनाको हकका अभियन्ताहरूलाई सूचना माग र प्रवाह गर्ने कार्यमा मद्दत पुग्ने भनाइ राख्नु भएको थियो । उहाँले सूचनाको हक लोकतन्त्रको गहना भएको, सूचनाको हकले लोकतन्त्रलाई बलियो बनाउने हुँदा मागकर्ताले सार्वजनिक सरोकारका विषयमा सूचना माग्नै नपर्ने गरी सार्वजनिक निकायले सूचना उपलब्ध गराउनुपर्ने भनाइ समेत व्यक्त गर्नु भयो ।

**ग. प्युठान**

सरकारी कार्यालयका कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी एवं सूचनाको हकका अभियन्ताहरू लगायतसंग आयोजित सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम २०८१ फागुन २३ गते जिल्ला समन्वय समितिको सभाहल प्युठानमा सम्पन्न गरिएको थियो ।

राष्ट्रिय गानबाट शुरु भएको कार्यक्रमको अध्यक्षता राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त गगन विष्टले गर्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य सूर्यबहादुर थापाले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको औपचारिक शुभारम्भ गर्नुभएको थियो । विशेष  अतिथिका रुपमा  जिल्ला समन्वय समिति प्युठानका प्रमुख धरमबहादुर जी.सी. र अतिथि प्रमुख जिल्ला अधिकारी रमा आचार्य सुवेदी हुनुहुन्थ्यो । कार्यालय प्रमुख, सूचना अधिकारी, संचारकर्मी एवं सूचनाको हकका अभियन्ताहरू गरी सूचनाको

हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा करीब १०० जनाको उपस्थिति रहेको थियो । सरकारी कार्यालयका कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी एवं सूचनाको हकका अभियन्ताहरू लगायतसंग आयोजित सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम पहिलो र दोस्रो सत्र गरी दुई सत्रमा सञ्चालन भएको थियो । सूचना आयोगका शाखा अधिकृत डिल्लीराम भट्टले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा आयोगका उपसचिव सुदर्शन ढकालले स्वागत मन्तव्य र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो ।

कार्यक्रमका अतिथि एवं नेपाल पत्रकार महासंघ जिल्ला अध्यक्ष श्रीराम भण्डारीले मन्तव्यका क्रममा नेपालको संविधानको मौलिक हकका रुपमा धारा २७ मा व्यवस्था भएको सूचनाको हकले सुशासन कायम गर्न सहयोग गर्ने बताउनु भयो । सूचनाको हकले प्रत्याभूत गरेको अधिकार दिलाउनका लागि सार्वजनिक निकायका पदाधिकारी र कार्यालय प्रमुखले असल नियतले काम गर्नुपर्ने र यसले राज्य संयन्त्रमा पारदर्शिता कायम हुने विचार पत्रकार भण्डारीले व्यक्त गर्नु भएको थियो ।

प्रमुख जिल्ला अधिकारी रमा आचार्य सुवेदीले प्युठान जिल्लामा यो कार्यक्रम राखिदिएकोमा आयोगलाई धन्यवाद दिँदै जिल्लामा सूचनाको अवस्थाबारे जानकारी गराउनु भएको थियो । उहाँले जिल्ला प्रशासन कार्यालयबाट नियमित रुपमा सूचना सम्प्रेषण गर्ने गरेको, प्रत्येक महिना सूचना अधिकारीहरूको बैठक बस्ने गरेको, नागरिक वडापत्र राख्ने गरेको, कार्यालयले गर्ने गरेको निर्णयहरूको सार्वजनिकरण गर्ने गरेको र यसका लागि सहायक प्रमुख जिल्ला अधिकारीले समन्वय गरिरहनु भएको जानकारी गराउनु भयो । आयोगका तर्फबाट सूचनाको हक कार्यान्वयनको अनुगमन समेत गर्ने अख्तियारी प्राप्त प्रमुख जिल्ला अधिकारी सुवेदीले जिल्लाका सूचना अधिकारी र कार्यालय प्रमुखहरू आफ्नो दायित्व र कर्तव्यप्रति जानकार र सचेत हुनु पर्ने मागेको सूचनाको बारेमा सम्वोधन गर्नु पर्ने भनाइ राख्नुभयो । उहाँले आयोगले यस किसिमको अन्तरक्रिया कार्यक्रम राखेर कार्यालय प्रमुखहरू र सूचना अधिकारीहरूका लागि सूचनाको हकका सम्बन्धमा थप स्पष्ट हुन सहयोग पुगेको कुरा समेत बताउनु भएको थियो ।

कार्यक्रमका विशेष अतिथि एवं जिल्ला समन्वय समिति प्रमुख धरमबहादुर जी.सी. ले सूचनाको हकले पारदर्शिता र सुशासन कायम हुने उल्लेख गर्दै यस किसिमको कार्यक्रमले जिल्लाका कार्यालय प्रमुख र सूचना अधिकारी एवं सूचनाको हकका अभियन्ताहरूलाई सूचना माग र प्रवाह गर्ने कार्यमा मद्दत पुग्ने भनाइ राख्नु भएको थियो । उहाँले सूचनाको हक लोकतन्त्रको गहना भएको, सूचनाको हकले लोकतन्त्रलाई बलियो बनाउने हुँदा मागकर्ताले सार्वजनिक सरोकारका विषयमा सूचना माग्नै नपर्ने गरी सार्वजनिक निकायले सूचना उपलब्ध गराउनुपर्ने भनाइ समेत व्यक्त गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य सूर्यबहादुर थापाले यो कार्यक्रम सूचना अधिकारी र कार्यालय प्रमुखहरूका लागि अत्यन्तै उपयोगी हुने बताउनु भयो । प्युठान जिल्लामा यो कार्यक्रम राखिदिएकोमा आयोगलाई धन्यवाद दिँदै उहाँले सूचनाको हक लोकतन्त्रको गहना भएको, सूचनाको हकले लोकतन्त्रलाई बलियो बनाउने हुँदा मागकर्ताले सार्वजनिक सरोकारका विषयमा सूचना माग्नै नपर्ने गरी सूचना उपलब्ध गराउनुपर्ने भनाइ दोहोऱ्याउनु भयो । उहाँले सूचना अधिकारी र कार्यालय प्रमुखहरूलाई सूचनाका हकको विषयको छलफललाई सक्रियतापूर्वक भाग लिन आग्रह गर्नु भयो । साथै सूचनाको हक सम्बन्धमा आयोगले यस किसिमको अन्तरक्रिया कार्यक्रम राखेर कार्यालय प्रमुखहरू र सूचना अधिकारीहरूका लागि सूचनाको हकका सम्बन्धमा थप स्पष्ट हुन सहयोग पुगेको बताउँदै उहाँले अन्तरक्रिया कार्यक्रमको पूर्ण सफलताको कामना गर्नु भएको थियो ।

सूचनाको हकका सम्बन्धमा गरेका फैसला एवं कार्यहरूका बारेमा समेत सविस्तार भनाइ राख्दै आयोगका तर्फबाट सूचना आयुक्त गगन विष्टले सूचनाको हकसम्बन्धी ऐन २०६४ ले सार्वजनिक निकायलाई जिम्मेवार र जवाफदेही बनाउने उल्लेख गर्नुभयो । सूचनाको हकले राज्य संयन्त्र र सार्वजनिक निकायको पारदर्शिता र सुशासनको परिकल्पना गरेको बताउँदै आयुक्त विष्टले आयोगले गरेका आदेशहरूको अवस्था आदिका बारेमा उल्लेख गर्नुभयो । उहाँले कार्यक्रमलाई सफलता पूर्वक सम्पन्न गराउन सहयोगी भूमिका खेल्ने सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन दिदै कार्यक्रम समापन गर्नु भएको थियो ।

अन्तरक्रिया कार्यक्रममा आयोगका उपसचिव सुदर्शन ढकालले सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको दायित्व र कानूनी प्रावधानका बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

**घ. सुर्खेत**

२०८१ चैत्र २१ गते सुर्खेत जिल्लामा वीरेन्द्रनगर नगरपालिकाको सभा हलमा सूचनाको हकसम्बन्धी जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा सुर्खेत जिल्लामा रहेका सार्वजनिक निकायका कार्यालय प्रमुखहरू, सूचना अधिकारीहरू, सूचनाको हक सम्बन्धका अभियन्ताहरू, रेडियो र टेलिभिजन र पत्रिकाका पत्रकारहरू, स्थानीय तहका प्रतिनिधिहरू, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि र सुरक्षा निकायका प्रतिनिधिहरू समेतको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको अध्यक्षता राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यले गर्नु भएको थियो । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलको विशेष आतिथ्यतामा सञ्चालित कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सचिव दीर्घराज मैनाली, जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी जगदिश्वर उपाध्याय र वीरेन्द्रनगर नगरपालिकाका कार्यवाहक नगरप्रमुख टीकाराम शर्मा एवं नेपाल पत्रकार महासंघ सुर्खेतका अध्यक्ष सुशील शर्मा अतिथिको रुपमा रहनु भएको थियो । यस कार्यक्रमको उदघाटन कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कडेलले पानसमा दीप प्रज्वलन गरी गर्नु भएको थियो । कार्यक्रम सञ्चालन आयोगका उपसचिव देवेन्द्र कार्कीले गर्नु भएको थियो ।

जिल्ला प्रशासन कार्यालय सुर्खेतका प्रमुख जिल्ला अधिकारीले सूचनाको हक सम्बन्धी जिल्लास्तरीय कार्यक्रम यस जिल्लामा आयोजना गरिएकोमा खुशी व्यक्त गर्दै आयोगप्रति आभार व्यक्त गर्नु भयो । अन्तरक्रियामा आयोगबाट भएको प्रस्तुतीकरण र सूचनाको हक कार्यान्वयनको अवस्थाका सम्बन्धमा सान्दर्भिक सवाल उठेकाले यस विषयमा आयोगको तर्फबाट प्रष्ट पारी दिनुहुने नै छ भन्नुभयो ।

यसैगरी वीरेन्द्रनगर नगरपालिकाका कार्यवाहक नगरप्रमुख टीकाराम शर्माले आफ्नो मन्तव्य राख्दै सूचनाको हक सम्बन्धी महत्वपूर्ण कार्यक्रम आफ्नो नगरपालिकामा सञ्चालन गर्ने अवसर प्रदान गर्नु भएको भनी आयोगप्रति आभार व्यक्त गर्दै सबैलाई स्वागत गर्नु भयो । सूचनाको हक संवैधानिक र मौलिक हक भएको उल्लेख गर्दै उहाँले भन्नुभयो - यसको अभ्यास र कार्यान्वयनले सर्वजनिक निकायका कार्यमा पारदर्शिता र सुशासन कायम गर्नमा महत्वपूर्ण हुने भएकोले यसको दुरुपयोग हुन नदिन सबैले संवेदनशील समेत हुनु पर्दछ । मागेका बखत सूचना पाउने नागरिकको हक हो भने त्यसलाई समयमा उपलब्ध गराउनु सार्वजनिक निकायको दायित्व हो । यो पत्रकार र अभियन्ताहरूको मात्र नभई प्रत्येक नागरिकको हक हो । स्थानीय तह आम नागरिकको नजिकको सरकार भएकोले हामी सबै स्थानीय तहले आफ्ना काम कारवाहीलाई पारदर्शी एवं व्यवस्थित गरी राख्नु पर्दछ ।

यसैगरी अन्तरक्रिया कार्यक्रमका प्रमुख अतिथि एवं कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले मन्तव्यको क्रममा समग्र कार्यक्रमको उद्देश्य प्राप्तिमा शुभेच्छा र कार्यक्रमको सफलताको कामनाबाट भनाइ प्रारम्भ गर्नुभयो । मुख्यमन्त्री कँडेलले भन्नुभयो - सार्वजनिक निकायहरूबाट सम्पादन हुने कार्यमा सेवाग्राही सन्तुष्ट भईरहेका छैनन्, यसलाई मनन गर्नु जरुरी छ । जनताले महसुस गर्ने गरी कार्य हुन सकिरहेको छैन । सरकारी कार्यालयमा लुकाउनु पर्ने केही पनि छैन तर पनि व्यवहारमा सूचना लुकाइएको र नदिएको जस्तो देखिएको छ । त्यसलाई परिवर्तन गर्नु पर्दछ । सूचना मागेको र खोजेको बखत मात्र नभई नागरिकले स्वतः जानकारी पाउने व्यवस्था गर्नुपर्छ । यसले नागरिकमा सकारात्मक सन्देश जाने गर्छ र लोकतान्त्रिक प्रणाली सुदृढ हुन्छ । यसको लागि सार्वजनिक निकायले अभिलेखिकरणलाई व्यवस्थित बनाउनु पर्दछ ।

कार्यक्रममा सार्वजनिक निकायका पदाधिकारी, पत्रकार र सूचना अधिकारी मात्र उपस्थित रहेकाप्रति लक्ष्य गर्दै मुख्य मन्त्री कँडेलले मागकर्ता र आपूर्तिकर्ता दुवै पक्षलाई सहभागी गराएको भए अझ अपेक्षित लाभ हासिल हुने थियो भनी सुझाव दिनु भयो । मन्त्री कँडेलले सूचना प्रवाह र सूचित व्यक्तिका प्रवृत्तिको व्याख्या गर्दै भन्नुभयो- सूचना सुधारको लागि र आम नागरिकको लागि नभइ आफ्नो अनुकूल उपयोग र प्रयोग गर्ने प्रवृत्ति देखिएको छ । सूचना लिने व्यक्तिले पनि प्राप्त सूचनाको उपयोग गरी सहि प्रस्तुति गर्नु पर्छ । मन मिले सूचना दिने, नमिले नदिने वा फरक प्रस्तुतिकरण गर्नु हुँदैन । भरसक सूचना दिन नपरे हुन्थ्यो भन्ने मनोविज्ञानलाई के ले बदल्न सकिन्छ ? ध्यान दिनु जरुरी छ । कार्यालयका सूचना जति खुला गऱ्यो, काम गर्न त्यति सहज हुने र कार्य सम्पादनमा अनुकूल परिवेश निर्माण हुने गर्दछ । सूचनाको हकबाट नागरिकलाई आश्वस्त पार्नु पर्नेमा त्रसित हुने बातावारणमा सुधार ल्याउनु पर्छ ।

मुख्यमन्त्री कँडेलले रीत पुऱ्याउन मात्र नभइ दैनिक कार्य सम्पादनसंग यसलाई जोड्न सकिएमा सकारात्मक र हौसलायुक्त बातावारण बन्ने र जनविश्वास प्राप्त भई कार्यसम्पादन शंकाको घेरामा नपर्ने उल्लेख गर्दै उहाँले यस्ता कार्यक्रम मार्फत आफना अनुभव र कार्यका सम्बन्धमा खुला छलफलले आयोगलाई नीतिगत सुधारमा समेत सहयोग पुग्ने उल्लेख गर्नुभयो ।

छलफल र अन्तरक्रियामा उठेका जिज्ञासा र सवालहरूबारे राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेशप्रसाद आचार्यले स्पष्ट पार्नु भएको थियो । राज्यलाई जिम्मेवार र जवाफदेही बनाउने उद्देश्यका साथ सूचनाको हकको व्यवस्था भएको र राज्यका क्रियाकलापमा नागरिकको बढीभन्दा बढी सहभागिता होस् भन्ने उद्देश्यबाट सूचनाको हकसम्बन्धी कानूनी व्यवस्था गरिएको प्रमुख आयुक्त डा. आचार्यले बताउनु भयो । यसको अभ्यास र कार्यान्वयनको लागि सबै सार्वजनिक निकायले आफ्ना गतिविधिको स्वतः प्रकाशन गर्ने, सूचना अधिकारी तोक्ने, निकायमा भएका कार्यहरूको अभिलेख व्यवस्थापन गर्ने र कार्यालयले दिन मिल्ने र नमिल्ने गरी आफ्ना सूचनाको वर्गीकरण गरी संस्थागत मेमोरीको व्यवस्थापन गर्नु पर्ने पनि उहाँले जानकारी गराउनु भयो । सूचनाको हक संघको अधिकार हो।यसलाई नागरीक तहसम्म पुऱ्याउन सकिएको छैन। सूचना माग्ने प्रवृत्तिलाई प्रोत्साहन गरौं । सार्वजनिक सरोकारको सूचनालाई सार्वजनिक हितमा उपयोग हुनु पर्दछ । सूचना नदिने अधिकारीलाई नदिएका कारण दण्ड हुने हो तर सूचना दिएकै कारण कुनै कारवाही हुने व्यवस्था नभएकोमा आश्वस्त बनाउँदै प्रमुख सूचना आयुक्त डा आचार्यले सही सूचना दिन डराउनु पर्दैन भन्नु भयो । कार्यक्रममा सक्रिय सहभागिताको लागि सबै सहभागीप्रति आभार व्यक्त गर्दै प्रमुख आयुक्तले कार्यक्रम समापनको घोषणा गर्नु भएको थियो ।

## ५.५ स्थानीय तह स्तरीय अन्तर्क्रिया कार्यक्रम

### क. तुलसीपुर उपमहानगरपालिका, दाङ तुलसीपुर

२०८१ कात्तिक २८ गते दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिका सभाहलमा सूचनाको हकसम्बन्धी स्थानीय तह स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । प्रमुख जिल्ला अधिकारी, तुलसीपुर उपमहानगरपालिकाका नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, शाखा प्रमुखहरू, वडा अध्यक्ष एवं सचिव र नगरपालिकाका नगर सदस्यहरू, स्थानीय पत्रकार, स्थानीय सुरक्षा निकायको प्रतिनिधि र सूचनाको हक सम्बन्धी अभियन्ताहरू समेतको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले अध्यक्षता ग्रहण गर्नु भएको कार्यक्रममा तुलसीपुर उपमहानगरपालिकाका नगर प्रमुख टीकाराम खड्काको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा नगर उपप्रमुख स्यानी चौधरी, दाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्साल, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गेहेन्द्रबहादुर डाँगी अतिथिको रुपमा सहभागी हुनु भएको थियो । कार्यक्रमको उद्घोषण शाखा अधिकृत दिनेश भट्टराईले गर्नु भएको थियो ।

तुलसीपुर उपमहानगरपालिकाका नगर प्रमुख टीकाराम खड्काले पानसमा दीप प्रज्वलन गरी कार्यक्रम उदघाटन गर्नु भएको थियो भने कार्यक्रममा यस आयोगका उपसचिव युवराज अधिकारीले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै सूचनाको हक र यसको कार्यान्वयन सम्बन्धमा प्रस्तुती गर्नु भएको थियो ।

तुलसीपुर उपमहानगरपालिकाका नगर प्रमुख टीकाराम खड्काले आफ्नो नगरपालिकाले नागरिकलाई सूचना उपलव्ध गराउनको लागि नियमित रुपमा स्वतः प्रकाशन गर्ने गरिएको, सूचना अधिकारीको व्यवस्था गरी माग भएका सूचनाहरू समयमा नै उपलब्ध गराउदै आएको जानकारी गराउनु भयो । कार्यक्रम तुलसीपुर उपमहानगरपालिकामा गरीदिनु भएकोमा आयोगलाई धन्यवाद दिँदै आभार व्यक्त गर्नुभयो ।

आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले कार्यक्रम गर्नको लागि सहजीकरण गरिदिनु भएकोमा नगरपालिका प्रति आभार व्यक्त गर्नु भयो । सार्वजनिक निकायलाई जवाफदेही र पारदशी बनाई जनसहभागितामूलक बनाउन पनि सूचनाको हकको आवश्यकता पर्ने भएकोले यसको सबैले पालना गर्नुपर्दछ । नगरपालिकाले आफू मातहतका निकायका सूचना अधिकारीलाई सूचनाको हक सम्बन्धमा तालिम दिने र सुसूचित गराई सूचनाको हकको कार्यान्वयन र यसको सदुपयोग गराउनु पर्दछ । नागरिकले जुनसुकै सार्वजनिक निकायमा सूचना माग गर्न सक्दछ। सार्वजनिक निकायले सूचना प्रदान नगरेकमा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नुहुन अनुरोध समेत गर्नुभयो । सार्वजनिक निकायले पारदर्शी भै कार्यालयमा सूचना अधिकारी तोक्ने, स्वत प्रकाशन गर्ने, आफ्ना काम कारवाही र प्रगतीलाई सार्वजनिक गर्ने, कार्यालयका वेव साईट अद्यावधिक राख्ने, आफ्ना कामकारवाहीका कागजात र अभिलेख सुरक्षित राख्ने र सूचना मागेका बखत उपलव्ध गराउने गरी व्यवस्था गर्न समेत आग्रह गर्नु भयो । सूचना संस्थागत नभइ नागरिकले माग्ने हो र ऐनमा भएकव सूचना दाताको संरक्षणसम्बन्धी व्यवस्था सम्बन्धमा समेत प्रकाश पर्नु भयो । आयोगले गरेका आदेशको कार्यान्वय सम्बन्धमा अनुगमन हुने गरेको र बेवसाइटमा समेत राख्ने गरिएको जानकारी गराउदै कार्यक्रममा सक्रिय सहभागिताको लागि सबैलाई आभार व्यक्त गर्दै कार्यक्रम समापन गर्नु भयो ।

**ख. आमाछोदिङमो गाउँपालिका, रसुवा**

२०८१ मंसीर ११ गते रसुवा जिल्लाको आमाछोदिङमो गाउँपालिकामा उक्त गाउँपालिकाको सभाहलमा सूचनाको हकसम्बन्धी स्थानीय तहस्तरिय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको। आमाछोदिङमो गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, शाखा प्रमुखहरू, वडा अध्यक्ष एवं सचिव र गाउँपालिकाका गाउँ सदस्यहरू, स्थानीय पत्रकार, स्थानीय सुरक्षा निकायको प्रतिनिधि र सूचनाको हक सम्बन्धि अभियन्ताहरू समेतको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्न प्रसाद मैनालीले अध्यक्षता ग्रहण गर्नु भएको थियो। आमाछोदिङमो गाउँपालिकाका अध्यक्ष बुचुङ तामाङको विशेष आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपालप्रसाद दुलाल कार्यक्रममा अतिथिको रुपमा रहनु भएको थियो । कार्यक्रमको उदघोषण शाखा अधिकृत दिनेश भट्टराईले गर्नु भएको थियो ।

आमाछोदिङमो गाउपालिकाका अध्यक्ष बुचुङ तामाङले पानसमा दीप प्रज्वलन गरी कार्यक्रम उदघाटन गर्नु भएको थियो भने कार्यक्रममा आयोगका उपसचिव सुदर्शन ढकालले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सूचनाको हक र यसको कार्यान्वयन सम्बन्धमा प्रस्तुति गर्नु भएको थियो ।

आमाछोदिङमो गाउपालिकाका अध्यक्ष  बुचुङ तामाङले आफ्नो गाउँपालिकाले नागरिकलाई सूचना उपलव्ध गराउनको लागि नियमित रुपमा स्वतः प्रकाशन गर्ने गरिएको, सूचना अधिकारीको व्यवस्था गरी माग भएका सूचनाहरू समयमा नै उपलव्ध गराउदै आएको बताउँदै कार्यक्रम आमाछोदिङमो गाउँपालिका जस्तो विकट ठाउँमा गरीदिनु भएकोमा आयोगलाई धन्यवाद दिँदै आभार व्यक्त गर्नुभयो ।

आयोगका सूचना आयुक्त रत्न प्रसाद मैनालीले कार्यक्रम गर्नको लागि सहजीकरण गरिदिनु भएकोमा गाउँपालिकाप्रति आभार व्यक्त गर्नु भयो । सार्वजनिक निकायलाई जवाफदेही र पारदर्शी बनाई जनसहभागितामूलक बनाउन पनि सूचनाको हकको आवश्यकता पर्ने उल्लेख गर्दै उहाँले नगरपालिकाले आफू मातहतका निकायका सूचना अधिकारीलाई सूचनाको हक सम्बन्धमा तालिम दिने र सूसूचित गराई सूचनाको हकको कार्यान्वयन गराउनु पर्दछ भन्नुभयो । नागरिकले जुनसुकै सार्वजनिक निकायमा सूचना माग गर्न सक्ने जानकारी गराउँदै उहाँले सार्वजनिक निकायले सूचना प्रदान नगरेमा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नुहुन अनुरोध समेत गर्नुभयो ।

सार्वजनिक निकायले पारदर्शी भै कार्यालयमा सूचना अधिकारी तोक्ने, स्वतः प्रकाशन गर्ने, आफ्ना काम कारवाही र प्रगतिलाई सार्वजनिक गर्ने, कार्यालयका वेवसाइट अद्यावधिक राख्ने, आफ्ना कामकारवाहीका कागजात र अभिलेख सुरक्षित राख्ने र सूचना मागेका बखत उपलव्ध गराउने गरी व्यवस्था गर्न समेत आयुक्त मैनालीले आग्रह गर्नु भयो । सूचना संस्थागत रुपमा नभई नागरिकले व्यक्तिगत रुपमा माग्ने अधिकार हो भन्नु हुदै उहाँले ऐनमा भएका सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्था सम्बन्धमा समेत प्रकाश पर्नु भयो । आयोगले गरेका आदेशको कार्यान्वयन सम्बन्धमा अनुगमन हुने गरेको र बेवसाइटमा समेत राख्ने गरिएको जानकारी गराउदै उहाँले कार्यक्रममा सक्रिय सहभागिताको लागि सबैलाई आभार व्यक्त गर्दै कार्यक्रम समापन गर्नु भयो ।

**ग. सुनकोशी गाउँपालिका, सिन्धुली**

२०८१ माघ १५ गते सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिकाको सभाहलमा सूचनाको हकसम्बन्धी स्थानीय तहस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा सिन्धुली जिल्लाका संघीय सांसद, सुनकोशी गाँउपालिकाका अध्यक्ष, उपाध्यक्ष, निमित्त प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, शाखा प्रमुखहरू, वडा अध्यक्ष एवं सचिव र गाउँपालिकाका सदस्यहरू, स्थानीय पत्रकार, शिक्षण संस्थाका प्रतिनिधिहरू, गैर सरकारी संस्थाका प्रतिनिधिहरू, स्थानीय सुरक्षा निकायको प्रतिनिधि र सूचनाको हक सम्बन्धी अभियन्ताहरू समेतको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यको अध्यक्षता ग्रहण गर्नु भएको थियो । सिन्धुली जिल्लाका माननीय संघीय सांसद लेखनाथ दाहाल (राजन)को प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा गाउँपालिकाका अध्यक्ष दीपा बोहोरा दाहाल, उपाध्यक्ष कपिल कुमार कोइरालाको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त गगन विष्ट, राष्ट्रिय सूचना आयोगका सचिव कमलप्रसाद भट्टराई समेतको उपस्थिति र सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रम उदघाटन माननीय सांसद लेखनाथ दाहाल (राजन) ले पानसमा दीप प्रज्वलन गरी गर्नु भएको थियो । आयोगका उपसचिव सन्तोष कुमार दाहालले स्वागत मन्तव्यका क्रममा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कार्यक्रममा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि लगायत सबै सहभागीलाई आयोगको तर्फबाट स्वागत र आभार व्यक्त गर्नु भयो । कार्यक्रममा आयोगको तर्फबाट आयोगका सचिव कमलप्रसाद भट्टराईले सूचनाको हक सम्बन्धी ऐन, नियम तथा निर्देशिकामा भएका व्यवस्था र आयोगको कार्य, सूचना माग्ने र पाउने तरीका, सूचना उपलब्ध नगराएमा गर्नु पर्ने पुनरावेदन र सो उपर आयोगले गर्ने कारवाही लगायतका विषयवस्तु सहितको प्रस्तुतिकरण गर्नु भयो ।

सुनकोशी गाउँपालिकाका अध्यक्ष दिपा बोहोरा दाहालले मन्तव्यका क्रममा के सूचना लिने दिने, के दिन मिल्ने नमिल्ने र गाउँपालिकाका सूचना प्रवाह कसरी गर्ने भन्ने सम्बन्धमा आयोगको प्रस्तुति र अन्तरक्रियाबाट राम्रो जानकारी पाउन सकेको बताउनु भयो। आयोगले यस्तो कार्यक्रम आफ्नो गाउँपालिकामा राखी दिनु भएकोमा आभार र धन्यवाद ज्ञापन गर्नु भयो । गाउँपालिकाले गरेका क्रियाकलाप र सूचनाहरू बुलेटिन, बार्षिक प्रतिवेदन, प्रगति विवरण मार्फत नागरिकको जानकारीको लागि प्रवाह हुने गरेका जानकारी दिंदै एउटै सूचना १०औं पटक मागी हैरान गर्ने कार्यहरू सूचना मागकर्ताका नाममा हुने गरेको र सूचना माग्ने तर गाउँपालिका प्रति गर्नु पर्ने कर्तव्य पूरा गर्ने नगरेको गुनासो गर्नुभयो ।

प्रतिनिधिसभा क्षेत्र नं. २ सिन्धुलीका सांसद तथा कार्यक्रमका प्रमुख अतिथि लेखनाथ दाहाल (राजन) ले मन्तव्यको क्रममा सूचनाको हकलाई संविधानले भाग ३ को दफा २७ मा मौलिक हकको रुपमा व्यवस्था गरेको, सूचनाको हकले राज्यमा सुशासन, सामाजिक न्याय प्रदान गरी लोकतान्त्रिक शासनको सुदृढीकरण गर्ने कानूनी व्यवस्थाबारे जानकारी दिनु भयो । उहाँले समाजमा भ्रमात्मक सूचना बिक्ने गरेको र त्यस्ता सूचनाले सत्यलाई छोपी गलत धारणाको सिर्जना गर्ने गरेको बताउनु भयो । नकारात्मक सूचना प्रवाहले नकारात्मक परिणाम नै ल्याउने भएकोले सूचना प्रवाह, उपयोग र प्रस्तुतीकरण गर्दा सत्य र तथ्यको जगमा उभिएर प्रवाह गर्नु पर्ने उहाँको भनाइ थियो । सूचनाको हक सुशासन र विकासको आधार भएको र यसले शासन पद्धतिमा जनतालाई जोड्न महत्वपूर्ण भूमिका खेल्ने भएकाले यसको प्रयोग र अभ्यास

आम नागरिकबाट हुन पर्ने उहाँले उल्लेख गर्नुभयो । आफू पनि यसको अभ्यास र कार्यान्वयनमा प्रतिवद्ध भएको बताउँदै सांसद दाहालले आयोगमा नियुक्त हुनु भएका प्रमुख सूचना आयुक्त र आयुक्तहरूको सफल कार्यकालका लमगि शुभकामना समेत दिनु भयो ।

कार्यक्रमको समापन गर्दै प्रमुख सूचन आयुक्त डा. सुरेश आचार्यले सूचना माग गर्ने हक पत्रकारको मात्र नभई आम नागरिकको भएको बताउनु भयो । सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाई माग गर्नु पर्ने तर सार्वजनिक सरोकारको सूचना मागकर्तालाई नदिएमा दण्डित हुने कानूनी व्यवस्था रहेको उहाँले जानकारी गराउनु भयो । सूचना अभियन्ता वा जो कुनै नागरिकले माग गरेका सूचनाको सम्बन्धमा आयोगले नेपाल सरकारलाई पनि आदेश वा निर्देशन दिन सक्ने कानूनी हैसियत रहेको बताउँदै प्रमुख आयुक्त आचार्यले सूचनाको हकको अभ्यास र प्रवर्द्धनले राज्य अंगहरू तथा हरेक सार्वजनिक निकायलाई सुशासनका लागि अभिप्रेरित गर्दछ भन्नुभयो । अन्तरक्रिया कार्यक्रमको व्यवस्थापन र सहजीकरणका लागि गाउँपालिका, प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य राजन दाहाल एवं सबै सहभागीहरूलाई धन्यवाद र आभार व्यक्त गर्दै उहाँले कार्यक्रमको समापन गर्नु भयो ।

**घ. लहान नगरपालिका, सिरहा**

२०८१ चैत्र १२ गते सिराहा जिल्लाको लहान नगरपालिकाको सभाहलमा सूचनाको हकसम्बन्धी स्थानीय तह स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा लहान नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, शाखा प्रमुखहरू, वडा अध्यक्ष एवं सचिव र नगरपालिकाका सदस्यहरू, स्थानीय पत्रकार, शिक्षण संस्थाका प्रतिनिधिहरू, गैर सरकारी संस्थाका प्रतिनिधिहरू, स्थानीय सुरक्षा निकायको प्रतिनिधि र सूचनाको हकसम्बन्धी अभियन्ताहरू समेतको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त दुर्गा भण्डारी पौडेलको अध्यक्षतामा संचालन भएको कार्यक्रमका प्रमुख अतिथि  लहान नगरपालिकाका उप प्रमुख राम चलितार महतो रहनु भएको थियो । इलाका प्रशासन कार्यालय लहानका प्रमुख गोकर्णराज सुयाल, लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जयकान्त झा, मालपोत कार्यालयका प्रमुख डम्वरु निरौला, नेपाल सशस्त्र प्रहरी बलका प्रहरी उपरिक्षक विष्णुहरि घिमिरे, नेपाल पत्रकार महासंघका अध्यक्ष मनोज बनैता यादव लगायतका अतिथि रहनु भएको कार्यक्रम नगर उपप्रमुख रामचलितर महतोले विरुवामा पानी हाली उद्घाटन गर्नु भएको थियो ।

कार्यक्रममा आयोगका उपसचिव सुदर्शन ढकालले स्वागत मन्तव्य व्यक्त गर्दै सूचनाको हकसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कार्यक्रममा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि लगायत सबै सहभागीलाई आयोगको तर्फबाट स्वागत गर्नु भयो । नेपाल पत्रकार महासंघ सिराहाका अध्यक्ष मनोज बनैता यादवले आफ्नो मन्तव्यका क्रममा सूचनाको हक लोकतन्त्रको प्राणवायु भएको बताउँदै संचारकर्मीहरूले यस हकको उपयोग गरी ठूला ठूला विकृति र विसंगतिका बिषयहरू बाहिर ल्याएको प्रसंग उल्लेख गर्नु भयो । सूचनाको हकको कानून निर्माण सम्बन्धमा पत्रकारहरूले नै पहलकदमी लिएको उल्लेख गर्दै अध्यक्ष यादवले हाल पत्रकार र सूचनाको हकको नाममा आएको विकृति र विसंगतिलाई रोक्न सबै एकजुट हुनुपर्ने बताउनु भयो ।

लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाले लहान नगरपालिकामा सूचनाको हकको राम्रो अभ्यास रहेका जानकारी गराउनु भयो । कसैलाई पनि सूचनाको हकबाट वञ्चित नगरिएको र

स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार रहेकोले सूचनाको हकको अभ्यास पनि स्थानिय तहमै बढी हुने उल्लेख गर्दै झाले अहिले प्रविधिको समय भएको र निर्णय गर्ने तहमा सबैको सहभागिता रहने हुनाले सबै विषयहरू पारदर्शी नै हुने बताउनु भयो । कसैले चाहेर पनि सूचना लुकाउन नसक्ने अवस्था सिर्जना हुँदै गएको विषय उठाउदै उहाँले सूचनाको हकको कार्यान्वयन गर्न सबै पक्ष लाग्नु पर्ने बताउनु भयो । सूचनाको अधिकारका विषयमा जानकारी आवशयक भएको सन्दर्भमा राष्ट्रिय सूचना आयोगले कार्यक्रम राखिदिएकोमा उहाँले आभार समेत व्यक्त गर्नु भयो ।

कार्यक्रममा प्रमुख अतिथिको मन्तव्य दिन हुँदै नगर उपप्रमुख रामचलितर महतोले सूचनाको हकलाई संवैधानिक रुपमा नै मौलिक हकको रुपमा व्यवस्था गरिएको भएता पनि अभ्यासमा कमिकमजोरी रहेको प्रसंग उल्लेख गर्नुभयो । कतिपय अवस्थामा जिम्मेवार पदाधिकारी नै सूचनाको पहुँचबाट वन्चित रहेको जानकारी समेत गराउँदै उहाँले यसको व्यावहारिक कार्यान्वयनमा जोडदिनु भयो । कर्मचारीमा रहेको गोपनियताको संस्कृति तथा राजनीतिकर्मीले कर्मचारीलाई कानून विपरित कार्य गर्न दवाब दिदा कतिपय निर्णयहरू सार्वजनिक हुन नसकेको उहाँले उल्लेख गर्नुभयो । यो प्रवृत्तिले पारदर्शितालाई कमजोर बनाएको बताउदै उहाँले यसको कार्यान्वयनमा सबै एकजुट भएर लाग्नुपर्ने आवश्यकता रहेको औंल्याउनु भयो ।

आयोगका सूचना आयुक्त दुर्गा भण्डारी पौडेलले कार्यक्रममा सहभागीहरूले राख्नु भएको जिज्ञासाको सम्वोधनका साथै कार्यक्रममा समापन मन्तव्य दिनुभयो । उहाँले आजको अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले देखाएको सक्रिय सहभागिताले कार्यक्रम उपलब्धीमूलक भएको अनुभूत गरेको बताउनु भयो । सूचनाको हक कार्यान्वयनमा स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुने बताउँदै सूचना अधिकारीलाई सूचनामा पहुँच पुऱ्याउनु पर्ने र सूचना नपाउदा पुनरावेदन मार्फत आयोगको ढोका ढक्ढक्याउन आग्रह गर्नुभयो । सूचना आयोगको तथ्यांक प्रस्तुत गर्दै मधेस प्रदेश सबैभन्दा बढी पुनरावेदन गर्ने प्रदेश भएकोले यस प्रदेशमा सूचनाको हक कार्यान्वयनको अभ्यास सकारात्मक रहेको बताउनु भयो । नीतिगत तथा कानूनी विषयमा आयोगले काम गरिरहेको बताउदै सबैको सहयोगले मात्र आयोगको उद्देश्य पुरा हुने उल्लेख गर्नु भयो । अन्तरक्रिया कार्यक्रमको व्यवस्थापन र सहजीकरणका लागि नगरपालिका एवं सहभागीहरूलाई धन्यवाद र आभार व्यक्त गर्दै उहाँले कार्यक्रमको समापन गर्नु भयो ।

## ५.६ सूचनाको हकसम्बन्धी दिवस

नागरिकले आफ्नो र सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने संवैधानिक अधिकारको संरक्षण, सम्वर्द्धन र प्रचलन गराउने पवित्र उद्देश्यले राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । सूचनाको हकलाई नेपालको संविधानको धारा २७ मा मौलिक हककै रूपमा परिभाषित गरी यसको महत्वलाई स्पष्ट पारिएको छ । यो विषयलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले समेत आत्मसात गरेको छ । संविधान र ऐनका यी भावनालाई योजनावद्ध रूपले कार्यान्वयन गर्दै जानु हरेक सार्वजनिक निकायको कर्तव्य हो । नागरिकको सुसूचित हुने हकलाई संरक्षण, सम्वर्द्धन र प्रचलन गराउने मूल उद्देश्यका साथ सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा रहेको छ । यो ऐनको दफा ११ मा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था गरेको छ ।

राष्ट्रिय सूचना आयोगले सूचनाका हकको प्रवर्द्धनलाई व्यापक बनाउने सन्दर्भमा मूलतः तीनवटा दिवस मनाउँदै आएको छ । भदौ ३ गते राष्ट्रिय सूचना दिवस, सेप्टेम्बर २८ अन्तर्राष्ट्रिय सूचना दिवस र बैशाख २२ लाई आयोग स्थापना दिवसका रुपमा मनाइने गरेको छ । यी कार्यक्रममा राष्ट्र प्रमुख, सरकार प्रमुख, विधायिका प्रमुख वा न्यायालय प्रमुखलाई प्रमुख अतिथि बनाएर यसको राष्ट्रिय महत्वलाई स्थापित गर्ने प्रयत्न हुदै आएका छन् ।

### ५.६.१ अठारौं राष्ट्रिय सूचना दिवस

नेपालको संविधानमा सूचनाको हकलाई महत्त्वपूर्ण मौलिक हकका रुपमा स्वीकार गरिएको छ । संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन २०६४ साल साउन ५ गते जारी भई २०६४ भदौ ३ गते देखि लागू भएको दिनलाई हरेक वर्ष भदौ ३ गते राष्ट्रिय सूचना दिवस मनाउँदै आइरहेको छ । यसै सन्दर्भमा काठमाडौंमा एक मूल कार्यक्रम आयोजना गरी यो दिवस मनाइएको छ । यो कार्यक्रमको प्रमुख अतिथि उपराष्ट्रपति रामसहाय यादव रहनु भएको थियो । कार्यक्रममा विशिष्ट अतिथिमा सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ्ग र विशेष अतिथि प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अमर बहादुर थापा उपस्थित हुनुहुन्थ्यो ।

आयोगका तत्कालीन प्रमुख आयुक्त महेन्द्रमान गुरुङ, आयुक्त द्वय कमला ओली थापा र रत्नप्रसाद मैनाली, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्याल, कोशी प्रदेशका सांसद मीना श्रेष्ठ, सूचना आयोगका पूर्व आयुक्तहरू, पूर्व सचिवहरू, सार्वजनिक निकायका कार्यालय प्रमुख तथा सूचना अधिकारीहरू, नागरिक समाज, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको कार्यक्रममा ३९ महिला र पुरुष ७४ गरी जम्मा ११३ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको शुरुवात राष्ट्रिय गानबाट गरिएको थियो । कार्यक्रममा आयोगका निमित्त सचिव युवराज अधिकारीले स्वागत मन्तव्य दिनुका साथै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । उहाँले १८ औं सूचना दिवस मनाउन उपस्थित हुनु भएकोमा प्रमुख अतिथि उपराष्ट्रपति रामसहाय यादव लगायत सबैमा हार्दिक आभार व्यक्त गर्नु भएको थियो ।

स्वागत मन्तव्य पश्चात प्रमुख अतिथि उपराष्ट्रपति यादवले पानसमा बत्ती बालेर समुद्घाटन गर्नु भएको थियो । सूचनाको हकको संरक्षण, प्रचलन र सम्वर्द्धनमा उल्लेख्य भूमिका निर्वाह गरी सुशासन कायम गर्न योगदान पुर्‍याएकोमा राष्ट्रिय सूचना आयोगले प्रत्येक वर्ष प्रदान गर्ने सम्मान आयोगका पूर्व प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटालाई कार्यक्रमका प्रमुख अतिथि उपराष्ट्रपतिबाट प्रदान गरिएको थियो ।

सम्मान ग्रहणपश्चात राष्ट्रिय सूचना दिवसका अवसर पारेर आयोगले आफूलाई सम्मान गरेकोमा आयोग प्रति हार्दिक आभार व्यक्त गर्दै आफूलाइ गरेको सम्मान आफ्नो कार्यकालमा रहनु भएका सबै सूचना आयुक्तहरू, सचिवहरू र समस्त कर्मचारीहरूलाई गरेको सम्मानको अर्थमा आफूले लिएको बताउनु भयो ।

कार्यक्रममा मन्तव्य राख्ने क्रममा सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उम्मिद वागचन्दले आजको यो १८ औं राष्ट्रिय सूचना दिवस जनताको हात बलियो भएको अनुभूत गरेको उल्लेख गर्दै सूचनाको अधिकारको क्षेत्रमा लागि परेकाहरूका लागि खुशीको दिन हो भन्नु भयो । २०६८ फागुनदेखि सूचना अभियन्ता राष्ट्रिय संजालका रुपमा यस क्षेत्रमा अगाडि बढ्दै आफ्नो संस्था हाल महासंघको रुपमा क्रियाशील रहेको जानकारी गराउँदै उहाँले सूचनाको हकलाई कार्यान्वयन गर्न सरकारले सही ढगले कार्य नगरेका बताउनु भयो । राज्यस्तरबाट पनि सूचनाको हक कार्यान्वयन गर्न प्रभावकारी भूमिका खेलेको नपाइएका र सरकारी कार्यालयहरूबाट सहज ढंगबाट सूचना प्राप्त नभएको प्रसंग उल्लेख गर्दै उहाँले आयोगमा परेका पुनरावेदनपश्चात जारी भएका आदेश समेत कार्यान्वयन हुन नसकेको बताउनु भयो । महासंघ सूचनाको हकका क्षेत्रमा क्रियाशील भएर लागिरहेता पनि सरकारबाट कुनै सहयोग पाउन सकेको गुनासो गर्दै उहाँले प्रत्येक नागरिकले सूचना माग्ने र सार्वजनिक निकायहरूले पनि मागेको सूचना सहज रुपमा दिने अभ्यासको सही कार्यान्वयन भएको दिन महासंघ र सूचना आयोगको उद्देश्य पुरा हुने बताउनु भयो । उहाँले यस दिवसका अवसरमा सरकार सूचनाको हकको लागि सशक्त भूमिका खेल्न सकोस् भन्ने शुभकामना समेत व्यक्त गर्नुभयो ।

कार्यक्रमको समापन गर्दै आयोगका प्रमुख सूचना आयुक्त एवं कार्यक्रमका अध्यक्ष महेन्द्रमान गुरुङले कार्यक्रमको आतिथ्यता ग्रहण गरिदिनु भएकोमा प्रमुख अतिथि उपराष्ट्रपति, विशिष्ट अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री, विशेष अतिथिका रुपमा पाल्नुहुने माननीय शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति लगायत सहभागी भै दिनुहुने सबै आमन्त्रित अतिथि वर्गमा आयोगका तर्फबाट हार्दिक आभार व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमलाई आयोगका उपसचिव सन्तोष कुमार दाहालले सञ्चालन गर्नु भएको थियो ।

### ५.६.२ सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (सेप्टेम्बर २८)

आ.व. २०८१/८२ को आयोगको स्वीकृत वार्षिक कार्यक्रम अनुसार २०८१ असोज १२ गते शनिवार होटल मेरिएट, काठमाडौंमा सूचनाको हकमा सर्वव्यापी पहुँच सम्बन्धी अन्तरराष्ट्रिय दिवस, २०८१ कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा विभिन्न मन्त्रालय तथा सुरक्षा निकायका सूचना अधिकारीहरू, सूचनाको हक सम्बन्धी सरोकारवाला निकाय, सूचना हकका अभियन्ता, आयोगका पदाधिकारी एवं कर्मचारी लगायत सञ्चारकर्मीको समेत सहभागिता रहेको थियो । कार्यक्रमका प्रमुख अतिथ्यता राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले गर्नु भएको थियो । राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले अध्यक्षता गर्नु भएको कार्यक्रममा सूचना आयुक्त कमला वली थापा, सूचना आयुक्त रत्नप्रसाद मैनाली, सूचना तथा सञ्चार मन्त्रालयका सचिव राधिका अर्याल, आयोगका सचिव कमलप्रसाद भट्टराई र समावेशी आयोगका पूर्व अध्यक्ष डा. रामकृष्ण तिमिल्सिना सहभागी हुनु भएको थियो ।

आयोगका उपसचिव सन्तोषकुमार दाहालले उदघोषण गर्नु भएको कार्यक्रममा आयोगका सचिव कमलप्रसाद भट्टराईले आमन्त्रित एवं सहभागीहरूलाई सूचनाको हकमा सर्वव्यापी पहुँच सम्बन्धी अन्तरराष्ट्रिय दिवस, २०८१ को उपलक्ष्यमा स्वागत गर्नु भएको थियो । सूचनाको हकलाई व्यवस्थित गर्न र सरकारले अन्तरराष्ट्रिय क्षेत्रमा गरेको प्रतिवद्धता पूरा गर्न नेपालको संविधानको मौलिक हक अन्तर्गतको धारा २७ मा सूचनाको हक राखिएको उहाँले प्रष्ट पार्नु भयो । सचिव भट्टराईले यसको कार्यान्वयनको लागिसूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी गरी सूचनाको हकको प्राप्ति सम्बन्धमा अनुगमनका लागि स्वायत निकायको रुपमा राष्ट्रिय सूचना आयोगको स्थापना भएको जानकारी गराउनु भयो । उहाँले सुशासन कायम गर्न र जवाफदेहिता प्रवर्द्धन गर्न सूचनाको हकको कार्यान्वयन आवश्यक रहेको औल्याउदै सूचना स्वतस्फूर्त प्रवाह गर्ने र माग गरिएको सूचना उपलब्ध गराउने क्रियाकलापले मात्र पनि राज्य व्यवस्थालाई राम राज्यको अवस्थामा पुयाउन सकिने बताउनु भयो ।

कार्यक्रमको दोस्रो सत्रमा सार्वजनिक क्षेत्रमा सूचनाको हकको मूल प्रवाहीकरण गर्ने विषयमा केन्द्रीत रही समूह छलफल (Panel Discussion) गरियो । आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको अध्यक्षतामा भएको यो उक्त सत्रको सञ्चालक पत्रकार आरति चटौत हुनुहुन्थ्यो । कार्यक्रमका उदघोषक आयोगका उपसचिव सन्तोषकुमार दाहालले समूहमा सहभागीहरूको परिचय गराएपछि सञ्चालक चर्टातले कार्यक्रमको औपचारिक शुरुवात गर्नु भयो । उक्त कार्यक्रमको समूह (Panelist) मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्याल, पत्रकार बबिता बस्नेत, राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त कमला वली थापा रहनु भएको थियो ।

छलफलमा सूचनाको हक नागरिकको आँखामा कस्तो रहेको छ भन्ने विषयमा केन्द्रीत रहेको थियो । सहभागीहरूले सूचनाको हकको सवाल पहिलोपटक मुलप्रवाहीकरण भएको, स्रोत साधनको सीमितताको

बाबजुद सूचनाको हकको कार्यान्वयन ५० प्रतिशत भन्दा कम सार्वजनिक निकायले मात्र सूचना दिने अभ्यासको पालना गर्ने गरेको तथ्य प्रस्तुत गर्नु भएको थियो। सूचना वर्गीकरण गरेर दिन मिल्ने र दिन नमिल्ने सूचनाको जानकारी गराएमा मात्र पनि सूचनाको हक सम्बन्धी भ्रम चिर्न सकिने र स्वतः प्रकाशन (Proactive Disclosure) मार्फत सूचना सार्वजनिक गर्नाले पनि नागरिकमा बिश्वास आर्जन गर्न सकिने धारणा समूहका सहभागीबाट व्यक्त गरियो। सूचनाको हक सीमान्तकृत समूहसम्म पुग्न नसकेको, लोकतान्त्रिक गणतन्त्रका बाबजुद खुलापन हुन नसकिरहेको, सार्वजनिक निकायमा ५ प्रतिशत वास्तविक प्रयोजनका लागि सूचना माग गरिने र ९५ प्रतिशत सूचनाको हक सम्बन्धी अभियन्ताबाट सूचना माग हुने गरेको, प्रयोजन नखुलाई सूचना माग गर्ने गरिएको, माग गरिएको सूचनाको सहि उपयोग हुन नसकेको जस्ता विषयम समूहका सहभागीहरूले उठाउनु भएको थियो।

सूचनाको हकको पहुँच नागरिक तहमा पुऱ्याउने, डिजिटल उपकरण (Digital device) र सूचना प्रविधिमा पहुँच नभएका व्यक्तिसम्म सूचनाको हकको बारेमा जानकारी गराउन काम आयोगको भएका तर्फ सहभागीले ध्यानाकर्षण गराएका थिए। सूचनाको दुरुपयोग गर्नेहरू उपर कारवाही हुन जरुरी रहेका उल्लेख गर्दै सहभागीहरूले विपतमा सूचनाको अधिक महत्त्व रहेको जस्ता विषय छलफलका क्रममा उठान गरिएको थियो। सहभागीहरूले उठाएका विषयहरूमा समूहमा सहभागीहरूबाट जवाफ समेत दिइएको थियो।

तत्पश्चात् छलफलका सञ्चालकले छलफल समाप्त भएको घोषणा सहित उद्घोषकलाई माइक हस्तान्तरण गर्नु भएको थियो। एशिया फाउन्डेसन सी एस एम कार्यक्रमका निर्देशक अजय दासले कार्यक्रमको सफलताका लागि भएको सक्रिय सहभागीहरूप्रति आभार व्यक्त गर्नु भएको थियो। कार्यक्रमको अन्त्यमा सहि समयमा सहि र वास्तविक सूचना पुग्दा क्षति रोकिने भर्न्दै सूचना आयुक्त रत्नप्रसाद मैनालीले छलफलमा आयोग केनद्रीत भएर उठेका विषयमा जवाफ दिंदै धन्यवाद सहित कार्यक्रमको समापन गर्नु भएको थियो।

### ५.६.३ राष्ट्रिय सूचना आयोगको १८ औं स्थापना दिवस

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि कम्तिमा एकजना महिलासमेत समावेश हुने गरी एक जना प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्त भएको तीन सदस्यीय स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था छ। यस अनुरुप २०६५ साल वैशाख २२ गते पहिलो पटक राष्ट्रिय सूचना आयोगको गठन भै कार्य प्रारम्भ भएको दिनलाई आयोगको स्थापना दिवसको रुपमा विगतका वर्षदेखि नै मनाइदै आएको छ। यस बर्ष २०८२ साल बैशाख २२ गते पनि राष्ट्रिय सूचना आयोगको १८ औं स्थापना दिवस राष्ट्रपतिको प्रमुख आतिथ्यतामा राष्ट्रपतिको कार्यालयमा समारोह आयोजना गरी मनाइयो। उक्त समारोहमा राष्ट्रपति, सञ्चार तथा सूचना प्रविधि मन्त्री, राष्ट्रपति कार्यालयका विज्ञहरू, संवैधानिक निकायका प्रमुखहरू, नेपाल सरकारका सचिवहरू, सुरक्षा निकायका प्रमुखहरू, मन्त्रालयका सूचना अधिकारीहरू, पत्रकार र सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा विशेष सम्वोधन गर्नु हुँदै राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकमा लोकतन्त्रको संथागत विकासका लागि सरकार र सार्वजनिक निकायको सूचनामा नागरिकको पहुँच सुनिश्चित हुनुपर्ने धारणा व्यक्त गर्नु भएको थियो। उहाँले पारदर्शिता र जवाफदेहिता नै सहभागितामूलक लोकतन्त्रको आधारभूत आवश्यकता

भएको बताउनु भयो । उहाँले सूचनाको हकलाई संविधानमै मौलिक हकका रूपमा व्यवस्था गर्ने दक्षिण एसियाकै पहिलो मुलुक नेपाल भएको समेत उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो - "राज्यको लगानीमा जनताको निगरानी भएन भने मुलुकमा कुशासन मौलाउँछ । विधिको शासन अवरुद्ध हुन्छ र सरकार तथा सार्वजनिक निकायमा स्वेच्छाचारिता बढ्छ ।'' उहाँले गणतन्त्रमा नागरिकलाई सशक्त बनाउन, राज्यको लगानीमाथि उनीहरूको निगरानी बढाउन र शासन प्रणालीलाई पारदर्शी बनाउन विश्वव्यापी रूपमा सूचनाको हकको आन्दोलनले व्यापकता पाउँदै आएको चर्चा गर्नुभयो ।

सूचनाको हकले सरकार र सार्वजनिक निकायको काम कारवाही प्रति नागरिकको परीक्षण र मूल्याङ्कन गराउँछ भन्दै राष्ट्रपति पौडेलले यसबाट नै सरकारप्रतिको बिश्वास अभिवृद्धि हुने हो भन्नुभयो । उहाँले भन्नुभयो- "यसकारण पनि सार्वजनिक निकायका काम कारवाहीको परीक्षण र निगरानी गर्न सूचनाको हकको प्रभावकारी कार्यान्वयन अत्यावश्यक छ, सुसूचित समाजले मात्रै लोकतन्त्रलाई क्रियाशील गराउँछ भन्ने हामी सबैले मनन गरौँ ।"

सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले सरकार जनताको सूचनाको हकप्रति प्रतिबद्ध रहेको बताउनुभयो । जनताले चाहे जस्तो सूचनाको हकको कार्यान्वयन हुन नसकेको बताउँदै उहाँले यसकालागि सूचनाको हकसम्बन्धी ऐनमा संशोधन हुनुपर्ने आवश्यकता समेत औंल्याउनुभयो । सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले सुशासन कायम गर्नु अहिलेको सबभन्दा ठुलो चुनौती रहेको अवस्थामा साशासन कायम गर्न सूचनाको हकको कार्यान्वयन सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेशप्रसाद आचार्यले आयोग जनताको सूचनाको हकको कार्यान्वयनका लागि सधैं प्रतिबद्ध रहेको बताउँदै एक ठाउँमा कार्यक्रम गरेर आयोगको वार्षिकोत्सव मनाउनु पर्याप्त नहुने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो - आयोगको वार्षिकोत्सव आयोगले मनाएर मात्र पुग्दैन । हरेक तहका सरकारले मनाउनु पर्छ । हरेक तहका सरकारले मनाउन सक्यो भने कम्तीमा ७६१ वटा कार्यक्रममा एक दिनमा हुँदै गर्दा आमनागरिकमा सूचनाको हकको विषयमा जानकार हुने अवसर प्राप्त हुन्छ ।

कार्यक्रममा आयोगका सचिव दीर्घराज मैनालीले स्वागत र संचालन उपसचिव देबेन्द्र कार्कीले गर्नुभएको थियो ।

सो अवसरमा आयोगका तर्फबाट ५५ हजार रुपैयाँ नगदसहित 'सर्वोत्कृष्ट अभियन्ता पुरस्कार' तारानाथ दाहाललाई प्रदान गरिएको थियो । त्यसैगरी दीपक रिजाल, गजेन्द्र बुढाथोकी, कविता थापा र हरिराम कोण्डालाई 'उत्कृष्ट अभियन्ता पुरस्कार' प्रदान गरिएको थियो । पुरस्कारको राशि जनही ३० हजार रुपैयाँ छ । त्यसै गरि 'उत्कृष्ट सूचना अधिकारी पुरस्कार' बाट अख्तियार दुरुपयोग अनुसंधान आयोगका सूचना अधिकारी देवीप्रसाद थपलिया, मध्यपुर थिमि नगरपालिका भक्तपुरका सूचना अधिकारी केशव सिलवाल, जिल्ला हुलाक कार्यालय चितवनका सूचना अधिकारी पदम कुमार श्रेष्ठ, मन्थली नगरपालिका रामेछापका सूचना अधिकारी हेमन्तकुमार बुढाथोकी र छत्रदेव गाउँपालिका अर्घाखाँचीका सूचना अधिकारी वृद्धिराम न्यौपानेलाई पुरस्कृत गरिएको थियो । पुरस्कारको राशि जनही ३० हजार रुपैयाँ रहेको छ । सो अवसरमा आयोगका उत्कृष्ट कर्मचारीलाई समेत पुरस्कृत गरिएको थियो ।

#### ५.६.४ राष्ट्रिय सूचना आयोगका कर्मचारीहरू सम्मानित

राष्ट्रिय सूचना आयोगको स्थापना दिवसका अवसरमा आयोगमा कार्यरत कर्मचारीहरू सम्मान गरिएको थियो। कर्मचारीहरूले कार्यालयलाई गरेको योगदानका आधारमा आयोगले आफ्नो वार्षिकोत्सवको अवसरमा कर्मचारीहरूलाई सम्मानसहित पुरस्कृत गरेको हो। राष्ट्रपति कार्यालय शितल निवासमा आयोजित समारोहमा उत्कृष्ट योगदान पुऱ्याउने कर्मचारीहरू मध्येबाट उप-सचिव सन्तोष कुमार दाहाल, उप-सचिव सुदर्शन ढकाल, शाखा अधिकृत दिनेश लुईटेल र नायब सुब्बा रञ्जना कुमारी दाहाललाई उत्कृष्ट कर्मचारी पुरस्कार-२०८२ ले सम्मान गरिएको थियो। उपसचिव दाहाल र ढकाल, शाखा अधिकृत लुईटेल र नायव सुब्बा दाहाललाई नगद सहित ३० हजार र सम्मानपत्र प्रदान गरियो। यसैगरी आयोगमा कार्यरत उत्कृष्ट सहायक कर्मचारी हलुका सवारी चालक सिताराम बस्नेत  र कार्यालय सहयोगी माईली तामाङलाई प्रोत्साहन पुरस्कार नगद राशी १० हजार सहित सम्मानपत्र प्रदान गरियो।

### ५.७ क्षमता अभिबृद्धि कार्यक्रम

#### ५.७.१ सूचनाको हकमा महिला सशक्तिकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम

**क. भरतपुर महानगरपालिका, चितवन**

भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीको प्रमुख आतिथ्यतामा, चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका उपप्रमुख, भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, महानगरपाालिकाका वडाका महिला वडा सदस्यहरू, महानगरपालिकाको महिला बालबालिका महाशाखा प्रमुख, सूचना अधिकारीहरू, नेपाल पत्रकार महासंघ चितवनका जिल्ला अध्यक्ष, कानून व्यवसायीहरू, प्रदेश सहकारी संघका अध्यक्ष र सहकारीका प्रतिनिधिहरू, संचारकर्मीहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक/शिक्षिका तथा विद्यार्थी लगायतको उपस्थितमा आयोजित सूचनाको हकमा महिला सशक्तिकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम २०८१ मंसीर १६ गते भरतपुर जिल्लाको भरतपुर महानगरपालिकामा सम्पन्न गरिएको थियो।

कार्यक्रमलाई भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले ब्यानर पढेर औपचारिक शुभारम्भ गर्नुभएको थियो। आयोगका तर्फबाट आयोगका उपसचिव सन्तोष कुमार दाहालले स्वागत मन्तव्य प्रकट गर्नुका साथै सूचनाको हकमा महिला सशक्तिकरण सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कुनै पनि सूचना माथिको सहज पहुँच नै सूचनाको हक हो भन्दै नागरिकलाई प्रत्याभूत गरिएका अधिकारहरूमध्ये सूचनाको हक सर्वश्रेष्ठ अधिकार भएको उललेख गर्नुभयो। प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भनी मौलिक हकका रुपमा नेपालको संविधानको धारा २७ मा यो व्यवस्था गरिएको बताउनु भयो।

अन्तरक्रिया कार्यक्रममा कार्यपत्र प्रस्तुतिका क्रममा उपसचिव दाहालले सूचनाको हकको संवैधानिक र कानूनी आधार, सार्वजनिक निकायको दायित्व, सूचना अधिकारीको व्यवस्था, सूचनाको हकका विषयमा उजुरी दिने प्रक्रिया र पुनरावेदनको व्यवस्थाबारे उल्लेख गर्नुभयो। सूचनाको संरक्षण गर्नुपर्ने र यसको दुरुपयोग गर्दा भोग्नु पर्ने कारवाही त्यस्तै दिनुपर्ने सूचना नदिएका कारण भोग्नु पर्ने सजायँ र क्षतिपूर्ति समेतको व्यवस्थाका बारेमा पनि उहाँले सविस्तार बताउनु भएको थियो।

कार्यक्रमका विशेष अतिथि प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेलले राष्ट्रिय सूचना आयोगले यस किसिमको कार्यक्रम आयोजना गरेकोमा आयोग परिवारप्रति आभार व्यक्त गर्दै विगतका तुलनामा आम जनमानसमा सूचनाको हक सम्बन्धी चेतना बढेको भए पनि वडा तहमा बस्ने नागरिकहरू यसप्रति अझै अनभिज्ञ रहेकोले आफूले पनि यस किसिमका कार्यक्रमहरू वडा तहसम्म लैजाने प्रतिवद्धता व्यक्त गर्नुभयो। आगामी दिनमा आयोगले आफ्नो नगरपालिकाभित्र यस किसिमका कार्यक्रमहरू आयोजना गर्न चाहेमा आफूहरूको सहयोग रहने भनाइ व्यक्त गर्नुभएको थियो।

कार्यक्रमका प्रमुख अतिथि एवं भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले अझै पनि विशेषगरी महिला भएकै कारण सूचनाबाट वञ्चित हुनुपरेको अवस्था रहेकोले दूरदराजमा रहेका महिलाहरूका लागि लक्षित गरेर यस किसिमका कार्यक्रमहरू आयोजन हुनुपर्ने बताउनु भयो। अधिकांश सार्वजनिक निकायमा सूचना अधिकारीहरूको व्यवस्था गरिए पनि केही ठाउँहरूमा अझै पनि सोको व्यवस्था भै नसकेको र भएकाहरूबाट पनि मागकर्तालाई चित्त बुझ्दो ढंगबाट सूचना दिने नगरेको प्रसंग उल्लेख गर्नुभयो। उहाँले सूचनाको हकसम्बन्धी ऐन नियमावली भए पनि कार्यान्वयनको पाटोमा अझै फितलो रहेकोले यसबारे सम्बन्धित पक्ष सबै जिम्मेवार हुनैपर्ने र यस किसिमका अन्तरक्रिया र गोष्ठीहरूमा मात्रै सीमित रहने परिपाटीको अन्त्य हुनुपर्ने बताउनु भयो। राज्यका तीनै तहका सरकारले सूचनाको हक सम्बन्धी केही न केही बजेट छुट्टयाउनु पर्ने र सूचना आयोगले पनि यसमा सहयोग पुऱ्याउनु पर्ने सुझाव दिंदै सूचनाको हकको प्रभावकारी कार्यान्वयन नभएसम्म लोकतन्त्र बलियो हुन नसक्ने उल्लेख गर्नुभयो। संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको यो हकको प्रभावकारी कार्यान्वयनमा हामी सबै आ-आफ्नो ठाउँबाट जिम्मेवार भएर लाग्न सके मात्र देश विकास र समृद्धिका लागि अगाडि बढ्न सकिन्छ भन्दै आफ्नो मन्तव्य राख्नु भएको थियो।

सूचना आयुक्त कमला ओलीले भरतपुर महानगरपीलिकामा सूचनाको हकमा महिला सशक्तिकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम राख्ने अवसर प्रदान गरी त्यसका लागि आवश्यक समन्वय र सहजीकरण गरेकोमा महानगरपालिकालाई धन्यवादबाट आफ्ना भनाइ प्रारम्भ गर्नुभयो। आम नागरिकलाई पनि शक्ति सम्पन्न बनाउनु पर्छ भनेर संविधानमै सूचनाको हकको व्यवस्था गरिएको उल्लेख गर्दै कानून प्रतिको पालनामा सबैको प्रतिवद्धता आवश्यक पर्ने कुरा बताउनु भयो। सूचनाको हकको प्रयोगले गर्दा उत्तरपुस्तिका हेर्न पाउने अवस्थाको सृजना भएको प्रसंग उल्लेख गर्दै उहाँले महिला सशक्तिकरण घरबाटै शुरु हुनुपर्छ भन्नु भयो। राज्यबाट प्रदान गरिने हरेक सेवा सुविधाका बारेमा हामी जानकार र सचेत भयौं भने हामी कहिल्यै पछि पर्नु पर्दैन भन्दै कार्यक्रमका सहभागीहरूलाई सूचनाको हकको अभियन्ता बन्न आग्रह गर्नु भयो। अन्त्यमा कार्यक्रममा उठेका प्रतिक्रिया र जिज्ञासाको जवाफ सहित कार्यक्रम सफल बनाउन सहयोग गरेकोमा सहभागी सबैलाई धन्यवाद ज्ञापन गरी कार्यक्रमको समापन गर्नु भएको थियो।

आयोगका शाखा अधिकृत सहनशीला पुडासैनीले कार्यक्रम सञ्चालन गर्नु भएको थियो।

**ख. जिल्ला प्रशासन कार्यालय, इलाम**

जिल्ला प्रशासन कार्यालय इलामको समन्वयमा २०८१ चैत्र १४ गते इलाम जिल्लास्थित संघीय कार्यालय, प्रदेश अन्तर्गतका कार्यालयहरूका महिला कार्यालय प्रमुख तथा महिला सूचना अधिकारी, शिक्षिका, राजनीतिक दलका महिला प्रतिनिधि, प्राध्यापक तथा सञ्चार माध्यमका प्रतिनिधि एवं पत्रकार, सुरक्षा निकायका प्रतिनिधिहरू समेतको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त दुर्गा भण्डारी पौडेलले अध्यक्षता ग्रहण गर्नु भएको थियो। उक्त कार्यक्रम इलाम जिल्ला समन्वय समितिका प्रमुख जयप्रकाश राईको प्रमुख आतिथ्यतामा सञ्चालन भएको थियो । कार्यक्रममा इलाम नगरपालिकाका उपप्रमुख विष्णुकुमारी लिम्बू विशेष अतिथिको रुपमा रहनुभएको र जिल्ला प्रशासन कार्यालय इलामका प्रमुख जिल्ला अधिकारी कल्पना श्रेष्ठ अतिथिको रुपमा रहनु भएको थियो । यस कार्यक्रमको जिल्ला समन्वय समितिका प्रमुख जयप्रकाश राईले ब्यानर पढेर उदघाटन गर्नु भएको थियो ।

कार्यक्रममा आयोगका उपसचिव सुदर्शन ढकालले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । स्वागत मन्तव्य तथा कार्यपत्र प्रस्तुतिका क्रममा उहाँले सूचनाको हकको सार्वजनिक निकायमा पारदर्शिता र उत्तरदायित्व अभिबृद्धि गर्दै लोकतन्त्रलाई सुदृढ गर्न महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उपस्थितिका लागि सबै अतिथि र सहभागीहरूप्रति आभार सहित स्वागत गर्नु भयो । उहाँले सूचनाको हकको संवैधानिक र कानूनी व्यवस्थाको बारेमा जानकारी गराउँदै नागरिकको सूचना माग गर्ने र पाउने हक मौलिक हकको रुपमा रहेको बताउनु भयो । सूचनाको हक सम्बन्धी ऐनमा सूचना माग्ने, पाउने, सूचना उपलब्ध नगराएमा हुने कानूनी उपचारका विषय, सार्वजनिक निकायले दिन मिल्ने र नमिल्ने सूचनाको विषय लगायत सूचना माग गर्नेदेखि पुनरावेदनसम्मका विषयमा प्रकाश पार्दै सूचनाको हक कार्यान्वयमा समग्रमा संघीय सरकार, प्रदेश सरकार र जिल्लास्तरका अनुगमन इकाइबाट अनुगमन गर्ने विषयमा जानकारी दिदै राष्ट्रिय सूचना आयोग स्वतन्त्र निकायको रुपमा रहेको बताउनु भयो । कार्यपत्र प्रस्तुतिका क्रममा उहाँले सूचनाको हक प्रयोग गरी प्राप्त गरेका सफलताका घटना तथा आयोगबाट भएका सजायँहरूका बारेमा सहभागीहरूलाई जानकारी गराउनुभयो । सूचनाको हक प्रर्वद्धनमा महिलाहरूको सक्रिय सहभागिता आवश्यक रहेको र महिलाको भूमिका बढाउन आयोग सहयोगीको रुपमा रहने बताउनु भयो । आयोगको स्थापना कालदेखि हालसम्म आयोगमा परेका पुनरावेदनको संख्यामा क्रमश भएको बृद्धिलाई नागरिकमा सूचनाको हकसम्बन्धमा सचेतना बढेको, सार्वजनिक निकायले राम्रो भूमिका निर्वाह गरेको वा सूचना नदिएका कारणले भएको हो त्यसको विश्लेषण गर्नु पर्ने समय आएको बताउँदै उहाँले अन्तरक्रियामा सक्रिय सहभागिताको लागि अनुरोध गर्दै पुनः स्वागत गर्नु भएको थियो ।

कार्यक्रममा छलफल र अन्तरक्रिया पश्चात इलाम जिल्लाका प्रमुख जिल्ला अधिकारी कल्पना श्रेष्ठले आफ्नो मन्तव्य राख्नु भएको थियो । मन्तव्यको क्रममा उहाँले सूचनाको हक संवैधानिक र मौलिक हकको रुपमा स्थापित रहेको बताउनु भयो । सूचनाको हक कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालयले विभिन्न समयमा जिल्ला स्थित सूचना अधिकारीको नियमित बैठक तथा समय समयमा निर्देशन र अनुगमन गरिरहेको बताउनुभयो । जिल्लास्थित महिला सूचना अधिकारी तथा अन्य महिला सहभागीहरूको सक्रिय सहभागिताको प्रशंसा गर्दै उहाँले सूचनाको हक कार्वान्यनमा महिलाहरूको भूमिका महत्वपूर्ण हुने समेत बताउनुभयो । जिल्ला प्रशासन कार्यालयको सूचनालाई स्वीकार गरी सक्रिय उपस्थिति जनाइदिनु भएकोमा सहभागीहरूप्रति समेत आभार व्यक्त गर्दै आफ्नो मन्तव्य राख्नुभयो ।

यसैगरी कार्यक्रमका विशिष्ट अतिथि इलाम नगरपालिकाका उपप्रमुख विष्णुकुमारी लिम्वुले छोटो मन्तब्य राख्दै सूचनाको हकमा महिला सहभागिता महत्वपूर्ण रहेको भएता पनि तथ्यांकले सन्तोषजनक अवस्था नरहेको बताउनुभयो । यसका लागि सबैले प्रोत्साहित गर्नु पर्ने आवश्यकता औंल्याउनु भयो । सूचनाको हकका नाममा दुख दिने प्रवृत्तिलाई निरुत्साहित गर्न आयोग अग्रसर हुनुपर्ने धारणा राख्दै सहभागी र आयोजकलाई धन्यबाद दिदै आफ्नो मन्तव्य टुंग्याउनु भयो ।

सूचनाको हक सम्बन्धमा इलाम जिल्लामा कार्यक्रम आयोजना गर्नु भएकोमा आयोग र सहभागिताको लागि सबैलाई धन्यवाद दिंदै जिल्ला समन्वय समितिका प्रमुख तथा कार्यक्रमका प्रमुख अतिथिले पनि आफ्नो मन्तव्य राख्नु भएको थियो । उहाँले कार्यक्रमको सफलताको कामना व्यक्त गर्दै मन्तव्यका क्रममा लोकतन्त्र र सूचनाको हक एक अर्काको परिपुरक रहेको बताउनु भयो । प्रविधिको प्रयोगले सूचनाको प्रवाह र प्रसारण सहज भएको प्रसंग उल्लेख गर्दै प्रमुख अतिथिले नेपालमा महिला सहभागिता र सशक्तिकरण बृद्धि भएको बताउनु भयो । यस प्रसंगमा उहाँले अमेरिका जस्तो विकसित देशमा समेत हालसम्म महिला राष्ट्रपति निर्वाचित हुन नसकेको तर नेपालमा महिला राष्ट्रपति, प्रधान न्यायाधीश, सभामुख जस्ता महत्वपूर्ण पदमा पुगिसकेको हुँदा सूचनाको हकको अभ्यासमा समेत महिलाहरूको सहभागिता सक्रिय रहेको र अझ सशक्त भएर लाग्नुपर्ने बताउनुभयो । सूचनाको हक सम्बन्धी यस्तो महत्वपूर्ण विषयका राष्ट्रिय सूचना आयोग तथा सहभागीहरूप्रति आभार व्यक्त गर्नुभयो ।

छलफल र अन्तरक्रियामा उठेका जिज्ञासा र सवालहरूमा राष्ट्रिय सूचना आयोगका आयुक्त दुर्गा भण्डारी पौडेलले सम्बोधन गर्दै सूचनाको हक मौलिक हकको रुपमा व्यवस्था गरिएको र राष्ट्रिय सूचना आयोग त्यसको कार्यान्वयनमा क्रियाशील रहेको बताउनु भयो। सूचनाको हकको कार्यान्वयन र अभ्यासमा महिलाको भूमिका महत्वपूर्ण हुने जनाउदै जागरुक भएर यसमा लाग्न अनुरोध गर्नुभयो । सूचना आयुक्त पौडेलले प्रमुख अतिथि, विष्टि अतिथि, प्रमुख जिल्ला अधिकारी लगायत सबै सहभागीलाई सक्रिय सहभागिताको लागि धन्यवाद र आभार प्रकट गर्दै कार्यक्रमको समापन गर्नु भयो ।

### ५.७.२ तनाव व्यवस्थापन तथा कर्मचारी क्षमता अभिबृद्धि तालिम

आयोगमा कार्यरत कर्मचारीहरूलाई उत्प्रेरित गर्ने र आयोगका क्रियाकलापहरूमा सक्रियतापूर्वक सहभागी गराउने उद्देश्यका साथ तालिमका लागि श्रोत व्यक्तिका रुपमा आयोगका प्रमुख सूचना आयुक्त र आयुक्तहरूका साथै आयोग बाहिरबाट समेत श्रोत व्यक्ति रहने गरी आयोगमा कार्यरत कर्मचारीहरूलाई आयोगको काममा बाधा नपर्ने गरी २०८२ जेठ १६ गते शुक्रवार बेलुकी र १७ गते शनिवार दुई दिन आवासीय रुपमा चन्द्रागिरी नगरपालिका १ इन्द्रस्थानमा तालिम सञ्चालन गरिएको थियो । तालिममा स्वागत गर्नुहुँदै आयोगका उपसचिव देवेन्द्र कार्कीले तनाव व्यवस्थापनसम्बन्धी तालिमले कर्मचारीहरूमा केही हदसम्म भए पनि उत्साह र नयाँ उर्जा थपिने, एकै किसिमको दैनिकी र गर्नुपर्ने कामका कारण व्यक्तिमा देखापर्ने अनेक किसिमका तनावहरूलाई पनि कमी गर्न मद्दत पुग्ने भनाइ राख्नु भएको थियो । कार्यक्रमको पहिलो दिन आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्य र सचिव दीर्घराज मैनाली कार्यालय प्रयोजनका लागि प्रभावकारी लेखनका विषयमा प्रस्तुति सहित जानकारी गराउनु भयो । पहिलो दिनको पहिलो सत्रमा आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यले प्रेस विज्ञप्ति लेखन अभ्यासका विषयमा प्रक्षिक्षण दिनुभएको थियो भने कार्यक्रमको दोस्रो सत्रमा आयोगका सचिव दीर्घराज मैनालीले सूचनाको हक कार्यान्वयनमा देखिएका चुनौति र भावी कार्यदिशाको बारेमा तालिम तथा प्रक्षिणण दिनुभएको थियो । उक्त सत्रहरूमा कर्मचारीहरूले प्रेस विज्ञप्ति लेखन लगायतका विषयमा आफूलाई लागेका जिज्ञाषाको बारेमा सोध्नुभएको थियो भने प्रमुख सुचना आयुक्त डा. सुरेशप्रसाद आचार्यले उहाँहरूका जिज्ञाषाको सम्वोधन गर्नु भएको थियो ।

उक्त दुई दिने कार्यक्रमको दोस्रो दिनको पहिलो सत्रमा जीवन विज्ञानका प्रशिक्षक डा एल पी भानुले तनाव व्यवस्थापन र क्षमता अभिवृद्धि सम्बन्धी विविध विषयमा सहभागी कर्मचारीहरूका लागि प्रशिक्षण दिनु भएको थियो ।

त्यसैगरी कार्यक्रमको दोस्रो दिनको सुरुवात सहभागीहरूलाई हाइकिङ्गबाट शुरु भएको थियो । बिहानी खाजा लगत्तै शुरु भएको दोस्रो दिनको पहिलो सत्र जीवन विज्ञानका संस्थापक तथा प्रशिक्षक एल. पी. भानु शर्माले तनाव व्यवस्थापनका विषयमा विभिन्न विचार तथा तरिकाहरूको बारेमा जानकारी गराउनु भएको थियो । तनावको परिचय, यसका किसिम, वातावरणीय तत्त्वहरू, तनावका तहहरू र तनावका प्रभाव र लक्षणहरूका बारेमा उहाँले बताउनु भएको थियो । यस क्रममा तनावका विशेषताहरू के हुन ? तनावलाई कसरी व्यवस्थापन गर्न सकिन्छ र यसलाई व्यवस्थापन गर्ने उपायहरू के के हुन ? भन्ने विषयमा समेत आफ्नो विचार प्रस्तुत गर्नु भएको थियो । त्यस्तै उहाँले निजामती सेवामा तनाव व्यवस्थापनका उपायका बारेमा र तनावका विशेषता, तनावका प्रकार, निजामती सेवामा तनाव व्यवस्थापनको अवस्था, तनावको कारण, तनावका परिणाम, तनाव व्यवस्थापनका उपाय र वाह्य तथा अन्य प्रयासका बारेमा सहभागीहरूसँग छलफल गरी उनीहरूका जिज्ञाषा लगायतमा प्रश्नोत्तर गरी जिज्ञाषाहरूको सम्वोधन गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा पनि जीवन विज्ञानका संस्थापक तथा प्रशिक्षक एल. पी. भानु शर्माले तनाव व्यवस्थापनको व्यावहारिक अभ्यास गराउँदै प्रशिक्षण दिनुभएको थियो । सो क्रममा प्रशिक्षकले विभिन्न किसिमका योग, प्रणायाम र ध्यानका विधिहरूको तालिम दिनुभएको थियो । उक्त विधिहरूको मद्दतले सहभागीहरूलाई कार्यक्रमको पहिलो सत्रमा सिकेका तनाव व्यवस्थापनलाई कसरी व्यवहारिक रुपमा उतार्ने भन्ने विषयमा स्पष्ट हुन सहयोग गरेको थियो । तनाव व्यवस्थापनका विषयमा सहभागी कर्मचारीहरूले सक्रियतापूर्वक भाग लिंदै आफूहरूलाई केही हदसम्म भए पनि यस किसिमको तालिम प्रभावकारी भएको र यस्ता तालिमहरूले कर्मचारीको आफ्नो दैनिक जीवनमा समेत सकारात्मक प्रभाव पर्ने अनुभूति गरिएको थियो । कार्यक्रमको अन्तिम सत्रमा प्रमुख आयुक्त डा. आचार्यले कर्मचारीहरू मिडियासँग कसरी प्रस्तुत हुने भन्ने विषयमा प्रस्तुतिसहित प्रशिक्षण दिनु भएको थियो । उक्त तालिमलाई आयोगका सचिव मैनालीले यस तालिमले कर्मचारीहरूले प्रवाह गर्ने सेवामा समेत गुणस्तरीयता आउने विश्वास व्यक्त गर्दै कार्यक्रम समापन गर्नु भएको थियो ।

### ५.७.३ विद्यालयस्तरीय अभिमुखीकरण कार्यक्रम

सूचनाको हक सम्बन्धी विद्यालयस्तरीय अन्तरक्रिया कार्यक्रम २०८१ फागुन २२ गते नेपाल आर्दश मा. वि. कपिलवस्तुमा सम्पन्न गरिएको थियो । राष्ट्रिय गानबाट शुरु भएको उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त गगन विष्टले गर्नु भएको थियो । सूचनाको हक सम्बन्धी विद्यालय स्तरीय अन्तरक्रिया कार्यक्रममा नेपाल आर्दश मा.वि कपिलवस्तुका शिक्षक अभिभावक सघंका अध्यक्ष नारायणबहादुर थापा, नेपाल आर्दश मा.वि कपिलवस्तुका विद्यालय व्यवस्थापन समिति अध्यक्ष नरेन्द्रमान के.सी, शिवराज नगरपालिका वडा न. १ का वडा अध्यक्ष खिमविक्रम के सी, नेपाल आर्दश मा.वि कपिलवस्तुका प्र.अ मुक्तिनाथ पोखरेल, समाजसेवी सी बी गहतराज र कक्षा ८ र ९ का विद्यार्थी र शिक्षक गरी करीव १०० जनाको उपस्थिति रहेको थियो ।

अन्तरक्रिया कार्यक्रमलाई सूचना आयोगका शाखा अधिकृत डिल्लीराम भट्टले सञ्चालन गर्नुभएको थियो भने आयोगका उपसचिव सुर्दशन ढकालले कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतिका क्रममा उपसचिव ढकालले सूचनाको हकसम्बन्धी ऐन २०६४ ले सार्वजनिक निकायलाई जिम्मेवार र जवाफदेही बनाउँदै पारदर्शिता र सुशासनको परिकल्पना गरेको प्रष्ट पार्नु भयो । ऐनले सार्वजनिक निकायको जिम्मेवारीलाई सम्बन्धित कार्यालयका प्रमुखको जिम्मेवारीका रुपमा परिभाषित गरेको प्रष्ट पार्दै

उहाँले सूचनाको हकसम्बन्धी ऐन तथा नियमावलीमा भएको व्यवस्था, सूचना अधिकारी तोक्ने विषय, स्वतः प्रकाशन गर्नु पर्ने विषय प्रस्तुत गर्नुभयो। सूचना माग गर्दा सूचना दिनुपर्ने विषय, सार्वजनिक निकायको दायित्वको विषय, आयोगले गरेका आदेशहरूको कार्यान्वयन सम्बन्धी विषय र यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पृष्ठभूमिका बारेमा समेत उहाँले प्रकाश पार्नु भएको थियो। कार्यपत्र प्रस्तुतका क्रममा सूचना के हो ? सूचनाको हक किन ? भन्ने प्रष्ट पार्दै उहाँले सूचनाको हक सम्बन्धी विश्वव्यापी सिद्धान्तहरू, सूचनाको हकको संवैधानिक र कानूनी आधार उल्लेख गर्नु भयो। यसैगरी उहाँले सार्वजनिक निकायको प्राथमिक दायित्व सूचना अधिकारीको व्यवस्था गर्नु हो भन्ने जानकारी गराउँदै सूचनाको हकका विषयमा उजुरी दिने प्रक्रिया र पुनरावेदनको व्यवस्था, सूचनाको संरक्षण गर्नुपर्ने र यसको दुरुपयोग गर्दा भोग्नु पर्ने कारवाहीबारे प्रष्ट पार्नु भयो। त्यस्तै दिनुपर्ने सूचना नदिएका कारण भोग्नु पर्ने सजायँ र क्षतिपूर्ति समेतको व्यवस्थाका बारेमा सविस्तार बताउदै उपसचिव ढकालले सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको दायित्व र कानूनी प्रावधान बारेको कार्यपत्र प्रस्तुतिकरण गर्नु भएको थियो।

राष्ट्रिय सूचना आयोग सूचना आयुक्त गगन विष्टले सूचनाको हकसम्बन्धी कार्यक्रम राख्ने अवसर प्रदान गरी त्यसका लागि आवश्यक समन्वय र सहजीकरण गरेकोमा प्रधानाध्यापक वडा अध्यक्ष लगायत कार्यक्रम सफल पार्न सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिनु भयो। सूचनाको हकसम्बन्धी ऐन २०६४ ले सार्वजनिक निकायलाई जिम्मेवार र जवाफदेही बनाउँदै पारदर्शिता र सुशासनको परिकल्पना गरेको उल्लेख गर्नु भयो। ऐनले सार्वजनिक निकायको जिम्मेवारीलाई सम्बन्धित कार्यालयका प्रमुखको जिम्मेवारीका रुपमा परिभाषित गरेको जानकारी गराउँदै उहाँले हरेक नागरिक सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीमा भएको व्यवस्थाबारे जानकार हुनाले नै लोकतन्त्र बलियो हुने बताउनु भयो। पारदर्शिता लोकतन्त्रको आधार हुने भएकाले सार्वजनिक निकायलेसूचना अधिकारी तोकेर माग गरिएका सूचना प्रवाह गर्ने र आफूले गरेका महत्वपूर्ण निर्णय र काम कारवाहीका विषय स्वतः प्रकाशन गर्नुले समाजमा बिश्वासको वातावरण सिर्जना हुने बताउनु भयो। विद्यार्थीहरूले अहिलेदेखि नै सूचनाका हकका बारेमा चासो दिएमा समाज रुपान्तरणमा अग्रणी भूमिका निर्वाह गर्न सक्ने पनि आयुक्त विष्टले बताउनु भयो। सूचनाको हक सम्बन्धी विद्यालय स्तरीय यो अन्तरक्रिया कार्यक्रमले सूचनाको हकका बारेमा विद्यार्थीलाई थोरै भए पनि जानकारी र सजग गराएको बिश्वास व्यक्त गर्दै उहाँले कार्यक्रमको समापन गर्नु भएको थियो।

## ५.८ सूचना आयोगको अन्तर्राष्ट्रिय सम्बन्ध र गतिविधि

सूचना आयुक्तहरूको अन्तर्राष्ट्रिय सम्मेलन (आईसीआईसी) को १६औं संस्करण जर्मनीको राजधानी बर्लिनमा सम्पन्न भएको छ। Information and Data Protection Commission, Germany को आयोजनामा जुन २३ देखि २५, २०२५ (२०८२ असार ९-११) सम्म चलेको सम्मेलनले पारदर्शिता, जवाफदेहिता, समावेशिता, खुलापन, स्वयत्तता एवं आत्मसम्मान र सहकार्यलाई मार्ग निर्देशक सिद्धान्तका रुपमा अंगीकार गरेको छ। यी सिद्धान्तका आधारमा ११ बुँदे बर्लिन घोषणापत्र जारी गरिएको छ। सम्मेलनका क्रममा भएका विषयगत छलफलहरू मूलतः दीगो विकासका लागि वातावरण संरक्षण र डिजिटल डेटा संरक्षणमा केन्द्रीत रहे। घोषणापत्रका ११ मध्येको एक बुँदामा वातावरणमा पारदर्शिता र डिजिटल रुपान्तरणका लागि आईसीआईसीले सम्वाद, सहयोग र कार्ययोजनाको बिश्वमञ्चका रुपमा काम गर्ने उदघोष गरेको छ। दीगो विकास, जनस्वास्थ्य, जलवायु न्यन र प्रभावकारी शासनको आधारशीलाका रुपमा वातावरणीय सूचनामा पहुँच बढाउने प्रतिवद्धता पनि घोषणापत्रमा जनाइएको छ।

आईसीआईसीको १७औं संस्करण अर्को वर्ष अफ्रिकी मुलुक सियरा लिओनमा हुने भएको छ । सियरा लिओनका प्रमुख सूचना आयुक्त डा. इब्राहिम सिगा शोले बर्लिनमा यस वर्षको सम्मेलन समारोहका सबै सहभागीलाई अर्को वर्ष आफ्नो मुलुकमा स्वागत गर्न चाहेको बताउनु भयो । यसैगरी आईसीआईसीको १८औं संस्करण २०२७ क्या( नडामा हुने भएको छ । क्यानडाका सूचना आयुक्त क्यारोलिन मेनार्डले यसको घोषणा गर्नु भएको हो ।

यसपटक बर्लिनमा सम्पन्न आईसीआईसी १६औं संस्करणमा सधैं झैं नेपालका तर्फबाट राष्ट्रिय सूचना आयोगले सहभागिता जनाएको छ । आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्य र सचिव दीर्घराज मैनाली सम्मेलनमा सहभागी हुनु भएको थियो ।

कार्यक्रमको पहिलो दिन उदघाटन सत्रमा अध्यक्ष तथा आईसीआईसी सचिवालयका तर्फबाट अल्वानियाका बेस्निक डेरभिसी र आयोजक जर्मनीका तर्फबाट डेटा संरक्षण तथा सूचनाको स्वतन्त्रता आयोगका संघीय आयुक्त प्राध्यापक डा. लुइसा स्पेक्ट-रिमिस्निडरले स्वागत गर्नुभयो । उदघाटन सत्रमै जर्मनीको वातावरण मन्त्रालयका संसदीय सचिव रिता स्वार्जलर-सुटर र युनेस्को केन्द्रीय कार्यालय पेरिसका सूचना सम्बन्धी सचिव एवं नीति तथा डिजिटल रुपान्तरण महाशाखाका निर्देशक गुलहरमी कोनेला डिसुइजा गोडाईले सम्मेलनको विषयवस्तुमा मुख्य अवधारणा (Key Note Speech) राख्नु भएको थियो ।

विषयवस्तु प्रवेश गर्दै जर्मनीका सचिव स्वार्जलर-सुटरले 'पृथ्वीलाई बचाउँ-चुनौतीको सामना गरौं' भन्ने नाराबाट आफ्नो भनाइ प्रारम्भ गर्नु भयो । उद्योग, माटो र वातावरणका विषयमा पारदर्शिता अबको सोच हुनु पर्ने उहाँको धारणा थियो । सूचनाको उपलब्धता उपभोक्तामैत्री हुनु पर्ने र सूचना सबैले सहज रुपमा पाउनु पर्ने उहाँले बताउनु भयो ।  यसैगरी युनेस्कोका निर्देशक गोडाईले दीगो विकास लक्ष्यको १६.१०.२ ले सूचनाको अधिकारलाई प्राथमिकता दिएको स्मरण गराउनु भयो र भन्नुभयो- खुलापनको संस्कृतिको अभाव यत्रतत्र छ । हामी सबै व्यस्त छौं । कर्मचारीतन्त्रमा सूचना कहाँ छ भन्ने कुराको नै सूचना छैन । संस्थागत अभिलेख पाउन कठीन छ । यो नै सूचना प्रवाहको चुनौती हो ।

सम्मेलनमा पहिलो र दोस्रो दिन सात सातवटा विषयवस्तुमा समानन्तर सेसन सञ्चालन गरिएको थियो । साथै अलग अलग महादेश अनुसारका क्षेत्रीय बैठकहरू सञ्चालन भएका थिए । नेपाल दक्षिण पूर्व एशिया अर्न्तगतका मुलुकहरू संगठित एशियन एक्सेस टु इन्फर्मेशन अलायन्स बैठकमा पर्यवेक्षकका रुपमा सहभागी भएको थियो । नेपालले आईसीआईसीका सदस्यहरू महादेश अनुसार स्वतः क्षेत्रीय सञ्जालको सदस्य हुनुपर्ने विषय उठाएको थियो । यस अतिरिक्त, अफ्रिकन नेटवर्क अफ इन्फर्मेशन कमिसन्स, ट्रान्सपरेन्सी एण्ड एक्सेस टु इन्फर्मेशन, एशोसिएशन अफ इन्फर्मेशन एक्सेस कमिसनर्स र यूरोप रिजनल नेटवर्कका बैठक समानान्तर रुपमा सञ्चालन भएका थिए ।

कार्यक्रमको तेस्रो दिन समापन अघि हरेक क्षेत्रका मुलुकका विषयमा क्षेत्रीय रुपमा सूचनाको हकको अवस्थाका बारेमा प्रस्तुति गरिएको थियो । दक्षिण पूर्व एशियाका तर्फबाट नेपाल लगायतका देशका विषयमा फिलिपिन्सको राष्ट्रपतिको सञ्चार कार्यालयका सञ्चार तथा क्षमता विकास महाशाखा प्रमुख क्रिजिया केसी एभेजारले प्रस्तुति गर्नु भयो । उहाँ एशियन एक्सेस टु इन्फर्मेशन अलायन्सको अध्यक्ष पनि हुनुहुन्छ । सम्मेलनमा झण्डै १०० देशका १५० भन्दा बढी प्रतिनिधि सहभागी भएका थिए ।

### ५.९ नेपाली राजदूतहरूसँग अलग्गै छलफल

सूचना आयुक्तहरूको अन्तर्राष्ट्रिय सम्मेलन (आईसीआईसी) मा भाग लिने क्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेश आचार्य र सचिव दीर्घराज मैनालीले चार देशका राजदूतहरूसँग अलग अलग भेट गरी सूचना प्रवाहका बारेमा छलफल गर्नु भएको छ ।

जर्मनीका लागि नेपाली राजदूत डा. शैल रुपाखेतीसँग बर्लिनमा छलफल भएको थियो । यस क्रममा उहाँले सीमित कर्मचारीका बीच काम गर्नु परे पनि जर्मनी र नेपालबाट माग हुने सूचनाका विषयमा जानकारी गराउने गरेको बताउनु भयो । जर्मनीमा नेपाली भाषामा समाचार प्रकाशन प्रसारण गर्ने नेपाली मूलका पत्रकारहरूले बेलाबखत सूचना माग्ने गरेको जानकारी दिनुभयो । यसैगरी, काम गर्न गएका नेपाली नागरिकको मृत्यु वा असहज परिस्थितिमा गुज्रनु परेको अवस्थाबारे नेपालबाट समेत पत्रकारले सूचना माग गर्ने गरेको जानकारी दूतावासका डीसीएम सागर फुयाँलले दिनुभयो ।

बेल्जियमका राजदूत सेवा लम्सालले यूरोपियन युनियन र लक्जेम्बर्ग समेतमा राजदूतको भूमिका निर्वाह गरिरहेको तर दूतावासको जनशक्ति अत्यन्त कम रहेको राजदूत सेवा लम्सालले जानकारी दिनुभयो । उहाँले आफू परराष्ट मन्त्रालयमा रहँदा प्रवक्ताको भूमिकामा समेत रहेको स्मरण गर्दै सूचना माग गर्नेप्रति दूतावास सकारात्मक रहेको बताउनु भयो ।

फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईले सूचनाको हकका सन्दर्भमा आफूले परराष्ट मन्त्रालयमा सूचना अधिकारी रहँदा राष्ट्रिय सूचना आयोगमा छलफलका लागि उपस्थित भएको स्मरण गर्नु भयो । युनेस्कोका लागि राजदूत समेत रहनु भएका भट्टराईले युनेस्को र फ्रान्समा रहेका नेपाली नागरिकसँग सम्बन्धित सूचनाहरू दूतावासले उपलब्ध गराउँदै आएको बताउनु भयो । उहाँले डीसीएमलाई नै सूचना अधिकारी तोकिएको पनि जानकारी दिनुभयो ।

संयोगवश जर्मनी भ्रमणमा रहनु भएकी डेनमार्कका लागि नेपाली राजदूत सुम्निमा तुलाधरसँग पनि बर्लिनमा छलफल गरियो । यूरोपका दूतावासमध्ये नै सबैभन्दा कम जनशक्तिका आधारमा काम गरिरहेको जानकारी दिंदै उहाँले सूचनाको हकका विषयमा डेनमार्कमा अध्ययनरत विद्यार्थीहरू यदाकदा आउने गरेको र आफूले उनीहरूलाई सूचना उपलब्ध गराउने गरेको छलफलका क्रममा बताउनु भयो ।

छलफलका क्रममा प्रमुख सूचना आयुक्त डा. सुरेश आचार्यले हरेक नेपाली जहाँ रहे पनि सूचनाको अधिकार राख्ने भएकाले नेपाली दूतावासहरूले पनि सूचना प्रवाह गर्नु पर्ने बताउनु भयो । आयोग सचिव दीर्घराज मैनालीले सूचना प्रवाह गरेर नै अफवाहहरूलाई चिर्न सकिने बताउनु भयो ।

## ५.१० प्रकाशन तथा प्रचार प्रसार

### ५.१०.१ सूचना मेरो अधिकार त्रैमासिक बुलेटिन

सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोग लगायत विभिन्न निकाय तथा संस्थाको आयोजनामा भएका कार्यबारे सर्वसाधारणलाई जानकारी होस् र अभिलेखवद्ध गर्न सकियोस् भन्ने उद्देश्यले राष्ट्रिय सूचना आयोगले प्रत्येक त्रैमासिकमा भएका गतिविधिहरू समेटी त्रैमासिक रूपमा सूचना मेरो अधिकार नामक बुलेटिन प्रकाशन गर्दै आएको छ । पहिलो अंक प्रकाशनमा ढिलाइ र नयाँ आयोग पदाधिकारी आउन भएको ढिलाइका कारण साउन-पुस संयुक्त अंक प्रकाशन गरियो । यसकारण प्रत्येक त्रैमासिकमा निकाल्नु पर्ने बुलेटिन यस आर्थिक वर्षमा ३ वटा अंक मात्र प्रकाशन गर्न सकिएको छ ।

### ५.१०.२ गोरखापत्र संस्थानमा प्रकाशन

राष्ट्रिय सूचना आयोगको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आयोगले जनताको सूचनाको हक सुरक्षित गर्न गोरखापत्र संस्थानसँगको सहकार्यमा गोरखापत्र दैनिकमार्फत् सूचनाको हक सम्बन्धमा जानकारीमूलक, सन्देशमूलक एवम् सूचनामूलक सामग्रीहरू प्रकाशन गर्न सम्झौता भई ७ वटा जानकारीमूलक, सन्देशमूलक एवम् सूचनामूलक सामग्री प्रकाशन गरिएका थिए । यस कार्यक्रमले नेपालका

सुगम तथा दुर्गम भेगमा रहेका नागरिकले सूचनाको हक र अधिकारका बारेमा पढ्ने मौका पाई सूचनाको हकका सम्बन्धमा आमनागरिक सुसूचित भएको विश्वास आयोगले गरेको छ ।

### ५.१०.३ रेडियो नेपालमार्फत सम्पन्न भएका कार्यक्रम

राष्ट्रिय सूचना आयोगको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नागरिकको सूचनाको हक सुरक्षित गर्ने प्रयोजनार्थ रेडियो नेपालसँगको सहकार्यमा **सूचना हाम्रो अधिकार** नामक कार्यक्रम निर्माण तथा प्रसारण गर्न सम्झौता भई सोही अनुरुप कार्यक्रम रेडियो नेपालबाट प्रसारण भयो । रेडियो नेपालबाट १५ मिनेटका ११ वटा प्रसारण भएका र यी कार्यक्रमले नेपालका विकट तथा दूरदराजमा रहेका नागरिकलाई समेत सूचनाको हकका बारेमा महत्वपूर्ण जानकारीहरू प्रसारण गरी सुसूचित गराई जनचेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुगेको विश्वास आयोगले गरेको छ ।

### ५.१०.४ नेपाल टेलिभिजनमार्फत सम्पन्न भएका कार्यक्रम

राष्ट्रिय सूचना आयोगको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल टेलिभिजनसँगको सहकार्यमा **सूचना मेरो हक** कार्यक्रम निर्माण तथा प्रसारण गर्न सम्झौता भई सोही अनुरूप नेपाल टेलिभिजनबाट यो आर्थिक वर्ष ८ वटा कार्यक्रम प्रसारण गरियो । यी ८ वटा शृङ्खला आयोगका प्रमुख सूचना आयुक्त, सूचना आयुक्त, सचिव, पूर्व सचिव, पूर्व पदाधिकारी र सूचना प्रवाहको क्षेत्रमा विशिष्ट योगदान गर्नुभएका अन्य व्यक्तित्वहरूसँगकोकुराकानीका रुपमा चैत देखि असारसम्म हरेक १५ दिनमा प्रसारण गरिएको थियो । यसको पुनप्रसारणको समेत व्यवस्था मिलाई चार महीनाको अवधिमा हरेक साता जसो नेपाल टेलिभिजनबाट कार्यक्रम प्रसारण भएका थिए । कार्यक्रममा सहभागीहरूबाट व्यक्त विचारले सूचनाको हकको संरक्षण, सम्वर्द्धन, जनचेतना तथा पारदर्शिताका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको आयोगले बिश्वास लिएको छ । यस कार्यक्रमले शहरी एवम् विद्युतीय पहुँच भएका स्थानका नागरिकलाई संविधानमा व्यवस्था भएको सूचनाको हकको बारेमा प्रष्ट्याउने एवम् जनचेतना अभिवृद्धि गराउने कार्यमा सहयोग नै पुगेको छ भन्ने आयोगको ठम्याइ रहेको छ । यो कार्यक्रमको सञ्चालन सरला बुढाथोकी सिलवालले गर्नु भएको थियो ।

### ५.१०.५ सूचनाको अधिकार : आरटीआई जर्नल प्रकाशन

सूचनाको हकको प्रयोगको क्षेत्रमा नयाँ अध्ययन, अनुसन्धान तथा सिद्धान्तहरूको विकास भइरहेको हुन्छ । सूचनाको हकका क्षेत्रमा कार्य गर्ने, योगदान पुऱ्याउने, अध्ययन गर्ने, प्रयोग गर्ने, अनुसन्धान गर्ने विद्वत वर्गको योगदान सूचनाको हकको संरक्षण, प्रवर्द्धन र प्रचलनमा महत्वपूर्ण रहेको हुन्छ । यस क्षेत्रमा भएका प्रयोग यसरी विद्वत वर्गको उपलब्धीलाई सर्वसाधारणको जानकारीमा ल्याउन आवश्यक र उपयोगी हुने तथ्यलाई मनन गरी राष्ट्रिय सूचना आयोगले प्रत्येक वर्ष आरटीआई जर्नल प्रकाशन गर्ने गरेको छ । यस जर्नलमा सूचनाको हकका क्षेत्रलाई विषयवस्तु बनाएर अध्ययन गर्ने, अनुसन्धान गर्ने विद्वत वर्गबाट तयार गरिएका लेखहरू समावेश गर्ने गरिएको छ । यस आर्थिक वर्षमा प्रकाशन भएको **सूचनाको अधिकार** (A Journal of RTI) वर्ष ९ अंक ९ मा ७ वटा लेख समावेश गरिएको थियो । यस वर्षको जर्नलको विषय र लेखकहरूको परिचय **अनुसूची- १०** राखिएको छ ।

#### ५.१०.६ सफलताको कथा प्रकाशन

सूचनाको हकको प्रयोगबाट भएका सकारात्मक उपलब्धीबारे आम नागरिकलाई प्रभावकारी रुपमा जानकारी दिन सकियोस् भन्ने हेतुका साथ **सफलताको कथा** प्रकाशन गरिएको हो । यस संग्रहमा सूचनाको हक प्रयोग गरेर प्राप्त भएका १३ वटा सत्य घटना संग्रहित छन् । यो संगालो प्रकाशनमा द एसिया फाउन्डेशनको सहयोग रहेको थियो । सफलताको कथामा प्रकाशित लेखहरूको विवरण **अनुसूची- ११** राखिएको छ ।

#### ५.१०.७ आदेशको सँगालो प्रकाशन

राष्ट्रिय सूचना आयोगबाट भएका आदेशहरू संकलन गरी सरोकारवालाहरूको जानकारीका लागि प्रकाशन गर्ने उद्देश्यबाट विविध मितिमा आयोगबाट भएका आदेशहरू प्रकाशन गरियो । यो पुस्तक नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशन भएको छ । यो संगालो प्रकाशनमा समेत द एसिया फाउन्डेशनको सहयोग रहेको थियो ।

### ५.११ विविध गतिविधिह

#### ५.११.१ प्रधानमन्त्री समक्ष वार्षिक प्रतिवेदन हस्तान्तरण

राष्ट्रिय सूचना आयोगले आर्थिक वर्ष २०८१/८२ मा आयोगबाट सम्पादन भएका कामकारवाहीको वार्षिक प्रतिवेदन २०८१ साल मंसीर १३ गते प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष पेश गरेको छ। सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २५ को उपदफा १ बमोजिम आयोगको वार्षिक प्रतिवेदन प्रधानमन्त्री मार्फत व्यवस्थापिका संसदमा पेश गर्ने व्यवस्था छ। वार्षिक प्रतिवेदन ग्रहण गर्दै प्रधानमन्त्री ओलीले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सरकार प्रतिवद्ध रहेको र यसका लागि आयोगलाई स्रोत साधन सम्पन्न बनाउन तथा कानून संशोधन गर्नसमेत आफ्नो तर्फबाट सकारात्मक पहल हुने बिश्वास दिलाउनु भयो । प्रधानमन्त्री ओलीले सार्वजनिक निकायलाई नागरिकप्रति जवाफदेही बनाउन र सुशासन कायम गर्न आफू प्रतिवद्ध रहेको आयोगका प्रतिनिधिहरूलाई बताउनु भएको थियो। उक्त प्रतिवेदन आयोगले सोही दफाको उपदफा (२) बमोजिम सर्वसाधारणको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गरी सांसद तथा सर्वसाधारणमा वितरण समेत गरिसकेको छ ।

#### ५.११.२ अनुगमन

राष्ट्रिय सूचना आयोगले नुवाकोट स्थित जिल्लाका कार्यालयका सूचनाको हक कार्यन्वयनको अनुगमन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। राष्ट्रिय सूचना आयोग र प्रमुख तथा सूचना अधिकारीहरूसंग सूचनाको हक अभ्यास बारे असार ८ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो। आयोगका सूचना आयुक्त दुर्गा भण्डारी पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । जिल्ला स्थित कार्यालय प्रमुख र सूचना अधिकारीबीच सूचनाको हक सम्बन्धी ऐनमा भएका व्यवस्था, नागरिकहरूको सूचनाको हकको संरक्षण, अभ्यास र कार्यान्वयन भएका ब्यवहारिक कठिनाईहरू बारे चर्चा गरिएको थियो। आयुक्त भण्डारीले सूचनाको हकको अभ्यासले पारदर्शीता कायम तथा शुशासन कायम हुने बिश्वास व्यक्त गर्नुभयो । उहाले लोकतन्त्रलाई बलियो बनाउने हो भने नागरिकको सूचनाको हकको असल अभ्यासलाई अगाडी बढाउनुपर्छ भन्नुभयो । उहाले "कुनै पनि बहानामा सूचना दिन्न भन्न मिल्दैन र सूचनाको दुरुपयोग गर्नेहरूलाई कारवाहीको व्यवस्था कानुन्ले गरेको छ" भन्नुभयो । सो अवसरमा नुवाकोटका प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले नुवाकोट जिल्लामा सूचनाको हकको कार्यान्वयन प्रभावकारी ढंगबाट भईरहेको जानकारी दिनुभयो । उहाले सूचना माग्न आउने नब्बे प्रतिशत पत्रकारिता पृष्ठभूमि भएकाहरू हुने बताउदै । राष्ट्रिय

सूचना आयोगलाई सहजकर्ताको भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । कार्यक्रमको संचालन सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद हुमागाँईले गर्नु भएको थियो ।

## ५.१२ सूचनाको हकसम्बन्धी राष्ट्रिय रणनीतिक योजना (२०२१ देखि २०२५) सम्बन्धी प्रगति

सूचनाको हकसम्बन्धी राष्ट्रिय रणनीतिक योजना (२०२१-२०२५) ले मुख्य रुपमा ४ वटा रणनीतिक प्राथमिकता निर्धारण गरेको छ। पहिलो रणनीतिक प्राथमिकताले नागरिकलाई सूचनाको हकको प्रयोग गर्न प्रोत्साह तथा सशक्तीकरण गर्ने विषय अन्तर्गत ३ वटा रणनीतिक उद्देश्यहरू तोकेको छ भने दोस्रो रणनीतिक प्राथमिकतामा सूचनाको हकका प्रबर्द्धक/समर्थक/अभियान्तालाई प्रोत्साहन, प्रबर्द्धन, सहजीकरण गर्ने गरी ४ वटा रणनीतिक उद्देश्यहरू तय गरेको छ। त्यसै गरी तेस्रो रणनीतिक प्राथमिकताले सार्वजनिक निकायलाई पुनः अभिमुखीकरण तथा सुदृढ गर्ने ७ वटा रणनीतिक उद्देश्यहरू प्राप्त गर्ने भनी उल्लेख गरेको छ। चौथो रणनीतिक प्राथमिकता सूचना आयोगको संस्थागत क्षमता विकास तथा सुदृढीकरण गर्नका लागि १० वटा रणनीतिक उद्देश्यहरू निर्धारण गरेको छ।

रणनीतिक योजना (२०२१-२०२५) ले निर्धारण गरेका उपरोक्त ४ वटा रणनीतिक प्राथमिकता अन्तर्गतका रणनीतिक उद्देश्यहरू र सो उद्देश्य परिपूर्तिका लागि तोकिएका क्रियाकलापहरूमा आर्थिक वर्ष २०८१/८२ मा भएका मुख्य मुख्य प्रगति विवरणहरू निम्न बमोजिम रहेका छन्। सूचना हाम्रो अधिकार नामक कार्यक्रम निर्माण तथा प्रसारण गर्ने कार्य रेडियो नेपालबाट भएको (१० वटा)

- सूचनाको हकसम्बन्धी जानकारीमूलक, सन्देशमूलक सामाग्रीहरू गोरखापत्रमा प्रकाशन गरिएको
- सूचना मेरो हकसम्बन्धी Talk Show नेपाल टेलिभिजनबाट प्रसारण गरिएको ।
- नेपाल पत्रकार महासंघ एवम् सूचनाको हकका लागि राष्ट्रिय महासंघमार्फत कार्यक्रम सञ्चालन गरेको ।
- न्यायाधिश र कानून व्यवसायीहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया सम्पन्न गरेको ।
- अधिकांश सार्वजनिक निकायमा सूचना अधिकारी तोकिएको परीक्षण र सर्वेक्षणबाट देखिएको ।
- आयोगद्वारा आदेश जारी भएको ।
- प्र. जि. अ. लाई गर्न गराउने कार्यको लागि अनुगमन गर्न जिल्ला अनुगमन इकाई रहेको ।
- आयोगको बैठकबाट विभिन्न निर्णय गरी सबै तालिम सञ्चालन गर्न संस्थालाई निर्देशन सहित पत्राचार भएको ।
- आयोगले प्रदेश, जिल्ला र पालिकास्तरमा वार्षिक स्वीकृत कार्यक्रम अनुसार अन्तरक्रिया गरेको ।
- अन्तरक्रिया कार्यक्रमहरूमा पृष्ठपोषण प्राप्त हुने गरेको र सुधारको प्रयास भइरहेको ।
- वार्षिक प्रतिवेदन, बुलेटिन (त्रैमासिक), स्वतः प्रकाशनमार्फत प्रचार प्रसार गर्ने एवम् सामाजिक संजालमार्फत समेत प्रचार प्रसार गर्ने गरेको ।
- अन्तर्राष्ट्रिय सूचना आयुक्तहरूको वार्षिक सम्मेलन (ICIC) जर्मनीमा सहभागिता जनाई पारस्परिक सम्बन्धको विकास गरेको ।
- प्रत्येक वर्ष भदौ ३ गते राष्ट्रिय सूचना दिवस एवम् २८ सेप्टेम्बरमा अन्तर्राष्ट्रिय सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी दिवस मनाउने गरेको ।
- वार्षिक रुपमा विज्ञहरूको लेखहरूको संगालो सूचना मेरो अधिकार (RTI Journal) प्रकाशन गरेको ।
- कम्पनी रजिष्ट्रारको कार्यालयको पुरानो भवनलाई मर्मत सम्भार गरी आयोगको कार्यालय स्थापना गरिएको तर स्वामित्व आयोगको नाममा नरहेको ।
- आयोगले प्रदेश मन्त्रालयको आर. टी. आई. अडिट विज्ञबाट गराई प्रतिवेदन प्राप्त गरेको ।

- संघीय संसदमा वार्षिक प्रतिवेदन पठाउने गरेको । छलफल गराउने प्रयास भएको ।
- आयोगले संघीय मन्त्रालय र विभागहरूका सूचना अधिकारीहरूसँगको अन्तरक्रिया सम्पन्न गरेको ।

## ५.१३ राष्ट्रिय सूचना आयोगलाई पूर्व आयुक्तहरूको सुझाव

राष्ट्रिय सूचना आयोगलाई आयोग कै पूर्व आयुक्तहरूले सुझाव दिनु भएको छ । २०८१ पुस १ गते आयोगको कार्यालयमा भएको अन्तरक्रियामा पूर्व प्रमुख आयुक्त महेन्द्रमान गुरुङले नागरिकमा सूचनाको हकको खोजी बढ्दै गएकोले प्रोत्साहित गर्न सुझाव दिनु भयो । उहाँले नेपाल लगायत दक्षिण एशियाली मुलुकहरूमा सूचनाको हकको अभ्यास राम्रो हुदै गएको जानकारी गराउनुभयो । पूर्व प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाको भने फरक बिचार रहेको थियो । उहाँले राज्य प्रणाली अझै पनि सूचना दिन तयार नभएको खुलासा गर्नुभयो । उहाँले अझै पनि सार्वजनिक निकायमा सूचना दिने संस्कार विकास नभएको बताउनुभयो । पूर्व प्रमुख आयुक्त बाँस्कोटाले सूचना आयोगलाई संबैधानिक आयोग बनाउनु पर्ने सुझाव दिनु भयो । उहाँले यसको कार्यान्वयन पक्ष प्रभावकारी बनाउन जोड दिनुपर्ने सुझाव दिनुभयो । पूर्व कार्यवाहक प्रमुख सूचना आयुक्त श्री आचार्यले आयोगको काम कारवाहीलाई प्रादेशिक स्तरमा पुऱ्याउन शाखा गठन गर्नु पर्ने सुझाव दिनु भयो ।

आयुक्त किरण पोखरेलले स्वतः प्रकाशनलाई कार्यान्वयन गर्न गराउन सुझाव दिनुभयो । यो प्रावधानलाई कार्यान्वयन नगर्ने निकायलाई दण्डित गर्नु पर्ने बताउनुभयो । पूर्व आयुक्त अधिवक्ता कमला ओलीले सूचना मागकर्ताको सुरक्षा, कानुन्मा भएको बिषयमा ध्यान दिन सुझाव दिनुभयो । उहाँले सूचना मागकर्तालाइ हतोत्साही हैन संरक्षण गर्न जोड दिनु भयो । राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त सुरेश आचार्यले सूचनाको हकको दुरुपयोग हुन नदिन आफूहरू सचेत रहेको बताउनुभयो । सूचना मागकर्ताको पक्षमा बढी काम गर्नुपर्ने बताउनुभयो । प्रमुख आयुक्त आचार्यले मौलिक र आफ सरोकारको बिषयमा सूचना माग गर्नु जोड दिइने बताउनु भयो ।

कार्यक्रममा आयुक्तहरू गगन बिष्ट र दुर्गा भण्डारी पौडेलले अन्तरक्रियाबाट आएका सुझावहरूलाई मध्यनजर गर्दै असल अभ्यासको थालनी गर्ने बताउनुभयो । अन्तरक्रियामा आयोगका सचिव कमलप्रसाद भट्टराई, उपसचिव द्वय सन्तोषकुमार दाहाल, सुदर्शन ढकाल र शाखा अधिकृत दिनेश लुईटेलको उपस्थिति रहेको थियो ।

## ५.१४ सूचनाको हकका विज्ञहरूसँग राष्ट्रिय सूचना आयोगको छलफल

राष्ट्रिय सूचना आयोग र सूचनाको हकका विज्ञहरूबीच सूचनाको हकको प्रभावकारी कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । २०८१ पुस ४ गते आयोग परिसरमा भएको अन्तरक्रिया कार्यक्रममा प्रशासकीय अदालतका पूर्व अध्यक्ष तथा कानूनविद् काशीराज दाहालले सूचनाको हक नागरिकको महत्वपूर्ण अधिकार भएकोले यसको कार्यान्वयनमा जोड दिनु पर्ने बताउनु भयो । यसको कार्यान्वयन गर्न केवल संघीय संरचनाको परिकल्पना गरिएको उल्लेख गर्दै उहाँले प्रदेश स्तरीय कार्यालय खडा गरेर सूचनाको हकको कार्यान्वयन गर्नु/गराउनु पर्नेमा जोड दिनुभयो । उहाँले सूचनाको हकले लोकतन्त्र बलियो बनाउने, भ्रष्टाचार उजागर गर्न सकिने, असल शासनका लागि प्रयास गर्न सकिने बताउनुभयो । उहाँले सूचनाको हक कति कार्यान्वयन भयो भन्ने बारे पनि समीक्षा हुनुपर्ने समय आएको बताउनु भयो ।

समावेशी आयोगका पूर्व अध्यक्ष डा. रामकृष्ण तिमिल्सिनाले ऐनले गोप्य राख्न भनिएका पाँचवटा विषयको ब्याख्या हुनुपर्ने भन्दै "नेपालको खुला र प्रष्ट इतिहास छैन र नेपालको इतिहास बिदेशीले लेखिदिनु परेको छ" भन्नुभयो ।

सूचनाको हकको अभियन्ता तथा फ्रिडम फोरमका कार्यकारी निर्देशक तारानाथ दाहालले सूचनाको हक माग गर्दा दुरुपयोगको भाष्य पैदा गर्न नहुने बताउनु भयो । उहाँले कहि कतै कोहीबाट भएका कमजोरीलाई दुरुपयोगको भाष्य निर्माण गरेर सूचनाको हक कुण्ठित हुन सक्ने तर्फ सचेत गराउनुभयो ।

त्रिभुवन विश्वविद्यालय पत्रकारिता विभागका उपप्राध्यापक डा. श्रीराम पौडेलले सूचनाको वर्गीकरण गर्नु पर्ने, सूचनाको हक सम्बन्धी अभ्यासलाई व्यापक बनाउन दूरदराजमा अभियान सञ्चालन गनुपर्ने बताउनुभयो ।

सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उम्मीद बागचनले सजिलोसँग दिन सकिने सूचना पनि लुकाउने प्रवृत्ति देखिएको बताउनुभयो । उहाँले आम नागरिकले सूचनाको हक प्रयोग गर्न सकिने वातावरण बन्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेशप्रसाद आचार्यले एकातिर सूचना लुकाउने प्रवृत्ति रहेको अर्को तर्फ सूचनाको हकको दुरुपयोग बढ्दै गएको भन्ने गुनासो बढेकाले सन्तुलित ढंगबाट काम गर्नुपर्ने बताउनुभयो ।

सो अवसरमा आयोगका आयुक्त द्वय गगन बिष्ट र दुर्गा भण्डारी पौडेलको उपस्थिति रहेको थियो । आयोगका सचिव कमल भट्टराई, उपसचिवद्वय सन्तोषकुमार दाहाल र सुदर्शन ढकाल तथा शाखा अधिकृत दिनेश लुईटेल पनि कार्यक्रममा उपस्थित रहनु भएको थियो ।

## ५.१५ राष्ट्रपतिसँग आयोगका पदाधिकारीहरूको भेट

राष्ट्रिय सूचना आयोगको टोलीले राष्ट्रपति रामचन्द्र पौडेलसँग २०८१ चैत १३ गते भेटघाट गरेको थियो । भेटका अवसरमा राष्ट्रपति पौडेलले आयोगले गरिरहेका कामका विषयमा जानकारी लिनु भएको थियो । राष्ट्रपति पौडेलले सूचनाको हकको अभ्यास बारे थप चासो राख्दै नागरिकको मौलिक हक भएकोले सबैले सूचनाको हक निर्वाध रुपमा प्रयोग गर्न पाउनुपर्ने सहज वातावरण हुनुपर्ने बताउनु भयो । उहाँले सूचनाको हकको प्रयोगले लोकतन्त्र बलियो हुने बिश्वास ब्यक्त गर्नुभयो । उहाँले सूचनाको हकले पारदर्शिता र सुशासनलाई महत्वपूर्ण टेवा पुऱ्याउने हुँदा आयोगले त्यसतर्फ आमनागरिकलाई अभिप्रेरित गर्नुपर्छ भन्नु भएको थियो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेशप्रसाद आचार्यले सूचनाको हकको अभ्यासलाई आम नागरिकको तहसम्म पुऱ्याउन आयोग सधैं कटिबद्ध रहेको बताउनु भयो । उहाँले सूचनाको हकको प्रयोगले मुलुकमा असल शासन कायम गर्न सकिने बिश्वास ब्यक्त गर्नुभयो । आयोगका प्रमुख आयुक्त डा. आचार्यले आयोग निकै सानो बजेटमा खुम्चिएर रहेकाले सीमित साधनका भरमा अधिकतम काम गर्न प्रयत्नरत रहेको जानकारी गराउनु भएको थियो ।

सो अवसरमा राष्ट्रिय सूचना आयोगका आयुक्त द्वय गगन बिष्ट, दुर्गा भण्डारी पौडेल र राष्ट्रपतिका प्रेस सल्लाहकार तथा पूर्व आयुक्त किरण पोखरेल आयोगका सचिव दीर्घराज मैनाली र राष्ट्रपतिका स्वकीय सचिव लगायतको उपस्थिति रहेको थियो ।

## ५.१६ उच्च अदालत पाटनद्वारा राष्ट्रिय सूचना आयोगमा अनुगमन

उच्च अदालत नियमावली २०७३ को नियम १४१ मा न्यायलयले मतहतका अर्ध न्यायिक निकायहरूको अनुगमन गर्ने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम उच्च अदालत पाटनले २०८१ चैत २१ गते राष्ट्रिय सूचना आयोगको निरीक्षण भ्रमण गरेको छ। आयोगको कार्यालय त्रिपुरेश्वरमा उच्च अदालत पाटनका न्यायाधीश नारायणप्रसाद रेग्मीले आयोगको पुनरावेदन सुनुवाई प्रक्रियाबारे चासो राख्नुभएको थियो। न्यायाधीश रेग्मीले आयोगले निर्णय गर्दा अदालतको जस्तो लामो प्रक्रिया नगरे पनि केही सिद्धान्तहरूलाई पछ्याउनु पर्ने सुझाव दिनुभयो। सूचना आयुक्त दुर्गा भण्डारी पौडेलले पुनरावेदन माथि निर्णय गर्दा नेपालको संविधान २०७२ को धारा २७ सूचनाको हक सम्बन्धी ऐन २०६४ मा भएका व्यवस्थाहरूका साथै व्यक्तिको गोपनियता लगायतका बिषयलाई ध्यानमा राखेर निर्णय प्रकृया अवलम्बन गरिने गरेको जानकारी गराउनु भएको थियो।

## ५.१७ सूचनाको हक सम्बन्धी प्रशिक्षण सम्पन्न

नेपालको संविधान र सूचनाको हक सम्बन्धी ऐन २०६४ ले व्यवस्था गरेको नागरिकको अधिकारलाई सर्वसाधारण समक्ष जुन गतिमा पुऱ्याउनु पर्ने हो त्यो हदसम्म हुन नसकेको अनुभव र गुनासोलाई ध्यानमा राखी युयसएआइडी/एशिया फाउण्डेशन÷;ीएसएम कार्यक्रमको सहयोगमा राष्ट्रिय सूचना आयोग र महिला पत्रकारहरूको संस्था संचारिका समूहले प्रशिक्षण शिविरको आयोजना गरेका थिए । साउन २५ गते जनकपुरमा आयोजना गरिएको सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगका तत्कालीन प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले उद्घाटन गर्नुभएको थियो । उद्घाटन अवसरमा प्रमुख सूचना आयुक्त गुरूङ्गले भाषण गर्नु हुँदै सूचनाको हकलाई नागरिक तहसम्म पुऱ्याउन र सूचनाको हकको प्रयोग गर्न सक्षम बनाउने आयोगको उद्देश्य रहेको बताउनु भयो । सो अवसरमा उहाले कार्यक्रमबाट अधिकतम फाइदा लिन आग्रह गर्नुभयो ।

कार्यक्रममा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव र नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष मनिका झाले सूचनाको हक महत्वपूर्ण अधिकार भएकोले यसको सदुपयोग गर्न अनुरोध गर्नु भएको थियो । कार्यक्रमको अध्यक्षता संचारिका समूहका अध्यक्ष बिमला तुम्खेवाले गर्नु भएको थियो । उपाध्यक्ष पवित्रा सुनारले स्वागत गर्नु भएको यो कार्यक्रम समूहका मधेश प्रदेश अध्यक्ष सुनिता बराललले सञ्चालन गर्नुभएको थियो । दुई दिन सञ्चालन भएको प्रशिक्षण शिविरमा ताराबहादुर भण्डारी, जेबी बिश्वकर्मा लगायतले प्रशिक्षण दिनु भएको थियो । सञ्चारिका समूहले यस्तै खालका कार्यक्रम सिराहा, दाङ्ग र बर्दियामा पनि सम्पन्न गरेको थियो ।

## ५.१८ सूचनाको हकबारे संसदीय समितिमा छलफल

सूचनाको हक बारे प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिमा छलफल भएको थियो । समितिले पिछडिएका जाति, वर्ग, क्षेत्र, समुदायको सूचनाको हक प्रत्याभूति गराउने सम्बन्धमा राष्ट्रिय सूचना आयोग समक्ष छलफल कार्यक्रम आयोजना गरेको थियो । आयोग सूचनाको हकलाई देशको समग्र विकासको मूलप्रवाहमा ल्याउन सक्षम नभइसकेको ठहर समितिले गऱ्यो । २०८१ साउन १० गते समितिमै भएको छलफलमा समितिका सभापति किरणकुमार शाहले सूचनाको हकको कार्यान्वयनमा जोड दिनु पर्ने बताउनु भयो । उहाँले विकासको मूलप्रवाहमा आउन नसकेका जाति, वर्ग तथा समुदायको लागि सूचनाको हकको प्रभावकारी महत्व हुने बताउनु भयो ।

राष्ट्रिय सूचना आयोगले गरेको प्रस्तुतिबारे छलफल गर्दै समितिका सदस्यहरूले सूचनाको हकको कार्यान्वयन, महिलाका लागि भएको व्यवस्था, कार्यान्वयन प्रभावकारीका लागि गरिएका प्रयास, मूलप्रवाहमा आउन नसकेकाका लागि के गर्न सकिन्छ भन्ने लगायतका विषयमा सुझाव, जिज्ञाषा तथा प्रश्न राख्नु भएको थियो । यस क्रममा आयोगका प्रमुख आयुक्त गुरुङ्गले आयोगले गरेका मुख्य कामहरू, सूचनाको हकको प्रयोगबाट भएका उपलव्धीहरू बारेमा पनि जानकारी गराउनु भएको थियो । सांसदहरूद्वारा सोधिएका प्रश्न र जिज्ञाशा उपर जवाफ दिदै प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले सूचनाको हक नेपालको संविधान र सूचनाको हक सम्बन्धी कानूनले नेपाली नागरिकलाई प्रदान गरेको महत्वपूर्ण अधिकार रहेको उल्लेख गर्नु भयो । सूचनाको हक मानव अधिकारको रुपमा रहेको, विश्वमा १४० भन्दा बढी देशमा लागु भई सकेको जानकारी गराउँदै उहाँले यसकारण पनि सूचनाको हकको सदुपयोग गर्न गराउन संसदीय समितिहरूको अत्यन्त महत्वपूर्ण भूमिका हुने भएकाले सूचनाको हकलाई नागरिक तहसम्म पुऱ्याउन सहयोग गर्न आग्रह गर्नु भयो । कार्यक्रममा आयोगका आयुक्त द्वय कमला ओली थापा र रत्न प्रसाद मैनाली, आयोगका कर्मचारी, समितिका कर्मचारी तथा सञ्चारकर्मीको उपस्थिति रहेको थियो । सो अवसरमा आयोगका निमित्त सचिव युवराज अधिकारीले आयोगका तर्फबाट प्रस्तुति गर्नु भएको थियो ।

### ५.१९ आरटीआई अडिट

आयोगको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुदूरपश्चिम प्रदेश अन्तर्गतका मन्त्रालय, कार्यालय, स्थानीय तह लगायतका कार्यालयमा सूचनाको हकको कार्यान्वयनको अवस्था अध्ययन गर्न आयोगको निर्णयानुसार ठमनाथ घिमिरेलाई परामर्शदाता छनौट गरिएको थियो । सोही बमोजिम परामर्शदाताबाट सूदुरपश्चिम प्रदेशका मन्त्रालयहरूको स्थलगत अध्ययन र अवलोकन तथा भेटघाट पश्चात् २०८२ जेठ २५ मा प्रतिवेदन आयोगमा प्राप्त भएको थियो । सरोकारवाला पक्षसँग प्रश्न सोधेर विभिन्न प्रश्नावलीमार्फत् अध्ययन प्रतिवेदन तयार गरी पेश भए बमोजिमका कार्यालयको नामावली, निष्कर्ष र सुझाव देहाय बमोजिम रहेको पाइयो :

आरटीआई अडिट गरिएका सुदूरपश्चिम प्रदेश अन्तरगतका निकायको नामावली

- क. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
- ख. आन्तरिक मामिला तथा कानून मन्त्रालय
- ग. आर्थिक मामिला मन्त्रालय
- घ. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
- ङ. भौतिक पूर्वाधार विकास मन्त्रालय
- च. सामाजिक विकास मन्त्रालय
- छ. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
- ज. प्रदेश सभा सचिवालय
- झ. प्रदेश लोक सेवा आयोग
- ञ. पूर्वाधार विकास कार्यालय, कैलाली
- ट. यातायात व्यवस्था कार्यालय, कैलाली
- ठ. जिल्ला मालपोत कार्यालय, कैलाली
- ड. धनगढी उपमहानगरपालिका

सूदुरपश्चिम प्रदेश अन्तर्गतका मन्त्रालय, कार्यालय, स्थानीय तह लगायतका कार्यालयमा सूचनाको हकको कार्यान्वयनको अवस्था सम्बन्धमा आरटीआई अडिटबाट प्राप्त निष्कर्ष र सिफारीश देहाय बमोजिम रहेको छ ।

#### ५.१९.१ निष्कर्ष र सिफारीश

सूचनाको हक कार्यान्वयनका लागि विशेष प्रबन्धः सूचनाको हक नागरिकसँग प्रत्यक्ष जोडिएको विषय भए पनि यसको प्रचारप्रसार हुन नसक्दा अझै पनि पत्रकार र केही टाठाबाठाका लागि ल्याइएको हो कि भन्ने छाप नागरिकमा परेको पाइएको छ । सूचना माग्न आउने सर्वसाधारण नागरिकको उपस्थिति सार्वजनिक निकायमा कम हुनुले यही कुरा पुष्टि गर्दछ । जति आएका छन्, ती मध्ये अधिकांश सञ्चारकर्मी र अभियानर्मीहरू आएबाट यस्तो जानकारी ग्रहण गर्नुपर्ने नै हुन्छ । यसमा सुधार ल्याउन संघ, प्रदेश र स्थानीय तहसम्म व्यापक रूपले प्रचार प्रसार गर्न राष्ट्रिय सूचना आयोगको विशेष पहल आवश्यक देखिन्छ ।

परीक्षण एवम् सर्वेक्षण कार्यलाई निरन्तरताः सूचनाको हक कार्यान्वयनको अवस्था परीक्षण सम्बन्धी कार्यलाई निरन्तरता दिँदा लेखाको त अडिट आउँथ्यो आउँथ्यो अब त सूचनाको हक कार्यान्वयन भए नभएको समेत अडिट हुन थाल्यो यो त जसरी पनि नगरी भएन भन्ने अवस्था सिर्जना हुनसक्छ ।

सूचनाको हकले पारेका सकारात्मक प्रभावः सूचनाको हक माग्न, कार्यान्वयन गर्न र सहजीकरण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्ति तथा संस्थालाई प्रोत्साहन हुने खालका क्रियाकलाप खोजी गरी कार्यान्वयन गर्न सके लाभप्रद हुन सक्छ ।

सूचना अधिकारीलाई सक्रिय र उत्तरदायी बनाउनु पर्नेः यसका लागि हालका सूचना अधिकारीहरूलाई सूचनाको हकको गम्भीरता बुझाउन प्रदेशस्तरीय तालिम कार्यक्रम, अहिले केही कार्यालयले लागु गरेजस्तै मोबाइल र सिमको व्यवस्थालाई अनिवार्य गर्ने जस्ता कार्यलाई उदाहरण मान्न सकिन्छ ।

स्वतः प्रकाशन नियमित र अद्यावधिक गर्नुपर्नेः प्रत्येक कार्यालयले गर्नुपर्ने स्वतः प्रकाशनको तयारी र नियमितताका लागि वार्षिक बजेटको व्यवस्था गर्न लगाउनुपर्ने ।

गुनासो व्यवस्थापनमा डिजिटल उपायहरू अवलम्बन गर्नुपर्नेः धनगढी उपमहानगरपालिकाले गरेजस्तै गुनासो सुन्ने मोबाइल एप र सेवाग्राही सोधपुछ कक्ष र जहाँ अन्तरक्रिया गर्न मिल्ने खालका डिजिटल स्मार्ट बोर्डको प्रबन्ध गर्ने कार्य उदाहरण हुन सक्छन् ।

फाइल व्यवस्थापन डिजिटल प्रणालीमा रूपान्तरण गर्नु पर्नेः हाल अधिकांश सरकारी कार्यालयले अवलम्बन गरिआएको फाइलिङ सिस्टमसँगै डिजिटाइज गर्ने प्रबन्ध मिलाउनु पर्ने ।

नागरिकको पहुँच सुधार्न प्रचारप्रसार सशक्त बनाउनु आवश्यकः सरकारी कार्यालयमा नागरिकको पहुँच वृद्धि गर्न प्रचारप्रसारका माध्यमको प्रयोग गर्नुपर्ने हुन्छ । किनभने अहिले पनि अधिकांश सरकारी कार्यालयमा सूचना माग्न जानेमा सञ्चारकर्मीकै संख्या बढी देखिएका छन् । यसबाहेक सूचना माग्ने भन्दा पनि अलमल्याउने ध्येयले पुगेका केही व्यक्तिहरु पर्छन् । उदाहरणका रूपमा केही कारणले ठेक्कापट्टा पाउनबाट बञ्चित भएका, विज्ञापन नपाएका व्यक्तिहरु पुग्ने गरेका छन् । यसरी जानु नराम्रो मान्न मिल्दैन किनभने कम्तीमा सूचना माग्न त आयो वा पारदर्शी बन्न त सघायो भन्न सकिन्छ ।

वेबसाइट सञ्चालन र सामग्री तयारीः कतिपय कार्यालयमा वेबसाइट नै छैन, भएका केहीमा पनि थपघट गर्न मिल्ने अवस्था छैन । वेबसाइट निर्माण गराउँदा प्रदेश तहबाटै सञ्चालन गरिए पनि केही कार्यालयमा ६ महिनासम्म नचलेको, पहिले बनाउनेले युजर आइडी र पासवर्ड नदिएको, फेरि बनाइरहेको तर त्यो कामले प्राथमिकता नपाएको हुँदा सूचनामा नागरिकको पहुँच वृद्धि तत्काल हुन कठिन रहेको अवस्था भएकाले संभाव्य पहल गर्नुपर्ने आवश्यकता देखिएको। यसका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँग राष्ट्रिय सूचना आयोगले पहल गरेर प्रदेश तहमा वेबसाइट सञ्चालनका लागि बैठक एवम् समन्वयका लागि छलफल गर्नु आवश्यक रहेको ।

## ५.२० अन्य निकायबाट सम्पादित क्रियाकलापहरु

सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ बमोजिम गठित अनुगमन इकाईहरुबाट आ.व २०८१/८२ मा भए गरेका अनुगमन सम्बन्धी प्रगति विवरण :

**गण्डकी प्रदेश**

प्रदेश अनुगमन इकाई अन्तर्गत गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गठित प्रदेश अनुगमन इकाईबाट देहाय बमोजिमका कार्यहरु भएका छन् :

१. सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ बमोजिम २०७७ असोज २१ गते गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकको निर्णयानुसार देहाय अनुसार प्रदेश अनुगमन ईकाईको गठन भएको छः

क) संयोजक सचिव, शासकीय सुधार तथा समन्वय महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

ख) सदस्य सचिव, आन्तरिक मामिला महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

ग) सदस्य-सचिव- उपसचिव, शासकिय सुधार तथा समन्वय महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

२. प्रदेश अन्तर्गतका कार्यालयहरुमा सूचनाको हकको प्रभावकारी रुपले कार्यान्वयन गर्न प्रदेश अनुगमन ईकाईको मिति २०८१।०६।०९, २०८१।०६।१३, २०८१।०७।०८ र २०८१।०९।२९ गते गरी हालसम्म ४ वटा बैठक बसी जम्मा ७ वटा निर्णय भएको ।

३. उक्त समितिको मिति २०८१।०६।१३ को निर्णय बमोजिम यस कार्यालयबाट मनाङ, पर्वत, म्याग्दी र लमजुङ गरी ४ वटा जिल्लाका प्रादेशिक कार्यालयहरुमा सूचनाको हक कार्यान्वयनको अवस्थाको स्थलगत अनुगमन गरिएको र उक्त अनुगमनका क्रममा निम्न तथ्यहरु पाइएको थियो :

क. अनुगमन गरिएका सबै कार्यालयहरुमा सूचना अधिकारीको विवरण सार्वजनिक भएको पाइयो । (फ्लेक्स, वेबसाइटमा)

ख. अनुगमन गरिएका प्रायः सबै कार्यालयहरुका सूचना अधिकारीसँग छलफल गर्दा सूचनाको माग मौखिक रुपमा आउने र फछ्र्यौट पनि तुरुन्तै मौखिक रुपमै हुने गरेको पाइयो ।

ग. सूचना दिएको वा दिन इन्कार गरेको विषयमा छुट्टै अभिलेख राख्ने गरेको पाइएन ।

घ. अधिकांश कार्यालयबाट कार्यालयको गतिविधि समेटिएको स्वतः प्रकाशन नियमित रुपमा वबसाइटमा प्रकाशन भइरहेको पाइयो ।

ङ. कार्यालय प्रमुख वा सूचना अधिकारीले हालसम्म कुनै पनि सूचनाको हक सम्बन्धी तालिम प्राप्त नगरेको तर तालिमको आवश्यकता महसुस गरेको पाइयो ।

४. प्रदेश अनुगमन ईकाईको २०८१ कात्तिक ८ गतेको निर्णय बमोजिम राष्ट्रिय सूचना आयोगबाट २०८१ पुस २२ गते पोखरामा प्रदेशस्तरीय अनुगमन इकाई प्रमुखसँग "सूचनाको अधिकारः कार्यान्वयनको चुनौती" अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएकोमा यस प्रदेश अन्तर्गतका मन्त्रालय/कार्यालयहरुलाई सहभागी गराउने निर्णय बमोजिम कार्यक्रम आयोजनामा सहजीकरण गरिएको ।

५. चालु आ.व.को वार्षिक विकास कार्यक्रममा सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन समितिको बैठक सञ्चालन र सूचनाको हक सम्बन्धी गोष्ठी कार्यक्रममा बजेट विनियोजना गरिएको ।

**बागमती प्रदेश**

प्रदेश अनुगमन इकाई, बागमती प्रदेशबाट २०८२ असार ९ मा संस्कृति, पर्यटन मन्त्रालय, बागमती प्रदेश हेटौंडा मिति २०८२ जेठ २७ मा सहकारी तथा गरिबी निवारण मन्त्रालय, बागमती प्रदेश र २०८२ बैशाख १४ मा आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशको अनुगमन गरी प्रतिवेदन पेश गरेको ।

**कर्णाली प्रदेश**

त्यसैगरी कर्णाली प्रदेश अनुगमन इकाईबाट कुनै पनि अनुगमन गर्ने कार्य अभिलेखबाट नदेखिएको भनी जानकारी प्राप्त भएको छ भने अन्य प्रदेश अनुगमन इकाई, केन्द्रीय समन्वय इकाई र कार्यान्वयन अनुगमन इकाईबाट कुनै जानकारी प्राप्त नभएकोले प्रतिवेदनमा समावेश गर्न नसकिएको ।

# परिच्छेद- ६
# वित्तीय तथा भौतिक प्रगति

## ६.१ विनियोजित बजेट र खर्चको विवरण

आर्थिक वर्ष २०८१/८२ मा भएको विनियोजित बजेटमध्ये चालूतर्फ ९१.५६ प्रतिशत र पूँजीगततर्फ ७८.९१प्रतिशत रहेको थियो । समग्रमा वित्तीय प्रगति ९०.८२ प्रतिशत रह्यो भने भौतिक प्रगति १०० प्रतिशत रहेको थियो । विस्तृत विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. ६ : आर्थिक वर्ष २०८१/८२ को विनियोजित बजेट र खर्चको विवरण

पूँजीगततर्फ

| खर्च/वित्तीय सङ्केतको नाम | बार्षिक बजेट | खर्च रकम | बाँकी |
|---|---|---|---|
| मेसेनरी तथा औजार | ३२०००० | २५२५१६३ | ६७४८३७ |
| फर्निचर एण्ड फिक्चर | २०००००० | १५५८५९९ | ४४१४०१ |
| निर्मित भवनको संरचनागत सुधार खर्च | ८००००० | ६७८६५८ | १२१३४२ |
| जम्मा | ३२०००० | २५२५१६३ | ६७४८३७ |

चालूतर्फ

| खर्च/वित्तीय सङ्केतको नाम | बार्षिक बजेट | खर्च रकम | बाँकी |
|---|---|---|---|
| पारिश्रमिक कर्मचारी | १४,९४८,०००.०० | १४,२७९,०९५.५४ | ६६८,९०४.४६ |
| पारिश्रमिक पदाधिकारी | ३,३००,०००.०० | ३,२८२,५०५.२४ | १७,४९४.७६ |
| पोशाक | २००,०००.०० | २००,०००.०० | ०.०० |
| औषधी उपचा/खर्च | २४०,०००.०० | १९९,२९९.०० | ४०,७०१.०० |
| महंगी भत्ता | ४८०,०००.०० | ४७०,०००.०० | १०,०००.०० |
| कर्मचारीको बैठक भत्ता | २००,०००.०० | १९६,५००.०० | ३,५००.०० |
| अन्य भत्ता | १००,०००.०० | ७,०००.०० | ९३,०००.०० |
| पदाधिकारी बैठक भत्ता | २००,०००.०० | १९८,०००.०० | २,०००.०० |
| योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १२०,०००.०० | ९०,३७७.२२ | २९,६२२.७८ |
| योगदानमा आधारित बीमा कोष खर्च | १००,०००.०० | ९६,४००.०० | ३,६००.०० |
| पानी तथा बिजुली | ८००,०००.०० | ३४७,१४७.०० | ४५२,८५३.०० |
| संचार महसुल | ७६२,०००.०० | ३३२,४४१.०० | ४२९,५५९.०० |

| | | | |
|---|---|---|---|
| न्धन (पदाधिकारी) | ९५५,०००.०० | ९३८,६१६.९८ | १६,३८३.०२ |
| इन्धन (कार्यालय प्रयोजन) | ९४३,०००.०० | ८६१,५३१.०२ | ८१,४६८.९८ |
| सवारी साधन मर्मत खर्च | २,०१६,०००.०० | २,०१५,९८५.०० | १५.०० |
| वीमा तथा नवीकरण खर्च | ५३७,०००.०० | ४२२,००७.०० | ११४,९९३.०० |
| मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २००,०००.०० | १८३,६१५.०० | १६,३८५.०० |
| मसलन्द तथा कार्यालय सामाग्री | १,५००,०००.०० | १,४९९,५१८.०० | ४८२.०० |
| पुस्तक तथा सामग्री खर्च | १००,०००.०० | ५५,६१०.०० | ४४,३९०.०० |
| इन्धन - अन्य प्रयोजन | १००,०००.०० | २१,९१०.०० | ७८,०९०.०० |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५२०,०००.०० | ३७७,२०९.०० | १४२,७९१.०० |
| अन्य कार्यालय संचालन खर्च | २४०,०००.०० | १३४,६११.०० | १०५,३८९.०० |
| सेवा र परामर्श खर्च | २००,०००.०० | ७३,४५०.०० | १२६,५५०.०० |
| करार सेवा शुल्क | ५,९८९,०००.०० | ५,९८६,४८६.०० | २,५१४.०० |
| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २,७५०,०००.०० | २,३१६,१४३.०० | ४३३,८५७.०० |
| कार्यक्रम खर्च | ३,३६९,०००.०० | २,५१५,०८६.०० | ८५३,९१४.०० |
| विविध कार्यक्रम खर्च | ६,१९४,०००.०० | ५,८७७,६३३.०० | ३१६,३६७.०० |
| अनुगमन, मूल्यांकन खर्च | ८१६,०००.०० | ७४०,५६०.०० | ७५,४४०.०० |
| भ्रमण खर्च | १,०१७,२६३.०० | ८४७,७७८.०० | १६९,४८५.०० |
| विविध खर्च | ८००,०००.०० | ७९९,९११.०० | ८९.०० |
| सेवा निवृत्तको संचित विदा | १,६०९,४००.०० | १,६०९,४००.०० | ०.०० |
| घर भाडा | १६०,०००.०० | १४६,७९०.०० | १३,२१०.०० |
| जम्मा | ५१,४६५,६६३.०० | ४७,१२२,६१५.०० | ४,३४३,०४८.०० |

## ६.२ विगत दश वर्षको विनियोजित बजेट र खर्चको विवरण

विगत दश आर्थिक वर्षमा भएको विनियोजित बजेट, खर्च रकम र सोको प्रतिशत निम्न तालिका नं. ७ मा प्रस्तुत गरिएको छ :

तालिका नं. ७ : विगत दश वर्षको विनियोजित बजेट र खर्चको विवरण

| सि.नं. | आर्थिक वर्ष | विनियोजित बजेट (रु.हजारमा) | खर्च बजेट (रु. हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८१।८२ | ५४६६६ | ४९६४८ | ९०.८२ |
| २ | २०८०।८१ | ५१५०४ | ४२४१४ | ८२.३५ |
| ३ | २०७९।८० | ४७१०० | ३९४१० | ८३.६७ |
| ४ | २०७८।७९ | ५०२२५ | ४४५५० | ८८.७० |
| ५ | २०७७।७८ | ५२२३३ | ४३३१७ | ८२.९३ |
| ६ | २०७६।७७ | ६२३४१ | ३९०३० | ६२.६१ |
| ७ | २०७५।७६ | ५०३९९ | ४१०७२ | ८१.५ |
| ८ | २०७४।७५ | ५२०४५ | ४७८०० | ९१.९ |
| ९ | २०७३।७४ | ३९२०१ | ३८१२२ | ९७.३ |
| १० | २०७२।७३ | ३१३३३ | २८४४० | ९०.८ |

चार्ट नं. २ : विगत दश वर्षको विनियोजित बजेट र खर्चको विवरण




आयोगको लागि विनियोजित बजेटको अवस्थालाई अध्ययन गर्दा आर्थिक वर्ष २०७६/७७ पश्चात् प्रत्येक वर्ष विनियोजन रकम क्रमशः घट्दै गइरहेको देखिन्छ। पछिल्ला दुई आर्थिक बर्षमा न्युनरुपमा बढेता पनि यसबाट सूचनाको हकको संरक्षण, सम्बर्द्धन तथा प्रचलन गर्नका लागि प्रबर्द्धनात्मक कार्य पर्याप्त मात्रामा हुन सकेको छैन। बजेट अभावकै कारण प्रबर्द्धनात्मक कार्यक्रम पर्याप्त रूपमा सञ्चालन गर्न नसक्दा सूचनाको हकका बारेमा नागरिकलाई अभिमुखीकरण गर्ने कार्यलाई व्यापकता दिन नसकिएको अवस्था रहेको छ।

## ६.३ प्रशासनिक र कार्यक्रम खर्च

तालिकामा आयोगका लागि नेपाल सरकारबाट प्रशासनिक खर्चका लागि र कार्यक्रमका खर्चका लागि विनियोजन भएको रकमको आर्थिक वर्षगत रूपमा प्रस्तुत गरिएको छ। तालिकाबाट स्पष्ट देखिने विषय भनेको जसरी कूल विनियोजन बजेट घटिरहेको छ, त्योभन्दा तीब्र रूपमा सूचनाको हकको प्रबर्द्धनका लागि सम्पन्न गर्नुपर्ने

कार्यक्रमका लागि आवश्यक पर्ने आधारभूत खर्चमा कमी आइरहेको छ । जसबाट सूचनाको हकसम्बन्धी कानूनले आयोगलाई प्रदान गरेको सूचनाको हकको प्रबर्द्धन, सम्बर्द्धन र प्रचलन गर्ने गराउने सन्दर्भमा सुम्पिएको जिम्मेवारी पूरा गर्न पर्याप्त स्रोत साधनको अभाव भइरहेको छ भन्ने स्पष्ट हुन्छ । आर्थिक वर्ष २०७३/७४ मा कूल बजेटको २६.५४ प्रतिशत कार्यक्रम खर्च विनियोजन भएकोमा आर्थिक वर्ष २०८१/८२ मा आउँदा २३.९२ प्रतिशत मात्र कार्यक्रम खर्च विनियोजन भएबाट आयोगका लागि पर्याप्त बजेट विनियोजन हुनु पर्ने आवश्यकता देखिएको छ ।

तालिका नं. ८ : विगत ९ वर्षको विनियोजित प्रशासनिक र कार्यक्रम खर्चको विवरण (रू. हजारमा)

| सि.नं. | आर्थिक वर्ष | प्रशासनिक | प्रतिशत | कार्यक्रम | प्रतिशत | कूल |
|---|---|---|---|---|---|---|
| १ | ०७३।७४ | ४११६५ | ७३।४६ | १४८७६ | २६।५४ | ५६०४१ |
| २ | ०७४।७५ | ३६३७७ | ६३।६१ | २०८०७ | ३६।३९ | ५७१८४ |
| ३ | ०७५।७६ | ३१००५ | ६१।५२ | १९३९४ | ३८।४८ | ५०३९९ |
| ४ | ०७६।७७ | ४५८४१ | ७३।५२ | १६५०० | २६।४७ | ६२३४१ |
| ५ | ०७७।७८ | ३६५८३ | ७०।०४ | १५६५० | २९।९६ | ५२२३३ |
| ६ | ०७८।७९ | ३७१२५ | ७३।९२ | १३१०० | २६।०८ | ५०२२५ |
| ७ | ०७९।८० | ३६४०० | ७७।२८ | १०७०० | २२।७२ | ४७१०० |
| ८ | ०८०।८१ | ४०८०४ | ७९।२२ | १०७०० | २०।७८ | ५१५०४ |
| ९ | ०८१।८२ | ३९१५३ | ७६।७ | १२३१३ | २३।९२ | ५१४६६ |

चार्ट नं. ३ : विगत ८ वर्षको विनियोजित प्रशासनिक र कार्यक्रम खर्चको विवरण



चार्ट नं. ४ : कार्यक्रममा विनियोजन भएको बजेटको प्रतिशत




## ६.४ सहकार्य र साझेदारी

अघिल्लो वर्ष साझेदारीमा रहेको एशिया फाउण्डेशनले यो वर्षका लागि खास कार्यक्रम प्रारम्भ गर्न नपाउँदै सबै अनुदान रकम बन्द गर्ने अमेरिकी सरकारको निर्देशन अनुरुप कुनै कार्यक्रम अगाडि बढेको पाइएन । हाल कुनै पनि संस्थासँग सहकार्य र साझेदारीको अवस्था छैन । राष्ट्रिय सूचना आयोग र द एशिया फाउण्डेशन, सिएसएम कार्यक्रमबीच अघिल्लो वर्ष भएको Letter of Exchange अनुसार २०८१ फागुन १३ गतेसम्म भएको प्रगति विवरण **अनुसूची- १३** मा रहेको छ ।

## ६.५ आयोगका पदाधिकारीहरूले लिएको भुक्तानीको विवरण

आर्थिक वर्ष २०८१/८२ मा आयोगका पदाधिकारीहरूले सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम (१०), नियम (११), नियम (१२), नियम (१३), नियम (१४), नियम (१५) र बेलाबेलामा नेपाल सरकारले निर्णय गरी तोकेबमोजिम लिएको तलब, भत्ता, अन्य खर्च (घरभाडा, मर्मत खर्च, टेलिफोन, धारा र बिजुली बापतको खर्च )उपचार खर्च र दैनिक भ्रमण भत्ताको विवरण निम्न तालिका नं. १३ मा दिइएको छ ।

तालिका नं. ९ : आर्थिक वर्ष २०८१/८२ मा आयोगका पदाधिकारीहरूले लिएको भुक्तानीको विवरण

| नाम | तलब | बैठक भत्ता | घरमर्मत वा भाडा सञ्चार विजुली पानी | उपचार खर्च | दैनिक भ्रमण भत्ता | कूल जम्मा | इन्धन लिटर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| महेन्द्रमान गुरूङ्ग | ४६८१०० | १०००० | १४४०० | ३३७४५ | १६१२५ | ५४२३७० | ४४० | |
| कमला ओली थापा | ४४३०२१ | १०००० | १०९८० | ३१८०१ | ३१२५० | ५२७०५२ | ४४० | |
| रत्नप्रसाद मैनाली | ४४३०२१ | २४००० | १०९८० | १६७६२ | १५६२५ | ५१०३८८ | ४४० | |
| डा सुरेश प्रसाद आचार्य | ५८१०९० | १४००० | २१६०० | ३२१८८ | ३२७४८८ | ९७६३६६ | ६२० | * |
| गगन विष्ट | ५४९९५७ | १४००० | १७२८० | ४४५०० | ५८२०० | ६८३९३७ | ६२० | |
| दुर्गा भण्डारी पौडेल | ५४९९५७ | १४००० | ९०७२० | ४०३०३ | ४४९०० | ७३९८८० | ६२० | |

* सूचनाको हकसम्बन्धी १६औं अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन जाँदा रु. २,५९,५१३।- भ्रमण खर्च समेत समावेश भएको ।

# परिच्छेद- ७
# सूचनाको हकसम्बन्धी अभ्यास

## ७.१ अन्तर्राष्ट्रिय अभ्यास

विश्वमा सर्वप्रथम सन् १७६६ डिसेम्बर २ मा स्विडेनको संसदले Swedish Freedom of the Printing Press Act जारी गरी जनतालाई राज्यका काम कारबाहीबारे सोध्ने र जानकारी प्राप्त गर्ने अधिकार प्रदान गरेको थियो। त्यसबेला सूचनाको हक सम्बन्धी कानून, प्रेसले राज्यका गतिविधिबारे खोजीनीति गर्न पाउने गरी बनेको भए पनि राज्यको सूचनामा प्रेस र जनताको पहुँचका दृष्टिले महत्वपूर्ण मानिन्छ। मिडिया कै लागि भनेर ल्याईएको सो कानुन्को प्रयोगबाट विश्वमा पहिलो पटक नागरिकले थाहा पाउने अधिकारको उपभोग गर्न पाएका थिए।

तत्पश्चात् सन् १७८९ मा फ्रान्समा "थाहा पाउने अधिकार" का रुपमा सूचनाको हकसम्बन्धी अभ्यास भएको देखिन्छ। UN General Assembly Resolution 59 (1) ले सूचनाको स्वतन्त्रतालाई आधारभूत अधिकारको रुपमा लिएको छ। त्यसपछि मानव अधिकारको विश्वव्यापी घोषणापत्रको आर्टिकल १९ मा सूचनाको हकलाई समेटिएको थियो। सूचनाको हकसम्बन्धी कानूनलाई संयुक्त राज्य अमेरिकामा सन् १९६६ मा र युरोपमा सन् १९८१ मा अवलम्बन गरिएको पाईन्छ। त्यसैगरी UNESCO ले सूचनाको हकलाई आधारभूत अधिकार तथा ज्ञानमा आधारित समावेशी समाज निर्माणको आधारस्तम्भको रुपमा लिएको पाईन्छ। सूचनाको हक दिगो विकास लक्ष्यको १६.१०.२ नम्बरको सूचक समेत हो। UNESCO ले विश्वमा सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाको अभ्यास तथा कार्यान्वयन अवस्थाको अनुगमन समेत गर्ने गर्दछ। संयुक्त राष्ट्रसंघका १३५ सदस्य राष्ट्रहरूले संवैधानिक तथा नीतिगत व्यवस्था मार्फत सूचनामा नागरिकको पहुँच सुनिश्चित गरेका छन्।

त्यसैगरी UNESCO द्वारा सन् २०२२ मा जारी सार्वजनिक सूचनामा पहुँच सम्बन्धी प्रतिवेदनमा उल्लेख भए बमोजिम विश्वमा धेरैजसो मुलुकमा संवैधानिक तथा नीतिगत व्यवस्था मार्फत सूचनामाथि नागरिकको पहुँच स्थापित गरिएको भए तापनि कानूनको व्यवहारिक कार्यान्वयनमा विविध जटिलता देखिएको छ। जलवायु परिवर्तन तथा विपद् (प्राकृतिक तथा मानव सिर्जीत) का कारण सूचनामाथिको पहुँच स्थापित गर्नमा जटिलता देखिएको छ। उक्त प्रतिवेदन अनुसार सूचनाको हकसम्बन्धी अभ्यास गर्ने देशहरूको संख्या क्रमशः बढ्दै गएको देखिन्छ। UN का १२६ सदस्य राष्ट्र संलग्न सो सर्वेक्षणमा संलग्न सबै मुलुकमा सूचनामा पहुँचसम्बन्धी कानूनी व्यवस्था भएको पाईन्छ। त्यसमध्ये ११% मुलुकमा गोपनीयताको संरक्षण र सूचनामाथि पहुँचलाई एकैसाथ हेरिएको छ। त्यसैगरी सर्वेक्षणमा संलग्न मध्ये ९६% मुलुकमा राष्ट्रिय सूरक्षा सम्बन्धी सूचना उपलब्ध नगराउने गरिएको पाईयो तथा ९१% मुलुकमा गोपनीयता सम्बद्ध सूचना उपलब्ध नगराउने अभ्यास रहेको देखिन्छ। साथै सर्वेक्षणमा सम्बद्ध मध्ये ८१ % मुलुकमा वार्षिक प्रतिवेदन सार्वजनिक गरी सूचना माथि नागरिकको पहुँच स्थापित गर्ने अभ्यास गरेको छ।

यसका अलवा सार्वजनिक निकायहरूबाट जारी सूचनामाथि पहुँच सम्बन्धी कानूनी ढाँचाको सबलता मापन गर्ने सम्बन्धमा Center for law and Democracy ले Global RTI (Right to information) Rating गर्ने गरेको छ। ० देखि १५० सम्म अंक विभाजन गरिएको उक्त Rating मा नेपालले ११२ अंक प्राप्त गरेको देखिन्छ। त्यसैगरी भारतको १२६, चीनको ७५, संयुक्त राज्य अमेरिकाको ८२ अंक प्राप्त गरेको देखिन्छ। उक्त RTI rating मा १३९ स्थान प्राप्त गरी अफगानिस्तान अग्र स्थानमा रहेको छ। समग्रमा दक्षिण एशियामा सूचनाको हक कार्यान्वयनमा सन्तोषजनक अवस्था देखिन्छ।

### ७.२ नेपालको सन्दर्भ

नेपालमा सूचनाको हक सम्बन्धी कानून आउनुका पछाडि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पृष्ठभूमि जोडिएका छन् । लोकतान्त्रिक शासन प्रणालीमा राज्यका काम कारवाहीलाई खुला र पारदर्शी बनाएमा लोकतन्त्र बलियो हुने र सुशासन कायम हुने विश्वास लिएको पाइन्छ ।

सूचनाको हक सम्बन्धमा नेपाल पक्ष राष्ट्र भई विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर गरिसकेको अवस्था छ । यस अघि नै नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६ ले मौलिक हकको रुपमा सूचनाको हक सम्बन्धी व्यवस्था समेटेको थियो । अन्तरिम संविधान २०६३ को धारा २७ ले पनि मौलिक हकको रुपमा व्यवस्था गरेको थियो । यति हुँदा पनि सूचनाको हक सम्बन्धी ऐन बन्न नसकिरहेको अवस्था थियो । विभिन्न समयमा सर्वोच्च अदालतमा सूचनाको हक सम्बन्धमा रिट निवेदनहरू पर्ने गरेको र सो रिट निवेदन उपर फैसला तथा आदेशहरू हुने गरेको थियो । सर्वोच्चका उक्त आदेशहरूमा सूचनाको हक, नागरिकले छिटो छरितो ढंगबाट सूचना प्राप्त गर्नु पर्छ भन्ने सिद्धान्तका आधारमा बैकल्पीक न्याय प्रणाली स्वरुप सूचनाको हक सम्बन्धी कानूनको निर्माण र राष्ट्रिय सूचना आयोगको गठन गर्नमा जोड दिएको थियो । अन्ततोगत्वा २०६४ सालमा सूचनाको हक सम्बन्धी कानूनको निर्माण भयो । २०६५ मा राष्ट्रिय सूचना आयोगको गठन भयो ।

हाल नेपालको संविधान २०७२ को धारा २७ ले सूचनाको हकलाई मौलिक हकको रुपमा समेटेको छ । सूचनाको हकको कार्यान्वयनका लागि ऐन, नियम तथा निर्देशिका कार्यान्वयनमा छन् । सूचनाको हकलाई संविधानमै मौलिक हकको रुपमा व्यवस्था गर्ने दक्षिण एशियाको पहिलो देश नेपाल भएको छ । यद्यपी संविधानले नै प्रदान गरेको उक्त हकको कार्यान्वयनका लागि कानून बन्न १७ वर्ष पर्खनु पऱ्यो ।

सूचनाको हकसम्बन्धी कानून कार्यान्वयन गर्ने क्रममा अन्तरक्रिया, गोष्ठी, सेमिनारका अलवा सचेतनाका लागि विज्ञापन तथा सन्देश प्रसारण गर्ने जस्ता क्रियाकलापहरू अझै पनि प्रभावकारी रुपमा सञ्चालन हुन नसकिरहेको अवस्था छ । सूचनाको हकलाई तीनै तहका सरकारले ग्रहण गर्न नसक्नु र संघीय सरकारको बजेट प्राथमिकतामा पर्न नसक्नु नै महत्वपूर्ण चुनौति रहेको देखिन्छ । सूचनाको हक कार्यान्वयन गर्नका लागि नागरिक स्तरमा जनचेतना फैलाउन, अन्तर्राष्ट्रिय दातृ निकायको विगतमा सहकार्य रहेको भए पनि यस पटक भने सहयोग र सहकार्य हुन नसकिरहेको अवस्था छ । शुरुवाती दिनको भन्दा अहिले सार्वजनिक निकायले नागरिक वडापत्रको व्यवस्था गर्ने र सूचना अधिकारी तोक्ने अभ्यासको थालनी भएको पाउछौं । सूचनाको हक प्रयोगमा नागरिक समाजको सक्रियता आशा गरे जति भने नभएको अवस्था छ ।

### ७.३ चुनौति

२०७८ को जनगणनाको तथ्याङ्क अनुसार नेपालको साक्षरता दर ७६ प्रतिशत रहेको देखिन्छ । शिक्षाको अवस्था र चेतनाको अवस्था दुई फरक फरक विषय हुन् । नेपालको जनसंख्याको करिब एक चौथाई नागरिक निरक्षर रहेको तथ्याङ्कले देखाउँछ । सूचनाको हक प्रयोग गर्न शिक्षित समुदाय समेत यस हक प्रयोग गर्नमा असहज मानिरहेको अवस्थामा निरक्षर र सीमान्तकृत समुदायसम्म सूचनाको हकको अभ्यासलाई पुऱ्याउनु कम चुनौतिपूर्ण भने छैन ।

- संघीय सरकारको बजेटको प्राथमिकतामा सूचनाको हक पर्न नसकेका कारण कुनै पनि प्रकारका सचेतनामुलक कार्यक्रमहरू आम नागरिक समक्ष पुऱ्याउन नसक्नु ।
- नागरिकले सूचना माग गर्दा सहजै ढंगबाट सूचना प्राप्त गर्न नसक्नु ।

- सूचनाको वर्गिकरण हुन नसक्नु ।
- सूचनाको हकको गलत प्रयोग सार्वजनिक निकायमा सूचनाका लागि आवश्यक पर्ने तथ्याङ्क व्यवस्थापन प्रणाली (Data and information management system) व्यवस्थापन गर्न नसक्नु ।

पछिल्लो अवस्थाले सूचना मागकर्ताहरू सबैले स्वार्थको द्वन्द्वका कारण सूचना माग गरिरहेका छन् र दुरुपयोग हुन्छ भन्ने भाष्य निर्माण गर्न सक्ने खतरा छ । यसले सूचनाको हक अभ्यासले कतै बाटो बिराउन लागेको त होईन भन्ने आशंका जन्माउन सक्छ ।

वि.सं. २०६४ साल साउन ५ गते अन्तरिम व्यवस्थापिकाले नेपालमा सूचनाको हकसम्बन्धी ऐन पारित गरेको थियो । कानून जारी भएको १७ वर्ष पूरा भएपछि यस हकको कार्यान्वयन र समयसापेक्ष नीतिगत सुधार हुन सकिरहेको छैन । सूचनाको हकसम्बन्धी ऐनको परिभाषामा समेटिएका सार्वजनिक निकाय भित्र पर्ने निकाय र कार्यालयको संख्या एकीन पनि हुन सकेको छैन । साथै सरकारी र राज्यका अन्य निकायमा सूचना अधिकारी तोकिएको/नतोकिएको र आवधिक रूपमा सार्वजनिक गर्नुपर्ने सूचना स्वतः प्रकाशन भए/नभएको अनुगमन गर्नमा कठिनाई रहेको देखिन्छ ।

## ७.४ हाम्रा योजना

विभिन्न समस्या र चुनौतिका बावजुद सूचनाको हक अभ्यास र कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोग निरन्तर लागि रहेको छ । आयोगले हालसम्म हासिल गरेका उपलब्धी र चुनौतिको विश्लेषण गर्दा, हामी सँगसँगै समान अवस्थाबाट शुरुवात गरेका मुलुकको संवैधानिक, कानूनी र व्यवहारिक पक्षलाई नजिकबाट नियाल्दै अगाडि बढ्न सकिएमा सूचनाको हकबाट प्राप्त हुन सक्ने उपलब्धि हासिल गर्न सकिन्छ । यसका लागि अलग-अलग मुलुकले भिन्न-भिन्न क्षेत्रमा प्राप्त गरेका सकारात्मक पक्षलाई आधार बनाउन पनि उत्तिकै जरुरी हुन्छ । उदाहरणका लागि सूचनाको हकको स्वतः प्रकाशन पूर्व प्रकाशन (Proactive disclosure) का सम्बन्धमा स्वीडेन, नर्वे अष्ट्रेलिया र सूचनाको वर्गीकरणमा आर्मेनिया त्यसैगरी सूचनाको हकको प्रयोग नागरिक तहसम्म पुर्‍याउने र बढी भन्दा बढी नागरिकले प्रयोग गर्ने देशमा भारत पर्दछ । त्यहा जनचेतनाको माध्यमबाट सूचनाको हकको प्रयोग नागरिक स्तरसम्म पुगेको देखिन्छ । त्यहाको पुनरावेदन प्रणाली पनि प्रभावकारी रहेको Centre for Law and Democracy ले गरेको अध्ययन देखाएको छ । यस्ता मुलुकको अभ्यासको अवलोकनबाट हामीले पनि पाठ सिक्न सक्छौं ।

सूचनाको हक कार्यान्वयनमा निरन्तर क्रियाशील यस राष्ट्रिय सूचना आयोगबाट प्रत्येक वर्ष व्यवस्थापिका संसदमा पेश हुने वार्षिक प्रतिवेदनमार्फत पेश भएको सुझावको कार्यान्वयन गर्नु गराउनु जरुरी देखिन्छ । नागरिकलाई सुसूचीत गराउने कार्यक्रम प्रत्येक स्थानीय तहको वार्षिक कार्यक्रममा आन्तरिकीकरण गराउनुका साथै सूचनाको हकको अभ्यास गराउने सांगठनिक संरचना प्रदेश र स्थानीय सरकारसम्म विस्तार गर्न जरुरी छ । समयसापेक्ष नीतिगत पुनरावलोकन, कानूनको कार्यान्वयन तथा गैरसरकारी तथा नागरिक समाजसँगको सहकार्यबाट नै सूचनाको हकबारे नागरिकलाई सुसूचीत गराउन सकिन्छ । सूचना आयोगको स्वतन्त्र, मजबुत र साधनश्रोत सम्पन्न वैकल्पिक न्यायिक निकायको रुपमा विकास गर्नुपर्ने देखिएको छ । सूचनाको शक्ति मार्फत लोकतन्त्र सूचनाको शक्ति मार्फत पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्दै सुशासनका माध्यमबाट नागरिकको जीवनमा सकारात्मक परिवर्तनको अनुभूति गराउन सकिन्छ । यसका लागि तीनै तहका सरकार, नागरिक समाज, गैरसरकारी संस्था तथा आम नागरिकको साथ र सहयोगको खाँचो रहेको छ ।

# परिच्छेद- ८
# सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि आयोगका सुझावहरू

## ८. पृष्ठभूमि

राष्ट्रिय सूचना आयोगले २०६५ साल बैशाख २२ गते स्थापनादेखि नै हरेक वर्ष वार्षिक प्रतिवेदनमा आफ्ना सुझावहरू दिदै आएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ अनुसार नागरिकको सूचनाको हक संरक्षण, सम्वर्द्धन र प्रचलन गराउन यस आयोगले विगतमा आफ्ना सोह्र वटा वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत संघीय संसदमा पेश गर्दै आएको छ । ती सबै प्रतिवेदनमा नागरिकको सूचनाको हक संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि भएको राज्य र सरकार पक्षबाट चालिनु पर्ने कदमका बारेमा आयोगले सुझाव दिनु आवश्यक ठानेर नै यो परिच्छेद राख्ने गरेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ र अन्य दफाहरूमा सूचनाको हकको संरक्षण, सम्वर्द्धनका लागि सुझाव दिने/सिफारीश गर्ने अधिकार बमोजिम नै आयोगले सुझाव दिदै आएको हो ।

आयोगले विगतमा नेपाल सरकार समक्ष दिएको सुझावहरूमध्ये यसपटक पछिल्ला पाँच वर्षका सुझावहरू मात्रै **अनुसूची- १४** मा राखिएको छ । यी सुझावको पछिल्लो खण्डमा कार्यान्वयनको अवस्था पनि उल्लेख गरिदै आएको छ । तर हरेक सुझावबारे सरकारले केही गरे नगरेको थाहा नभएको भनेर उल्लेख गर्नु परेको अवस्था देखिन्छ । आयोग स्थापना पछिको यो चौथो कार्यकालको पहिलो प्रतिवेदन भएकाले यस अघि १६ वटा प्रतिवेदनसमेतमा उल्लेख भएका सुझावहरूमा सहमति कायम राख्दै हाल अनुभूत भएका तर कार्यान्वयन हुन बाँकी सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनलाई प्रभावकारी बनाउन आयोगका यस वर्ष निम्नानुसार सुझावहरू दिएको छ ।

### ८.१ सुझावहरू

१. नेपालको संविधान र सूचनाको हक सम्बन्धी कानूनले नागरिकलाई प्रदान गरेको महत्वपूर्ण अधिकारका रुपमा रहेको सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरूले अन्तर मनदेखि ग्रहण गरेको हुनु पर्दछ । यसका लागि सूचनाको हकलाई प्रत्येक सार्वजनिक निकायमा मूलप्रवाहीकरण गर्न गराउन पर्ने देखिन्छ । मूलप्रवाहीकरणका लागि सार्वजनिक निकाय, राष्ट्रिय सूचना आयोग, नागरिक समाज तथा सञ्चारकर्मीले गर्नु पर्ने कार्यहरूका वारेमा विस्तृत अध्ययन गरी विभिन्न कार्यक्रमहरू व्यापक रुपमा अभियान नै सञ्चालन गर्नु पर्ने देखिन्छ ।

२. नेपालको संविधानको धारा २७ मा नेपाली नागरिकलाई सार्वजनिक सरोकारका सूचना माग्ने र पाउने मौलिक हक कायम गर्न र सूचनाको हक सम्बन्धी ऐन २०६४ जारी गरी संवैधानिक व्यवस्थाको कार्यान्वयनमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने राजनीतिक दलहरूले आफ्नो दायित्व पालना नगरेको अवस्था विद्यमान छ । राजनैतिक दलहरू पारदर्शी, जवाफदेही र जिम्मेवार हुदा सर्वसाधारण नागरिकमा उत्साह थपिन्छ । तसर्थ सूचनाको हक सम्बन्धी कानुन बमोजिम सूचना अधिकारी तोक्ने, स्वत: प्रकाशन गर्ने र माग अनुरुप तत्काल सूचना उपलव्ध गराउने व्यवस्था कार्यान्वयन गर्नु जरुरी भएको छ ।

३. सूचनाको हक कार्यान्वयनका सन्दर्भमा तथ्याङ्क संकलन महत्वपूर्ण कार्य हो । नेपाल सरकारले स्वीकृत गरी सूचनाको हको कार्यान्वयन भए नभएको अनुगमन गर्ने उद्देश्यका साथ कार्यान्वयनमा ल्याएको सूचनाको हक कार्यान्वयन अनुगमन निर्देशिका २०७६ को कार्यान्वयन अवस्थामा अपेक्षित सुधार हुन सकेको पाइएको छैन । निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहेको

समन्वय समिति, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा रहेको अनुगमन समिति, प्रदेशको मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा रहेका प्रदेश अनुगमन इकाई र जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला अनुगमन इकाईहरूको सकृयता अत्यन्त आवश्यक र अनिवार्य रहेकोले तीनै तहमा यसको सक्रियता बृद्धि गर्नु आवश्यक छ ।

४. सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा २७ मा रहेको सूचना वर्गीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचनाको वर्गीकरण गर्न यस अघि गरिएका सबै प्रयास असफल भएका छन् । कानून जारी भएको १८ वर्ष सम्म कानूनको एउटा दफा कार्यान्वयनमा देखिएको निष्कृयताले सरकारलाई नै शंकाको घेरामा ल्याउन सक्छ । यसका लागि आयोग समेतले जिम्मेवार पदाधिकारीलाई गरेको आग्रहको बेवास्ताका रुपमा आयोगले लिएको छ । तसर्थ, सूचनाको वर्गीकरणले जवाफदेहिता, पारदर्शिता र थप जिम्मेवारी बनाउने तथ्यलाई ध्यानमा राखी नेपालको संविधान र सूचनाको हक सम्बन्धी कानूनले नेपाली नागरिकलाई प्रदान गरेको सूचनाको हकमा संकुचन नहुने गरी सूचनाको वर्गीकरण गरिनु अनिवार्य आवश्यकता हो ।

५. विश्वका १४० देशमा सूचनाको हक सम्बन्धी कानून कार्यान्वयनमा रहेको छ । राष्ट्रिय सूचना आयोग मार्फत यसको कार्यान्वयनका सन्दर्भमा धेरै विषयमा स्वयत्तता रहंदा रहंदै पनि वित्तीय स्वायत्तता नभएको कारणबाट अन्तरराष्ट्रिय मूल्याङ्कनमा नपर्ने गरेको छ । तसर्थ बजेटका सम्बन्धमा बजेट विनियोजनका लागि आयोगलाई स्वायत्त निकायका रुपमा हेर्नु आवश्यक छ ।

६. सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने थुप्रै ऐन कानुनहरू प्रचलनमा छन् । यसले गर्दा सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरूलाई सूचनाको हकसम्बन्धी ऐन अन्तर्गत सूचना सार्वजनिक गर्ने र गोप्य राख्ने विषयमा अन्योल छ । कुनै ऐनले सूचना दिनुपर्छ भन्छ भने अर्कोले अनधिकृत रूपले सूचना सार्वजनिक गरे सजायँको भागिदार हुने अवस्था बनाउँछ । सूचनामा पहुँचलाई बढाउन, त्यससम्बन्धी कानुनमा एकरूपता ल्याउन र सरकारलाई खुलापनतिर लैजान यस्ता कानुनको तत्काल संशोधन गरिनु जरुरी भइसकेको छ ।

७. नेपालमा विभिन्न पदको लागि लिइने शपथलाई चलन चल्तीमा पद तथा गोपनियताको शपथ भनिन्छ । यसबाट सार्वजनिक निकायका पदाधिकारीहरूले आफ्नो कर्तव्यका बारेमा भ्रम पैदा हुनसक्छ । आफ्नो जिम्मेवारीप्रति गोपनियताको सट्टा खुला गर्ने पारदर्शिताको शपथ लिने व्यवस्था मिलाइनु पर्छ ।

८. सूचनाको अभिलेखहरू व्यवस्थित गरी भण्डारण गर्ने र तुरुन्तै प्राप्त गर्न सकिने गरी राख्ने प्रभावकारी प्रणालीको विकास नहुँदा सूचना दिनमा ढिलाइ हुदै आएको छ । यसका कारण कानूनले कल्पना गरे अनुरुप आयोगले तोकिएको ६० दिन भित्र मुद्दा किनारा गर्ने अवस्था छैन । सूचना व्यवस्थित गर्ने उचित प्रणाली भएन भने अभिलेखहरू नष्ट हुन वा हराउन सक्छन् । सूचना अधिकारीको जिम्मेवारीमा रहेको व्यक्तिको छिटो छिटो हुने सरुवाले गर्दा नयाँ आउने सूचना अधिकारीले सूचना फेला नपारेको अवस्था छ । संस्थागत रुपमा नै अभिलेख व्यवस्थापनको लागि एकै ढाँचाको अभिलेख व्यवस्थापन लागू गर्ने र विद्यमान व्यवस्थापनमा सुधार ल्याउनु आवश्यक छ ।

९. सूचनाको हकको प्रचलन, प्रवर्द्धन गर्ने प्रयोजनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ अनुसार तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४(क) अनुसार सबै सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ति गर्ने व्यबस्था छ । तर कतिपय निकायहरूले यसलाई औपचारिकता मात्र दिने प्रयोजन गरेको पाइएको छ । सूचना अधिकारी मात्र नियुक्त भएर सूचना प्रवाह सरल र सहज नहुने हुँदा सूचना अधिकारीलाई आफ्नो जिम्मेवारी पूरा गर्न न्यूनतम भौतिक पूर्वाधार, प्रोत्साहन भत्ता र काम, कर्तव्य एवम् अधिकारको स्पष्ट व्यवस्था गर्नु पर्ने हुन्छ । साथै कुनै पनि सार्वजनिक निकायमा कुनै

कारण तोकिएको सूचना अधिकारी रिक्त रहन गएमा स्वतः अर्को व्यक्तिमा जिम्मेवारी सर्ने प्रणाली विकास गरिनु पर्दछ ।

१०. सार्वजनिक निकाय आफैले खुला, पारदर्शी र जवाफदेही हुँदै सुशासन कायम गर्न सूचना प्रवाह गर्नु संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को भावना र मर्म हो । संविधान र कानूनको यो मर्म कार्यान्वयनमा ल्याउन सार्वजनिक निकायका पदाधिकारी/कर्मचारीलाई सूचना प्रवाह गर्न उत्प्रेरित, जागरुक र सचेत गराउन अनिवार्य हुन्छ । हरेक कार्यालय र कर्मचारीको कार्य सम्पादन र मूल्याकंनको आधारहरूमध्ये सूचनाको हक कार्यान्वयनलाई पनि समावेश गर्ने गरी सूचना प्रवाहमा जनताप्रति जवाफदेही हुनुपर्ने गरी सम्बन्धित कानूनमा व्यवस्था गरिनु पर्छ ।

११. सार्वजनिक निकायहरूले कुनै विषय वा घटनामा आधारित भएर छानवीन, अनुसन्धान, अध्ययन जस्ता कार्यहरूको प्रतिवेदनहरू सार्वजनिक नहुदा सर्वसाधारण नागरिकले स्वामित्व नलिने अवस्था विद्यमान छ । त्यस्तो अवस्थालाई ध्यानमा राखी सूचनाको हक सम्बन्धी कानूनले निषेध गरेका विषय बाहेक स्वतः सार्वजनिक गर्ने गराउने अनिवार्य प्रचलन कायम गरिनु पर्छ ।

१२. राष्ट्रिय सूचना आयोगका क्रियाकलापहरूलाई सहज र सरल तथा सर्वसाधारण नागरिक र सार्वजनिक निकायको पहुँचमा पुऱ्याउन सूचना प्रविधिको प्रयोग बढाउन पर्ने आवश्यकता देखिन्छ । तसर्थ सूचना प्रविधि प्रणाली विकास गरी प्रभावकारी कार्यान्वयन गर्न तथा आरटीआई प्रणाली स्थापना गर्न बजेटको उचित व्यवस्था गरिनु पर्छ ।

१३. प्रचलित कानूनले सार्वजनिक पदमा रहेका पदाधिकारीको सम्पत्ति विवरण गोप्य रहने व्यवस्था गरेको छ । तर भ्रष्टाचार नियन्त्रण गर्न, जवाफदेहिता कायम गर्न, पारदर्शिता बढाउन सार्वजनिक पद ग्रहण गर्ने उच्च तहका पदाधिकारीहरूको सम्पत्ति विवरण सार्वजनिक हुनुपर्ने अनिवार्य व्यवस्था गर्नु पर्छ ।

१४. सूचनाको हक कार्यान्वयनका सन्दर्भमा सूचनाको हकको संरक्षण, प्रवर्द्धन तथा प्रचलनका लागि स्थापित राष्ट्रिय सूचना आयोगका लागि हुने बजेट विनियोजनमा हरेक वर्ष कटौती हुदै आईरहेकोले नागरिकको हक स्थापित गने गतिविधि बढाउन कठीन हुदै गएको छ । तसर्थ आयोगको प्रभावकारी कार्य सम्पादन गर्न आवश्यक साधन श्रोतको व्यवस्था गरिनु पर्छ । यसको लागि खासगरी प्रवर्द्धनात्मक कार्यक्रमको लागि पर्याप्त बजेटको व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान दिनुपर्ने देखिन्छ ।

१५. आयोगको कार्य क्षेत्र कानूनतः देशभर तोकिएको छ । आयोग आफैंमा भने सीमित जनशक्ति र आर्थिक स्रोत साधनका भरमा केन्द्रीय कार्यालयमा सीमित हुँदा आयोगका गतिवधिहरू अपेक्षित क्षेत्र, वर्ग र समुदायमा पुऱ्याउन सकिएको छैन । तसर्थ, कानूनले दिएको अधिकार बमोजिम कम्तीमा सात प्रदेशमा आयोगका कार्यालय खोल्न ढिला भइसकेको छ । यस तर्फ सरकारको ध्यानाकर्षण हुनु जरुरी छ ।

१६. नेपालको संविधान २०७२ ले सूचनाको हकसम्बन्धी अधिकार प्रदेश वा स्थानीय तहलाई हस्तान्तरण गर्ने गरी कुनै अनुसूचीमा उल्लेख गरेको छैन । तर केही प्रदेश सरकारले आफैं कानून बनाएर यससम्बन्धी गतिविधिहरू सञ्चालन गर्दै आएको पाइएको छ । यसले गर्दा आयोगको कार्य क्षेत्रमाथि अतिक्रमण मात्र भएको छैन, सूचना नपाएको अवस्थामा कुन कानून अनुसार कुन निकायमा जाने भन्ने अन्योल सूचना मागकर्तामा समेत परेको छ । तसर्थ यो अन्योलको अन्त्य गर्न सरकारले तत्काल कदम चाल्न आवश्यक छ ।

सुझावलाई केवल सुझावका रुपमा मात्र बुझी कार्यान्वयनमा नलैजाँदा काम गर्ने पक्षमा उत्पन्न हुने निराशा प्रति समेत राज्य र सरकारका जिम्मेवार निकायहरू सजग हुने र यी सुझावलाई गम्भीरताका साथ मनन गर्नु हुनेछ भन्ने आयोगले बिश्वास लिएको छ ।

## अनुसूची- १

## राष्ट्रिय सूचना आयोगको सँगठन संरचना



अनुसूची- २

राष्ट्रिय सूचना आयोग

# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | उजुरी/गुनासो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | - सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा | भुँई तल्ला | उप सचिव (न्याय, कानून) ९८५१२४४६६५ | - सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोगसमक्ष पुनरावेदन दिनसक्ने ।<br>- यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।<br>- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।<br>- पुनरावेदन निरर्थक देखिएमा वा सूचना उपलब्ध गराएमा पुनरावेदन खारेज गर्ने ।<br>- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने । | ६० दिनभित्र | प्रमुख सूचना आयुक्त समक्ष उजुरी गर्न सकिने | नि:शुल्क |
| | - सूचना दुरुपयोग सम्बन्धी उजुरी | | | | - सार्वजनिक निकायले सूचना दुरुपयोग गरेको प्रमाण सहित आयोग समक्ष उजुरी दिन सक्ने ।<br>- आयोगबाट उजुरी जाँचबुझ गर्दा उजुरी मनासिब देखिएमा दुरुपयोगकर्तालाई पाँच हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने । | | | |
| | - सूचना दाताको संरक्षण सम्बन्धी उजुरी | | | | - ऐनको दफा २९ को उपदफा (१) बमोजिम सूचना दिएको कारणले सूचनादातालाई उपदफा (३) बमोजिमको सजायँ भएमा सूचनादाताले निर्णय बदर गराउन र क्षतिपूर्ति माग सहित आयोगमा उजुरी गर्न सक्ने ।<br>- आयोगबाट उजुरी जाँचबुझ गर्दा उजुरी मनासिब देखिएमा त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई क्षतिपुर्ति भराउन आदेश दिन सक्ने । | | | |
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | पहिलो तल्ला | उप सचिव (प्रशासन, सा. प्र.) | - योजना तथा प्रवर्द्धन शाखा प्रमुखले बार्षिक रूपमा सञ्चालन गर्ने कार्यक्रम तयार गर्ने ।<br>- स्वीकृत बार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्यसमेत विचार गरी कार्यक्रम सञ्चालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने ।<br>- सूचना परियोजना कार्यान्वयन गर्ने । | निरन्तर | सचिव (रा. प. प्रथम) | नि:शुल्क |
| ३. | आयोगको दैनिक प्रशासन सञ्चालन | प्रशासन शाखा | पहिलो तल्ला | उप सचिव (प्रशासन, सा. प्र.) | - कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने ।<br>- स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने ।<br>- आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने । | निरन्तर | सचिव (रा. प. प्रथम) | नि:शुल्क |

# अनुसूची- ३

## आयोगमा आर्थिक वर्ष २०८०/८१ मा कार्यरत पदाधिकारी र कर्मचारीको विवरण

### (क) पदाधिकारीहरू

| क्र. सं. | नामावली | पद | कार्यरत अवधि |
|---|---|---|---|
| १ | डा. सुरेश प्रसाद आचार्य | प्र.सूचना आयुक्त | २०८१ मंसिर २५ गतेदेखि |
| २ | श्री गगन बिष्ट | सूचना आयुक्त | २०८१ मंसिर २५ गतेदेखि |
| ३ | श्री दुर्गा भण्डारी पौडेल | सूचना आयुक्त | २०८१ मंसिर २५ गतेदेखि |

| | | | |
|---|---|---|---|
| १ | श्री महेन्द्र मान गुरूङ्ग | प्र.सूचना आयुक्त | २०८१ मंसिर २३ गतेसम्म |
| २ | श्री कमला ओली थापा | सूचना आयुक्त | २०८१ मंसिर २३ गतेसम्म |
| ३ | श्री रत्नप्रसाद मैनाली | सूचना आयुक्त | २०८१ मंसिर २३ गतेसम्म |

### (ख) कर्मचारीहरू

| सि.नं. | नामावली | पद | श्रेणी | सेवा/समुह/उप समुह | कार्यरत अवधि |
|---|---|---|---|---|---|
| १. | श्री दीर्घ राज मैनाली | सचिव | रा. प. प्रथम | प्रशासन | २०८१।११।०८ देखि |
| २. | श्री कमल प्रसाद भट्टराई | सचिव | रा. प. प्रथम | प्रशासन | २०८१।०५।०५ देखि २०८१।१०।२९ सम्म |
| १ | श्री होम प्रसाद लुइँटेल | सचिव | रा. प. प्रथम | प्रशासन | २०८१।०४।०२ सम्म |
| २ | श्री सन्तोष कुमार दाहाल | उप सचिव | रा.प. द्वितीय | प्रशासन, सामान्य प्रशासन | पुरै आर्थिक वर्ष |
| ३ | श्री सुदर्शन ढकाल | उप सचिव | रा.प. द्वितीय | न्याय, कानून | पुरै आर्थिक वर्ष |
| ४ | श्री देबेन्द्र कार्की | उप सचिव | रा.प. द्वितीय | न्याय, कानून | २०८१।०९।२९ देखि |
| ५ | श्री युबराज अधिकारी | उप सचिव | रा.प. द्वितीय | प्रशासन, सामान्य प्रशासन | २०८१।०९।२९ सम्म |
| ६ | श्री मन्दिरा महर्जन | शा. अ. | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | पुरै आर्थिक वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | श्री डिल्लीराम भट्ट | शा. अ. | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| ८ | श्री दिनेश लुइटेल | शा. अ. | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| ९ | श्री शर्मिला महर्जन | शा. अ. | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| १० | श्री कपिल जंग रावल | का. अ. | रा.प तृतीय | न्याय, कानून | पूरै आर्थिक वर्ष |
| ११ | श्री हरिहर कार्की | शा. अ. | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | २०८१।०५।१८ सम्म |
| १२ | श्री जीवन कुवँर | शा. अ. | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | २०८१।०५।०३ सम्म |
| १३ | श्री दिनेश भट्टराई | शा. अ. | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | २०८१।०५।१७ देखि २०८१।११।२६ सम्म |
| १४ | श्री अशोक न्यौपाने | ले. अ. | रा.प तृतीय | प्रशासन, लेखा | पूरै आर्थिक वर्ष |
| १५ | श्री निशु महतो | क. ई. | रा.प तृतीय | विविध | २०८१।११।१२ देखि |
| १६ | श्री प्रिता दाहाल | क. ई. | रा.प तृतीय | विविध | २०८१।०८।०२ सम्म |
| १७ | श्री शान्ता न्यौपाने | ना. सु. | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| १८ | श्री रञ्जना कुमारी दाहाल | ना. सु. | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| १९ | श्री सृजना ज्ञवाली | ना. सु. | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | पुरै आर्थिक वर्ष |
| २० | श्री योगेश खत्री | ना. सु. | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| २१ | श्री गंगा पौडेल गौतम | ना. सु. | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | २०८१।०८।१२ देखि |
| २२ | श्री युग कुमारी ढकाल | ना. सु. | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | २०८१।०५।०८ सम्म |
| २३ | श्री विष्णु बहादुर खड्का | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन, लेखा | २०८१।०७।०७ देखि |
| २४ | श्री लक्ष्मण अर्याल | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन, लेखा | २०८१।०८।०२ सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | श्री मोहन ज्ञवाली | क. अ. | रा.प.अनं. प्रथम | विविध | पूरै आर्थिक वर्ष |
| २६ | श्री गौरब गुरूङ्ग | क. अ. | रा.प.अनं. प्रथम | विविध | पूरै आर्थिक वर्ष |
| २७ | श्री हरि कृष्ण श्रेष्ठ | ह.स.चा. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| २८ | श्री महेश खड्का | ह.स.चा. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| २९ | श्री सिताराम बस्नेत | ह.स.चा. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| ३० | श्री विजय श्रेष्ठ | ह.स.चा. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| ३१ | श्री ब्रिज किशोर राउत थारु | ह.स.चा. | श्रेणीविहिन | विविध | पूरै आर्थिक वर्ष |
| ३२ | श्री अर्जुन तिमल्सिना | ह.स.चा. | श्रेणीविहिन | विविध | पूरै आर्थिक वर्ष |
| ३३ | श्री माइली तामाङ | का. स. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| ३४ | श्री नविन सुवेदी | का.स. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| ३५ | श्री सुनिता पोडे | कुचीकार | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| ३६ | श्री सृजना देवकोटा | का. स. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| ३७ | श्री रूपसना भट्टराई | का. स. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| ३८ | श्री नवराज कार्की | पाले/चौकिदार | श्रेणीविहिन | विविध | पूरै आर्थिक वर्ष |
| ३९ | श्री टिका प्रसाद घिमिरे | का.स. | श्रेणीविहिन | विविध | पूरै आर्थिक वर्ष |
| ४० | श्री शुसिला अधिकारी थापा | का.स. | श्रेणीविहिन | विविध | पूरै आर्थिक वर्ष |
| ४१ | श्री दिपक न्यौपाने | का.स. | श्रेणीविहिन | विविध | पूरै आर्थिक वर्ष |
| ४२ | श्री धनमाया तिमिल्सिना | का.स. | श्रेणीविहिन | विविध | पूरै आर्थिक वर्ष |

# अनुसूची- ४

## आर्थिक वर्ष २०८१/८२ आयोगको बैठकबाट भएका निर्णय

## बैठक नं. २९८(३)५८ मिति २०८१।०४।२१

## निर्णय

**निर्णय नं. १**

१. CMS Program को सहयोगमा आगामी वर्ष हुने प्रस्तावित कार्यक्रमको सम्बन्धमा छलफल भयो । प्रस्तावित कार्यक्रमहरुका बारेमा CMS Program सँग एक पटक औपचारिक रुपमा छलफल भैसकेको हुँदा संलग्न प्रस्तावित कार्यक्रम प्रस्ताव गरी CMS Program मा पठाउने । साथै यस वर्षको Letter of Exchange मा उल्लेखित International Travel का सन्दर्भमा बंगलादेशको सूचना आयोगबाट सकारात्मक रहेको जानकारी प्राप्त भयो । Letter of Exchange मा २ जनाको लागि मात्र व्यवस्था भएकोमा एशिया फाउण्डेशनसँग छलफल गर्दा प्रमुख सूचना आयुक्त, एकजना आयुक्त, सचिव र एक जना उपसचिवसम्मको व्यवस्था गर्ने तर्फ छलफल अगाडी बढाउन सकिने जानकारी प्राप्त हुन आएकोले २ जनाको ठाउँमा ४ जनाका लागि व्यवस्था गर्न CMS Program मा अनुरोध गर्ने निर्णय भयो । सोका लागि संलग्न Concept note पनि पठाउने ।

**निर्णय नं. २**

२. आगामी भाद्र ३ गते पर्न गएको राष्ट्रिय सूचना दिवस भव्य रुपमा मनाउने सम्बन्धमा छलफल भयो । उक्त दिवस मनाउन कार्यक्रमको तयारी लगायतका अन्य विषयहरुमा छलफल गरी कर्मचारीहरुलाइ कामको बाँडफाँड जिम्मेवारी दिने निर्णय समेत गरियो । साथै सूचनाको हकका क्षेत्रमा कार्यरत संघसंस्था, नागरिक समाज, सूचनाको हकका अभियान्ता, सञ्चार संस्थाहरुलाई उक्त दिन सूचनाको हकसम्बन्धी कार्यक्रम गरी मनाउन आह्वान गर्ने निर्णय भयो ।

**निर्णय नं. ३**

३. राष्ट्रिय सूचना दिवसको अवसरमा आयोगद्वारा हरेक वर्ष राष्ट्रिय सूचना आयोगमा रही काम गर्नु भएका पूर्व आयुक्तहरुलाई सम्मान गर्दै आएको छ । यसै सन्दर्भमा यस वर्ष पनि राष्ट्रिय सूचना दिवसको अवसरमा पूर्व प्रमुख सूचना आयुक्त श्री कृष्णहरी बाँस्कोटालाई सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

४. आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रमहरुको सम्बन्धमा छलफल हुँदा प्रत्येक त्रैमासिकमा गर्नु पर्ने कार्यहरु समयमै सम्पन्न गर्ने निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल भयो ।

## बैठक नं. २९९(३)५९ मिति २०८१।०५।३१

### निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा आयोगबाट प्रकाशन हुने सफलताको कथा प्रकाशन सम्बन्धमा समितिका संयोजक सूचना आयुक्त रत्न प्रसाद मैनालीले प्रगति सुनाउनु भयो । सफलताको कथाको मस्यौदालाई स्वीकृत गरी प्रकाशन गर्न पठाउने निर्णय भयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा आयोगबाट ०७६ पुस देखि ०८१ भदौसम्म आयोगबाट भएका महत्वपूर्ण आदेशहरुको संगालो प्रकाशन सम्बन्धमा समितिका संयोजक सूचना आयुक्त रत्न प्रसाद मैनालीले प्रगति सुनाउनु भयो । आदेशको संगालोको मस्यौदालाई स्वीकृत गरी प्रकाशन गर्न पठाउने निर्णय भयो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. २ को सम्बन्धमा सूचनामा विश्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस यही सेप्टेम्बर २८ अर्थात् असोज १२ गते शनिवार सार्वजनिक क्षेत्रमा सूचनाको हक मूल प्रवाहीकरण विषयमा राष्ट्रिय गोष्ठीको आयोजना गरी मनाउने निर्णय भयो । यसका लागि तयार भएको Concept Note स्वीकृत गर्ने । कार्यक्रम एशिया फाउण्डेशनको सहयोगमा आयोजना गर्ने । कार्यक्रममा मुख्य प्रस्तुतीकरण (Key note Presentation) राख्न राष्ट्रिय समावेशी आयोगका पूर्व अध्यक्ष डा. रामकृष्ण तिमिल्सिनालाई अनुरोध गर्ने । यसै गरी मोडरेटरका रुपमा नेपाल टेलिभिजनबाट आरती चटौत, पेनलिष्टहरुमा सूचना आयुक्त कमला ओली थापा, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्याल र वरिष्ठ पत्रकार बबिता बस्नेतलाई अनुरोध गर्ने ।

**निर्णय नं. ४**

आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदनलाई अन्तिम रुप दिई छिटो भन्दा छिटो प्रकाशन गर्ने निर्णय गरियो ।

## बैठक नं. ३००(३)६० मिति २०८१।०६।१६

### निर्णय

**निर्णय नं. १**

नेपालको संविधानको धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ' भन्ने व्यवस्था छ । यो नागरिकको मौलिक हक हो । नागरिकको यस मौलिक हकको प्रभावकारी प्रचलनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ । यस ऐनको दफा ३ को उपदफा (१) मा 'प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ' भन्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी ऐनको दफा ३ को उपदफा (२) मा 'प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ' भन्ने व्यवस्था छ । नागरिकलाई संविधान र कानूनले प्रदान गरेको 'सूचनाको हकको

संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भन्ने व्यवस्था ऐनको दफा ११ मा रहेको छ । साथै यस 'आयोगमा प्रमुख सूचना आयुक्त र अन्य दुईजना आयुक्त रहनेछन्' भन्ने व्यवस्था छ । यसैगरी 'प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको नियुक्तिका लागि सिफारिस गर्न सभामुख-अध्यक्ष, संचार तथा सूचना प्रविधि मन्त्री-सदस्य र सभापति, नेपाल पत्रकार महासंघ-सदस्य' रहने गरी एक समिति गठन हुने कानूनी व्यवस्था छ । यस अतिरिक्त ऐनको दफा १४ को उपदफा (३) मा 'आयोगको प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदावधि समाप्त हुनुभन्दा एक महिना अगाडि नै दफा ११ को उपदफा (३) बमोजिम सिफारिस समितिले नयाँ नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ' भन्ने व्यवस्था छ ।

यसरी राष्ट्रिय सूचना आयोगको गठनका सम्बन्धमा ऐनले गरेको व्यवस्था र वर्तमान आयोगका प्रमुख सूचना आयुक्त र सूचना आयुक्तद्वयको नियुक्ति नेपाल सरकार (मं. प.) को २०७६ मंसिर २३ गतेको निर्णयबाट भएको (पद बहाली २०७६ पुष २४ गते भएको) सन्दर्भमा वर्तमान पदाधिकारीको कार्यकाल आगामी २०८१ मंसिर २२ गतेसम्म (अर्थात ४ वर्ष ११ महिना) रहने छ । जस अनुसार सिफारिस समितिले आगामी २०८१ कार्तिक २२ गतेभित्र नयाँ पदाधिकारीको नियुक्तिका लागि नाम सिफारिस गरिसक्नु पर्ने देखिन्छ । जस अनुसार सिफारिश समितिलाई पनि आबश्यक गृहकार्यका लागि एक महिनाको समय लाग्नसक्छ भन्ने अनुमानका आधारमा वर्तमान आयोग सिफारिस समितिलाई सोको एक महिना पूर्व यस बिषयमा सूचित गर्नु आफ्नो कर्तव्य सम्झी सम्माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यू र महासंघका सभापतिलाई लिखित ध्यानाकर्षण गराउने र यसको सूचना सम्माननीय प्रधानमन्त्रीज्यूलाई नेपाल सरकारका मुख्यसचिव मार्फत प्रेषित गर्ने समेतका लागि निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा राष्ट्रिय सूचना आयोगले Asia Foundation को सहयोगमा पहिलो पटक मधेश र लुम्बिनी प्रदेशका चारवटा जिल्लालाई छनौट गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४, नियमावली, २०६५ र कार्यान्वयन अनुगमन निर्देशिका, २०७६ को प्रावधान बमोजिम सूचनाको हकको कार्यान्वयनको स्थिति के-कस्तो रहेको छ भन्ने सम्बन्धमा आरटिआई अडिट सम्पन्न गरिएको छ । यस सम्बन्धी प्रतिवेदन आयोगमा प्राप्त भएको छ ।

यो परीक्षणमा मधेश प्रदेशको सिराहा जिल्लाका १७ वटा स्थानीय तह, रौतहट जिल्लाका १८ वटा स्थानीय तह, लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लाका १० वटा स्थानीय तह र नवलपरासी पश्चिम जिल्लाका सात स्थानीय तह गरी जम्मा ५२ वटा स्थानीय तह समावेश गरिएको थियो । यस परीक्षणका लागि आयोगबाट उपलब्ध गराइएको यस अघि सङ्घीय मन्त्रालयमा गरिएको परीक्षणमा सोधिएको १० वटा प्रश्नहरुलाई स्थानीय सरकारका लागि उपयुक्त हुनेगरी परिमार्जन सहित तयार गरिएको थियो । साथै हरेक प्रश्नको आधारमा थप पुरक प्रश्नहरु पनि संलग्न गरिएको थियो ।

स्थानीय सरकारले पाएको औसत अङ्कको आधारमा उनीहरुको मूल्याङ्कन गरिएको छ । मधेश र लुम्बिनी प्रदेशबीचमा तुलनात्मक विश्लेषण गरिएको छ भने जिल्ला जिल्लाबीचमा पनि तुलना गर्ने प्रयास गरिएको छ । यसरी विश्लेषण गर्दा मधेश प्रदेश तुलनात्मक रुपमा लुम्बिनी भन्दा राम्रो देखिएको छ भने सिराहा जिल्ला अन्य जिल्ला भन्दा राम्रो देखिएको छ । समग्र स्थानीय तहहरुको मूल्याङ्कन गर्दा सिराहाको नवराजपुर गाउँपालिका र कपिलवस्तुको वाणगङ्गा नगरपालिका बराबरी अङ्क सहित प्रथम स्थानमा रहेका छन् ।

यो परीक्षणबाट समग्रमा हेर्दा स्थानीय तहमा सूचनाको हकको कार्यान्वयनको अवस्था कमजोर रहेको पाइयो । प्रायः स्थानीय तहमा सूचना अधिकारी तोक्ने तर तिनीहरुलाई कुनै क्षमता अभिवृद्धि, कार्य वातावरण र प्रोत्साहन नदिने गरेको पाइयो । सूचना अधिकारी तोक्दा पनि कानूनी प्रावधानलाई मिचेर चौथो तथा पाँचौ तह मुनिको व्यक्ति (आइटी अफिसर) हरुलाई तोकिएको पाइयो भने उनीहरुको सूचनामा पहुँचकै सवाल मुख्य रुपमा देखियो । सूचना व्यवस्थापन र प्रकाशनको अवस्था निक्कै कमजोर पाइयो । एक दुई वटा स्थानीय सरकार बाहेक कुनैमा पनि सूचना माग भएको र दिएको समेत विवरणहरुको व्यवस्थित रेकर्ड पाइएन भने नियमित प्रकाशन गर्नुपर्ने स्वतः प्रकाशनको अवस्था निक्कै नाजुक रहेको पाइएको छ । सूचनादाताको संरक्षण गर्ने र सूचनाको वर्गीकरण गर्ने कार्यमा पनि ध्यान पुगेको देखिँदैन भने सूचनाको हकलाई प्रवर्द्धन गर्ने कार्यमा स्थानीय सरकारको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश नगरेको देखिन्छ । स्थानीय सरकारले सूचनाको हकको क्षेत्रमा गरेको सेवा प्रवाहलाई प्रगति विवरणमा समेत देखाउन सकेका छैनन् । स्थानीय तहको नीति, कार्यक्रम तथा बजेटमा सूचनाको हकलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ ।

स्थानीय तहमा सूचनाको हकको कार्यान्वयनको अवस्था कमजोर देखिनुमा सूचना अधिकारीलाई कार्य वातावरण र थप प्रोत्साहनको अभाव हुनु, सूचना अधिकारीको लागि सूचनाको हकसम्बन्धी क्षमता विकास तालिमको अभाव हुनु, र सूचना अधिकारीकै सूचनामा पहुँच नहुनु हो भन्ने सूचनाको हक कार्यान्वयन परीक्षण, २०८१ को निष्कर्ष रहेको पाइन्छ । सूचनामा सहज पहुँच अभिवृद्धि गर्न सार्वजनिक निकायले सूचनाको अधिकतम् खुलासाको अभ्यासलाई आत्मसात गर्नु जरुरी छ । त्यसमा पनि सरकारी कार्यालयले सूचनाको स्वतः प्रकाशनलाई नियमित जिम्मेवारीको रुपमा लिएर काम गर्नुपर्ने हुन्छ । सूचनादाताको संरक्षणमा कर्मचारीलाई प्रोत्साहित गर्ने र नीति तथा कार्यक्रमले सूचनाको हकको सवालमा बोल्ने वातावरण बनाउनु आवश्यक छ। सूचना अधिकारीको अग्रसरता र प्रस्तावमा स्थानीय सरकारले वार्षिक रुपमा सूचनाको हकसम्बन्धी कार्यक्रम र प्रवर्द्धनात्मक कृयाकलाप गरी नागरिकलाई जानकारी गराउनु पर्ने विषय प्रतिवेदनमा समावेश भएको पाइयो । साथै प्रतिवेदनले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिम क्षेत्रगतरुपमा सूझाव दिएको पाइन्छ ।

**१. स्थानीय सरकारका सम्बन्धमाः**

- स्थानीय सरकारले सूचना अधिकारी तोक्दा सूचनाको हकसम्बन्धी नियमावलीको प्रावधानलाई ख्याल गर्नुपर्ने ।
- सूचना अधिकारी तोकिसकेपछि आवश्यक क्षमता विकासको तालिम दिलाउने र थप प्रोत्साहनसहित सूचना अधिकारीको रुपमा काम गर्न उचित कार्य वातावरण मिलाइ दिनुपर्ने ।
- सूचना संकलन, व्यवस्थापन र नियमित खुलासामा स्थानीय सरकारले ध्यान दिनुपर्ने ।
- स्थानीय रुपमा सूचनाको वर्गीकरण र संरक्षणको योजना बनाउनुपर्ने ।
- सूचनाको लागि भएको माग र दिएको संख्या, क्षेत्र लगायतको विवरणलाई आफ्नो प्रगति प्रतिवेदनमा समावेश गर्ने ।
- स्थानीय सरकारले वार्षिक नीति, बजेट तथा कार्यक्रममा सूचनाको हकलाई समेट्ने ।
- स्थानीय सरकारले दिने सेवाको सूचीमा सूचनाको हकलाई पनि समावेश गर्ने ।
- विभागीय प्रमुख तथा अन्य सार्वजनिक निकायको सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी तालिम दिने ।
- अन्तर्राष्ट्रिय थाहा पाउने दिवस, सूचनाको हकसम्बन्धी ऐन आएको दिन वा राष्ट्रिय सूचना आयोगको स्थापना दिवस मनाउने आदि कृयाकलाप आयोजना गरी सूचनाको हकको प्रवर्द्धन गर्ने ।

- स्थानीय सरकारको मातहतमा रहेको सार्वजनिक निकायमा सूचना अधिकारी तोक्न लगाउने, तोके नतोकेको अनुगमन गर्ने र प्रतिवेदन संकलन गरी सम्बन्धित अनुगमन समितिमा बुझाउने ।
- भ्रष्टाचार निवारणको लागि स्थानीय सरकारले आफ्नो कार्यालयमा रहेका कर्मचारीलाई सूचना उपलब्ध गराउन प्रोत्साहन गर्ने र सूचनादाताको संरक्षणमा आवश्यक संयन्त्र निर्माण गर्ने ।
- स्थानीय सरकारले सूचनाको हकलाई आत्मसात गरी कार्यान्वयनको जिम्मा लिएर कार्ययोजना नै बनाएरअघि बढ्नुपर्ने देखिन्छ ।

**२. राष्ट्रिय सूचना आयोगको सम्बन्धमाः**

- प्रदेश अनुगमन समितिलाई कृयाशील गराउनुपर्ने ।
- स्थानीय अनुगमन समितिलाई थप जिम्मेवार बनाई कानुन बमोजिम तीन/तीन महिनामा हरेक सार्वजनिक निकायबाट प्रतिवेदन संकलन गरी पेस गर्ने वातावरण बनाउनुपर्ने ।
- स्थानीय सरकारलाई सूचनाको हकसम्बन्धी ऐनको प्रावधान अनुसार सूचना अधिकारी तोक्न र क्षमता अभिवृद्धिको तालिम दिलाउन निर्देशन गर्नुपर्ने ।
- स्थानीय सरकारले तीन/तीन महिनामा गर्ने स्वतः खुलासाको नियमित अनुगमन गरी कानून अनुसार नगर्नेलाई सचेत गराउनु पर्ने ।
- यो आरटिआई अडिटले तराइका जिल्लालाई मात्र समेटेकोले अन्य पहाडी जिल्लामा र अन्य सार्वजनिक निकाय जस्तै स्वास्थ्य संस्था र विश्वविद्यालयमा पनि विस्तार गर्नुपर्ने ।
- आरटिआई अडिटको कार्यक्रमलाई सातै प्रदेशको हिमाल, पहाड र तराई सबै क्षेत्र समेटिने गरी विस्तार गरिनुपर्ने ।
- आरटिआई अडिटलाई अन्य सार्वजनिक निकाय जस्तैः स्वास्थ्य संस्था, शैक्षिक संस्था, बैक, सरकारी र सरकारका विभाग जस्तै मालपोत, नापी, राहदानी, शिक्षा, सडक आदिमा पनि विस्तार गर्न सके सूचनाको हकको संरक्षण र प्रवर्द्धनमा साँच्चै राम्रो काम हुने देखिन्छ ।

**३. स्थानीय अनुगमन समितिको सम्बन्धमाः**

- सूचना अधिकारीको नियमित बैठक राख्नुपर्ने ।
- स्थानीय सरकारको सूचना अधिकारीलाई अन्य स्थानीय सार्वजनिक निकायमा पनि सूचना अधिकारी तोक्न निर्देशन दिनुपर्ने ।
- सूचना अधिकारी तोके नतोकेको बारेमा नियमित अनुगमन गरी प्रतिवेदन अर्को बैठकमा पेश गर्न लगाउनुपर्ने ।
- स्थानीय सरकारका सूचना अधिकारीबाट संकलित प्रतिवेदनलाई एकीकृत गरी राष्ट्रिय सूचना आयोगमा पठाउने व्यवस्था मिलाउनुपर्ने

**अन्य सुझावः**

- सूचना अधिकारीको कार्य सम्पादन मूल्यांकनमा सूचनाको हकलाई छुट्टै सूचक बनाएर मापन गर्ने व्यवस्था गर्नुपर्ने ।
- सूचना अधिकारीको बार्षिक सम्मेलन गर्ने र उत्कृष्ट सूचना अधिकारीलाई सूचना व्यवस्थापन, सूचनाको हकको प्रबर्द्धन, सूचनादाताको संरक्षण जस्ता सूचकको आधारमा राज्यबाट पुरस्कृत गर्ने व्यवस्था मिलाउने।

प्रतिवेदनको अध्ययन तथा विश्लेषण र प्राप्त सुझावहरुको मूल्याङ्कन गर्दा सूचनाको हकको कार्यान्वयन अध्ययन गरिएका स्थानीय तहहरुमा केही सन्तोषजनक देखिएता पनि धेरै विषयमा थप प्रयास गर्नुपर्ने देखिन्छ । स्थानीय तहमा पहिलो पटक गरिएको यस अध्ययनले सूचनाको हक कार्यान्वयमा रहेका कमी कमजोरी तथा समस्याका रुपमा विषयमा विस्तृत रुपमा अध्ययन गरेको पाइन्छ । प्रतिवेदन अध्ययन र छलफल पश्चात् सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिम गर्न गराउन सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवमार्फत निर्देशन दिने निर्णय गरेको छ ।

**१. स्थानीय तहका सम्बन्धमाः**

क) सूचना अधिकारी अनिवार्य रुपमा तोक्ने र सूचना अधिकारी तोक्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४(क) को व्यवस्था बमोजिम मात्र गर्ने गराउने ।

ख) सूचना मागको अवस्थालाई ध्यानमा राखी आवश्यकता भएमा सूचना शाखाको व्यवस्था गर्ने गराउने ।

ग) सूचना अधिकारीलाई सार्वजनिक निकायमा भएका सूचनामा सहज पहुँच तथा सहयोग गर्ने गराउने व्यवस्था गर्नु पर्ने । साथै सूचना अधिकारीलाई स्रोत साधन सम्पन्न बनाउने ।

घ) सूचनाको हकको कार्यान्वयका लागि प्रत्येक स्थानीय तहले सूचनाको हकसम्बन्धी बजेट तथा कार्यक्रम अनिवार्य रुपमा प्रत्येक वर्ष राख्ने ।

ङ) सूचना अधिकारीलाई सार्वजनिक निकायमा प्राप्त हुने वैदेशिक भ्रमण, तालिम, पुरस्कार जस्ता विषयमा प्राथमिकतामा राख्ने ।

च) सूचनाको हक कार्यान्वयनका लागि राम्रो अभिलेख व्यवस्थापन हुन आवश्यक हुने भएकोले सूचना प्रविधिमा आधारित अभिलेख व्यवस्थापन प्रणाली अबलम्बन गर्ने गराउने ।

छ) स्थानीय तहको नीति, कार्यक्रम तथा बजेटमा सूचनाको हकको कार्यान्वयनलाई समावेश गर्ने गराउने ।

ज) स्थानीय तह आबद्ध तथा अन्तर्गत थुप्रै सार्वजनिक निकायहरु रहने हुँदा सबै सार्वजनिक निकायमा सूचनाको हक कार्यान्वयन गर्न गराउन निर्देशन दिनुका साथै तालिम, प्रशिक्षण, छलफलको व्यवस्था गर्ने गराउने ।

झ) सूचनाको हक सम्बन्धी कानूनले तोकेका व्यवस्थाहरु सबै कार्यन्वयन गर्ने गराउने ।

ञ) सूचनाको माग सम्बन्धी अभिलेख राखी प्रगति जिल्ला स्तरीय अनुगमन इकाई र आयोगमा पठाउने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा आयोगले द एशिया फाउण्डेशनको सहयोगमा सूचनाको हकबारे नागरिक सचेतनाका सम्बन्धमा मधेश प्रदेश र लुम्बिनी प्रदेशका २-२ वटा जिल्लामा गरेको सर्वेक्षण प्रतिवेदन अध्ययन गरी कार्यान्वयन गर्नका लागि के गर्नु पर्ने हुन्छ सचिवालयले अर्को बैठकमा पेश गर्ने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा सूचनामा विश्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस क्भउत २८ (असोज, १२) गते शनिवारका दिन सार्वजनिक क्षेत्रमा सूचनाको हक मूल प्रवाहीकरण विषयमा राष्ट्रिय गोष्ठी राष्ट्रिय सभाको अध्यक्ष श्री दाहालको प्रमुख आतिथ्यतामा आयोजना गरी भव्य रुपमा मनाइयो । कार्यक्रममा मुख्य प्रस्तुतीकरण डा. रामकृष्ण तिमल्सिना, मोडेरेटरका रुपमा नेपाल टेलिभिजनबाट आरती चटौत, पेनालिष्टहरुमा सूचना आयुक्त श्री कमला ओली थापा, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्याल र वरिष्ठ पत्रकार श्री बबिता बस्नेत रहनु भएको थियो । सो कार्यक्रममा भएका गतिविधिहरुको प्रतिवेदन तयार गरी अर्को बैठकमा पेश गर्न लगाउने ।

**निर्णय नं. ५**

आयोजना तथा विविध कृयाकलाप गर्दा वातावरण संरक्षण ऐन, २०७६ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने गरिएको छ । यस्ता प्रतिवेदनहरु सर्वसाधारणको राय - सुझाव लागि प्रारम्भिक तहमा सार्वजनिक गरिने गरिएको भएता पनि प्रतिवेदन स्वीकृत भए पश्चात त्यस्ता प्रतिवेदन सार्वजनिक वा सर्वसाधारण नागरिकको पहुँचमा नरहने भन्ने भनाई आइरहेको सन्दर्भमा यसको कानूनी व्यवस्था र यस्ता प्रतिवेदनहरु सार्वजनिक गर्ने वा संरक्षण गर्ने, सर्वसाधारण नागरिकको पहुँचमा राख्ने तथा पारदर्शिता कायम गर्ने र प्रतिवेदन पश्चात पनि हुने अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरुका सम्बन्धमा के कस्तो व्यवस्था रहेको र कार्यान्वयन कसरी भइरहेको छ भन्ने बारेमा बन तथा वातावरण मन्त्रालयका कार्यालय प्रमुखलाई १५ दिनभित्र जानकारी गराउन लेखी पठाउने ।

**निर्णय नं. ६**

जलवायू परिवर्तनको विषय सबैको चासो भएको विषय हो । जलवायू परिवर्तनका कारण भइरहेका घटना तथा प्रभावहरु स्वाभाविकरुपमा जनचासोको विषय हो । जलवायू परिवर्तनका असरहरु न्यूनीकरण गर्न नेपाल सरकारले लिएका नीति, कार्यक्रम, बजेट तथा कार्यान्वयनको अवस्था बारेमा सर्वसाधारण नागरिकले थाहा पाउनु पर्ने संवैधानिक र कानूनी अधिकार हो । यस्ता कृयाकलापहरु स्वाभाविक रुपमा पारदर्शी, जवाफदेही र जिम्मेवारीपूर्वक सम्पन्न गरिनु पर्ने हुन्छ । यस सम्बन्धमा भए गरेका विषयहरुका बारेमा १५ दिनभित्र आयोगलाई जानकारी गराउन बन तथा वातावरण मन्त्रालयका कार्यालय प्रमुखलाई लेखी पठाउने ।

**विविध**

(क) यही २०८१ साल असोज ११ र १२ गते अविरल वर्षाले आएको बाढी पहिरोका कारण ठूलो जनधनको क्षति भएको छ । बाढी तथा पहिरोमा परी जीवन गुमाएका नागरिकहरू प्रति आयोग भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ र शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

यस विपदका क्रममा खोज, उद्धार र राहतका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सार्वजनिक निकायहरूले गरिरहेका प्रयासहरू सकारात्मक दिशातर्फ गइरहेको अवस्था छ । विपदमा परेका नागरिकहरूका लागि तीनै तहका सार्वजनिक निकायहरूले घाइतेहरूको उपचार, राहत वितरण, अस्थायी बसोबासलगायतका कार्यहरू गरिरहेका छन् । यसका लागि आवश्यक पर्ने उपचार सामग्रीदेखि राहत सामग्रीहरू खरिद तथा वितरणका कार्यहरू भइरहेका छन् । नीतिगत

र कार्यान्वयन तथा समन्वय सम्वन्धी प्रसस्त निर्णयहरू हुनुका साथै ती निर्णयहरू कार्यन्वयनमा समेत गएका छन । विपद्मा परेका नागरिक तथा व्यवसायहरूका लागि विभिन्न तहका सार्वजनिक निकायहरूवाट केही न केही प्रकारका सहुलियत तथा राहतका प्याकेजहरू घोषणा भएका छन् । यही उद्देश्यका लागि सरकारी तथा निजी क्षेत्रबाट सहयोगका लागि रकम तथा सामग्री उपलब्ध भइरहेको पाइन्छ ।

सार्वजनिक सरोकारको विषय भएको हुनाले यस विपदका समयमा नागरिकलाई उद्धार गर्न र उपचार गर्न, राहत प्रदान गर्न विभिन्न तहका सार्वजनिक निकायहरूवाट भएका र अब हुने यस्ता निर्णयहरूको क्रममा भएका कार्यहरू सम्वन्धी सूचनाहरू अद्यावधिक गरि राख्नु पर्ने जिम्मेवारी सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ उपदफा (१) ले सार्वजनिक निकायलाई दिएको छ । साथै यस्ता सूचनाहरूको संरक्षण तथा उचित व्यवस्थापन गर्न सके मात्र भविष्यमा आइपर्ने सक्ने यस्तै विपदका वेलामा पुन प्रयोग गर्न सकिनुका साथै तत्काल सार्वजनिक गर्न समेत सहज हुनेछ । अहिलेको प्रविधिको युगमा यस्ता दस्तावेजहरू विद्युतीय स्वरुपमा संरक्षण गर्नु पनि उत्तिकै उपयुक्त हुने यस आयोगको ठहर रहेको छ ।

स्वाभाविक रुपमा यस्तो विपद्को अवस्थामा कुनैपनि सार्वजनिक निकायको पहिलो प्राथमिकता भनेको सर्वसाधारण नागरिकलाई उद्दार र राहत उपलब्ध गराउनु हो र यसैमा जोड दिन आवश्यक रहेको विषयमा आयोग सहमत छ ।

सार्वजनिक निकायहरूको पारदर्शी र उत्तरदायी क्रियाकलाप लोकतन्त्रको एउटा महत्वपूर्ण आधार स्तम्भ हो । उपचार र राहतका लागि सार्वजनिक निकायहरूले गरेका प्रयासहरूका बारेमा यथार्थ र सही सूचना समयमै पाउँदा सर्वसाधारण नागरिकबाट स्वाभाविक सहयोग र समर्थन प्राप्त गर्न सकिन्छ । नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । यस संवैधानिक हकलाई कार्यान्वयन गर्न सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले कानूनी व्यवस्था गरेको छ। सही सूचना प्रवाह हुन नसक्दा मिथ्या, गलत, भ्रामक, अफवाहजन्य सूचनाको कारण सर्वसाधारण नागरिकलाई दिगभ्रमित बनाउने संभावना रहन्छ ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ४ उपदफा (१) र उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम क्रमशः सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्नेछ, सूचना समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो कामकारवाही खुला र पारदर्शी रुपमा गर्ने दायित्व सार्वजनिक निकायहरूको हुने व्यवस्था गरेको छ । यस अवस्थामा सार्वजनिक निकायहरूले बाढी तथा पहिरो पीडितहरूको उपचार र राहतका लागि गरेका निर्णय, खरिद तथा वितरण सम्वन्धी कृयाकलापका सूचना स्वत सार्वजनिक गर्दै जान सकिने हो भने सर्वसाधारण नागरिकलाई सूचना माग गरिरहन पर्ने अवस्था तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई सूचना उपलब्ध गराउन लाग्ने समयवाट छुट्कारा पाउन संभव हुन्छ भन्ने आयोगको विश्वास रहेको छ। तसर्थ सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ख), (ग) र (ङ) बमोजिम संघीय सार्वजनिकका हकमा नेपाल सरकारका मुख्य सचिव मार्फत, राष्ट्रिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख,

प्रदेशका सार्वजनिक निकायहरूका हकमा सो प्रदेश सरकारका प्रमुख सचिव मार्फत र बाढी तथा पहिरो प्रभावित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवमार्फत देहाय वमोजिम गर्न गराउन निर्देशन दिने :

१. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सार्वजनिक निकायहरूबाट पीडितहरूको उपचार तथा राहतका लागि भए गरेका कामहरूका बारेमा सञ्चारका विभिन्न माध्यमबाट नियमित रुपमा सार्वजनिक गराउने व्यवस्था मिलाउने ।

२. उपलब्ध र वितरण भएका वा गरिने तथा खरिद गरिने सामग्री, सेवा तथा राहतका वारेमा सञ्चारका विभिन्न माध्यमबाट नियमित रुपमा नेपा सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरूवाट सार्वजनिक गराउने व्यवस्था मिलाउने ।

३. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सार्वजनिक निकायहरूबाट राहत उपलब्ध गराउन पर्ने नागरिकहरूलाई वितरण गरिएको राहतको विवरण तथा आधार नियमित रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने । सहजता तथा अभिलेखका लागि यस्ता विवरण विद्युतीय प्रणालीमा राख्ने व्यवस्था गर्ने ।

४. यस सन्दर्भमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत किसान श्रमिक, युवा, बालबालिका लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकका लागि छुट्टै कार्यक्रम ल्याइएको भए त्यस्ता कार्यक्रमका बारेका सूचना सार्वजनिक गर्ने ।

५. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र सम्बद्ध निकायहरूले आ-आफ्नो निकायका सूचना अधिकारीलाई यस समयमा ईमेल, भाइवर, मोवाइल तथा अन्य माध्यमबाट समेत सम्पर्क गर्न सकिने व्यवस्था गर्ने ।

६. नेपाल सरकारवाट स्वीकृत सूचनाको हक कार्यन्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ बमोजिम गठित केन्द्रीय समन्वय इकाई, कार्यन्वयन अनुगमन इकाई, प्रदेश अनुगमन इकाई र जिल्ला अनुगमन इकाईहरूलाई सकृय गराई यस अवधिमा र नियमित रुपमा सूचनाको हकको प्रयोग वारेमा अनुगमन गरी त्यसको प्रतिवेदन सार्वजनिक गर्ने र यस आयोगलाई पनि जानकारी दिने व्यवस्था मिलाउने ।

७. सार्वजनिक निकायमा रहेका सूचना संकलन गरी सर्वसाधारण नागरिकसम्म पुर्‍याउने आमसञ्चारकर्मीहरू तथा सूचनाका हकका अभियन्ताहरू सार्वजनिक निकायहरूमा गई रहने पर्ने हुंदा निजहरूको सुरक्षाको व्यवस्था मिलाउन आवश्यक व्यवस्था गर्ने ।

८. सूचना प्रवाह गर्ने क्रममा सार्वजनिक निकायहरूले व्यक्तिगत प्रकृतिका सूचनाहरू पनि दिएको वा दिने संभावना रहेको र यसवाट पर्ने प्रभाव दुखदायी हुन सक्ने तथा यस्ता कार्य गर्न कानुनी रुपमा पनि सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा २८ तथा अन्य कानूनहरूले प्रतिबन्ध लगाइएको हुँदा यस्तो कार्य नगर्ने नगराउने ।

९. प्रत्येक सार्वजनिक निकायले कानूनी व्यवस्था बमोजिम प्रत्येक तीन/तीन महिनामा गरिने स्वतः प्रकाशनमा उल्लेखित विवरणहरू समावेश गर्ने ।

(ख) अबिरल बर्षाका कारण देशका विभिन्न भागमा आएको बाढी पहिरोमा परी दिवङ्गत हुनु भएका सम्पूर्ण व्यक्तिहरुप्रति आयोग श्रद्धाञ्जली व्यक्त गर्दछ । साथै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ । बाढी पहिरोबाट पुग्न गएको अकल्पनीय क्षतिबाट पीडितहरुलाई राहत प्रदान गर्न सहयोग पुऱ्याउनको लागि आयोगका प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरुको ७ (सात) दिनको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने ।

## बैठक नं. ३०१(३)६१ मिति २०८१।०७।०५

## निर्णय

**निर्णय नं. १**

सूचना आयोगहरुको विश्वव्यापी संगठन International Conference of Information Commissioners (ICIC) को अध्यक्षता गरिरहेको मेक्सीकोको सूचनाको हकसम्बन्धी आयोग Instituto Nacional de Transparencia, Acceso a la Información y Protección de Datos Personales (INAI) को तर्फबाट राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्तको नेतृत्वमा एक प्रतिनिधि मण्डललाई ICIC को कृयाकलाप तथा INAI ले सम्पादन गरिरहेको कार्यहरुका बारेमा अध्ययन तथा विचारको आदान प्रदान गर्न सन् २०२४ को नोभेम्बर २५ देखि २७ सम्म अर्थात् मंसीरको १० देखि १२ सम्म भ्रमण गर्न निमन्त्रणा गरेको छ । साथै INAI ले नाभेम्बर २५ मा आयोजना गर्ने Open Parliament and Constitional Justice विषयक छलफल कार्यक्रममा Panelist (वक्ता) का रुपमा प्रमुख सूचना आयाुक्त महेन्द्र मान गुरूङ्गलाई निमन्त्रणा समेत गरेको छ । INAI ले ल्याटिन अमेरिकाका सूचना आयोगहरुको पनि नेतृत्व गरिरहेको र सूचनाको हकका क्षेत्रमा नयाँ नयाँ प्रयोग तथा उपलब्धि प्राप्त गरिरहेको पाइन्छ ।

यस भ्रमणबाट ICIC का कृयाकलाप तथा INAI ले सम्पादन गरेका महत्वपूर्ण उपलब्धिहरुका बारेमा जानकारी लिई राष्ट्रिय सूचना आयोगले सिक्ने र एकअर्का बिचमा अनुभव साटासाट गर्न पाइने अवसर प्राप्त हुनेछ ।

प्रस्तावित भ्रमणमा यस आयोगका तर्फबाट प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग, सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनाली, सचिव कमल प्रसाद भट्टराई र एक जना उपसचिवको मनोनयन गर्ने ।

प्रस्तावित भ्रमणका लागि यस आयोगमा बजेटको अवस्था नभएको हुँदा बजेट व्यवस्था समेत हुने गरी मनोनयन स्वीकृतिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा लेखी पठाउने ।बैठक नं. ३०२(३)६२

## मिति २०८१।०७।२१

## निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २५ बमोजिम प्रधानमन्त्री मार्फत व्यवस्थापिका संसदमा पेश गर्न आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन तयार गर्न गठित समितिले पेश गरेको मस्यौदाउपर छलफल भयो । सामान्य संशोधन सहित पेश भएको वार्षिक प्रतिवेदन स्वीकृत

गर्ने र छपाईमा पठाउने । वार्षिक प्रतिवेदन पेश गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको समयका लागि सचिवालयले व्यवस्थापन गर्ने ।

### निर्णय नं. २

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा प्रत्येक वर्ष आयोगमा सूचनाको हक सम्बन्धी ऐन बमोजिम परेका पुनरावेदनहरूको अध्ययन गर्दा सबैभन्दा बढी स्थानीय तहसँग सम्बन्धित रहेको पाइएको छ। यस विषयमा अध्ययन तथा विश्लेषण गरी स्थानीय तहका सार्वजनिक निकायहरूलाई सूचनाको हक सम्बन्धी कानूनी व्यवस्था कार्यान्वयन गर्न गराउनुपर्ने देखिएको कारणबाट आयोगले लुम्बिनी प्रदेशका कपिलवस्तु जिल्लाका १० वटा स्थानीय तह, नवलपरासी पश्चिम जिल्लाका ७ वटा र मधेस प्रदेशको सिरहा जिल्लाका १७ वटा र रौतहट जिल्लाका १८ वटा गरी ५५ वटा स्थानीय तहको आरटीआई अडिट गरेको थियो । यसरी गरिएको अध्ययन प्रतिवेदनले दिएका सुझावहरूमध्ये स्थानीय तहसँग सम्बन्धित सुझावहरू कार्यान्वयन गर्न गराउन आयोगले मिति २०८१।०६।१६ को बैठकबाट निर्णय भई आदेश भइसकेको अवस्था छ । बाँकी सुझावहरूको सम्बन्धमा देहाय बमोजिम गर्ने :

(क) राष्ट्रिय सूचना आयोगले बाँकी प्रदेशका सार्वजनिक निकायहरूको पनि नियमित रुपमा RTI गरी गराई सूचनाको हकको कार्यान्वयनलाई थप प्रभावकारी बनाउँदै लैजाने ।

(ख) स्थानीय तह अन्तर्गत थुप्रै सार्वजनिक निकाय रहेको सन्दर्भमा आयोगले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी सबै स्थानीय तहमा पनि अनुगमन इकाई बनाउन पहल गर्ने ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा राष्ट्रिय सूचना आयोग र विभिन्न गैरसरकारी संस्थाहरूले सूचनाको हकको प्रयोग गर्न गराउन नागरिक तहमा विभिन्न सचेतना सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । अहिले पनि सूचनाको हक प्रयोग गर्नेमा बढी सञ्चारकर्मी भएको पाइन्छ । सबै साधारण नागरिकले जुन स्तरमा सूचनाको हकको प्रयोग गर्नुपर्ने हो, त्यति प्रयोग गरेको पाइँदैन । अझ भन्नुपर्दा महिला, युवा र पिछडिएका वर्गहरूबाट नगन्यरुपमा प्रयोग गरिरहेको आयोगको बुझाइ रहेको छ । यसै सन्दर्भलाई ध्यानमा राखी आयोगले नागरिक सचेतनाको अवस्था अध्ययन गरी सचेतना बढाउनु पर्ने क्रियाकलापहरु बारेमा सुझाव दिन अध्ययन गराएको थियो । यसरी गरिएको अध्ययन प्रतिवेदनले दिएका सुझावहरु समयमै कार्यान्वयन गर्न सकियो भने मात्र अध्ययनको उपादेयता स्थापित हुन्छ । अध्ययन प्रतिवेदनमा प्राप्त सुझावहरू कार्यान्वयन गर्न देहायबमोजिम गर्ने :

**(क) सचेतना र शिक्षा अभियानहरू:**

**१. लक्षित सचेतनाका अभियानहरू:**

- महिला, युवा र सीमान्तकृत समुदायहरूको विशेष आवश्यकतालाई ध्यानमा राख्दै समुदायमा आधारित लक्षित सचेतनाका कार्यक्रमहरू विकास र कार्यान्वयन गर्ने। यी कार्यक्रमहरू नागरिकलाई सूचनाको हक सम्बन्धी ऐन अन्तर्गतका हकहरू र सूचना माग गर्ने प्रक्रियाहरूको बारेमा शिक्षित गर्नमा केन्द्रित हुनु पर्छ। त्यसमा पनि विशेष गरी जनचेतनाको स्तर कम भएका ग्रामीण क्षेत्र, महिला र सीमान्तकृत समूहहरूलाई लक्षित गरिनु पर्दछ।

- सूचनाको हक सम्बन्धी ऐनको बारेमा जानकारी फैलाउनका लागि रेडियो, टेलिभिजन र सामाजिक सञ्जालजस्ता सञ्चार माध्यमहरूको प्रयोग गर्ने। यी अभियानहरूमा स्थानीय भाषाहरूको प्रयोगले व्यापक पहुँच र बुझाइ सुनिश्चित गर्नेछ।
- ग्रामीण र दुर्गम क्षेत्रहरूमा समुदायका प्रभावशाली व्यक्तिहरूलाई संलग्न गराएर जनसम्पर्कका प्रयासहरू गर्ने।

**२. विद्यालय र सामुदायिक शिक्षा कार्यक्रमहरू:**

- विद्यालयको कक्षा ८ को पाठ्यक्रमा सूचनाको हक सम्बन्धी पाठ समावेश भएको छ। सूचनाको हकसँग सम्बन्धित पाठ्यक्रमहरू माध्यमिक तहका सबै कक्षाहरूमा समावेश गरिनुपर्छ। साथै सामुदायिक शिक्षा कार्यक्रमहरूमा सूचनाको हक सम्बन्धी शिक्षा समावेश गर्नु अझ राम्रो हुन्छ। सानै उमेरदेखि युवाहरूलाई उनीहरूको हकहरूको बारेमा शिक्षित गर्दा थप सचेत नागरिक निर्माणमा मद्दत हुनेछ।
- गैरसरकारी संस्थाहरू र नागरिक समाज लगायतका संस्थाहरूसँग सहकार्य गरेर समुदाय स्तरमा सूचनाको हक सम्बन्धी ऐनको व्यावहारिक प्रयोगमा ध्यान केन्द्रित गरी कार्यशाला र तालिम सत्रहरूको आयोजन गर्ने।

## (ख) पहुँच सुधार र प्रक्रिया सरलीकरण

**३. सूचना प्राप्तिको प्रक्रियालाई सरलीकरण:**

- सूचनाको हकको आवेदन पेश गर्ने विद्युतिय माध्यम कम क्रियाशिल छ। त्यसैले अनलाइन प्रणालीलाई अझ राम्रो बनाउनुपर्छ।
- सर्वसाधारणलाई सूचना प्राप्तिको निवेदन लेख्न र बुझाउन मद्दत गर्नका लागि सबै सरकारी निकायहरूमा प्रशिक्षित कर्मचारी भएको एउटा सहायता कक्ष स्थापना गर्ने।

**४. भाषा र प्राविधिक पहुँच:**

- भाषागत अवरोधलाई हटाउन सूचना प्राप्तिको निवेदन फाराम र सम्बन्धित सामग्रीहरू स्थानीय भाषामा उपलब्ध गराउने।

**५. नागरिक वडापत्र र सूचना शाखाहरूको सचेतना:**

- नागरिकलाई नागरिक वडापत्रको अस्तित्व र महत्वका बारेमा जानकारी दिनका लागि अभियान चलाउने।
- सार्वजनिक कार्यालयहरूमा सूचना शाखा र सूचना अधिकारी सजिलै भेट्न सक्ने र त्यसको बारेमा राम्रोसँग जानकारी प्रचारित गरिनु पर्छ। सूचना अधिकारीले सेवाग्राहीसँग सक्रिय रूपमा संलग्न हुन पाउनु र आवश्यक सहयोग प्रदान गर्न सक्रिय हुनु पर्छ।

## (ग) संस्थागत सहयोग बढाउने

**६. सूचना अधिकारीका लागि क्षमता निर्माण:**

- सेवाग्राहीलाई प्रभावकारी रूपमा सहयोग गर्नका लागि सूचना अधिकारीलाई नियमित तालिम कार्यक्रमहरू सञ्चालन/आयोजना गर्ने।
- पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गर्न पदको परवाह नगरी योग्य र उत्प्रेरित व्यक्तिहरूलाई सूचना अधिकारीको रूपमा नियुक्त गर्ने। सूचना अधिकारीलाई उचित सहयोग र प्रोत्साहन प्रदान गर्ने।

७. **सार्वजनिक निकायहरूमा संगठनात्मक सुधारहरू:**

- सूचनाको माग र उजुरीहरूलाई अझ प्रभावकारी रूपमा व्यवस्थापन गर्न सार्वजनिक निकायहरूमा समर्पित सूचना शाखा स्थापना गर्ने ।
- सूचनाको हकबारे नागरिकहरूलाई आफ्ना सरोकार र सुझावहरूको बारेमा जानकारी दिन नियमित रुपमा सार्वजनिक सुनुवाइ र प्रतिक्रियात्मक संयन्त्रलाई संस्थागत गर्ने । निरन्तर सुधार सुनिश्चित गर्न यी संयन्त्रहरूलाई सुशासन संरचनामा एकीकृत गरिनुपर्छ ।

८. **महिला, युवा, र सीमान्तकृत समुदायहरूको सहयोग**

- महिला, युवा र सीमान्तकृत समुदायहरूलाई सूचनाको हक सम्बन्धी ऐनको प्रयोग गर्न प्रोत्साहित गर्नका लागि विशेष किसिमका सहायोगी कार्यक्रमहरू विकास गर्ने । यी कार्यक्रमहरूमा गैर सरकारी संस्था र नागरिक समाज लगायतका संस्थाद्वारा प्रदान गरिने मार्गदर्शन, कानूनी सहायता र पैरवी सेवाहरू समावेश हुनुपर्छ ।
- महिला, युवा र सीमान्तकृत समुदायहरूको आत्मविश्वास र क्षमता निर्माणमा केन्द्रित सशक्तिकरणका पहलहरू सुरु गर्ने । जसले उनीहरूलाई सार्वजनिक निकायहरूसँग अन्तरक्रिया गर्न र सूचनाको हक सम्बन्धी ऐनलाई प्रभावकारी रूपमा प्रयोग गर्नका लागि विश्वास र क्षमता निर्माण गर्दछ ।

९. **सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनको अनुगमन र मूल्यांकन:**

- सूचनाको हक सम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनमा नियमित परिक्षण गर्ने र ऐन कार्यान्वयनको प्रतिवेदन प्रकाशित गर्ने । यी प्रतिवेदनहरूले सूचनाको हक अन्तर्गतका सेवाहरूको प्रभावकारिता मूल्यांकन गरेर कमी कमजोरीहरूको पहिचान गरी सुधारात्मक उपायहरू सिफारिस गर्नुपर्छ ।
- सूचनाको हक सम्बन्धी प्रक्रियामा नागरिकहरूको सन्तुष्टि बुझ्न सर्वेक्षणहरू गर्ने र सुधार गर्नु पर्ने क्षेत्रहरूको पहिचान गर्ने । यस्ता परिणामहरूलाई रणनीतिहरू परिमार्जन गर्न र सेवा प्रदानमा सुधार गर्न प्रयोग गर्नुपर्छ ।

१०. **गैर सरकारी संस्था र नागरिक समाज संस्थासंगको सहकार्य:**

- सूचनाको हक सम्बन्धी ऐनको बारेमा जनचेतना र शिक्षा विस्तार गर्न गैर सरकारी संस्था र नागरिक समाज लगायतका संस्थाहरूसँगको साझेदारीलाई प्रोत्साहन दिने । यी संस्थाहरूले सेवा नपुगेका समुदायहरूमा पुग्न र सूचना प्राप्तिको लागि निवेदनहरूमा सहयोग पुऱ्याउनका लागि महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।
- सूचनाको हक सम्बन्धी संरचनालाई सुधार गर्न आवश्यक कानुनी र संरचनात्मक सुधारका पैरवी गर्न गैर सरकारी संस्था, नागरिक समाजका संस्था र सञ्चार माध्यमसँग सहकार्य गर्ने । यस्तो किसिमको संयुक्त प्रयासले पारदर्शिता, जवाफदेहिता र सुशासनको मागलाई बलियो बनाउन सक्छ ।

**विविध**

(क) नेपाल सरकार र युएसआईडीका बीच भएको सम्झौता अनुरुप Civil Society and Media कार्यक्रम अर्थमन्त्रालयको पत्रका आधारमा सूचनाको हक सम्बन्धी कार्यक्रम भइरहेकोमा आगामी वर्षका (October

2024 देखि September 2025) का लागि प्रस्तावित कार्यक्रमहरुमा एसिया फाउन्डेसनसँग भएको पटकपटकको छलफल पश्चात एसिया फाउन्डेसनले पठाएको Letter of Exchange को अन्तिम मस्यौदा स्वीकृत गर्ने ।

## बैठक नं. ३०३(३)६३ मिति २०८१।०८।२०

## निर्णय

### निर्णय नं. १

प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (क) बमोजिम ऐनद्वारा स्थापित निकायहरू सार्वजनिक निकायका रुपमा परिभाषित गरेको छ। विभिन्न देशमा नेपालको प्रतिनिधित्व गर्ने गरी नियोग तथा कार्यालयहरू नेपाल सरकारले स्थापना गर्ने गरेको छ। ती सबै निकाय सार्वजनिक निकाय भएको हुँदा नेपालको संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ का व्यवस्थाहरुको पालना वा कार्यान्वयन गर्नुपर्ने संवैधानिक तथा कानुनी दायित्व रहन्छ। साथै नेपालभन्दा बाहिर पनि नेपाली नागरिकहरुको उपस्थिति बढ्दै गएको छ। देश बाहिर रहेका यस्ता सार्वजनिक निकायहरूले सूचनाको हकको कार्यान्वयन नगरेको गुनासो यस आयोगमा प्राप्त हुने गरेको सन्दर्भलाई ध्यानमा राखी परराष्ट्र मन्त्रालय अन्तर्गत रहेका देशभित्र वा बाहिरका सबै निकायहरूले सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयन गर्न गराउन परराष्ट्र मन्त्रालयका सचिवलाई सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम यो आदेश पठाउने। साथै सबै निकायमा पुग्ने गरी आयोगबाट तयार भएको सहयोगी पुस्तिका पनि पठाउने।

### निर्णय नं. २

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा तेस्रो पटक गठन भएको आयोगले कार्यकाल अवधिमा नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नेपाली नागरिकलाई प्रदान गरेको सूचनाको हकसम्बन्धी अधिकारको कार्यान्वयनलाई प्रभावकारी बनाउन गरेका आदेश, निर्णय तथा प्रबर्द्धनात्मक कार्यहरुका कारण सकारात्मक प्रभाव परेको आयोगको विश्वास छ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा नेपाल सरकार मन्त्रिपरिषद्को २०७६ साल मंसिर २३ गतेको निर्णयानुसार गठन भई पुष २४ गते शपथ ग्रहण गरी कार्यारम्भ गरेकोमा आफ्नो कार्यकाल ४ वर्ष ११ महिना यहि २०८१ साल मंसिर २३ गतेसम्म रहने र २२ गते शनिबार परेको हुँदा २१ गतेसम्म मात्र आयोगमा औपचारिक उपस्थिति रहने हुन्छ। यस अवधिका आयोगले गर्ने सबै क्रियाकलापमा सहयोग, समन्वय र साथ दिने सबैमा आयोगका तर्फबाट देहाय बमोजिम धन्यवाद दिने निर्णय गरेको छः

१. सूचनाको हकको कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, सम्माननीय प्रतिनिधि सभाका सभामुखज्यू, सम्माननीय राष्ट्रिय सभाका अध्यक्षज्यूबाट प्राप्त संरक्षकत्वका लागि आयोग हार्दिक आभार व्यक्त गर्दछ।

२. सम्पर्क मन्त्रालयको रूपमा रहेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्रीज्यू लगायत मन्त्रालयका सचिव तथा मन्त्रालय परिवारमा सूचनाको हकको कार्यान्वयनमा प्राप्त सहयोग तथा सहजीकरणका लागि आयोग आभार प्रकट गर्दछ।

३. सूचनाको हक कार्यान्वयन तथा नागरिक तहसम्म पुऱ्याउन आयोगसँग रही सहकार्य तथा नियमित समन्वय एवं कार्यक्रमहरुका लागि नेपाल पत्रकार महासंघ, सूचनाको हकका लागि राष्ट्रिय महासंघ, सञ्चारिका समूह, फ्रिडम फोरम, सामुदायिक सारथी, एकाउण्टिविलिटी ल्याब, यूएए वूमन लगायतका संस्थाहरूलाई धन्यवाद पत्र पठाउने ।

४. सूचनाको कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने युएसआइडी, एसिया फाउन्डेसन यूएनडीपी, एनडिआईलाई सहयोगका लागि धन्यवाद दिएको पत्र पठाउने ।

५. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि निरन्तर खटिरहने र भूमिका निर्वाह गरिरहने आयोगमा कार्यरत सचिव, उपसचिवहरु, शाखा अधिकृतहरु, नायब सुब्बाहरु, कम्प्युटर अपरेटरहरु, सवारी चालक, कार्यालय सहयोगी सबैमा आयोग हार्दिक आभार सहित धन्यवाद दिन्छ ।

## बैठक नं. ३०४(४)०१ मिति २०८१।०९।०१

## निर्णय

### निर्णय नं. १

प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ तथा पुनरावेदनको कारबाही र किनारा गर्ने कार्यविधि, २०७८ (संशोधन सहित) मा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ८ समेतका आधारमा आयोगका पदाधिकारीलाई देहाय बमोजिम कार्य विभाजन तथा जिम्मेवारी तोक्ने :

कार्य विवरण

(क) प्रमुख सूचना आयुक्त डा. सुरेश प्रसाद आचार्य

१. संघीय मन्त्रालय तथा मातहतका निकायहरु,
२. संबैधानिक निकायहरु,
३. आयोग, बोर्ड, केन्द्र, परिषद् आदि
४. बागमती प्रदेश अन्तर्गतका सम्पूर्ण निकायहरु,
५. बागमती प्रदेशका सम्पूर्ण स्थानीय तह तथा अन्तर्गतका निकायहरु,
६. बैंक तथा वित्तीय संस्था

(ख) सूचना आयुक्त गगन विष्ट

१. मधेश प्रदेश अन्तर्गतका सम्पूर्ण निकायहरु,
२. मधेश प्रदेशका सम्पूर्ण स्थानीय तह तथा अन्तर्गतका निकायहरु,
३. गण्डकी प्रदेश अन्तर्गतका सम्पूर्ण निकायहरु,
४. गण्डकी प्रदेशका सम्पूर्ण स्थानीय तह तथा अन्तर्गतका निकायहरु,
५. कर्णाली प्रदेश अन्तर्गतका सम्पूर्ण निकायहरु,
६. कर्णाली प्रदेशका सम्पूर्ण स्थानीय तह तथा अन्तर्गतका निकायहरु,

(ग) सूचना आयुक्त दुर्गा भण्डारी पौडेल

१. कोशी प्रदेश अन्तर्गतका सम्पूर्ण निकायहरु,
२. कोशी प्रदेशका सम्पूर्ण स्थानीय तह तथा अन्तर्गतका निकायहरु,
३. लुम्बिनी प्रदेश अन्तर्गतका सम्पूर्ण निकायहरु,
४. लुम्बिनी प्रदेशका सम्पूर्ण स्थानीय तह तथा अन्तर्गतका निकायहरु,
५. सुदूर पश्चिम प्रदेश अन्तर्गतका सम्पूर्ण निकायहरु,
२. सुदूर पश्चिम प्रदेशका सम्पूर्ण स्थानीय तह तथा अन्तर्गतका निकायहरु,

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०८१/८२ को स्वीकृत बजेट तथा कार्यक्रम र कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा सञ्चालन तथा सुपरीवेक्षणका लागि आयुक्तहरुको जिम्मेवारी बाँडफाँड संलग्न विवरण बमोजिम गर्ने ।

आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम सञ्चालन गर्ने गराउन संयोजन गर्ने जिम्मेवारी

| क. सं. | कार्यक्रमको नाम | समन्वय गर्ने पदाधिकारीको पद र नाम |
|---|---|---|
| १. | जिल्लास्थित कार्यालयहरुसँग अन्तक्रिया | प्रमुख सूचना आयुक्त |
| २. | स्थानीय तहमा कार्यक्रम | ” |
| ३. | नेपाल टेलिभिजन | ” |
| ४. | आयोग स्थापना दिवस | ” |
| ५. | प्रदेशस्तरीय अन्तरक्रिया | ” |
| ६. | राजनीतिक दलसँगको अन्तरक्रिया | ” |
| ७. | मन्त्रालय, विभागका सूचना अधिकारीसँग | ” |
| ८. | वार्षिक प्रतिवेदन लेखाई | ” |
| ९. | आरटिआई जर्नल | ” |
| १०. | रेडियो नेपाल | सूचना आयुक्त, गगन विष्ट |
| ११. | नेपाल पत्रकार महासंघ | ” |
| १२. | विद्यालय अभिमुखीकरण कार्यक्रम | ” |
| १३. | आयोगका फैसलाहरुको डिजिटाइजेशन | ” |
| १४. | सूचनाको हकमा महिला | सूचना आयुक्त, दुर्गा भण्डारी पौडेल |
| १५. | गोरखापत्र | ” |
| १६. | सफलताको कथा | ” |
| १७. | आरटिआई अडिट | ” |
| १८. | सूचनाको हकका लागि राष्ट्रिय महासंघ | ” |
| १९. | बुलेटिन प्रकाशन | ” |
| २०. | न्यायाधिशहरूसँग अन्तरक्रिया | ” |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा राष्ट्रिय सूचना आयोगको प्रवक्तामा सूचना आयुक्त श्री गगन विष्टलाई तोक्ने र प्रवक्ताको कार्यादेश (त्इच) आगामी बैठकमा पेश गर्ने ।

**विविध**

विविध विषयमा छलफल भयो ।

## बैठक नं. ३०५(४)०२ मिति २०८१।०९।११

## निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम सार्वजनिक निकायमा रहेका दफा ३(३) सँग सम्बन्धित सूचनाको संरक्षण गर्नको लागि नीतिगत रुपमा सूचनाको वर्गीकरणलाई प्रभावकारी बनाउन यथासिघ्र समितिको बैठक राखी कार्य प्रारम्भ गर्न नेपाल सरकारका मुख्य सचिवलाई अनुरोध गर्ने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावलीको नियम ३ बमोजिम प्रत्येक ३ महिनामा स्वतः प्रकाशन गर्नु पर्ने प्रावधान रहेको छ । तर कतिपय स्थानीय तहहरुले सो व्यवस्थालाई पालना गरेको नदेखिएको र सूचना अधिकारी समेत तोकिएको नपाइएकोले सबै स्थानीय तहमा सूचना अधिकारी तोक्ने व्यवस्था हुन र प्रत्येक ३/३ महिनामा कानून बमोजिमको २० बुँदामा स्वतः प्रकाशन गरी त्यसको जानकारी आयोग समक्ष नियमित रुपमा पेश गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई निर्देशन दिने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ को दफा ३(ख) बमोजिम सूचनाको हकको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्न गराउन तथा तत्सम्बन्धमा समन्वय कायम गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा एक केन्द्रीय समन्वय इकाई रहने व्यवस्था रहेकोमा उक्त इकाईले हालसम्म गरेका काम कारबाहीका सम्बन्धमा र निर्देशिकाको दफा ४ बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवको संयोजकत्वमा रहेको अनुगमन इकाईले गरेका काम कारबाहीको सम्बन्धमा सम्बन्धित इकाईका संयोजकसँग भए गरेका काम कारबाही अद्यावधिक गर्न छलफल गर्ने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ को दफा ५(१) मा प्रदेशस्तरका सार्वजनिक निकायबाट सूचनाको हकको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गर्न गराउन प्रत्येक प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवको संयोजकत्वमा एक प्रदेश अनुगमन इकाई रहने भन्ने व्यवस्था रहेकोमा उक्त इकाईले सूचनाको हकको कार्यान्वयनको विषयमा भए गरेका काम कारबाहीको सम्बन्धमा सात वटै प्रदेश सरकारका सम्बन्धित सचिवसँग प्रगति विवरण माग गर्ने । त्यसैगरी

निर्देशिकाको दफा ६(१) बमोजिम जिल्लास्थित सार्वजनिक निकायबाट सूचनाको हकको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गर्न/गराउन प्रत्येक जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एक जिल्ला अनुगमन इकाई रहने व्यवस्था रहेको छ । सो इकाईले हालसम्म गरेका कार्य प्रगतिका सम्बन्धमा गृह मन्त्रालयमार्फत सबै जिल्ला प्रशासन कार्यालयसँग प्रगति विवरण माग गर्ने ।

### निर्णय नं. ५

प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा सूचनाको हकको कार्यान्वयन भए सम्बन्धमा अनुगमन गर्न/गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा रहेको केन्द्रीय समन्वय इकाईका संयोजक र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा रहने कार्यान्वयन अनुगमन इकाईका संयोजक एवं प्रत्येक प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा रहेको प्रदेश अनुगमन इकाईका संयोजकहरुसमेत सहभागी हुने गरी पोखरामा एक अन्तक्रियात्मक छलफल कार्यक्रम आयोजना गर्ने । यसको व्यवस्थापनका लागि गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग अनुरोध गर्ने ।

### विविध

(क) कार्यालय भवनको मर्मत, सम्भार तथा कार्यक्रमका लागि तथा सवारी साधन मर्मत सम्भारका लागि अपुग हुने बजेट (थप बजेट) र प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरुको कार्यकक्ष तथा आयोगको इजलास निर्माणका लागि आवश्यक पर्ने बजेट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् अर्थ मन्त्रालयसँग माग गर्ने ।

## बैठक नं. ३०६(४)०३ मिति २०८१।१०।२१

## निर्णय

### निर्णय नं. १

प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा राष्ट्रिय सूचना आयोगको १८ औं स्थापना दिवस २०८२ बैशाख २२ गते भव्य रुपमा मनाउन प्रमुख सूचना आयुक्त डा. सुरेश प्रसाद आचार्यको संयोजकत्वमा मूल समारोह समिति गठन गर्ने । उक्त दिन सूचनाको हकसम्बन्धी विभिन्न कार्यक्रम गरी मनाउन सूचनाको हकको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था, नागरिक समाज, सूचनाको हकका अभियन्ता, सञ्चार संस्थाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा राष्ट्रिय सूचना आयोगद्वारा हरेक वर्ष प्रदान गरिँदै आएको विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार र उत्कृष्ट सूचना अधिकारी पुरस्कारका लागि देहाय बमोजिमको समिति गठन गरी समितिले सिफारिस गरे बमोजिम आयोगबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार**

| | |
|---|---|
| आयुक्त, दुर्गा भण्डारी पौडेल | - संयोजक |
| उपसचिव, सुदर्शन ढकाल | - सदस्य |
| शाखा अधिकृत, दिनेश भट्टराई | - सदस्य |
| प्रतिनिधि, नेपाल पत्रकार महासंघ | - सदस्य |

**उत्कृष्ट सूचना अधिकारी पुरस्कार**

| | |
|---|---|
| सचिव, कमल प्रसाद भट्टराई | - संयोजक |
| उपसचिव, सन्तोष दाहाल | - सदस्य |
| शाखा अधिकृत, डिल्लीराम भट्ट | - सदस्य |
| शाखा अधिकृत, दिनेश लुइटेल | - सदस्य |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा सूचना आयोगको अन्तर्राष्ट्रिय संगठन International conference of Information Commissioners (ICIC) को सदस्यका रुपमा नेपालको प्रतिनिधित्व गर्दै राष्ट्रिय सूचना आयोगले निरन्तर सक्रियतापूर्वक समितिको बैठकमा भाग लिँदै आएको छ । उक्त समितिको सदस्यको हैसियतले नेपाललाई अध्यक्षता र सचिवालय स्थापना गर्ने अवसर हुने भन्ने पत्र (An email: Call for Applications: Chair Secretariate of ICIC, Date 30 Jan 2025) प्राप्त भएको हुँदा ICIC को अध्यक्षता गर्दै सोको सचिवालय राष्ट्रिय सूचना आयोगमा खडा गर्ने सम्बन्धमा स्वीकृतिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारसँग अनुरोध गर्ने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा आयोगको वार्षिक कार्यक्रम अन्तर्गत आयोगबाट RTI Audit हुँदै आएको छ । यस आर्थिक वर्षमा पनि RTI Audit का लागि बजेट व्यवस्था भएको हुँदा कोशी प्रदेश र कर्णाली प्रदेशमा RTI Audit गर्ने ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा Asia Foundation ले राष्ट्रिय सूचना आयोगसँगको सहकार्यमा कार्यक्रम हुँदै आएकोमा Asia Foundation CSM कार्यक्रमको तर्फबाट केही समयको लागि कार्यक्रम स्थगन गर्न इमेल प्राप्त भएको हुँदा हाललाई Asia Foundation को सहकार्यमा हुने भनी तय गरिएका कार्यक्रमहरु स्थगित गर्ने ।

**विविध**

(क) नेपालको संविधान, २०७२ को धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको हुँदा आफूसँग प्रत्यक्ष सरोकार रहेको विषय बाहेकका सामूहिक र संस्थागत रुपमा आएका पुनरावेदनको दर्ता नगर्ने निर्णय गरियो ।

## बैठक नं. ३०७(४)४ मिति २०८१।११।११

## निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा नेपालको संविधानको धारा २७ मा मौलिक हकको रुपमा रहेको सूचनाको हक तथा उक्त मौलिक हकको कार्यान्वयनको लागि बनेको सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम राष्ट्रिय सूचना आयोग कानूनद्वारा स्थापित एक स्वतन्त्र निकाय हो । आयोगबाट हुने कामकारबाही स्वतन्त्र ढंगबाट

सञ्चालन, व्यवस्थापन एवं नागरिकको मौलिक हक कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ। आयोगबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरु सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् प्राप्त हुने बजेट खर्च शीर्षकबाट सञ्चालन भई रहेको सन्दर्भमा आयोगको स्वायत्ततालाई ध्यानमा राखी आगामी आर्थिक वर्ष २०८२/८३ देखि आयोगको लागि छुट्टै बजेट शीर्षक कायम गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् अर्थ मन्त्रालयमा लेखी पठाउने।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा सूचनाको हकको अभ्यासको परीक्षण गर्ने कार्यलाई व्यवस्थित गर्ने सम्बन्धमा प्रस्तावित निर्देशिका, २०८१ को प्रारम्भिक मस्यौदा सम्बन्धमा छलफल भयो। उक्त निर्देशिकाको मस्यौदालाई परिमार्जन गरी निश्चित ढाँचामा तयार गरी आयोगको अर्को बैठकमा राय, सुझाव सहित पेश गर्न देहाय बमोजिमको समितिलाई जिम्मा दिने।

| | |
|---|---|
| उपसचिव, सन्तोष कुमार दाहाल | - संयोजक |
| उपसचिव, देबेन्द्र कार्की | - सदस्य |
| उपसचिव (कानून), सुदर्शन ढकाल | - सदस्य |
| शाखा अधिकृत, दिनेश लुइटेल | - सदस्य-सचिव |

**विविध**

(क) आयोगको चालू आर्थिक वर्षको वार्षिक कार्यक्रम अन्तर्गत कार्यान्वयनको चरणमा रहेका कतिपय कार्यक्रमहरुको आंशिक बजेट अर्थ मन्त्रालयबाट रोक्का राखिएको सन्दर्भमा सम्झौता भई कार्यान्वयनमा गएका कार्यक्रमहरुको बजेट फुकुवा गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् अर्थ मन्त्रालयमा लेखी पठाउने।

## बैठक नं. ३०८(४)५ मिति २०८१।११।२८

## निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा राष्ट्रिय सूचना आयोगको १८ औँ स्थापना दिवस सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यताका लागि अनुरोध गर्ने। भव्य रुपमा राष्ट्रपति कार्यालय, शितल निवासमा स्थापना दिवस मनाउने र सो अवसरमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यू, नेपाल सरकारका सचिव, सूचनाको हकको अभियन्ताहरु, सूचना अधिकारीहरु र आयोगका कर्मचारीहरु लगायतको उपस्थिति रहने। विशेष समारोहमा आयोगले प्रकाशन गरेको सूचनाको अधिकार (A Journal of RTI) सम्माननीय राष्ट्रपतिज्यूलाई हस्तान्तरण गरी सार्वजनिक गर्ने।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा सूचना आयोगहरूको अन्तर्राष्ट्रिय संगठन International Conference of Information Commissioners (ICIC) को यही २३ जुन २०२५ देखि २५ जुन २०२५ सम्म जर्मनीको राजधानी बर्लिनमा हुने १६ औँ सम्मेलनमा भाग लिन यस आयोगलाई प्राप्त निमन्त्रणाका बारेमा जानकारी प्राप्त भयो।

उक्त सम्मेलनमा भाग लिने सम्बन्धमा अप्रिल १७, २०२५ अर्थात् २०८२ बैशाख ४ गतेभित्र जानकारी गराउनु पर्ने भएको छ । सूचना आयोगहरूका लागि अत्यन्त महत्वपूर्ण सम्मेलन भएकोले यस सम्मेलनमा भाग लिनका लागि यस आयोगका प्रमुख सूचना आयुक्त श्री सुरेश प्रसाद आचार्य, सूचना आयुक्त श्री दुर्गा भण्डारी पौडेल, सचिव श्री दीर्घ राज मैनालीको नाम मनोनयन स्वीकृतिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारमा सिफारिस गर्ने निर्णय गरियो ।

**विविध**

(क) राष्ट्रिय सूचना आयोगबाट सूचनाको हक कार्यान्वयनको अवस्था अध्ययन र विश्लेषण गर्ने (आरटिआई अडिट) कार्य गर्दै आइरहेको छ । चालू आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश अन्तर्गतका मन्त्रालय, कार्यालय, स्थानीय तह लगायतका कार्यालयको आरटिआई अडिट गरी प्रतिवेदन पेश गर्न आरटिआई अडिट सम्बन्धी अवधारणा पत्र तयार गरी सोही अवधारणा मार्फत् अडिट गर्ने र आगामी आर्थिक वर्षदेखि आरटिआई अडिट सम्बन्धी निर्देशिका तयार गरी सो आधारमा अडिट कार्य अगाडि बढाउने निर्णय भयो ।

(ख) आयोगको १८ औं स्थापना दिवसको तयारीका सम्बन्धमा जिम्मेवारी दिइएका समितिको कामको समीक्षा गरी आ-आफ्नो जिम्मेवारीलाई थप तीव्रता दिने निर्णय गरियो ।

## बैठक नं. ३०९(४)६ मिति २०८१।१२।१५

## निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा आयोगको कार्यबोझ बमोजिम संगठन संरचना एवं दरबन्दीको पुनरावलोकन गर्न एवं आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहेकोमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २१ ले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आयोगले आफ्नो कार्यालय खोल्न सक्नेछ भन्ने व्यवस्था रहेको छ । मुलुकमा संघीय शासकीय स्वरुप बमोजिम तीन तह सरकार कायम रहेको र हाललाई आयोगको प्रदेशस्तरमा कार्यालय खोल्न आवश्यक देखिएको हुँदा आयोगको केन्द्रीय स्तरको र थप कार्यालयको संगठन व्यवस्थापन सर्वेक्षण (O&M Survey) गर्नका लागि नेपाल सरकारसँग सम्पर्क मन्त्रालयको रुपमा तोकेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सैद्धान्तिक सहमतिका लागि लेखी पठाउने र संगठन व्यवस्थापन सर्वेक्षणको लागि निम्न TOR सहित तपसिल बमोजिमको समिति गठन गर्ने:

**तपसिल**

| | | | |
|---|---|---|---|
| १. | सचिव, राष्ट्रिय सूचना आयोग | - | संयोजक |
| २. | उपसचिव, प्रशासन शाखा, राष्ट्रिय सूचना आयोग | - | सदस्य |
| ३. | उपसचिव, (प्रतिनिधि), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | - | सदस्य |
| ४. | उपसचिव, (प्रतिनिधि), संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - | सदस्य |
| ५. | शाखा अधिकृत, प्रशासन शाखा, राष्ट्रिय सूचना आयोग | - | सदस्य-सचिव |

**TOR समितिको कार्यक्षेत्र**

क) आयोगको केन्द्रीय कार्यालयको कार्यबोझ र कार्यविस्तार बमोजिम संगठन संरचना एवं जनशक्तिबीच विश्लेषण गरी संगठन संरचना एवं जनशक्ति प्रस्ताव गर्ने,

ख) आवश्यकता अनुसार प्रादेशिक कार्यालयको संगठन संरचना र जनशक्ति प्रस्ताव गर्ने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा सूचनाको हकसम्बन्धी नियमावली २०६५, सूचनाको हकसम्बन्धी अनुगमन निर्देशिका २०७६, आयोगबाट जारी गरिएका अन्य निर्देशिका एवं कार्यविधिहरुमा गर्नु पर्ने थपघट, संशोधन एवं समसामयिक रुपमा गर्नु पर्ने सुधारहरु सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने:

**देहाय**

| | | | |
|---|---|---|---|
| १. | सचिव, राष्ट्रिय सूचना आयोग | - | संयोजक |
| २. | उपसचिव, योजना तथा प्रबर्द्धन शाखा, राष्ट्रिय सूचना आयोग | - | सदस्य |
| ३. | उपसचिव, प्रशासन शाखा, राष्ट्रिय सूचना आयोग | - | सदस्य |
| ४. | उपसचिव, पुनरावेदन तथा फै. का. शाखा, राष्ट्रिय सूचना आयोग | - | सदस्य |
| ५. | उपसचिव, (प्रतिनिधि), कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | - | सदस्य |
| ६. | उपसचिव, (प्रतिनिधि), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | - | सदस्य |
| ७. | शाखा अधिकृत, पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा, राष्ट्रिय सूचना आयोग | - | सदस्य-सचिव |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा आगामी आर्थिक वर्ष २०८२/८३ को लागि प्राप्त बजेट सिलिङ अनुसार चालू खर्च तर्फको अनिवार्य खर्च एवं कार्यक्रम खर्च गरी जम्मा रु ४ करोड ८४ लाख ३९ हजार र पूँजीगत खर्च तर्फ रु ५० लाखको वार्षिक कार्यक्रम ीःद्यक्क मा प्रविष्ट गरी पठाउन स्वीकृत गर्ने । साथै बजेट सिलिङ बाहिर चालू खर्च र पूँजीगत खर्च गरी रु २ करोड ४५ लाख उपलब्ध गराईदिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा लेखी पठाउने ।

## बैठक नं. ३१०(४)७ मिति २०८२।०१।१७

## निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा सूचनाको हकको कार्यान्वयनमा सूचनाको हकका अभियन्ताहरुको महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले उक्त अभियानमा संलग्न रही महत्वपूर्ण कार्य गर्नेहरुलाई प्रोत्साहन तथा उत्साहित बनाउन आयोगद्वारा प्रत्येक वर्ष आफ्नो स्थापना दिवसमा प्रदान गर्दै आएको विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार प्रदान गर्ने सम्बन्धमा सूचना आयुक्त श्री दुर्गा भण्डारी पौडेलको संयोजकत्वमा गठित सिफारिस समितिको सिफारिस समेतका आधारमा देहाय बमोजिमका अभियन्ताहरुलाई पुरस्कृत गर्ने:

**सर्बोत्कृष्ट अभियन्ता रू. ५५,०००।- (रू. पचपन्न हजार मात्र) एक जनालाई प्रदान गर्ने ।**

१. श्री तारानाथ दाहाल, सूचना अभियन्ता

**उत्कृष्ट अभियन्ता जनही रू. ३०,०००।- (रू. तीस हजार मात्र)**

१. श्री दिपक रिजाल, सूचना अभियन्ता
२. श्री गजेन्द्र बुढाथोकी,  सूचना अभियन्ता
३ श्री कविता थापा,सूचना अभियन्ता
४ श्री हरिराम कोण्डा, सूचना अभियन्ता

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा सूचनाको हक कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सार्वजनिक निकायमा कार्यरत सूचना अधिकारीहरु मध्येबाट सचिवज्यूको छनौट समितिबाट सिफारिस भई आए बमोजिम देहायका सूचना अधिकारीलाई उत्कृष्ट सूचना अधिकारी पुरस्कारबाट पुरस्कृत गर्नेः

**उत्कृष्ट सूचना अधिकारी पुरस्कार जनही रू. ३०,०००।- (रू. तीस हजार मात्र)**

१. श्री देवी प्रसाद थपलिया, सूचना अधिकारी, अख्तियार दुरुपयोग अनुसान्धान आयोग, टंगाल ।
२. श्री केशव सिलवाल, सूचना अधिकारी, मध्यपुर थिमि नगरपालिका, भक्तपुर ।
३. श्री पदम कुमार श्रेष्ठ, सूचना अधिकारी, जिल्ला हुलाक कार्यालय, चितवन ।
४. श्री हेमन्त कुमार बुढाथोकी, सूचना अधिकारी, मन्थलि नगरपालिका, रामेछाप ।
५. श्री बुद्धिराम न्यौपाने, सूचना अधिकारी, छत्रदेव गाउँपालिका, अर्घाखाँची ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा आयोगमा रही सूचनाको हक कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गरी उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने तथा प्रोत्साहित गर्ने सचिवज्यूबाट निर्णय भई जानकारीको लागि पेश भएकोले देहाय बमोजिमका कर्मचारीहरुलाई पुरस्कृत गर्ने व्यहोरा जानकारी भयोः

**उत्कृष्ट कर्मचारी पुरस्कार जनही रू. ३०,०००।- (रू. तीस हजार मात्र)**

१. श्री सन्तोष कुमार दाहाल, उप-सचिव, राष्ट्रिय सूचना आयोग ।
२. श्री सुदर्शन ढकाल, उप-सचिव, राष्ट्रिय सूचना आयोग ।
३. श्री दिनेश लुईटेल, शाखा अधिकृत, राष्ट्रिय सूचना आयोग ।
४. श्री रञ्जना कुमारी दाहाल, नायब सुब्बा, राष्ट्रिय सूचना आयोग ।

**प्रोत्साहन पुरस्कार जनही रू. १०,०००।- (रू. दश हजार मात्र)**

१. श्री सिताराम बस्नेत, हलुका सवारी चालक, राष्ट्रिय सूचना आयोग ।
२. श्री माईली तामाङ, कार्यालय सहयोगी, राष्ट्रिय सूचना आयोग ।

## बैठक नं. ३११(४)८ मितिः २०८२।०२।२१

## निर्णयहरु

**निर्णय नं १.**

प्रस्ताव नं. १ को सम्वन्धमा छलफल गर्दा माननीय सूचना तथा सञ्चार मन्त्री माननीय पृथ्वीसुव्वा गुरुङ्गज्यूको अध्यक्षतामा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्वन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समिति (सञ्चार तथा सूचना प्रविधि क्षेत्र) को  मिति २०८१ चैत्र १७ गते बसेको बैठकबाट “सूचनाको

हक प्रवर्द्धन, अनुगमन र क्षमता विकास कार्यक्रम संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने । प्रत्येक वर्ष भाद्र ३ गते राष्ट्रिय सूचना दिवस देशव्यापी रुपमा मनाउने व्यवस्था मिलाउने" निर्णय भएको छ । उक्त निर्णय कार्यान्वयनका लागि देहाय बमोजिम निर्णय गरियो:

क) सूचनाको हक प्रवर्द्धन, कार्यान्वयन, अनुगमन र क्षमता विकासमा सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गर्न आ-आफ्नो निकायहरुको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्न प्रदेश तथा स्थानीय सरकारलाई अनुरोध गर्ने ।

ख) सूचनाको हक सम्वन्धी ऐन, २०६४ कार्यान्वयनमा आएको दिन २०६५ भाद्र ३ गतेको स्मरण गर्दै सूचनाको हक सम्वन्धी कार्यक्रम (अन्तरक्रिया, गोष्ठी, परिसम्वाद, छलफल लगायतका जनचेतनामूलक कार्यक्रमहरु) अब उप्रान्त सञ्चालन गरी राष्ट्रिय सूचना दिवस देशव्यापी रुपमा भव्यताकासाथ मनाउन संघ, प्रदेश तथा स्थानीय सरकारलाई अनुरोध गर्ने ।

### निर्णय नं.२

प्रस्ताव नं. २ को सम्वन्धमा छलफल गर्दा २०८२ भाद्र ३ गते राष्ट्रिय सूचना दिवस मनाउन देहाय बमोजिमका पदाधिकारी रहने गरी मूल समारोह समिति गठन गरियो ।

### मूल समारोह समिति

| | |
|---|---|
| क. प्रमुख सूचना आयुक्त, डा सुरेश प्रसाद आचार्य (राष्ट्रिय सूचना आयोग) | -अध्यक्ष |
| ख. सूचना आयुक्त, श्री गगन विष्ट (राष्ट्रिय सूचना आयोग) | -सदस्य |
| ग. सूचना आयुक्त, श्री दुर्गा भण्डारी पौडेल (राष्ट्रिय सूचना आयोग) | -सदस्य |
| घ. सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| ङ. सचिव, संचार तथा सूचना प्रविधि मन्त्रालय | -सदस्य |
| च. सचिव, गृह मन्त्रालय | -सदस्य |
| छ. सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| ज. अध्यक्ष, नेपाल नगरपालिका संघ | -सदस्य |
| झ. अध्यक्ष, गाँउपालिका राष्ट्रिय महासंघ नेपाल | -सदस्य |
| ञ. संयोजक, प्रदेश अनुगमन इकाइ (सचिव मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सबै प्रदेश) | -सदस्य |
| ट. सचिव, श्री दीर्घराज मैनाली (राष्ट्रिय सूचना आयोग) | -सदस्य सचिव |

### निर्णय नं ३.

प्रस्ताव नं. ३ विविधको सम्वन्धमा छलफल गर्दा आयोगबाट चालु आर्थिक बर्ष २०८१/०८२ मा हालसम्म भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको अध्ययन गरी अगामी बैठकमा पेश गर्ने ।

# बैठक नं. ३१२(४)९ मितिः २०८२।०३।०४

## निर्णयहरुः

### निर्णय नं. १

आर्थिक वर्ष २०८१।०८२ को जेठ महिनासम्म आयोगबाट भएका निर्णयहरुको समिक्षा गर्दा आयोगबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो । सो अवधिमा भएका निर्णयहरुमध्ये ८ वटा निर्णयहरुको पुनः पत्रचार (follow up) गर्नु पर्ने देखिएकोले सो विषयसंग सम्वन्धित जिम्मेवार शाखाहरुले follow up गर्ने र आगामी वैठकमा सो सम्वन्धमा भएको प्रगति जानकारी गराउने निर्णय गरियो ।

### निर्णय नं. २

यस आयोगमा पुनरावेदकहरु सन्तोषी घर्तिमगर, सुविना भुजेल, प्रणव गिरी, कविता मल्ल, रश्मी राई, रोश्नी अर्याल, अरिना राई, कोशित आचार्य, सोनम पुर्जा मगर, सामा खालिङ्ग, अषित रेग्मी समेतले बिभिन्न मितिमा गृह मन्त्रालय तथा अन्तरगतका विभिन्न जिल्ला प्रशासन कार्यालयहरु, परीक्षा नियन्त्रण कार्यालय, एबं बिभिन्न सार्वजनिक निकायमा सम्पूर्ण बैयक्तिक कागजातहरुमा नाम तथा लैङ्गिक विवरण सच्चाई लैङ्गिक पहिचान कायम गरी पाँउ भनी दिएको निवेदन उपरको काम कारवाहीं के कसो भयो भनी सूचनाको हक प्रयोग गरी निवेदन पेश भएकोमा,  आयोगबाट आदेश भए पश्चात विभिन्न सार्वजनिक निकायहरुले पठाएको लिखित जवाफमा स्पष्ट कानूनी व्यवस्था नभएको, नाम र लैङ्गिक परिवर्तन गरेको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र पेश नभएको, लैङ्गिक विवरण परिवर्तनको लागि गृह मन्त्रालयको आवश्यक निर्देशन माग गरिएको भन्ने जस्ता जवाफहरु प्राप्त भएको अवस्था छ ।

यसै सन्दर्भमा सर्वोच्च अदालतको संयुक्त इजलासले रुक्सना कपाली बिरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र माथि उल्लेखित बिभिन्न सार्वजनिक निकाय बिरुद्ध उत्प्रेषण समेतको रिट (०७७-WO-०९७३) दायर गरी ब्याख्या सहित “लैंङ्गिक पहिचानको बिवरणलाई संशोधन गरी महिला कायम  हुने गरी अभिलेखको विवरण अद्यावधिक गर्नू” भनी आदेश समेत भएको अवस्था छ । त्यसैगरी उच्च अदालत जनकपुरको बीरगञ्ज इजलासबाट रिट नं. ०८०-WO-०३४४ मा विपक्षी निकायहरुको अभिलेखमा रहेको निवेदकहरुको विवरणमा आवश्यक संशोधन गरी निवेदकको माग बमोजिमको नाम र लैङ्गिक पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनु भनी विपक्षीको नाममा परमादेश समेत जारी भएको अवस्था देखिन्छ । साथै नेपाल नागरिकता ऐन २०६३ (पहिलो संशोधन २०७९) को दफा ८ (क) को उपदफा ३ मा “यस ऐन बमोजिम दिईने नागरिकताको प्रमाणपत्रमा तोकिए बमोजिम लैङ्गिक पहिचान समेत खुलाउनु पर्नेछ ।” भन्ने व्यवस्था रहेको, अतः गृह मन्त्रालय अन्तरगतका कार्यालयहरु, विश्वविद्यालयका परीक्षा नियन्त्रण कार्यालय, परिक्षा बोर्ड एवं स्थानीय पञ्जीकाधिकारी लगायत जुन जुन निकायमा व्यक्तिका वैयक्तिक विवरण रहन्छन् ती निकायहरुमा देहाय बमोजिम हुने व्यवस्था मिलाउन गृह मन्त्रालय मार्फत नेपाल सरकारलाई सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (च) अनुसार सुझाव दिने निर्णय गरियो  ।

### आयोगको निर्णय

१. आफ्नो वैयक्तिक विवरण सच्याउन चाहने निवेदकले माग गरे बमोजिमको नाम तथा सम्पूर्ण वैयक्तिक कागजातहरुमा लैङ्गिक विवरण सच्याउने सम्बन्धमा भएको काम कारवाहीको जानकारी सूचना मागकर्तालाई दिनू ।

२. आयोगमा विभिन्न व्यक्तिहरुबाट लैङ्गिक पहिचान कायम गरीपाउन पटक पटक एकै प्रकृतिका पुनरावेदन दर्ता हुने गरेको र आयोगले फरक फरक मितिमा फरक फरक निकायसँग माग अनुसारको सूचना दिन आदेश गर्दा समेत सम्बन्धित पक्षले उचित निकासा पाउन सकेको देखिएन। तसर्थ कुनै पनि नागरिकले वैयक्तिक विवरण संशोधन गरी लैङ्गिक पहिचान कायम गर्न अपनाउनु पर्ने नीति, नियमलाई पारदर्शी बनाई नागरिकको सुसूचित हुन पाउने हकको सम्बोधन गर्न आवश्यक व्यवस्था गर्नू ।

**निर्णय नं. ३**

राष्ट्रिय बहिरा महासंघ नेपालले आयोगमा पेश गरेको ज्ञापन पत्र आयोग समक्ष जानकारीको लागि पेश भयो। सो ज्ञापनपत्रमा सुनुवाई सम्वन्धी अपाङ्गता भएका नागरिकहरु सूचनाको पहुँचबाट विमुख भएको, सार्वजनिक सूचना तथा आपतकालिन सूचना प्राप्तिमा कठिनाई भएको लगायतको गुनासो उल्लेख भएको देखिएकोले उल्लेखित समस्या समाधानको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत नेपाल सरकारलाई देहाय बमोजिम गर्नु गराउनु हुन सिफारीश गर्ने निर्णय गरियो ।

१. आपतकालीन सूचना, जनचेतनामूलक सूचना तथा अत्यावश्यक सरकारी सूचना प्रसारण सांकेतिक भाषामा समेत हुने व्यवस्था मिलाउने।
२. सूचनाको हक सम्बन्धी ऐन तथा नियमावली अन्तरगतका सार्वजनिक सरोकारका सूचनालाई समावेशी र पहुँचयुक्त बनाउन त्यस्ता सूचनाहरु सांकेतिक भाषामा समेत उपलब्ध हुन सक्ने व्यवस्था मिलाउने ।
३. डिजिटल सूचना तथा टेलिभिजनमा प्रसारण हुने सूचना तथा समाचारमा सांकेतिक भाषाको प्रयोगलाई साना स्क्रिनमा मात्र सीमित नराखी प्रष्ट, सजिलो र बुझिने गरी प्रसारण हुने व्यवस्था मिलाउने ।
४. संघ, प्रदेश र स्थानीय सरकारले सूचना तथा संचार नीति निर्माण तथा संशोधन गर्दा बहिरा समुदाय तथा अपाङ्गता भएका व्यक्तिहरुको सूचनाको हक सम्बन्धी विषयमा सहभागितालाई सुनिश्चित गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ४**

महालेखा परीक्षकको कार्यालयबाट सार्वजनिक निकायहरुको अन्तिम लेखापरीक्षण गर्दा सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ बमोजिम नागरिकको सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलन गर्ने सन्दर्भमा देहाय बमोजिमको व्यवस्थाहरु कार्यान्वयन भए नभएको परीक्षण गर्ने व्यवस्थाको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने ।

१. सम्बन्धित सार्वजनिक निकायले सूचना अधिकारी तोके नतोकेको,
२. सम्बन्धित सार्वजनिक निकायले आफ्नो सूचना वर्गीकरण र अद्यावधिक गरे नगरेको,
३. सार्वजनिक निकायहरुले तीन/तीन महिनामा स्वतः प्रकाशन गर्नु पर्ने विवरण प्रकाशित गरे नगरेको,
४. सम्बन्धित सार्वजनिक निकायको वेब साईट भए नभएको, वेब साईट भएमा नियमित अद्यावधिक हुने गरेको नगरेको,
५. सार्वजनिक निकायसँग माग गरिएको सूचना र उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख राखे नराखेको ।

**निर्णय नं. ५**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ जारी भएको मिति भाद्र ३ मा राष्ट्रिय सूचना दिवस राष्ट्रियरुपमा मनाउदै आइएको छ । आगामी भाद्र ३ मा मनाउन गइरहेको राष्ट्रिय सूचना दिवसमा आयोगको तर्फबाट गरिने कार्यक्रम तथा क्रियाकलापहरुलाई थप व्यवस्थित बनाउन देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

## समितिहरु

### क. विनय कसजु सर्वोत्कृष्ठ र उत्कृष्ठ अभियन्ता पुरस्कार छनोट समिति

| | |
|---|---|
| आयुक्त, श्री दुर्गा भण्डारी पौडेल | -संयोजक |
| उपसचिव, श्री सुदर्शन ढकाल | -सदस्य |
| शाखा अधिकृत, श्री सहनशिला पुडासैनी | -सदस्य |
| प्रतिनिधि,श्री नेपाल पत्रकार महासंघ | -सदस्य |
| शाखा अधिकृत, श्री छविलाल राई | -सदस्य सचिव |

**समितिको कार्यशर्त (TOR)**

१. सर्वोत्कृष्ट र उत्कृष्ठ अभियान्ता छनौटको सम्बन्धमा यस अघि स्वीकृत मापदण्डका आधारमा गर्ने,
२. मापदण्ड बमोजिम पुरस्कृत हुन सक्ने सम्भावित अभियान्ताहरुको विवरण संकलन गर्ने,
३. विवरण संकलन गर्दा अभियान्ताले सूचनाको हकको क्षेत्रमा गरेको योगदान समेत संकलन गर्ने,
४. मापदण्ड अनुसार सर्वोत्कृष्ठ ठहर भएको १ जना र उत्कृष्ठ ठहर भएका ४ जना अभियान्ताहरुको नाम आयोगमा निर्णयको लागि पेश गर्ने,
५. समितिले आवश्यकता अनुसार आफ्नो कार्यविधि आफै तयार गर्ने,

### ख. उत्कृष्ठ सूचना अधिकारी पुरस्कार छनोट समिति

| | |
|---|---|
| सचिव, श्री दीर्घराज मैनाली | - संयोजक |
| उपसचिव, श्री सन्तोष दाहाल | - सदस्य |
| उपसचिव, श्री देवेन्द्र कार्की | - सदस्य |
| शाखा अधिकृत, श्री डिल्लीराम भट्ट | - सदस्य |
| शाखा अधिकृत, श्री दिनेश लुइटेल | - सदस्य सचिव |

**समितिको कार्यशर्त (TOR)**

१. उत्कृष्ठ सूचना अधिकारी छनौटको वस्तुगत मापदण्ड तयार गर्ने,
२. मापदण्ड बमोजिम सूचना आव्हान गरी सम्भावित सूचना अधिकारीहरुको विवरण संकलन गर्ने,
३. पुरस्कृत हुने सूचना अधिकारीले सूचनाको हकको क्षेत्रमा गरेको योगदानको विवरण समेत संकलन गर्ने,
४. मापदण्ड अनुसार उत्कृष्ठ ठहर भएका ५ जना सूचना अधिकारीहरुको नाम आयोगमा निर्णयको लागि पेश गर्ने,
५. समितिले आवश्यकता अनुसार आफ्नो कार्यविधि आफै तयार गर्ने,

### ग. कार्यक्रम व्यवस्थापन समिति

| | |
|---|---|
| सचिव, श्री दीर्घराज मैनाली | - संयोजक |
| उपसचिव, श्री सन्तोष दाहाल | - सदस्य |
| उपसचिव, श्री देवेन्द्र कार्की | - सदस्य |
| उपसचिव, श्री सुदर्शन ढकाल | - सदस्य |
| शाखा अधिकृत, श्री डिल्लीराम भट्ट | - सदस्य |
| लेखा अधिकृत, श्री अशोक न्यौपाने | - सदस्य |
| शाखा अधिकृत, श्री दिनेश लुइटेल | - सदस्य सचिव |

**समितिको कार्यशर्त (TOR)**

१. सूचना दिवसको अवसरमा आयोगबाट गरिने सम्पूर्ण कार्यक्रमहरुको रुपरेखा तयार गर्ने,
२. सो अवसरमा गरिने क्रियाकलाप अनुसार कर्मचारीहरुको कार्य जिम्मेवारी बाँडफाँड गर्ने,
३. तोकिएको जिम्मेवारी अनुसार कार्य भइरहेको नभएको अनुगमन गर्ने,
४. आवश्यक्ता अनुसार उपसमिति गठन गर्ने,
५. कार्यक्रम आयोजनाका सन्दर्भमा आवश्यक्ता अनुसार अन्तर निकाय समन्वय गर्ने,
६. समितिले आवश्यक्ता अनुसार आफ्नो कार्यविधि आफै तयार गर्ने,

**निर्णय नं. ६**

प्रत्येक वर्ष आयोगले वार्षिक प्रतिवेदन तयार गरी सम्मानननीय प्रधानमन्त्रीज्यूलाई पेश गर्नुपर्ने कानूनी व्यवस्था भएबमोजिम आर्थिक वर्ष २०८१।०८२ मा आयोगबाट भएका क्रियाकलापहरु लगायतका अन्य विषयहरु समेटेर वार्षिक प्रतिवेदन तयारी गर्न देहाय बमोजिमको वार्षिक प्रतिवेदन २०८२ श्रावण मसान्त भित्र तयारी मूल समिति गठन गर्ने निर्णय गरियो ।

**वार्षिक प्रतिवेदन तयारी मूल समिति**

| | |
|---|---|
| डा सुरेश प्रसाद आचार्य , प्रमुख सूचना आयुक्त | - संयोजक |
| श्री गगन विष्ट ,सूचना आयुक्त | - सदस्य |
| श्री दुर्गा भण्डारी पौडेल,सूचना आयुक्त | - सदस्य |
| श्री दीर्घराज मैनाली, सचिव | - सदस्य |
| श्री सन्तोष कुमार दाहाल, उपसचिव | - सदस्य |
| श्री देवेन्द्र कार्की, उपसचिव | - सदस्य |
| श्री सुदर्शन ढकाल, उपसचिव | - सदस्य |
| श्री दिनेश लुईटेल, शाखा अधिकृत | - सदस्य |
| श्री डिल्लीराम भट्ट, शाखा अधिकृत | - सदस्य |
| श्री छविलाल राई, शाखा अधिकृत | - सदस्य |
| श्री, शाखा अधिकृत, सहनशिला पुडासैनी | - सदस्य |
| श्री अशोक न्यौपाने, लेखा अधिकृत | - सदस्य |
| श्री गौरब गुरुङ,कम्प्यूटर अपरेटर | - सदस्य |

यस समितिमा उपसचिव श्री सन्तोष कुमार दाहालले सदस्य सचिवको रुपमा कार्य गर्ने ।

**समितिको कार्यशर्त (TOR)**

१. अन्य आयोग तथा यस आयोगका वार्षिक प्रतिवेदनहरुको अध्ययन गरी यस वर्षको वार्षिक प्रतिवेदनमा समावेश गरिने विषय वस्तु, ढाँचा र डिजायन तयार गर्ने,
२. समावेश गरिने विषय बस्तु अनुसार उपसमिति गठन गर्ने,
३. तोकिएको जिम्मेवारी अनुसार उपसमितिबाट कार्य भइरहेको नभएको अनुगमन गर्ने,
४. आवश्यकता अनुसार अन्य विषय विज्ञहरुलाई आमन्त्रण गरी राय सुझाव लिने,
५. समितिले आवश्यकता अनुसार आफ्नो कार्यविधि आफै तयार गर्ने,

## बैठक नं. ३१३(४)१० मितिः २०८२।०३।२९

### निर्णयहरू

**निर्णय नं. १**

नेपाल दूरसञ्चार प्राधिकरणको आर्थिक तथा प्राविधिक सहयोगमा यस आयोगलाई मिति २०७९/०९/१०/०४ मा प्राप्त भई सञ्चालनमा आउन नसकेको सूचनाको हक व्यवस्थापन सम्बन्धी अनलाइन प्रणालीमा समयानुकूल र सुधार गर्नुपर्ने विषयहरु आयोगबाट प्राविधिकको सहयोगमा अपग्रेड एवं थप गरिएको र हाल उक्त अनलाइन प्रणालीलाई सञ्चालनमा ल्याउन सकिने अवस्थामा रहेको देखिएकोले यो अनलाइन प्रणालीलाई मिति २०८२/०४/०१ देखि परीक्षणका रुपमा सञ्चालनमा ल्याउने । पहिलो चरणमा संघीय मन्त्रालय, संवैधानिक तथा केन्द्रिय आयोग, विभाग वा विभागस्तरका कार्यालयबाट क्रमशः लागू गर्ने ।

**निर्णय नं. २**

नेपालमा मनसुनको अवधिमा निरन्तर र अत्याधिकरुपमा हुने वर्षाका कारण एवं जलवायु परिवर्तनका कारणले अप्रत्याशित तथा वेमौसमी रुपमा हुने प्रकोपका कारण ठूलो मात्रामा जनधन तथा भौतिक संरचनाको क्षति हुने गरेको छ। प्रकोप अगाडि वा प्रकोपको समयमा सूचना प्रवाहलाई थप चुस्त दुरुस्त तथा प्रभावकारी बनाउन सकिएमा प्रकोपबाट हुने क्षति न्यूनिकरण गर्न सकिने भएकाले गृह मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, वन तथा वातवरण मन्त्रालय, जल तथा विज्ञान विभाग, वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणलाई देहाय बमोजिम गर्न गराउन सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ग) बमोजिम सुझाव सहित निर्देशन दिने निर्णय गरियो ।

क. मनसुनजन्य तथा जलवायु परिवर्तनका कारणले हुने विपद् पूर्वको तयारी, विपद्का समयमा सुरक्षित रहने तरिका, क्षति न्यूनिकरणका उपाय, विपद् व्यवस्थापनका क्षेत्रमा भएका उल्लेखनीय व्यवस्थाहरु, सुरक्षित स्थलहरु लगायतका विषयहरुमा सर्वसाधरण नागरिकहरुले बुझ्ने भाषामा अर्थात् विभिन्न राष्ट्र भाषामा निरन्तररुपमा विभिन्न सञ्चार माध्यम, सामाजिक सञ्जाल तथा उपलब्ध हुन सक्ने अन्य माध्यमहरुको उपयोग गरी सर्वसाधारण नागरिकसम्म पुऱ्याउने व्यवस्था मिलाउने ।

ख. विपत आउनु अगावै सर्वसाधारण नागरिकलाई पूर्व सूचना दिन सकिने प्रणालीको विकास गर्ने र आधिकारिक रुपमा पूर्व सूचना दिने व्यवस्था मिलाउने ।

ग. विपद्को समयमा उद्धार, राहत तथा स्वास्थ्य उपचारको लागि सम्पर्क गर्नु पर्ने व्यक्ति तथा सम्पर्क नम्वर सर्वसाधारणले थाहा पाउने गरी जानकारी दिने व्यवस्था मिलाउने ।

**निर्णय नं.३**

उच्च अदालत पाटनका माननीय न्यायाधीश नारायणप्रसाद रेग्मीबाट यस आयोगमा मिति २०८२/१२/२१ मा अनुगमन निरीक्षण भई मिति २०८२/०३/२५ मा प्राप्त भएको निरीक्षण प्रतिवेदन जानकारीको लागि बैठकमा पेश भयो । उक्त निरीक्षण प्रतिवेदन मार्फत प्राप्त भएका सुझावहरुलाई कार्यान्वयन गरी आयोगको आगामी बैठकमा प्रगति सहित जानकारी दिन पुनरावेदन तथा फैसला कार्यान्वयन शाखालाई निर्देशन दिने ।

**निर्णय नं.४**

सूचनाको हकको क्षेत्रमा अन्तर्राष्ट्रियरुपमा भएका असल अभ्यासहरु, नेपालमा सूचनाको हक सम्वन्धी ऐन तथा नियमावलीको कार्यान्वयन अवस्था, राष्ट्रिय सूचना आयोग सुधार मार्गचित्र लगायतका विषयहरुमा सरोकारवाला निकाय तथा विज्ञ समूहसंग छलफल तथा अन्तर्क्रिया गर्न विश्व वैकसँगको सहकार्यमा १८ ज्याथि २०२५ मा Nepal Round Table Discussion on RTI अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्ने ।

## अनुसूची- ५

### रणनीतिक प्राथमिकता १ : नागरिकलाई सूचनाको हकको प्रयोग गर्न प्रोत्साहन तथा  सशक्तीकरण गर्ने ।

| क्र.सं. (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | प्रगति |
|---|---|---|---|
| १ | नागरिकलाई सूचनाको हकको प्रयोग गर्न सामर्थ्यवान् बनाउने र प्रेरित गर्ने | १. सूचनाको हकको प्रयोग सम्बन्धी जनचेतना जगाउने सूचना तथा शिक्षा सामग्रीहरू राष्ट्रिय भाषाहरूमा तयार गर्ने | • सूचना मागकर्ताको लागि सहयोगी हाते पुस्तिका नेपाली, मैथली, अवधी, भोजपुरी, थारू लगायतका राष्ट्रिय भाषाहरूमा तयार गरी प्रकाशन तथा वितरण गरेको । |
| | | २. रेडियो, टिभी, सामाजिक संजाल लगायत आमसंचार एवं विद्युतीय संचार माध्यमको प्रयोगद्वारा सूचना सामग्री प्रकाशन, वितरण र प्रचार प्रसार गर्ने | • सूचना हाम्रो अधिकार नामक कार्यक्रम निर्माण तथा प्रसारण गर्ने कार्य रेडियो नेपालबाट भएको (१० वटा)<br>• सूचनाको हकसम्बन्धी जानकारीमूलक, सन्देशमूलक सामाग्रीहरु गोरखापत्रमा प्रकाशन गरिएको ।<br>• सूचना मेरो हकसम्बन्धी Talk Show नेपाल टेलिभिजनबाट प्रसारण गरिएको<br>• आयोगको Facebook बाट प्रचार प्रसार गरेको । |
| | | ३. सूचनाको हकको प्रयोगबाट हुने पारदर्शिता एवम् सुशासन र प्रयोग नगर्दा हुने नकारात्मक पक्षबारे पालिकादेखि केन्द्रसम्म कार्टुन, चित्रकला प्रतियोगिता र प्रदर्शनी आयोजना गर्ने | नभएको |
| २ | नागरिकलाई शंखघोष गर्न उत्प्रेरित गर्ने र संरक्षण गर्ने | १. शंखघोषकको परिचालन, प्रोत्साहन र संरक्षण सम्बन्धी निर्देशिका तर्जुमा गरी लागु गर्ने | नभएको |
| ३ | विद्यालय तहदेखि नै सूचनाको हक सम्बन्धी शिक्षा प्रदान गर्ने र सूचनाको हकको अभ्यास गराउने | १. माध्यमिक तह (कक्षा ८) को सामाजिक शिक्षा विषयमा अनिवार्य पाठ्यक्रमको रूपमा समावेश गर्ने | समावेश भएको |
| | | २. स्नातक/स्नातकोत्तर तहमा सूचनाको हक सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | नभएको |
| | | ३. सूचना प्रविधिको प्रयोग गरी उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूको राष्ट्रिय संजाल निर्माण गर्ने | नभएको |
| | | ४. शिक्षक सहयोगी पुस्तिका र सूचनाको हक सम्बन्धी पाठ्य सामग्री प्रकाशन र वितरण गर्ने | नभएको |
| | | ५. सूचनाको हक सम्बन्धी निबन्ध, कविता लगायतका रचनामा विद्यार्थीहरूबीच प्रतिष्पर्धा गराई उत्कृष्टलाई पुरस्कृत तथा प्रकाशन गर्ने । | नभएको |

**रणनीतिक प्राथमिकता २ : सूचनाका हकका प्रवर्द्धक/समर्थक/अभियन्तालाई प्रोत्साहन, प्रवर्द्धन, सहजीकरण गर्ने ।**

| क्र.सं. (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू ९ब्अतषख्षत्भक० | प्रगति |
|---|---|---|---|
| १ | गैरसरकारी संस्थालाई सूचनाको हकका प्रवर्द्धकको रूपमा विकास गर्ने | १. सूचनाको हक र सुशासनका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थासँग समझदारी एवं साझेदारी गरी कार्यक्रम संचालन गर्ने | ● राष्ट्रिय सूचना आयोग र द एसिया फाउण्डेशन, सिएसएम कार्यक्रमसँग ीइभ गरी क्षमता विकास, ज्ञान प्रर्वधन एवं प्रकाशन र कार्यक्रम सञ्चालन भएको । |
| | | २. गैरसरकारी संस्था र तालिम प्रदायक संस्था मार्फत सबै प्रदेश र स्थानीय तहमा सचेतना कार्यक्रम संचालन गर्ने | नभएको |
| | | ३. गैरसरकारी संस्था र आयोगबीच आवधिक रूपमा अन्तरक्रिया गर्ने | ● राष्ट्रिय सूचना आयोग र राष्ट्रियस्तरका महासंघहरुसँग सूचनाको हक कार्यान्वयनमा महासंघहरुको भूमिका विषय अन्तरक्रिया कार्यक्रम भएको |
| | | ४. गैरसरकारी संस्थाले संचालन गर्ने कार्यक्रममा आयोगको सहभागिता एवं कार्यक्रमको उपलब्धी समेटी आयोगले आफ्नो प्रतिवेदनमा समावेश गर्ने परिपाटीको विकास गर्ने । | ● वार्षिक प्रतिवेदनमा समावेश गरेको । |
| २ | सूचनाको हकका अभियन्ता र उत्प्रेरकलाई प्रोत्साहन गर्ने | १. संघ, प्रदेश र स्थानीय तहमा कार्यरत अभियन्ताहरूको अद्यावधिक लगत तयार गर्ने | नभएको |
| | | २. उत्कृष्ट कार्य गर्ने अभियन्ताहरूलाई विनय कसजु अभियन्ता पुरस्कारबाट सम्मान गर्ने | अभियन्ताहरुलाई सूचना आयोगको स्थापना दिवसको अवसरमा पुरस्कार र सम्मान गरेको । |
| | | ३. आयोगबाट संचालित कार्यक्रममा अनुसन्धानकर्ता, श्रोत व्यक्ति, प्रशिक्षकका रूपमा परिचालन गरी प्रोत्साहन गर्ने | नभएको |
| | | ४. तीनै तहमा स्थानीय उत्प्रेरकलाई प्रशिक्षण दिई परिचालन गर्ने र आयोगसँगको समन्वयमा सूचनाको हक कार्यान्वयनको अनुगमन एवं निगरानी गराउने | नभएको |

| क्र.सं. (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू ९ब्अतष्खष्तष्भक० | प्रगति |
|---|---|---|---|
| ३ | गैरसरकारी संस्था, संचार माध्यम एवं अभियन्ताहरूको क्षमता अभिवृद्धि गर्ने | १. सूचनाको हक सम्बन्धी विभिन्न विषयका तालिम, अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | • नेपाल पत्रकार महासंघ एवं सूचनाको हकका लागि राष्ट्रिय महासंघमार्फत कार्यक्रम सञ्चालन गरेको । |
| | | २. सूचनाको हक सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन गर्ने | नभएको |
| | | ३. विविध पेशा तथा व्यवसायिक संघ/संगठनका पदाधिकारीहरूसँग अन्तरक्रिया/गोष्ठी/सेमिनार संचालन गर्ने | उच्च अदालत पाटनका न्यायाधिशहरुसँग सूचनाको हकसम्बन्धी अन्तरकिया सम्पन्न गरेको । |
| ४ | संचार माध्यमको भूमिका विस्तार गर्ने र सहकार्य प्रवर्द्धन गर्ने | १. प्रमुख संचार माध्यममा सूचनाको हक सम्बन्धी छुट्टै इकाइ (Bit) संचालन गरी खोज पत्रकारितालाई प्रोत्साहन गर्ने र सूचना माग/आपूर्ति सम्बन्धी विवरण प्रकाशन गर्ने | नभएको |
| | | २. वृत्तचित्र, पत्रपत्रिका, टेलिसंवाद, रेडियो (एफएम) चर्चा, पिएसए विज्ञापन, सार्वजनिक हित सम्बन्धी सूचना लगायत कविता, गीत, डकुमेन्ट्री, कथा, गीति नाटक तथा व्यंगात्मक सन्देश सहितका श्रव्यदृश्य सामग्री निर्माण गरी व्यापक प्रचार प्रसार गर्ने | १. वृत्तचित्र र जनचेतामूलक (PSA) श्रव्य तथा दृश्य (Audio र Video) सामाग्री निर्माण भएको र आयोगको फेसबुकको माध्यमबाट प्रचार प्रसार गरिएको । |
| | | २. आमसंचार माध्यमसँग वार्षिक रूपमा अन्तरक्रिया गर्ने | नभएको |

## रणनीतिक प्राथमिकता ३ : सार्वजनिक निकायलाई पुनः अभिमुखीकरण तथा सुदृढ गर्ने ।

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | प्रगति |
|---|---|---|---|
| १ | बदलिएको शासकीय स्वरूप सुहाउँदो सूचनाको हक कार्यान्वयनको लागि अनुकुल वातावरण तयार गर्ने | १. सूचनाको हक कार्यान्वयनमा राज्यका तीनै तहका सार्वजनिक निकायको जिम्मेवारी सम्बन्धी पुस्तिका प्रकाशन गर्ने | - सार्वजनिक निकायको लागि सहयोगी हाते पुस्तिका प्रकाशित गरी वितरण गरेको ।<br>- सूचनाको हकसम्बन्धी कानूनहरुको संगालो प्रकाशन गरी वितरण गरेको । |
| | | २. राज्यका तीनै तहका सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ति गर्ने | - अधिकांश सार्वजनिक निकायमा सूचना अधिकारी तोकिएका सूचनाको हकको कार्यान्वयन परीक्षण र सर्वेक्षणबाट देखिएको । |
| | | ३. कार्यालय प्रमुख पछिको दोश्रो वरिष्ठ अधिकारीलाई सूचना अधिकारी तोक्ने व्यवस्था मिलाउने | - आयोगबाट आवश्यक निर्देशन भएको ।<br>- प्र. जि. अ. लाई अधिकार प्रत्यायोजन भएको । |
| | | ४. सूचना अधिकारीको काम, कर्तव्य, अधिकार र कार्यप्रक्रिया सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गर्ने | नभएको |
| | | ५. सूचना अधिकारीको नियुक्ति, स्वतः प्रकाशन, सूचना माग र आपूर्ति लगायतको एकीकृत विवरण प्रकाशन गर्ने गराउने | - आयोगद्वारा आदेश जारी भएको ।<br>- प्र. जि. अ. ले अनुगमन गर्नका लागि जिल्ला अनुगमन इकाई रहेको । |
| २. | सूचना अधिकारीलाई, प्रोत्साहन, उत्प्रेरित र सशक्तिकरण गर्ने | १. सूचना अधिकारीहरूलाई जिम्मेवारी सम्बन्धी तालिम, प्रशिक्षक प्रशिक्षण, अभिमुखीकरण र स्वदेश/विदेशमा अवलोकन अध्ययनको अवसर प्रदान गर्ने | संघिय आयोग, मन्त्रालय एवं मन्त्रालयस्तरीय कार्यालयका सूचना अधिकारी, विभाग एवं विभागस्तरीय कार्यालयका सूचना अधिकीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न नभएको । जिल्ला र स्थानीय पालिकाहरुमा अन्तरक्रिया कार्यक्रम गरिएको । |
| | | २. सूचना अधिकारीको जिम्मेवारीलाई कार्यसम्पादनमा नम्बर दिने व्यवस्था गर्ने, संचार खर्च एवं कार्यसम्पादन भत्ता उपलब्ध गराउने व्यवस्था मिलाउने | सूचना अधिकारीलाई मोबाइल सेट र मासिक सञ्चार खर्च उपलब्ध गराउने व्यवस्था रहेको । |
| | | ३. उत्कृष्ट कार्य गर्ने सूचना अधिकारीलाई वार्षिक रूपमा सम्मान र पुरस्कृत गर्ने । | सूचना दिवसको अवसरमा सम्मान र पुरस्कृत गर्ने गरेको । |
| | | ४. सार्वजनिक निकायका कार्यालय प्रमुखलाई सूचना प्रवाह गर्न प्रोत्साहन गर्ने, सूचनामा सूचना अधिकारीको पहुँच बढाउने, सूचना प्रवाह र प्रकाशन गर्न स्वतः अधिकार प्रत्यायोजन हुने र निर्णय गर्न नपर्ने व्यवस्था गर्ने | आयोगबाट आवश्यक निर्देशन एवं आदेश गरेको । |
| ३. | सूचनाको वर्गीकरण गरी लागु गर्ने | १. तीनै तहका संरचनालाई उपयुक्त हुने गरी तीन वर्षभित्रमा सूचनाको वर्गीकरण गरी लागु गर्ने । | नभएको |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | प्रगति |
|---|---|---|---|
| ४. | सूचनाको हक सम्बन्धी प्रशिक्षण र क्षमता विकासका कार्यक्रमलाई नियमित र संस्थागत गर्ने | १. सार्वजनिक तालिम प्रदायक संस्थाबाट संचालन हुने तालिममा सूचनाको हक सम्बन्धी विषय समावेश गर्न प्रशिक्षण विषय, स्तर, समयावधि सम्बन्धी मापदण्ड बनाई लागू गर्ने | आयोगको बैठकबाट निर्णय गरी सबै तालिम सञ्चालन गर्न संस्थालाई निर्देशन सहित पत्राचार भएको । |
| | | २. प्रशिक्षण पाठ्यक्रम तर्जुमा गरी लागु गर्ने | तालिम संस्थाले पाठ्यक्रममा समावेश गर्ने गरेको |
| | | ३. प्रशिक्षकहरूको विशेषज्ञ सूची तयार गरी प्रशिक्षण कार्यक्रममा उपयोग गर्ने | नभएको । |
| ५. | सूचना प्रविधिको प्रयोग गरी सार्वजनिक निकायमा सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित र अद्यावधिक गर्ने | १. आयोगबाट विकसित सूचना व्यवस्थापन प्रणाली, अनलाइन सूचना माग/आपूर्ति र स्वतः प्रकाशन सम्बन्धी सफ्टवेयर अद्यावधिक गरी लागु गर्ने | सूचनाको हकको व्यवस्थापन प्रणाली (RTIMS) तयार भई मिति २०८२।०४।०१ देखि संचालनमा आएको । |
| | | २. सार्वजनिक निकायबाट सूचनाको हक सम्बन्धी भए गरेका काम कारवाही नागरिकले स्वतः पहुँचमा लिन तथा जान्न सूचना माग, आपूर्ति र इन्कारी तथा स्वतः प्रकाशन लगायतका विवरण समेटिएको छुट्टै आर.टि.आई. वेवपोर्टल व्यवस्था गर्ने र आयोगको वेवसाइटसँग आबद्ध गर्ने | (RTIMS) प्रणाली सहितको वेवपोर्टलको व्यवस्था कार्यान्वयनमा आएको । |
| | | ३. सूचना प्रवाहमा सामाजिक संजालको प्रयोगमा वृद्धि गर्ने | आयोगको Facebook बाट गर्ने गरेको । |
| | | ४. अभिलेख व्यवस्थापन प्रणाली र ज्ञान व्यवस्थापनको संस्थागत विकास गरी विद्युतीय माध्यमबाट सूचना उत्पादन, अभिलेखीकरण र वितरण/प्रयोग गर्ने | नभएको |
| ६. | सार्वजनिक सूचना सबैको पहुँचमा पुऱ्याउने व्यवस्था गर्ने | १. संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायको कार्यक्षमता अभिवृद्धि गरी सूचना माग, आपूर्ति, स्वतः प्रकाशन लगायतका कार्यहरू अनलाइनबाटै सम्पादन हुने र स्वतः प्रकाशनलाई वेबसाइटमा अनिवार्य राख्ने व्यवस्था गर्ने | ९च्ल्क्ष्० प्रणाली पूर्ण कार्यान्वयमा आएपछि यो व्यवस्था कार्यान्वयनमा आउने । |
| | | २. खुला सरकारी तथ्यांक (Open Government Data Initiative-OGDI) सम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्ययोजना नेपाल सरकारबाट समेत अनुमोदन गराई लागु गर्ने | नभएको |
| | | ३. खुला सरकार सहभागिता (Open Government partnership-OGP) सम्बन्धी कार्यक्रममा सहभागिता जनाउन आवश्यक कानूनी तथा अन्य गृहकार्य गर्ने | नभएको |
| | | ४. समावेशी रूपमा राज्यले प्रदान गर्ने विशेष सुविधा र अवसर सम्बन्धी जानकारीमूलक विवरण संलकन गरी प्रकाशन, वितरण र प्रचारप्रसार गर्ने | सम्बन्धित निकायबाट हुने गरेको आयोगबाट नभएको । |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | प्रगति |
|---|---|---|---|
| ७ | सूचना माग, आपूर्ति, अभिलेख, डिजिटाइजेशन लगायत सूचनाको हक कार्यान्वयनलाई कार्यसम्पादनको अभिन्न अंगको रूपमा विकास गर्ने | १. ऐन नियमबाट निर्धारित समयभित्रै निर्धारित ढाँचामा सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने | आयोगबाट कानून कार्यान्वयनको लागि समय समयमा आदेश हुने गरेको । |
| | | २. आवधिक रूपमा सार्वजनिक निकायको आर.टि.आई. अडिट गरी प्रतिवेदन सार्वजनिक गर्ने र सोका लागि आवश्यक कानूनी व्यवस्था गर्ने | प्रदेशस्तरको सार्वजनिक निकायको अडिट गराई प्रतिवेदन प्राप्त भएको । |
| | | ३. पूर्वनिर्धारित समय र ढाँचा बमोजिम स्वतः प्रकाशन नगर्ने सार्वजनिक निकायको प्रमुख तथा सम्बन्धित कर्मचारीलाई दण्ड संजायको व्यवस्था गर्ने | नभएको |
| | | ४. दुई वर्षभित्रमा स्वतः प्रकाशन सम्बन्धी व्यवस्था चौमासिक रूपमा गर्ने कानूनी व्यवस्था गर्ने | नभएको |
| | | ५. माग भएको सूचना सम्बन्धित निकायमा नभएमा कुन निकायबाट उपलब्ध हुन सक्ने हो भन्ने जानकारी (Third party information) दिने व्यवस्था गर्ने | नभएको |
| | | ६. सार्वजनिक निकायले सूचनाको हक कार्यान्वयन गर्नका लागि छुट्टै बजेटको व्यवस्था गर्न सहजीकरण गर्ने | आयोगबाट बजेट व्यवस्था गर्न प्रदेश सरकार र स्थानीय सरकारलाई अनुरोध गरेको साथै आयोगबाट अनुगमन गरी सहजीकरण र समस्या समाधानका कार्य गरेको । |
| | | ७. सार्वजनिक निकायका प्रमुख लगायतका पदाधिकारीहरूसँग सूचनाको हक कार्यान्वयनमा आवश्यक सहजीकरण र समस्या समाधानका लागि नियमित रूपमा अन्तरक्रिया गर्ने | आयोगले जिल्ला र पालिकास्तरमा वार्षिक स्वीकृत कार्यक्रम अनुसार अन्तरक्रिया गरेको । |

## रणनीतिक प्राथमिकता ४ : सूचना आयोगको संस्थागत क्षमता विकास तथा सुदृढीकरण गर्ने ।

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | प्रगति |
|---|---|---|---|
| | सबै तहमा सूचनाको हकको प्रभावकारी कार्यान्वयनको लागि कानुनी आधार सुदृढ गर्ने | १. संवैधानिक व्यवस्था, सूचनाको हक कार्यान्वयनको अवस्था एवं अन्तर्राष्ट्रिय असल अभ्यासलाई दृष्टिगत गरी सूचनाको हक सम्बन्धी ऐनमा समयानुकुल सुधार गर्ने | नियमावली, निर्देशिका, कार्यविधिमा आवश्यक संशोधन गर्ने कार्य प्रारम्भ भएको । |
| | | २. सूचनाको हक सम्बन्धी ऐनसँग बाझिएका ऐन नियम र सम्बन्धित अन्य कानुनमा पुनरावलोकन गरी परिमार्जन गर्ने | नभएको |
| | | ३. कानुन परिमार्जनका लागि शुरुदेखि नै सरोकारवालासँग छलफल परामर्श गर्ने | नभएको |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | प्रगति |
|---|---|---|---|
| | प्रविधिमैत्री सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने | ४. अनलाइन सूचना माग र आपूर्ति, स्वतः प्रकाशन लगायत सूचना व्यवस्थापन कार्य सम्बन्धी सफ्टवेयरको स्तर वृद्धि र अद्यावधिक गरी लागु गर्ने | (RTIMS) अनलाइन प्रणाली संचालनमा आएको । |
| | | १. अनलाइन सूचना माग र आपूर्ति गर्ने सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गर्ने | अनलाइन प्रणाली सहजिकरणको लागि User Manual तयार गरी वेवसाइटमा राखिएको । |
| | | २. सूचना अधिकारी एवं कर्मचारीहरूलाई सूचना प्रविधि सम्बन्धी प्रशिक्षण दिने | अभिमुखिकरण दिने कार्यक्रम रहेको । |
| | | ३. स्वयं सिकाइका विधिहरू जस्तै (Self-help video, learning guide book, e-learning portal) तयार गरी अनलाइन प्रशिक्षण संचालन गर्ने | Tutorial सामग्री तयार गर्ने क्रममा रहेको । |
| | | ४. Facebook, Viber, WhatsApp, Twitter, Instagram लगायतका सामाजिक संजालको प्रयोग विस्तार गरी पृष्ठपोषण लिने, दर्ता गर्ने र कार्यान्वयन गर्ने प्रकृयामा सहजीकरण गर्ने | पृष्ठपोषण लिई आवश्यकता अनुसार कार्यान्वयन गरेको । |
| | | ५. RTI App (Mobile र Online) र नागरिक App सम्बन्धी सफ्टवेयर विकास गरी लागु गर्ने | प्रकृयामा रहेको । |
| | सूचनाको हकको प्रचलन सम्बन्धी कार्यको प्रभावकारिता अभिवृद्धि गर्ने | १. पुनरावदेन/उजुरी फर्स्यौट गर्ने समयावधि र मापदण्ड निर्धारण गरी आदेश कार्यान्वयन संयन्त्रलाई थप क्रियाशील बनाउने | कानूनले तोकेको अवधिभित्र फच्छ्यौट गर्ने गरेको । |
| | | २. आदेश कार्यान्वयनको आवधिक अनुगमन गर्ने र सो सम्बन्धी निर्देशिका जारी गर्ने | नभएको |
| | | ३. आयोगको फैसला लगायतका दस्तावेजहरू डिजिटाइज गरी विद्युतीय अभिलेखमा राख्ने | विद्युतीय अभिलेख गर्ने कार्य भइरहेको । |
| | | ४. आयोगबाट भएका फैसलाको संगालो प्रकाशन र वितरण गर्ने | महत्वपूर्ण फैसला/आदेशको संगालो प्रकाशन गरी वितरण गरिएको । |
| | | ५. सूचनाको हक सम्बन्धमा सर्वोच्च अदालत र उच्च अदालतबाट भएका फैसलाको संगालो प्रकाशन र वितरण गर्ने | नभएको |
| १. | आयोगका पदाधिकारी र कर्मचारीको क्षमता अभिवृद्धि गर्ने | १. आयोगका निर्धारित कार्य समयमै सम्पन्न गर्ने परिपाटी विकास गरी नियमित प्रगति समीक्षा र सिकाइ आदानप्रदान गर्ने | गर्ने गरेको । |
| | | २. स्वदेश तथा विदेशमा तालिम, अध्ययन, असल अभ्यासको अवलोकन भ्रमणजस्ता अवसरहरू प्रदान गर्ने | नभएको |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | प्रगति |
|---|---|---|---|
| | आयोगलाई सूचनाको हकको संरक्षक र अभियन्ताको रूपमा तटस्थ, निष्पक्ष र निर्भिक भई कार्यसम्पादन गर्न सक्षम बनाई जनविश्वास अभिवृद्धि गर्ने | १. सूचनाको हकको कार्यान्वयनमा आयोगको समग्र कार्यसम्पादनको अवस्थाबारे आवधिक रूपमा पृष्ठपोषण लिने र तदनुरूप सुधार गर्दै लैजाने | अन्तरकिया कार्यक्रमहरुमा पृष्ठपोषण प्राप्त हुने गरेको र सुधारको प्रयास भइरहेको । |
| | | २. आयोगको गतिविधि र प्रवर्द्धनात्मक एवं जनचेतना फैलाउने सार्वजनिक हितका सूचनाको संप्रेषण र प्रचार/प्रसार गर्ने गराउने | वार्षिक प्रतिवेदन, बुलेटिन (त्रैमासिक), स्वतः प्रकाशनमार्फत प्रचार प्रसार गर्ने एवं सामाजिक संजालमार्फत समेत प्रचार प्रसार गर्ने गरेको । |
| | | ३. वार्षिक रूपमा संघ, प्रदेश र स्थानीय तहमा सूचनाको हक कार्यान्वयन सम्बन्धी सम्मेलन (Convention) गर्ने | नभएको |
| | | ४. राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्बन्ध स्थापना गरी पारस्परिक आदानप्रदान र सहकार्य विस्तार गर्ने | अन्तर्राष्ट्रिय सूचना आयुक्तहरुको वार्षिक सम्मेलनमा सहभागिता जनाई पारस्परिक सम्बन्धको विकास गरेको । |
| | | ५. सूचनाको हक सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू मनाउने | प्रत्येक वर्ष भदौ ३ गते राष्ट्रिय सूचना दिवस एवं २८ सेप्टेम्बरमा अन्तर्राष्ट्रिय सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी दिवस मनाउने गरेको । |
| | तथ्य/प्रमाणमा आधारित अध्ययन अनुसन्धानलाई प्रवर्द्धन गर्ने | १. सूचनाको हक सम्बन्धी प्राज्ञिक एवं अभ्यासगत अध्ययन अनुसन्धान गर्ने र आवधिक रूपमा जर्नल/लेख संग्रह प्रकाशन गर्ने | वार्षिक रुपमा विज्ञहरुको लेखहरुको संगालो सूचना मेरो अधिकार (च्त्क्ष् व्यगचलबी) प्रकाशन गरेको । |
| | | २. सरकारी/गैरसरकारीस्तर बाट सूचनाको हक सम्बन्धमा भएका अध्ययन अनुसन्धान प्रतिवेदन संकलन गरी सोको नतिजा एवं प्रभाव र नीतिगत उपयोगका बारेमा प्रचार प्रसार गर्ने | नभएको |
| | | ३. सूचनाको हक कार्यान्वयन सम्बन्धमा भएका प्रयासहरूको उपलब्धी मूल्याङ्कन बाह्य स्वतन्त्र विज्ञबाट गराई प्रतिवेदन सार्वजनिक गर्ने | नभएको |
| | | ४. सूचनाको हक प्रयोगमा सफलताका कथाहरू संकलन गरी प्रकाशन र वितरण गर्ने | प्रकाशन गरी वितरण गरिएको । |
| | | ५. आयोगमा सूचनाको हक सम्बन्धी अध्ययन, अनुसन्धानको अत्याधुनिक स्रोत केन्द्र/पुस्तकालय स्थापना गर्ने | भौतिक संरचनाको व्यवस्थापन गरी स्थापना गर्ने प्रकृयामा रहेको । |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | प्रगति |
|---|---|---|---|
| | आयोगको संस्थागत र पूर्वाधार विकास र विस्तार गर्ने | १. आयोगबाट सूचनाको हकका प्रवर्द्धक, समर्थक, अभियन्ता एवं संचार माध्यम लगायतसँग आयोगबाट हुने संचार सम्पर्कका लागि सूचना प्रविधिमा आधारित संचार तथा पहुँच प्रणाली स्थापना गर्ने | नभएको |
| | | २. कार्यालय फर्निचर, कम्प्युटर उपकरण लगायतका पूर्वाधार सुविधा व्यवस्थापन र विकास गर्ने | स्वीकृत बजेटको सीमाभित्र रहेको व्यवस्थापन भएको । |
| | | ३. आयोगको कार्यालयको लागि जग्गा प्राप्ति गरी भवनको निर्माण गर्ने | कम्पनी रजिष्ट्रारको कार्यालयको पुरानो भवनलाई मर्मत सम्भार गरी आयोगको कार्यालय स्थापना गरिएको तर स्वामित्व आयोगको नाममा नरहेको । |
| | | ४. आयोगका व्यवस्थापकीय एवं अन्य कार्यहरू समयमै सम्पादन गर्नका लागि सहयोग हुने गरी विद्यार्थीहरूलाई इन्टर्नसीपमा परिचालन गर्ने | नभएको |
| | | ५. आयोगमा पदस्थापन हुने कर्मचारीलाई नियमित सुविधाका अतिरिक्त प्रोत्साहन भत्ता उपलब्ध गराउने | नभएको |
| | आयोगको अनुगमन तथा मूल्यांकन प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउने | १. सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको कार्यसम्पादनको नियमित अनुगमन तथा मूल्यांकनको निर्देशिका जारी गर्ने | सूचनाको हकसम्बन्धी अनुगमन निर्देशिका, २०७६ जारी भई कार्यान्वयनमा रहेको । |
| | | २. सार्वजनिक निकायले आयोगमा प्रस्तुत गर्नुपर्ने विवरण एवं प्रतिवेदनको ढाँचा तयार/अद्यावधिक गरी लागु गर्ने | अनुगमन निर्देशिकामा ढाँचा तोकिएको । |
| | | ३. सार्वजनिक निकायहरुको आर.टि.आई. अडिट संचालन गर्ने | आयोगले प्रदेश मन्त्रालयहरुको आर. टि. आई. अडिट विज्ञहरुबाट गराई प्रतिवेदन प्राप्त गरेको । |
| | | ४. नतिजामा आधारित अनुगमन तथा मूल्यांकन प्रारूप (Result–Based Monitoring Framework- RBMF) तयार गरी लागू गर्ने | नभएको |
| | | ५. चौमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गरी छलफल र सिकाइ आदान प्रदान गर्ने | वार्षिक प्रतिवेदन तयार गरी प्रधानमन्त्री समक्ष पेश गरी प्रतिनिधि सभामा पठाउने गरेको । |
| | संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य १६.१०.२ को कार्यान्वयन प्रभावकारी बनाउने | १. दिगो विकास लक्ष्य १६.१०.२ को कार्यान्वयनका लागि सूचक सहितको संयन्त्र विकास गर्ने | नभएको |
| | | २. नियमित रूपमा तथ्यांक संकलन गर्ने, विश्लेषण गर्ने, विवरण तयार गर्ने र प्रतिवेदन गर्ने | नभएको |
| | | ३. सूचनामा पहुँच सम्बन्धी दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि अभिमुखीकरण तथा तालिम कार्यक्रमहरू संचालन गर्ने | नभएको |
| | | ४. संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमसँग सहकार्य विस्तार गर्ने | नभएको |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | प्रगति |
|---|---|---|---|
| | सूचनाको हक कार्यान्वयनको प्रभावकारिताका लागि रणनीतिक साझेदारी र सहकार्य प्रबर्द्धन गर्ने | १. आयोगको प्रतिवेदनलाई संघीय संसदका सम्बन्धित विषय समितिहरू र प्रदेश सभा एवम् स्थानीय तह सभामा समेत छलफल गर्ने व्यवस्था मिलाउने | संघीय संसदमा वार्षिक प्रतिवेदन पठाउने गरेको । छलफल गराउने प्रयास भएको । |
| | | २. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग जस्ता संवैधानिक आयोगहरूसँगको सहकार्यमा कार्यक्रम संचालन र सूचनाको हक कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था मिलाउने | नभएको |
| | | ३. नेपाल बार एशोसिएसन, मेडिकल काउन्सिल, चार्टड एकाउन्टेन्ट्स एशोसिएसन, बैंकर्स एशोसिएसन जस्ता संगठनहरू मार्फत् सम्बन्धित क्षेत्रको पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन गर्ने गराउने | नभएको |
| | | ४. अदालत, बार एशोसिएसन, राष्ट्रिय न्यायिक प्रतिष्ठानसँग समन्वय गरी मौलिक हकको रूपमा रहेको सूचनाको हकको बारेमा सचेतना विस्तार गर्ने र अदालती न्याय निरूपणमा सहजीकरण गराउने | नभएको |
| | | ५. गैरसरकारी संस्था एवम् विकास साझेदारहरूसँग सहकार्य विस्तार गरी अल्पसंख्यक एवम् सीमान्तीकृत वर्गको लागि सूचनाको हक प्रयोग सम्बन्धी विशेष कार्यक्रम संचालन गर्ने | आयोग र द एशिया फाउण्डेशन, सिएसएम कार्यक्रम सँगको सहकार्यमा एबचतलभच इचनबलष्शबतष्यल मार्फत त्वबष्लष्लन ञ्रकउ सञ्चालन गरेको । |

## अनुसूची- ६

## आर्थिक वर्ष २०८१/८२ को पुनरावेदन शाखाको प्रगति विवरण

| आदशको किसिम | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत | बैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा १०(२) बमोजिम लिखित जवाफ पेश गर्नू | २०९ | १४७ | ७७ | १३७ | १२१ | ६५ | ३९ | ५४ | १४ | ५१ | ४९ | २२ | ९८५ |
| नियम २४(२) बमोजिम लिखित जवाफ पेश गर्नू | | | | | | | | | | | २ | १ | ३ |
| दफा १०(३)(क) बमोजिम सूचना उपलब्ध गराउनू | १ | ६२ | २९ | २७ | ४१ | ३१ | ८३ | ५७ | २४ | २२ | ३ | ७३ | ४५३ |
| दफा ३२ बमोजिम कारबाही किन नगर्ने ? | १ | | | | ११ | | ३ | १ | ५ | २ | | | २३ |
| दफा ३२ बमोजिम कारबाही गर्नू भन्ने आदेश | | १ | | १ | | | | | | | | | २ |
| दफा १०(३)(ख) बमोजिम पुनरावेदन खारेज गर्नू | | ४३ | ८ | ३३ | | ३५ | ४० | ४९ | १३ | २६ | १५२ | ३१० | ७०९ |
| दफा २९(५) बमोजिमको आदेश | | | | | | | | | | | १ | | १ |
| **जम्मा आदेश संख्या** | २११ | २५२ | ११४ | १९८ | १७३ | १३१ | १६५ | १६१ | ५६ | १०१ | २०७ | ४०६ | २१७५ |
| इजलास संख्या | ९ | ८ | ६ | ७ | ६ | ७ | ६ | ७ | ३ | ५ | ९ | १० | ८३ |
| पत्राचार भएको | ४१५ | ३१७ | २१० | २०० | ३०२ | ११३ | १९६ | १९३ | ३४ | १४६ | २५१ | ४६४ | २८४१ |
| उजुरीको संख्या | | | | | | | | | | | ३ | १ | ४ |

# अनुसूची- ७
# राष्ट्रिय सूचना आयोगबाट भएका महत्वपूर्ण आदेश
## बैठक नं. ३०५(४)०२, मिति २०८१।०९।११

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावलीको नियम ३ बमोजिम प्रत्येक ३ महिनामा स्वतः प्रकाशन गर्नु पर्ने प्रावधान रहेको छ । तर कतिपय स्थानीय तहहरुले सो व्यवस्थालाई पालना गरेको नदेखिएको र सूचना अधिकारी समेत तोकिएको नपाइएकोले सबै स्थानीय तहमा सूचना अधिकारी तोक्ने व्यवस्था हुन र प्रत्येक ३/३ महिनामा कानून बमोजिमको २० बुँदामा स्वतः प्रकाशन गरी त्यसको जानकारी आयोग समक्ष नियमित रुपमा पेश गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई निर्देशन दिने ।

## बैठक नं. ३११(४)८, मितिः २०८२।०२।२१

**निर्णय नं १**

प्रस्ताव नं. १ को सम्वन्धमा छलफल गर्दा माननीय सूचना तथा सञ्चार मन्त्री माननीय पृथ्वीसुब्बा गुरुङ्गज्यूको अध्यक्षतामा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्वन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समिति (सञ्चार तथा सूचना प्रविधि क्षेत्र) को मिति २०८१ चैत्र १७ गते बसेको बैठकबाट “सूचनाको हक प्रवर्द्धन, अनुगमन र क्षमता विकास कार्यक्रम संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने । प्रत्येक वर्ष भाद्र ३ गते राष्ट्रिय सूचना दिवस देशब्यापी रुपमा मनाउने व्यवस्था मिलाउने“ निर्णय भएको छ । उक्त निर्णय कार्यान्वयनका लागि देहाय बमोजिम निर्णय गरियोः

क) सूचनाको हक प्रवर्द्धन, कार्यान्वयन, अनुगमन र क्षमता विकासमा सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गर्न आ-आफ्नो निकायहरुको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्न प्रदेश तथा स्थानीय सरकारलाई अनुरोध गर्ने ।

ख) सूचनाको हक सम्वन्धी ऐन, २०६४ कार्यान्वयनमा आएको दिन २०६५ भाद्र ३ गतेको स्मरण गर्दै सूचनाको हक सम्वन्धी कार्यक्रम (अन्तरक्रिया, गोष्ठी, परिसम्वाद, छलफल लगायतका जनचेतनामूलक कार्यक्रमहरु) अब उप्रान्त सञ्चालन गरी राष्ट्रिय सूचना दिवस देशव्यापी रुपमा भव्यताकासाथ मनाउन संघ, प्रदेश तथा स्थानीय सरकारलाई अनुरोध गर्ने ।

## बैठक नं. ३१२(४)९, मितिः २०८२।०३।०४

**निर्णय नं. २**

यस आयोगमा पुनरावेदकहरु सन्तोषी घर्तिमगर, सुविना भुजेल, प्रणव गिरी, कविता मल्ल, रश्मी राई, रोश्नी अर्याल, अरिना राई, कोशित आचार्य, सोनम पुर्जा मगर, सामा खालिङ्ग, अषित रेग्मी समेतले बिभिन्न मितिमा गृह मन्त्रालय तथा अन्तरगतका विभिन्न जिल्ला प्रशासन कार्यालयहरु, परीक्षा नियन्त्रण कार्यालय, एबं बिभिन्न सार्वजनिक निकायमा सम्पूर्ण बैयक्तिक कागजातहरुमा नाम तथा लैङ्गिक विवरण सच्चाई लैङ्गिक पहिचान कायम गरी पाँउ भनी दिएको निवेदन उपरको काम कारवाही के कसो भयो भनी सूचनाको हक प्रयोग गरी निवेदन पेश भएकोमा, आयोगबाट आदेश भए पश्चात विभिन्न सार्वजनिक निकायहरुले पठाएको लिखित जवाफमा स्पष्ट

कानूनी व्यवस्था नभएको, नाम र लैङ्गिक परिवर्तन गरेको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र पेश नभएको, लैङ्गिक विवरण परिवर्तनको लागि गृह मन्त्रालयको आवश्यक निर्देशन माग गरिएको भन्ने जस्ता जवाफहरु प्राप्त भएको अवस्था छ ।

यसै सन्दर्भमा सर्वोच्च अदालतको संयुक्त इजलासले रुक्सना कपाली बिरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र माथि उल्लेखित बिभिन्न सार्वजनिक निकाय बिरुद्ध उत्प्रेषण समेतको रिट ( ०७७-WO-०९७३) दायर गरी ब्याख्या सहित "लैंङ्गिक पहिचानको बिवरणलाई संशोधन गरी महिला कायम हुने गरी अभिलेखको विवरण अद्यावधिक गर्नू" भनी आदेश समेत भएको अवस्था छ। त्यसैगरी उच्च अदालत जनकपुरको बीरगञ्ज इजलासबाट रिट नं. ०८०-WO-०३४४ मा विपक्षी निकायहरुको अभिलेखमा रहेको निवेदकहरुको विवरणमा आवश्यक संशोधन गरी निवेदकको माग बमोजिमको नाम र लैङ्गिक पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनु भनी विपक्षीको नाममा परमादेश समेत जारी भएको अवस्था देखिन्छ। साथै नेपाल नागरिकता ऐन २०६३ (पहिलो संशोधन २०७९) को दफा ८ (क) को उपदफा ३ मा "यस ऐन बमोजिम दिईने नागरिकताको प्रमाणपत्रमा तोकिए बमोजिम लैङ्गिक पहिचान समेत खुलाउनु पर्नेछ।" भन्ने व्यवस्था रहेको, अतः गृह मन्त्रालय अन्तरगतका कार्यालयहरु, विश्वविद्यालयका परीक्षा नियन्त्रण कार्यालय, परिक्षा बोर्ड एवं स्थानीय पञ्जीकाधिकारी लगायत जुन जुन निकायमा व्यक्तिका वैयक्तिक विवरण रहन्छन् ती निकायहरुमा देहाय बमोजिम हुने व्यवस्था मिलाउन गृह मन्त्रालय मार्फत नेपाल सरकारलाई सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (च) अनुसार सुझाव दिने निर्णय गरियो ।

१. आफ्नो वैयक्तिक विवरण सच्याउन चाहने निवेदकले माग गरे बमोजिमको नाम तथा सम्पूर्ण वैयक्तिक कागजातहरुमा लैङ्गिक विवरण सच्याउने सम्बन्धमा भएको काम कारवाहीको जानकारी सूचना मागकर्तालाई दिनू ।

२. आयोगमा विभिन्न व्यक्तिहरुबाट लैङ्गिक पहिचान कायम गरीपाउन पटक पटक एकै प्रकृतिका पुनरावेदन दर्ता हुने गरेको र आयोगले फरक फरक मितिमा फरक फरक निकायसँग माग अनुसारको सूचना दिन आदेश गर्दा समेत सम्बन्धित पक्षले उचित निकासा पाउन सकेको देखिएन। तसर्थ कुनै पनि नागरिकले वैयक्तिक विवरण संशोधन गरी लैङ्गिक पहिचान कायम गर्न अपनाउनु पर्ने नीति, नियमलाई पारदर्शी बनाई नागरिकको सुसूचित हुन पाउने हकको सम्बोधन गर्न आवश्यक व्यवस्था गर्नू।

**निर्णय नं. ३**

राष्ट्रिय बहिरा महासंघ नेपालले आयोगमा पेश गरेको ज्ञापन पत्र आयोग समक्ष जानकारीको लागि पेश भयो। सो ज्ञापनपत्रमा सुनुवाई सम्वन्धी अपाङ्गता भएका नागरिकहरु सूचनाको पहुँचबाट विमुख भएको, सार्वजनिक सूचना तथा आपतकालिन सूचना प्राप्तिमा कठिनाई भएको लगायतको गुनासो उल्लेख भएको देखिएकोले उल्लेखित समस्या समाधानको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत नेपाल सरकारलाई देहाय बमोजिम गर्नु गराउनु हुन सिफारीश गर्ने निर्णय गरियो ।

१. आपतकालीन सूचना, जनचेतनामूलक सूचना तथा अत्यावश्यक सरकारी सूचना प्रसारण सांकेतिक भाषामा समेत हुने व्यवस्था मिलाउने ।

२. सूचनाको हक सम्बन्धी ऐन तथा नियमावली अन्तरगतका सार्वजनिक सरोकारका सूचनालाई समावेशी र पहुँचयुक्त बनाउन त्यस्ता सूचनाहरु सांकेतिक भाषामा समेत उपलब्ध हुन सक्ने व्यवस्था मिलाउने ।

३. डिजिटल सूचना तथा टेलिभिजनमा प्रसारण हुने सूचना तथा समाचारमा सांकेतिक भाषाको प्रयोगलाई साना स्क्रिनमा मात्र सीमित नराखी प्रष्ट, सजिलो र बुझिने गरी प्रसारण हुने व्यवस्था मिलाउने ।

४. संघ, प्रदेश र स्थानीय सरकारले सूचना तथा संचार नीति निर्माण तथा संशोधन गर्दा बहिरा समुदाय तथा अपाङ्गता भएका व्यक्तिहरुको सूचनाको हक सम्बन्धी विषयमा सहभागितालाई सुनिश्चित गर्ने व्यवस्था मिलाउने ।

## बैठक नं. ३१३(४)१० मितिः २०८२।०३।२९

### निर्णय नं. १

नेपाल दूरसञ्चार प्राधिकरणको आर्थिक तथा प्राविधिक सहयोगमा यस आयोगलाई मिति २०७९/०९/१०/०४ मा प्राप्त भई सञ्चालनमा आउन नसकेको सूचनाको हक व्यवस्थापन सम्बन्धी अनलाइन प्रणालीमा समयानुकूल र सुधार गर्नुपर्ने विषयहरु आयोगबाट प्राविधिकको सहयोगमा अपग्रेड एवं थप गरिएको र हाल उक्त अनलाइन प्रणालीलाई सञ्चालनमा ल्याउन सकिने अवस्थामा रहेको देखिएकोले यो अनलाइन प्रणालीलाई मिति २०८२/०४/०१ देखि परीक्षणका रुपमा सञ्चालनमा ल्याउने । पहिलो चरणमा संघीय मन्त्रालय, संवैधानिक तथा केन्द्रिय आयोग, विभाग वा विभागस्तरका कार्यालयबाट क्रमशः लागू गर्ने ।

### निर्णय नं. २

नेपालमा मनसुनको अवधिमा निरन्तर र अत्याधिकरुपमा हुने वर्षाका कारण एवं जलवायु परिवर्तनका कारणले अप्रत्याशित तथा वेमौसमी रुपमा हुने प्रकोपका कारण ठूलो मात्रामा जनधन तथा भौतिक संरचनाको क्षति हुने गरेको छ । प्रकोप अगाडि वा प्रकोपको समयमा सूचना प्रवाहलाई थप चुस्त दुरुस्त तथा प्रभावकारी बनाउन सकिएमा प्रकोपबाट हुने क्षति न्यूनिकरण गर्न सकिने भएकाले गृह मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, वन तथा वातवरण मन्त्रालय, जल तथा विज्ञान विभाग, वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणलाई देहाय बमोजिम गर्न गराउन सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ग) बमोजिम सुझाव सहित निर्देशन दिने निर्णय गरियो ।

क. मनसुनजन्य तथा जलवायु परिवर्तनका कारणले हुने विपद् पूर्वको तयारी, विपद्का समयमा सुरक्षित रहने तरिका, क्षति न्यूनिकरणका उपाय, विपद् व्यवस्थापनका क्षेत्रमा भएका उल्लेखनीय व्यवस्थाहरु, सुरक्षित स्थलहरु लगायतका विषयहरुमा सर्वसाधरण नागरिकहरुले बुझ्ने भाषामा अर्थात् विभिन्न राष्ट्र भाषामा निरन्तररुपमा विभिन्न सञ्चार माध्यम, सामाजिक सञ्जाल तथा उपलब्ध हुन सक्ने अन्य माध्यमहरुको उपयोग गरी सर्वसाधारण नागरिकसम्म पुऱ्याउने व्यवस्था मिलाउने ।

ख. विपत आउनु अगावै सर्वसाधारण नागरिकलाई पूर्व सूचना दिन सकिने प्रणालीको विकास गर्ने र आधिकारिक रुपमा पूर्व सूचना दिने व्यवस्था मिलाउने ।

ग. विपद्को समयमा उद्धार, राहत तथा स्वास्थ्य उपचारको लागि सम्पर्क गर्नु पर्ने व्यक्ति तथा सम्पर्क नम्वर सर्वसाधारणले थाहा पाउने गरी जानकारी दिने व्यवस्था मिलाउने ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग**

**सूचना आयुक्त कमला ओली थापा**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

**मुद्दा नं. २००/०८०/८१**

**निर्णय नं. ३०३**

| | | | |
|---|---|---|---|
| कपिलवस्तु जिल्ला, बुद्धभूमि न. पा.-२, गोरुसिंगे निवासी वसन्त गिरी | १ | } | पुनरावेदक पक्ष |

**विरूद्ध**

| | | | |
|---|---|---|---|
| श्री कार्यालय प्रमुख, अध्यक्ष, जय प्रकाश पाण्डे, तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तु | १ | } | प्रत्यार्थी विपक्षी |

**विषय : नागरिकको संबिधानप्रदत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने कार्यालय प्रमुख, अध्यक्ष, जय प्रकाश पाण्डेलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही भएको आदेश ।**

कपिलवस्तु जिल्ला, बुद्धभूमी न. पा.-२, गोरुसिंगे निवासी बसन्त गिरीले तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तु समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०८०।०७।२० मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगबाट तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तुका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (२) बमोजिम ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०८०।०७।२० मा आदेश भएको । आयोगको आदेश पश्चात तोकिएको अवधिभित्र कुनै जानकारी उपलब्ध नगराएकोले विपक्षीको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार ७ (सात) दिनभित्र सूचना उपलब्ध गराउनू भनी मिति २०८०।०८।२८ मा आदेश भएको । आयोगबाट भएको आदेश पश्चात पनि विपक्षीले कुनै सूचना उपलब्ध नगराएकोले तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तुका अध्यक्ष, जय प्रकाश पाण्डेका नाममा सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ (१) बमोजिम कारबाही हुने व्यहोराको आदेश मिति २०८०।१२।१५ मा भएको र सोसम्बन्धी पत्र जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुले निजलाई बुझाई भरपाई यस आयोगमा उपलब्ध गराएको ।

**आयोगको ठहर**

नेपालको संविधान, २०७२ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ उल्लेख भएको र सोही व्यवस्थाको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ । उक्त ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई

यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । लोकतान्त्रिक पद्दतिमा सर्वसाधारण नागरिकले सार्वजनिक निकायहरुबाट भै गरेका कार्यहरूको बारेमा थाहा पाउने, जान्न पाउने अधिकार कायम गरिएको हुन्छ । यसबाट सर्वसाधारण नागरिक सुसूचित हुने र स्वाभाविक रुपमा त्यस्ता कार्यहरूको स्वामित्व ग्रहण गर्ने अवस्था सृजना हुन्छ। साथै सार्वजनिक निकायलाई पारदर्शी हुन, जवाफदेही बनाउन, उत्तरदायी बनाउन पनि सघाउ पुग्दछ । सुशासन कायम गर्न मद्दत गर्दछ । यस अवस्थामा सर्वसाधारण नागरिकले कुनै सार्वजनिक निकायमा सूचना माग गर्दा सम्मानपूर्वक सूचना उपलब्ध गराउनु पर्ने हुन्छ । आयोग सम्म पुनरावेदन गर्नु पर्ने अवस्था नै सृजना गर्नु हुँदैन ।

प्रस्तुत विषयमा सूचना मागकर्ताले माग गरेको सूचना, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) भित्र पर्ने विषय नभएको हुँदा सूचना माग गर्दा नै तत्काल उपलब्ध गराउनु पर्ने देखिन्छ । सूचना मागकर्तालाई राष्ट्रिय सूचना आयोग समक्ष पुनरावेदन गर्न आउनु पर्ने अवस्था सृजना गराउन आवश्यक देखिँदैन । साथै आयोग समक्ष पुनरावेदन प्राप्त भए पश्चात आयोगबाट विपक्षी तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तुका कार्यालय प्रमुखका नाममा पटक पटक लिखित जवाफ माग गर्दा तथा सूचना उपलब्ध गराउन आदेश हुँदा पनि सूचना मागकर्ता नागरिकका तर्फबाट माग भएको सूचना उपलब्ध गराउने प्रयास भएको देखिँदैन । यस अवस्थामा विपक्षी तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तुका कार्यालय प्रमुखले मिति २०८०।०७।२० मा लिखित जवाफ पेश गर्न भनेकोमा कुनै लिखित जवाफ पेश नगरेको र आयोगबाट मिति २०८०।०८।२८ को इजलासबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार ७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश भै सक्दा समेत सूचना उपलब्ध नगराएको देखिँदा विपक्षी कार्यालय प्रमुखबाट सूचनाको हकसम्बन्धी कानूनको पालना हुन नसकेको स्पष्ट देखिन्छ। यसबाट सार्वजनिक निकायको प्रमुखजस्तो सार्वजनिक पद ग्रहण गर्ने पदाधिकारीबाट कुनै मनासिब कारणबिना नै संवैधानिक तथा कानूनी रुपमा नागरिकलाई प्राप्त अधिकारको वेवास्ता गरेको, कानून पालना गर्न गराउन तत्पर नदेखिएको, सूचना उपलब्ध गराउनु पर्ने संवैधानिक र कानूनी दायित्वबाट विमुख भई कानूनी व्यवस्थाको पालना हुन नसकेको स्पष्ट हुन्छ । आयोगबाट प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तुका अध्यक्षलाई पटक पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को दफा (१) बमोजिम कारबाही हुने व्यहोराबाट सजग गराउँदा, चेतावनी दिँदा पनि आफ्नो जिम्मेवारी पालनामा पूर्णत: गैर जिम्मेवार देखिएका छन् । यसर्थ, नागरिकको संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि एक स्वतन्त्र आयोगबाट पटक पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैर जिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीलाई दण्डित गर्नुको बिकल्प आयोगसँग रहेन । यसर्थ, नागरिकको संबिधानप्रदत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको उल्लंघन गर्ने तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तुका कार्यालय प्रमुख, अध्यक्ष जय प्रकाश पाण्डेलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रु. ५,०००।- (पाँच हजार रुपैयाँ मात्र) जरिवाना हुने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नू:

**तपसिल**

१. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२(१) बमोजिम गरेको जरिवाना असुल उपर गरी आयोगलाई जानकारी दिनु भनी जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउनू ।

२. सूचना मागकर्ताले मागेको सूचना तुरुन्त उपलब्ध गराउने व्यवस्थाका लागि श्री डिभिजन वन कार्यालय, कपिलवस्तुका कार्यालय प्रमुखलाई लेखी पठाउनू ।

३. सूचना उपलब्ध नगराएमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (२) अनुसार प्रति दिन रु. २००।- (दूई सय) का दरले जरिवाना हुने व्यहोराको जानकारी निजलाई दिनू ।

३. यस निर्णय उपर चित्त नबुझेमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३४ बमोजिम जानकारी पाएको मितिले ३५ दिन भित्र उच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विपक्षीलाई पुनरावेदनको म्याद दिनू ।

| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरूङ्ग) |
| --- | --- | --- |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०८१ साल भदौ १७ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग**

**सूचना आयुक्त कमला ओली थापा**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

**मुद्दा नं. ११८७/०७९/८०**

**निर्णय नं. ७७५**

ललितपुर जिल्ला, ललितपुर म. पा.-१० निवासी बलराम राजभण्डारी १ } पुनरावेदक पक्ष

**विरूद्ध**

कार्यालय प्रमुख, महेन्द्र जंग लामिछाने
सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौं १ } विपक्षी प्रत्यार्थी

**विषय : नागरिकको संबिधानप्रदत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने कार्यालय प्रमुख, महेन्द्र जंग लामिछाने लाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही भएको आदेश ।**

ललितपुर जिल्ला, ललितपुर म. पा.-१० निवासी बलराम राजभण्डारीले सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७९।०३।०२ मा पुनरावेदन गरेको । उक्त पुनरावेदनको सम्बन्धमा यस आयोगबाट सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौंको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (२) बमोजिम ७ (सात) दिनभित्र तपसिलका सूचना उपलब्ध गराउनू भनी मिति २०८१।०३।१० मा आदेश भएको । आयोगको आदेश पश्चात सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौंले तोकिएको म्यादभित्र कुनै जानकारी नदिएको भनी पुनरावेदकले मिति २०८१।०४।३० मा आयोग समक्ष उजुरी गरेकोले आयोगबाट विपक्षी सार्वजनिक निकायको नाउँमा आयोगको मिति २०८१।०३।१० को आदेश बमोजिम सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ (१) बमोजिम कारबाही हुने व्यहोराको आदेश मिति २०८१।०५।२४ मा भएको । आयोगबाट भएको चेतावनी सहितको आदेश पश्चात् पनि सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौंले कुनै जानकारी उपलब्ध गराएको नदेखिएको ।

**आयोगको ठहर**

नेपालको संविधान, २०७२ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ उल्लेख भएको र सोही व्यवस्थाको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ । उक्त ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । लोकतान्त्रिक पद्दतिमा सर्वसाधारण

नागरिकले सार्वजनिक निकायहरुबाट भै गरेका कार्यहरूको बारेमा थाहा पाउने, जान्न पाउने अधिकार कायम गरिएको हुन्छ । यसबाट सर्वसाधारण नागरिक सुसूचित हुने र स्वाभाविक रुपमा त्यस्ता कार्यहरूको स्वामित्व ग्रहण गर्ने अवस्था सृजना हुन्छ । साथै सार्वजनिक निकायलाई पारदर्शी हुन, जवाफदेही बनाउन, उत्तरदायी बनाउन पनि सघाउ पुग्दछ । सुशासन कायम गर्न मद्दत गर्दछ । यस अवस्थामा सर्वसाधारण नागरिकले कुनै सार्वजनिक निकायमा सूचना माग गर्दा सम्मानपूर्वक सूचना उपलब्ध गराउनु पर्ने हुन्छ । आयोग सम्म पुनरावेदन गर्नु पर्ने अवस्था नै सृजना गर्नु हुँदैन ।

प्रस्तुत विषयमा सूचना मागकर्ताले माग गरेको सूचना, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) भित्र पर्ने विषय नभएको हुँदा सूचना माग गर्दा नै तत्काल उपलब्ध गराउनु पर्ने देखिन्छ । सूचना मागकर्तालाई राष्ट्रिय सूचना आयोग समक्ष पुनरावेदन गर्न आउनु पर्ने अवस्था सृजना गराउन आवश्यक देखिँदैन । साथै आयोग समक्ष पुनरावेदन प्राप्त भए पश्चात आयोगबाट विपक्षी सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौंका नाममा सूचना उपलब्ध गराउन आदेश आदेश भएको लामो समयसम्म पनि सूचना मागकर्ता नागरिकका तर्फबाट माग भएको सूचना उपलब्ध गराउने प्रयास भएको देखिँदैन । यसरी आयोगबाट मिति २०८१ असार १० गतेको इजलासबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार ७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश भै सक्दा समेत सूचना उपलब्ध नगराएको देखिँदा विपक्षी कार्यालयका कार्यालय प्रमुख, महेन्द्र जंग लामिछानेबाट सूचनाको हकसम्बन्धी कानूनको पालना हुन नसकेको स्पष्ट देखिन्छ । यसबाट सार्वजनिक निकायको प्रमुखजस्तो सार्वजनिक पद ग्रहण गर्ने पदाधिकारीबाट कुनै मनासिब कारणबिना नै संवैधानिक तथा कानूनी रुपमा नागरिकलाई प्राप्त अधिकारको वेवास्ता गरेको, कानून पालना गर्न गराउन तत्पर नदेखिएको, सूचना उपलब्ध गराउनु पर्ने संवैधानिक र कानूनी दायित्वबाट विमुख भई कानूनी व्यवस्थाको पालना हुन नसकेको स्पष्ट हुन्छ । आयोगबाट प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौंका कार्यालय प्रमुख, महेन्द्र जंग लामिछानेलाई पटक पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को दफा (१) बमोजिम कारबाही हुने व्यहोराबाट सजग गराउँदा, चेतावनी दिँदा पनि आफ्नो जिम्मेवारी पालनामा पूर्णतः गैह्रजिम्मेवार देखिएका छन् । यसर्थ, नागरिकको संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि एक स्वतन्त्र आयोगबाट पटक पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैह्रजिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीलाई दण्डित गर्नुको बिकल्प आयोगसँग रहेन । यसर्थ, नागरिकको संबिधानप्रदत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लंघन गर्ने सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौंका कार्यालय प्रमुख, महेन्द्र जंग लामिछानेलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रु. १०,०००।- (दश हजार रुपैयाँ मात्र) जरिवाना हुने ठहर्छ अरुमा तपसिल बमोजिम गर्नू:

**तपसिल**

१. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२(१) बमोजिम गरेको जरिवाना असुल उपर गरी आयोगलाई जानकारी दिनु भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउनू ।

२. सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौंसँग भएको सूचना पुनरावेदकलाई उपलब्ध गराई दिन र यस आयोगलाई समेत जानकारी दिन काठमाडौं महानगपालिकाका कार्यालय प्रमुखलाई लेखी पठाउनू ।

३. यस निर्णय उपर चित्त नबुझेमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३४ बमोजिम जानकारी पाएको मितिले ३५ दिन भित्र उच्च अदालतमा पुनरावेदन गर्न जानू भनी विपक्षीलाई पुनरावेदनको म्याद दिनू । आदेशको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरूङ्ग) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०८१ साल कार्तिक २१ गते रोज ४ शुभम् ।

# अनुसूची- ८

## आर्थिक वर्ष २०८१/८२ सम्म सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम

**कारबाही भएको विवरण**

| क्र.सं. | पक्ष | विपक्ष | कार्यरत निकाय | आदेश मिति | जरिवाना रकम रु. |
|---|---|---|---|---|---|
| १. | सोम ढकाल | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१।- |
| २. | शंकर पौड्याल | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१।- |
| ३. | सन्तोष न्यौपान | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१।- |
| ४. | केशवराज रेग्मी | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१।- |
| ५. | भिमप्रसाद पुन | नारायणराज सापकोटा | ईलाका हुलाक कार्यालय, स्याग्दी | | १,००१।- |
| ६. | मुकेश सिंह | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१।- |
| ७. | पवन के.सी. | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१।- |
| ८. | माधवराज पाण्डे | सुजता मानन्धर | आदर्श विद्यामन्दिर, ललितपुर | | १,००१।- |
| ९. | ललितप्रसाद सिंह | शिवचरण सिह | मावि बनैनीया | | १,००१।- |
| १०. | हृदय रत्न शाक्य | मिनुशोभा तुलाधर | राष्ट्रिय विधिविज्ञान प्रयोगशाला | | १,००१।- |
| ११. | गिर्वाणकुमार शर्मा | प्रविणकुमार मिश्र | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | १,००१।- |
| १२. | केदारप्रसाद गौतम | बाबुराम श्रेष्ठ | साप नेपाल | | २,०००।- |
| १३. | विजयसिह सिजापती | अध्यक्ष, | त्रि. वि. वि सेवा आयोग | | १०१।- |
| १४. | चुन्दा बज्राचार्य | अध्यक्ष | त्रि. वि. वि सेवा आयोग | | १०१।- |
| १५. | सुरेशदास श्रेष्ठ | अध्यक्ष | त्रि. वि. वि सेवा आयोग | | १०१।- |
| १६. | डा. सुवोध ढकाल | अध्यक्ष | त्रि. वि. वि सेवा आयोग | | १०१।- |
| १७. | रामपुकार रौनियार | कार्यकारी अधिकृत र सूचना अधिकारी | वीरगञ्ज उपमहानगरपालिका | २०७३।०९।२२ | १०,०००।- |
| १८. | इन्द्रदेवप्रसाद यादव | प्रध्यानाध्यापक | श्री पन्नादेवी कन्या उच्च मावि, बारा | २०७४।०७।०७ | ५,०००।- |
| १९. | एकराज सिलवाल | अध्यक्ष, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक | जुद्धोदय माध्यमिक विद्यालय, काठमाडौं | २०७६।०१।२६ | १५,०००।- |
| २०. | रामपुकार रौनियार | प्रधानाध्यापक जि.एस चौधरी | दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बारा | २०७६।०४।१७ | ३,०००।- |
| २१. | जयप्रकाश साह समेत | कार्यालय प्रमुख नि. प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ता र सूचना अधिकारी दिपेश रौनियार | ईशनाथ नगरपालिकाको कार्यालय, रौतहट | २०७६।०५।३१ | ७,०००।- |
| २२. | दामोदर प्रसाद दाहाल | कार्यकारी निर्देशक सि.ए. संजय कुमार सिन्हा | नेपाल चार्टड एकाउन्टेट संस्था ललितपुर | २०७६।११।११ | १०,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| २३. | आशिष पौडेल | शिक्षाध्यक्ष | त्रि. वि. वि. | २०७७।०८।२५ | ५,०००।- |
| २४. | अंगराज भारती | कार्यालय प्रमुख | लक्ष्मी बैंक, केन्द्रीय कार्यालय | २०७७।०८।२५ | १०,०००।- |
| २५. | अंगराज भारती | कार्यालय प्रमुख | बैंक अफ काठमाण्डु, केन्द्रीय कार्यालय | २०७७।०९।०२ | १०,०००।- |
| २६. | अंगराज भारती | कार्यालय प्रमुख | प्राइम बैंक, केन्द्रीय कार्यालय | २०७७।०९।०२ | १०,०००।- |
| २७. | रामप्रसाद दाहाल | पदपूर्ति समितिका अध्यक्ष | नेपाल खुला विश्वविद्यालय | २०७७।१०।१२ | ५,०००।- |
| २८. | जीवन खनाल | प्रधानाध्यापक | बुद्धनगर आधारभूत विद्यालय | २०७८।०३।१७ | ५,०००।- |
| २९ | आदित्य दाहाल | कार्यालय प्रमुख प्रा. धनप्रसाद पण्डित | पद्मकन्या बहुमुखी क्याम्पस, बागबजारका | २०७८।०६।२० | १५,०००।- |
| २९. | बल बहादुर प्रधान | कार्यकारी निर्देशक डा. घनश्याम खतिवडा | पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला | २०७८।०७।१५ | १५,०००।- |
| ३०. | हेमचन्द्र घिमिरे | लक्ष्मी प्रसाद पौडेल | धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरी | २०७८।१२।१७ | १०,०००।- |
| ३१. | एक्रामुल हक | बैंजु ठाकुर | राजपुर नगरपालिकाको कार्यालय, रौतहट | २०७९।०३।१३ | १०,०००।- |
| ३२. | राजीब दास | परीक्षा नियन्त्रक, पुष्पराज जोशी | त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खु | २०७९।०४।०५ | २०,०००।- |
| ३३. | इन्द्रमणि पौडेल | अमित पौडेल | मनकामना सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, कपिलवस्तु | २०७९।०५।०९ | ५०००।- |
| ३४ | परशुराम साह | प्र. प्र. अ., बलिराम यादव | सिरहा नगरपालिकाको कार्यालय | २०७९।१०।१२ | १५०००।- |
| ३५ | कैलाश माझी | प्र. प्र. अ., रेणुका शाह | कञ्चनरुप नगरपालिकाको कार्यालय | २०७९।११।२३ | १५०००।- |
| ३६. | यदुनाथ वञ्जारा | प्राचार्य, श्रीमान गुरूङ्ग | प्यारामाउण्ट बोर्डिङ स्कूल, रामघाट, कास्की | २०८०।०६।१५ | १५,०००।- |
| ३७. | बसन्त गिरी | जय प्रकाश पाण्डे | तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तु | २०८१।०५।१७ | ५,०००।- |
| ३८. | बलराम भण्डारी | महेन्द्र जंग लामिछाने | सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि. | २०८१।०७।२१ | १०,०००।- |

## अनुसूची- ९

## आर्थिक वर्ष २०८१/८२ मा सूचनाको हकसम्बन्धी अन्तर्क्रिया कार्यक्रमको तालिका

| सि.नं. | जिल्लास्थित कार्यालय प्रमुख, सूचना अधिकारी लगाय( तहरूसँग अन्तरक्रिया कार्यक्रम | जिल्ला | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | | सल्यान | २०८१।०७।२७ | |
| २ | | उदयपुर | २०८१।०७।२८ | |
| ३ | | प्युठान | २०८१।११।२३ | |
| ४ | | सुर्खेत | २०८१।१२।२१ | |

| सि.नं. | स्थानीय तहका जनप्रतिनिधिहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम | जिल्ला | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | | तुलसीपुर उपम.न.पा., दाङ्ग | २०८१।०७।२८ | |
| २ | | आमाछोदिङ्गमो गा.पा. रसुवा | २०८१।०८।११ | |
| ३ | | सुनकोशी गा.पा., सिन्धुली | २०८१।१०।१५ | |
| ४ | | लहान न.पा., सिराहा | २०८१।१२।१२ | |

| सि.न | संघ स्तरिय सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम | जिल्ला | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | मन्त्रालय स्तरिय सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम | काठमाण्डौ | २०८२।०२।०६ | |
| २ | विभाग स्तरिय सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम | काठमाण्डौ | २०८२।०१।१२ | |

| सि.न | प्रदेश स्तरिय सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम | प्रदेश | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | | कोशी प्रदेश, विराटनगर | २०८१।१०।१३ | |
| २ | | सुदुरपश्चिम प्रदेश, धनगढी | २०८१।१२।१९ | |

**अन्य कार्यक्रम**

| सि.नं. | कार्यक्रम | जिल्ला | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | १८ औं राष्ट्रिय सूचना दिवस | काठमाण्डौ | २०८१।०५।०३ | |
| २ | अन्तराष्ट्रिय सूचना दिवस (September 28) | काठमाण्डौं | २०८१।०६।१२ | |
| ३ | महिला सशक्तिकरण कार्यक्रम, भरतपुर महानगरपालिका | चितवन | २०८१।०८।१६ | |
| ४ | उच्च अदालत पाटनका माननीय न्यायाधीशहरुसँगको अन्तरक्रिया कार्यक्रम | काठमाण्डौ | २०८१।०९।१९ | |
| ५ | राजनितिक दलहरुमा सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम | काठमाण्डौ | २०८१।०९।२८ | |
| ६ | सूचनाको हकको लागि राष्ट्रिय महासंघ | काठमाण्डौ | २०८१।११।०३ | |
| ७ | विद्यालयस्तरिय कार्यक्रम, नेपाल आर्दश मा.वि. कपिलवस्तु | कपिलवस्तु | २०८१।११।२२ | |
| ८ | महिला सशक्तिकरण कार्यक्रम, जिल्ला प्रशासन कार्यालय | ईलाम | २०८१।१२।२४ | |
| ९ | आयोगको १८ औं स्थापना दिवस | काठमाण्डौ | २०८२।०१।२२ | |
| १० | पत्रकार महासंघसंगको कार्यक्रम | काठमाण्डौ | २०८२।०१।२३ | |
| ११ | कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम | काठमाण्डौ | २०८२।०२।१६ र १७ | |

# अनुसूची- १०

आयोगबाट वार्षिक रुपमा प्रकाशन गरिने सूचनाको अधिकारको जर्नलमा रहेका लेख रचनाहरु विवरण

| सि.नं. | लेखको विषय | लेखकको नाम र परिचय |
|---|---|---|
| १ | सूचनाको हक कार्यान्वयन अदालत | **दुर्गा भण्डारी पौडेल**<br>उहाँ राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त हुनुहुन्छ। पत्रकारिता क्षेत्रमा रहेर प्रेस काउन्सिल नेपालको सदस्य रहिसक्नु भएकी उहाँले कानून व्यवसायीको पहिचान समेत कायम गर्नु भएको छ। |
| २ | सूचनाको हक र यबसको कार्यान्वयनका जटिलता र चुनौतीहरु | **तारानाथ दाहाल**<br>सूचनाको हक, अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता तथा खुला सरकारको क्षेत्रमा अध्ययन, अनुसन्धान र वकालत गर्ने संस्था फ्रिडम फोरमका संस्थापक उहाँ हाल सोही संस्थाको कार्यकारी निर्देशक हुनुहुन्छ। नेपाली पत्रकारितमा ३७ वर्षदेखि सकृय उहाँ नेपाल पत्रकार महासंघको २०५९-२०६१ को सभापति पनि हुनुहुन्छ। २०६३ मा सूचनाको हक सम्वन्धी विधेयकको मस्यौदा गर्ने कार्यदलमा रहेर उहाँले कानुन तर्जुमामा पनि योगदान गर्नु भएको छ। |
| ३ | सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि अवको कार्यदिशा | **डा. श्रीराम पौडेल**<br>सूचनाको हकको कार्यान्वयनका विषयमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि गर्नु भएका उहाँ सोही विश्वविद्यालयको आमसञ्चार तथा पत्रकारिता विभागमा उपप्राध्यापक हुनुहुन्छ। उहाँले रेडियो, टेलिभिजन र अनलाइन पत्रकारितामा रहेर काम गरिसक्नु भएको छ। |
| ४ | सूचनाको हक र मिडिया | **एकराज पाठक**<br>पूर्वाञ्चल विश्वविद्यालयबाट सूचनाको हक सम्बन्धी विषयमा स्नातकोत्तरको शोधपत्र लेख्नु भएका उहाँ राष्ट्रिय समाचार समितिका प्रधान सम्पादक हुनुहुन्छ। उहाँ पत्रकारिता विषय प्राध्यापन पनि गर्नु हुन्छ। |
| ५ | सामाजिक न्यायका लागि सूचनाको हक | **जेबी बिश्वकर्मा**<br>सामाजिक अभियन्ताको पहिचान बनाउनु भएका उहाँले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थामा रहेर लामो अनुभव संगाल्नु भएको छ। उहाँ सूचनाको हकको अभियानमा समेत संलग्न हुनुहुन्छ। |

| | | |
|---|---|---|
| ६ | सूचनाको हकः पत्रकारका लागि अस्त्र | **भुवन के सी**<br>पत्रकारिता प्राध्यापन र अनुसन्धानमा रुची राख्नु हुने उहाँ नेपाली पत्रकारितामा दुई दशकदेखि सक्रिय हुनुहुन्छ। उहाँले अभिव्यक्ति स्वतन्त्रताका पक्षमा दर्जनौं अनुसन्धान गर्नु भएको छ। |
| ७ | The Role of the Right to Information in Combating Misinformation | **उज्वल आचार्य**<br>अभिव्यक्ति स्वतन्त्रताका पक्षमा उहाँले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा रहेर लामो अनुभव संगाल्नु भएको छ। सेन्टर फर मिडिया रिसर्च नेपालमा संस्थापक अध्यक्ष उहाँले पत्रकारिता, प्राध्यापन र अनुसन्धानलाई समानान्तर रुपमा अगाडि बढाउनु भएको छ। |

# अनुसूची- ११

## सफलताको कथा पुस्तकमा प्रकाशित लेखको विवरण

| सि.नं. | शिर्षक | लेखकको नाम | परिचय |
|---|---|---|---|
| १ | सूचनाको हकको प्रयोगपछि उदयपुर सिमेन्ट उद्योगका कर्मचारीले पाउने भए सुविधा रकम | अजय कुमार साह | महासचिव, सूचनाको हकको लागि राष्ट्रिय महासंघ |
| २ | एक क्लिकमा देशैभरका स्थानीय तहको लेखापरिक्षण प्रतिवेदनमा पहुँच स्थापित गर्ने त्यो पुनरावेदन | गणेशदत्त भट्ट (जी भट्ट) | पत्रकार |
| ३ | सूचनाको हकः प्रयोग, सङ्घर्ष र उपलब्धी | परशुराम शाह | अभियन्ता |
| ४ | जनसरोकार र जनहितका सूचना प्राप्त गर्न सूचनाको हक | प्रकाशचन्द्र जोशी | |
| ५ | सूचनाको हकः खोज पत्रकारिताको गतिलो हतियार | मकर श्रेष्ठ | |
| ६ | सूचना उपलब्ध गराउन सूचना अधिकारीले गर्ने आनाकानी | मुकेश पोखरेल | |
| ७ | सूचनाको हक अभियानले ल्याएको परिवर्तन एक चर्चा | यदुनाथ वञ्जारा | उपाध्यक्ष, सूचनाको हकको लागि राष्ट्रिय महासंघ, कास्की |
| ८ | गोपनियता हकको रक्षार्थ मिलेको सफलता | विवेक चौधरी | अभियन्ता |
| ९ | सूचनाको हक सुशासनको "ब्रह्मास्त्र" | सागर जोशी | अभियन्ता |
| १० | नेपालमा सूचनाको हकको सवाल र तितामिठा अनुभव | सुवास भट्ट | |
| ११ | सूचनाको हकरुपी औजार र संसद्मा त्यसले ल्याएको सुधार | सुशिल पन्त | कार्यकारी सम्पादक, लोकान्तर डट कम |
| १२ | थाहै नभएको सूचनाको हकको ताकत | शिव प्रसाद अधिकारी | अभियन्ता |
| १३ | सूचना नदिने नकरात्मक प्रभाव हट्ने क्रममा | शैलेन्द्र झा | अभियन्ता |

# अनुसूची- १२

## राष्ट्रिय सूचना आयोग र द एशिया फाउण्डेशन, सीएसएम कार्यक्रमबीच भएको Letter of Exchange अनुसार २०८१ फागुन १३ गतेसम्म भएको प्रगति विवरण

**क्षमता विकास तर्फ**

१. मधेश प्रदेशको सिरहा र रौतहट एवं लुम्बिनी प्रदेशको नवलपरासी र कपिलवस्तु जिल्लाका सम्पूर्ण पालिकाहरुमा सूचनाको हक परीक्षण सम्बन्धी प्रतिवेदन प्राप्त भएको ।

२. मधेश प्रदेश र लुम्बिनी प्रदेशमा सूचनाको हकको सचेतना सर्वेक्षण सम्बन्धी प्रतिवेदन प्राप्त भएको ।

३. मधेश प्रदेशका प्रदेशसभा सदस्यहरुको सहभागितामा Transparency, Accountability and Oversight Through RTI Seminar बर्दिवासमा २०८१ श्रावणमा सम्पन्न भएको ।

४. लुम्विनी प्रदेशकासभा सदस्यहरुको सहभागितामा Transparency, Accountability and Oversight Through RTI Seminar कोहलपुर २०८१ भाद्रमा सम्पन्न भएको ।

**प्रकाशन तथा ज्ञान प्रवर्द्धन तर्फ**

१. सफलताका कथाहरु १००० प्रति

२. आयोगका महत्वपुर्ण फैसलाको संगालो ५०० प्रति

३. सूचनाको हकको प्रवर्द्धन हुने सूचना मुलक Video र Audio PSA उत्पादन गरेको ।

४. सूचनामा पहुँच सम्वन्धी जनचेतनामूलक वृत्तचित्र उत्पादन गरेको ।

# अनुसूची- १३

## विगतका वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

### २०७७/७८ का सुझाव

| क.सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | सन् २०३० सम्म संयुक्त राष्ट्र संघले निर्धारण गरेको दिगो विकास लक्ष्य हासिल गर्नका लागि नेपाल योजनाबद्ध रुपमा अगाडि बढिरहेको छ। दिगो विकास लक्ष्य कार्यन्वयनका लागि व्यक्त प्रतिबद्धतालाई कार्यन्वयनमा उतार्नु स्वाभाविक रुपमा त्यति सहज छैन। दिगो विकास लक्ष्यको १६.१०.२ मा रहेको सूचनामा पहुँचसम्बन्धी सूचकांक प्राप्तिका लागि भएको तयारी त्यति सन्तोषजनक नरहेकोप्रति यस आयोगको ध्यानाकर्षण भएको छ। जब कि सूचनाको हकका क्षेत्रमा नेपालमा भएका प्रयासहरू र यस आयोगबाट सम्पादन भएका कार्यहरूका कारण अन्य देशहरूको तुलनामा नेपालको अवस्था त्यति खराब छैन तर यसलाई नेपाल र नेपालीका लागि थप फलदायी बनाउन स्पष्ट कार्ययोजनाका साथ अगाडि बढ्नु पर्ने हुन्छ। तसर्थ, उल्लेखित सूचकांक प्राप्तिका लागि राष्ट्रिय सूचना आयोगको संलग्नतामा कार्ययोजना बनाई पर्याप्त बजेट व्यवस्थासहित कार्यान्वयन गर्नेतर्फ सक्रियतापूर्वक लाग्नु पर्ने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| २ | सन् २०११ मा पारदर्शी, सहभागितामूलक, समावेशी र जवाफदेही शासन प्रबर्द्धनका लागि सरकारी नेतृत्व र नागरिक समाजका अभियन्ताहरूका बीचको सहकार्यका रुपमा खुला सरकार सहकार्य (Open Government Partnership) सम्बन्धी अभियान शुरु भएको र यसमा हाल ७८ देश र ७६ स्थानीय सरकारहरू सदस्य रहेका छन्। सदस्य हुन मात्र पनि निकै कडा शर्तहरू रहेको यस सहकार्यमा नेपालले सदस्यका लागि आवश्यक शर्त पूरा गरिसकेको अवस्था रहेको हुँदा खुला सरकार सहकार्यमा नेपाल सहभागी हुँदा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको छवि राम्रो देखिन्छ। यसका लागि राष्ट्रिय सूचना आयोगले विगतमा सरोकारवालासँग व्यापक छलफलपश्चात् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएको कार्ययोजना यथावत रहेको छ। नेपाल सरकारले आयोगले पेश गरेको कार्ययोजनालाई आधार मानेर थप काम गर्न आवश्यक ठानेको हो भने त्यसका लागि आवश्यक सहयोगका लागि आयोग तयार छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ३ | नेपाल सरकारबाट स्वीकृत सूचनाको हक कार्यन्वयनसम्बन्धी अनुगमन निर्देशिका २०७६ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको नेतृत्वमा केन्द्रीय अनुगमन इकाई, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको नेतृत्वमा कार्यान्वयन अनुगमन इकाई, प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवको नेतृत्वमा प्रदेश अनुगमन इकाई र जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला अनुगमन इकाई रहने व्यवस्था तथा ती समिति वा इकाईहरूले नियमित रुपमा सूचनाको हकको कार्यान्वयनको अनुगमन, सहजीकरण तथा समन्वय गरी गराई आयोगमासमेत त्रैमासिक रुपमा प्रतिवेदन पेश गर्ने व्यवस्था रहेको छ। तर यससम्बन्धमा आयोगलाई हालसम्म कुनै पनि प्रतिवेदन प्राप्त भएको अवस्था छैन। यसबाट सूचनाको हक कार्यान्वयनमा प्रतिबद्धता अनुरुप काम नभएको देखिन्छ। तसर्थ, कानून बमेजिम सिर्जना भएका यस्ता समितिहरूलाई सक्रिया बनाई सूचनाको हक कार्यन्वयनलाई सशक्त बनाउनु पर्ने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ४ | सूचनाको हकसम्बन्धी कानूनको परिधिभित्र रही सूचना माग गर्न सार्वजनिक निकायमा जाँदा सूचना मागकर्तालाई सहज वातावरण बनाई दिनु पर्नेमा कतिपय सार्वजनिक निकायमा सूचना मागकर्तालाई असहज वातावरण सिर्जना गरिएको, निरुत्साहित गरिएको, दुःख दिएको, निवेदन दर्ता गर्न मात्र पनि समस्या सिर्जना गरिएको तथा कतिपय अवस्थामा त सूचना माकर्तामाथि बल प्रयोगसमेत भएका घटनाका जानकारी आयोगमा प्राप्त भइरहेको छ। यस्तो अवस्थाले आयोगलाई स्वाभाविक रुपमा चिन्तित बनाएको छ। कतिपय अवस्थामा आयोगले त्यस्ता सार्वजनिक निकायका प्रमुखसँग समन्वय गरी सूचना मागकर्ताका लागि सहजीकरण गर्ने गरेको छ। सूचनाको हकसम्बन्धी कानूनको पालना गर्ने/गराउने कानुनी दायित्व र जिम्मेवारी सार्वजनिक निकायको भएको हुँदा नागरिकलाई सूचना माग गर्न र प्राप्त गर्न सहज वातावरण बनाउन नेपाल सरकारबाट निर्देशन हुनुपर्ने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

| | | |
|---|---|---|
| ५ | सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भन्ने व्यवस्था भएबमोजिम यस आयोगले पुनरावेदन तथा उजुरी लिनेबाहेक सूचनाको हकको प्रचलनका लागि प्रचारप्रसारका विभिन्न कार्यक्रमहरू गरिरहनु पर्ने हुन्छ । तर, केही वर्षदेखि आयोगका लागि विनियोजन हुने बजेट निरन्तर रुपमा घटिरहेको कारणबाट अपेक्षित र प्रभावकारी रुपमा कार्यसम्पादन गर्न/गराउन आयोगलाई बाधा पुगिरहेको अवस्था छ । तसर्थ, आयोगको आवश्यकताका आधारमा नेपाल सरकारबाट आयोगसँग छलफल गरी पर्याप्त बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ६ | पारदर्शिता तथा सुशासनका लागि कुनै पनि निकायले रु २५ हजारभन्दा बढीको भुक्तानी हुनासाथ यस्तो भुक्तानीसम्बन्धी विवरण त्यस निकायको वेबसाइटमार्फत् सार्वजनिक गर्ने गरिएकोमा हाल यस्तो व्यवस्था कार्यान्वयनमा शिथलता आएको छ । खर्च स्वतः सार्वजनिक गर्ने व्यवस्थावाट पारदर्शिता र जवाफदेहिता कायम गरी सुशासन कायम गर्न सघाउ पुग्ने हुँदा भइरहेको व्यवस्थाको प्रभावकारी कार्यन्वयन वा नयाँ निर्णय गरी पारदर्शिता र सुशासनका लागि अझ प्रभावकारी व्यवस्था कार्यन्वयनमा ल्याइनु पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ७ | नेपाल सरकारले देशको आर्थिक समृद्धि तथा विकासका लक्ष्य प्राप्तिका लागि ठूलो मात्रामा प्रत्येक वर्ष लगानी गरिरहेको छ । यसरी गरिने लगानीको ठूलो हिस्सा सार्वजनिक खरीदका लागि हुन्छ । सार्वजनिक खरीद पारदर्शी र भ्रष्टाचारमुक्त गराउन सकियो भने मात्र यस्तो लगानीको प्रतिफल उपलब्धीमूलक बन्न सक्छ र राजनैतिक नेतृत्वले अपेक्षा गरेको लक्ष्य प्राप्तिका लागि सहयोग पुग्ने हुन्छ । तसर्थ, सार्वजनिक खरीदको प्रक्रिया सार्वजनिक गर्ने सम्बन्धमा आयोगबाट मिति २०७८।४।२८ मा भएको निर्देशनको पालना र सार्वजनिक खरीदसम्बन्धी नीति तथा कानून निर्माण गर्दा यथाशक्य पारदर्शी हुने गरी गर्ने व्यवस्था गर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ८ | सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम २४ (क) मा सार्वजनिक निकायले ऐनको दफा ६ बमोजिम सूचना अधिकारी तोक्दा सार्वजनिक निकायमा कार्यरत प्रशासकीय प्रमुखले आफूभन्दा दोश्रो वा तेश्रो मुनिको अधिकारीलाई तोक्नु पर्नेछ भनिएकोमा धेरै सार्वजनिक निकायले प्रशासकीय प्रमुखभन्दा धेरै मुनिको अधिकारीलाई सूचना अधिकारीको जिम्मेवारी तोक्ने गरिएको अवस्था छ । यसबाट सूचनाको हकसम्बन्धी कानूनी व्यवस्थाको परिपालनामा स्वाभाविक असर पर्ने नै भयो । नियममा व्यवस्था भएबमोजिम प्रशासकीय प्रमुखले वरियतामा आफूभन्दा दोस्रो मुनिको अधिकारी तोक्ने व्यवस्था कडाइका साथ लागु गराउने । जस्तै मन्त्रालयको सचिवपछि सबैभन्दा जेष्ठ सहसचिवलाई सूचना अधिकारी तोक्ने व्यवस्था हुनुपर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ९ | सिंहदरबारको परिसरभित्र प्रायः मन्त्रालयहरू अवस्थित रहेको र सुरक्षाका कारण सर्वसाधारणलाई परिसरभित्र प्रवेश गर्न सहज र सजिलो छैन । सूचना माग गर्ने नागरिकलाई सूचना माग गर्न सहज बनाउनु सबै सार्वजनिक निकायको दायित्वभित्रै पर्ने हुँदा सिंहदरबारको दक्षिण ढोका प्रवेशद्वारमा सूचनाको हकसम्बन्धी डेस्क राखी सूचनाको हकसम्धमा प्राप्त आवेदन दर्ता गरी निस्सा प्रदान गर्ने, प्राप्त आवेदन सम्बन्धित निकायमा पुऱ्याउने र सार्वजनिक निकायबाट प्राप्त सूचना सूचना मागकर्तालाई उपलब्ध गराउने व्यवस्था मिलाउने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १० | सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २७ ले दफा ३ उपदफा ३ सँग सम्बन्धित सूचनाको संरक्षणका लागि नीतिगत रुपमा सूचनाको वर्गीकरण गर्न नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा एक समिति रहने व्यवस्था गरेको छ । तर हालसम्म यस व्यवस्थाको कार्यान्वयन हुन सकेको अवस्था छैन । वर्गीकरणका लागि आयोगले पटकपटक निर्देशन तथा अनुरोध गरेको छ । वर्गीकरण गर्दा सार्वजनिक निकायहरूलाई सूचना उपलब्ध गर्न गराउन सहज हुने हुँदा अविलम्ब यो कार्य सम्पन्न गर्नु पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

| | | |
|---|---|---|
| ११ | नेपालको संविधानको धारा ६ अनुसार "नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन्" भनिएको छ भने धारा ७ को उपधारा २ मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानूनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ" भनिएको छ । भाषा आयोगले हालै पेश गरेको आफ्नो वार्षिक प्रतिवेदनमा पनि सूचना प्रवाह गर्दा मातृभाषाको प्रयोग गर्न सिफारिश गरेको छ । सार्वजनिक निकायबाट सम्पादन हुने क्रियाकलापहरूबारेमा जानकारी सार्वजनिक गर्दा नेपाली भाषाका साथसाथै अन्य राष्ट्रभाषामासमेत गर्ने गर्दा सबै भाषाभाषीसमेत मूलधारमा समेटिने, भिन्नभिन्न भाषिक समुदायलाई राज्यका नीतिबारे बुझाउन सकिने तथा राज्यका क्रियाकलापमा उनीहरूको स्वामित्व ग्रहण हुने र लक्षित वर्गमा पुग्ने हुन्छ । तसर्थ, सार्वजनिक निकायहरूले त्यस्तो भाषाको बाहुल्यता भएका क्षेत्रहरू पहिचान गरी ती भाषामासमेत सूचना दिने र प्रवाह गर्नु पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १२ | सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३८ मा "यसको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आयोगसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ" भन्ने व्यवस्था भएकोमा सूचनाको हकसम्बन्धी नियमावली २०६५ मा आयोगको परामर्शबिना नै २०७७ सालमा तेस्रो संशोधन भएको अवस्था छ । यसबाट कानून पालना गर्नू/गराउनू पर्ने निकायबाट नै कानूनको पालना नहुँदा अरुलाई कानून पालना गर्न गराउन बाधा पुग्ने देखिन्छ । तसर्थ, नियमावली संशोधन गर्दा आयोगसँग परामर्श नलिई संशोधन नगर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १३ | सूचनाको हकसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि स्थापित राष्ट्रिय सूचना आयोगको कार्यप्रकृति, आवश्यकता र महत्वलाई ध्यानमा राखी सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम २० को उपनियम २ मा "नेपाल सरकारले निजामति सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको कुनै अधिकृतलाई आयोगको सचिवको रुपमा काम गर्न तोक्नेछ" भन्ने व्यवस्था गरेको र सोही अनुरुप नेपाल सरकारले कानून सेवाको विशिष्ट श्रेणीका अधिकृतलाई आयोगको प्रशासकीय प्रमुखका रुपमा तोक्दै आएको थियो । आयोगको आवश्यकताको विश्लेषण तथा आयोगसँग कुनै परामर्श, सल्लाह वा छलफल नै नगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७/०७/२५ मा पत्र लेखी अचानक प्रशासकीय प्रमुखका रुपमा निजामति सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत रहने निर्णय भएकोप्रति आयोगले मिति २०७७/०८/११ को बैठकबाट असहमति प्रकट गरिसकेको छ । तसर्थ, आयोगको कार्यप्रकृति तथा आवश्यकतालाई ध्यानमा राखी आयोगको सचिवालयको प्रमुखका रुपमा निजामति सेवाको कानून सेवाको विशिष्ट श्रेणीको अधिकृत नै रहने व्यवस्था गर्नु पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १४ | आयोग स्थायी प्रकृतिको भएको र हालसम्म पनि आफ्नो जग्गा वा भवन नभएकोले भाडामा बस्नु परिरहेको अवस्था छ । फेरि प्रत्येक वर्ष भाडा बृद्धि भई नै रहेको हुन्छ । भाडाकै कारण आयोग एक स्थानबाट अर्को स्थानमा सर्नु पर्ने अवस्था पनि आउने गरेको छ । सेवाग्राहीलाई स्थायी ठेगाना दिन नसकिएको अवस्था रहेका कारण सेवा प्रवाहमा बाधा पर्ने गरेको छ भने वर्षेनी ठूलो रकम भाडाका रुपमा खर्च गरिरहनु पर्दा देशको लागि अनावश्यक व्ययभार बढ्दै गइरहेको छ । आयोगले आयोगका लागि स्थायी रुपमा आयोगकै नाममा रहने गरी भवन उपलब्ध गराउन वा निर्माण गरिदिन सम्पर्क मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारलाई पटकपटक अनुरोध गरिसकेको छ । तसर्थ, यथाशीघ्र नेपाल सरकारले आयोगका लागि उपयुक्त भवन वा जग्गा उपलब्ध गराई भवन निर्माण गर्ने व्यवस्था गर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १५ | नेपालको संविधानको मौलिक हक खण्डअन्तर्गतको धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ । सूचनाको हकलाई विशिष्ट हक पनि भनिन्छ । विशिष्ट यस अर्थमा कि संविधानप्रदत्त अन्य हक वा अधिकारको उपभोगका लागि सूचनाको हकको प्रयोग गर्न सकिन्छ । विश्वभरि नै आम बन्दै गएको सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारका बारेमा राष्ट्रिय सूचना आयोगबाट सम्पादन भएका गतिविधि तथा कार्यहरू वार्षिक प्रतिवेदनका रुपमा सम्माननीय प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका संसदमा छलफलका लागि प्रस्तुत हुनुपर्ने कानुनी व्यवस्थाबमोजिम यो प्रक्रिया पूरा हुँदै आएको छ । अपितु नागरिकलाई संवैधानिक रुपमा प्रत्याभूत गरिएको विशिष्ट व्यवस्था तथा त्यसको कार्यान्वयनको अवस्थाबारे व्यवस्थापिका संसदमा पर्याप्त छलफल हुन नसकेको भन्ने आम गुनासो रहँदै आएको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

२०७८/७९ का सुझाव

| क.सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | सुशासनका लागि महत्वपुर्ण माध्यमका रुपमा पारदर्शितालाई लिइन्छ। विश्वमा र नेपालमा पनि विभिन्न संस्था (कंपनी, प्रतिष्ठान, संगठन, समिति, संस्था इत्यादी) हरू खोल्ने र ति संस्थाहरूको नाममा नक्कली वा गलत कृयाकलाप गर्ने, भ्रष्टाचार गरेको आम्दानी लगानी गर्ने वा लुकाउने, कालो धन शुद्धीकरण गर्ने जस्ता कृयाकलापहरू हुने गरेको साय समयमा हुने घटनाहरूबाट प्रमाणित हुने गरेको पाइन्छ। विश्व बैंकको एउटा अध्ययन अनुसार विश्वमा ७० प्रतिशत भन्दा बढी ठुला भ्रष्टाचारमा यसरी खडा भएका संस्थाहरूको संलग्नता रहेको पाइएको छ। यस्तो कृयाकलाप रोक्ने एउटा शसक्त माध्यमका रुपमा कुनै पनि संस्थामा संलग्न रहेका प्राकृतिक व्यक्तिहरूको नामावली र लगानी सबै नागरिकले थाहा पाउन सक्ने बनाउन जरुरी देखिएको छ। विश्वमा १०० भन्दा बढी देशहरूले Transparency Beneficial Ownership लागुगर्न सहमती प्रकट गरिसकेका छन। तसर्थ यस्ता संस्थाहरूको एकीकृत लगत खडा गरी सबैले हेर्न मिल्ने व्यवस्था मिलाउन आवश्यक भइसकेको हुंदा यस तर्फ आवश्यक पहल गर्न पर्ने। | |
| २ | सार्वजनिक पद धारण गर्ने समयमा नेपालको संविधान तथा कानूनबमोजिम शपथ ग्रहण गराउने व्यवस्था छ। यसरी गरिने शपथमा गोपनियता शब्द राख्ने गरिएको छ। लोकतान्त्रिक पद्धतिमा नागरिकबाट गोप्य राख्नुपर्ने विषय सीमित हुन्छ। साथै कानूनले नै गोप्य राख्ने भनेको विषय शपथ नलिंदा पनि सार्वजनिक गर्ने विषय हुन सक्दैन। गोपनियताको शपथका कारण सार्वजनिक गरिन पर्ने विषय सार्वजनिक गर्न हिच्किचाउन पर्ने तथा बहानाका रुपमा प्रयोग हुने गरेको अवस्था छ। तसर्थ शासन पद्धतीमा भइरहेको विकास र सुशासनको आवश्यकतालाई ध्यानमा राखी गोपनियताको शपथ गराउन सान्दर्भिक हुन सक्दैन। तसर्थ सार्वजनिक पद ग्रहण गर्नेहरूका लागि शपथमा रहेको गोपनियता शब्द पुर्ण रुपमा हटाउने। | |
| ३ | सूचनाको हक कार्यान्वयन गर्ने प्राथमिकता दायित्व सार्वजनिक निकायको हो। कार्यान्वयनका लागि आफ्ना निकायका कर्मचारीलाई पर्याप्त तालिम दिनु र साधन श्रोत उपलब्ध गराउन आवश्यक हुन्छ। आयोगले सूचनाको हक प्रचलन गर्न गराउन नियमित रुपमा प्रयासहरू गरिरहेको छ। सीमित श्रोत साधनका साथ। तर यसरी गरिएका प्रयासहरू पर्याप्त हुन सक्दैनन्। सूचनाको हक कार्यान्वयनलाई प्रभावकारी बनाउन नेपाल सरकारले स्वीकृत गरी लागू गरेको सूचनाको हक कार्यन्वयनसम्बन्धी कार्यन्वयन निर्देशिका २०७६ मा भएका व्यवस्थाहरूको पालना गर्न गराउन नेपाल सरकारका तर्फबाट प्रभावकारी पहल हुनुपर्ने। | |
| ४ | सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन २०७७ का अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र आह्वान भएको लागत ५३ खर्ब ९३ अर्ब रुपिया भन्दा बढी रहेको पाइन्छ। त्यस भन्दा बाहेक पनि खरिद गरिने हुँदा कूल खरिद गरिने रकमको आकार निकै ठूलो हुने स्पष्ट छ। यस्ता खरिद प्रक्रियामा पारदर्शिताको अभावमा अनियमितता हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन। सार्वजनिक निकायहरू खरिद प्रक्रियामा स्वच्छ, पारदर्शी र जवाफदेही भइदिँदा सार्वजनिक खर्च उपयुक्त ठाउँमा भई उपलब्धिमूलक हुन सक्छ भने अनियमितता तथा दुरुपयोग भइदिँदा खोजेको प्रतिफल प्राप्त हुन सक्दैन। सार्वजनिक खरिदसम्बन्धी सम्पूर्ण कार्यहरू (शुरुदेखि अन्त्यसम्म) पारदर्शी बनाउने। यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेबसाइटमार्फत र अन्य माध्यमबाटसमेत सार्वजनिक गर्दै जाने। सार्वजनिक खरिदसम्बन्धी सम्झौता खरिद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रुपमा सार्वजनिक निकायको वेबसाइटमा राख्ने। सार्वजनिक खरिदसम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्ने प्रकाशनमा अनिवार्य रुपमा समावेश गर्ने। | |

| | | |
|---|---|---|
| ५ | सार्वजनिक निकायहरूले समय समय भएका घटना, समस्या, परिस्थितिको अनुसन्धान तथा अध्ययन गर्नका लागि कानूनबमोजिम वा निर्णय गरी समय समयमा विभिन्न कार्यदल, टोली, समिति आदी बनाउने गरिएको छ । यसरी हुने अध्ययन तथा अनुसन्धानबाट प्राप्त प्रतिवेदनहरू मध्ये कतिपय समयमै सार्वजनिक नहुंदा यसबाट प्राप्त भएका परिणाम तथा सुझावहरू बारेमा सर्वसाधारण नागरिक थाहा पाउन पर्ने अधिकारबाट वञ्चित हुने गरेको छ । यसबाट सार्वजनिक निकायप्रति नै नकरात्मक धारणा बन्ने हुन्छ । तसर्थ सार्वजनिक निकायहरूले गरेका यस्ता अध्ययन तथा अनुसन्धान प्रतिवेदनहरू यथाशिघ्र सार्वजनिक सार्वजनिक गर्ने व्यवस्था गर्ने । | |
| ६ | सार्वजनिक निकायलाई पारदर्शी बनाई सर्वसाधारण नागरिकप्रति जिम्मेवार बनाउने प्रमुख दायित्व सार्वजनिक निकायका प्रमुखको हो । यसका लागि प्रत्येक सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी कानूनको इमान्दार पालना गर्नू/गराउनू आवश्यक छ। पछिल्लो अवधिमा सार्वजनिक निकायका प्रमुखहरूमा सूचनाको हक लगायतका नागरिक हक कार्यान्वयनमा उदासिनता देखिने गरेको छ। तसर्थ सूचनाको हकको कार्यन्वयन नगर्ने नगराउने सार्वजनिक निकायका प्रमुख माथि तालुक निकायले अनुगमन गरी विभागीय कारवाही गर्न पर्ने । | |
| ७ | सूचनाको हकको संरक्षण, संबर्द्धन र प्रचलन गर्न गराउन राष्ट्रिय सूचना आयोगको गठन भएको हो । यो जिम्मेवारी पुरा गर्न गराउन आयोगले नियमित रुपले अन्तरक्रिया, प्रशिक्षण, गोष्ठीका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। केहि वर्ष देखि आयोगका लागि विनियोजित बजेटमा कार्यक्रम बजेट घट्दो क्रममा रहेको छ। यसबाट सूचनाको हक कार्यान्वयनमा नेपाल सरकारको प्रतिवद्धता माथि प्रश्न उठ्ने अवस्था आउने गरेको छ। नेपाल सरकारबाट आयोगका लागि विनियोजित बजेट बृद्धी गर्न पर्ने । | |
| ८ | नेपाल सरकारका विभिन्न निकाहरूले विद्युतीय प्रणालीमार्फत् सेवा प्रदान गर्न प्रारम्भ गरेको देखिएको छ। यस प्रणालीमार्फत् सेवा प्रदान भएका र हुने निकायहरूले त्यस्ता प्रणाली अवलम्बन गरी सञ्चालन गर्दा सूचनाको हकको पक्षलाईसमेत मध्येनजर गरी सूचना प्रणालीको निर्माण र सञ्चालन गर्न आवश्यक देखिन्छ। विशेष गरी त्यस्तो प्रणालीको प्राविधिक क्षमता, प्रणालीको कार्यपद्धति, प्रणालीले काम गर्ने अवधि, प्रणालीका काम प्रतिको उत्तररदायित्वको विषयहरूमा प्रयोगकर्तालाई पूर्वजानकारी सुनिश्चित गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने । | |

## २०७९/८० का सुझाव

| क्र.सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | प्रत्येक व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार तथा चरित्र सम्बन्धी विषयको गोपनीयताको हकलाई सुनिश्चित गर्ने, सार्वजनिक निकाय वा संस्थामा रहेका वैयक्तिक सूचनाको संरक्षण र सुरक्षित उपयोगको व्यवस्था गर्ने तथा व्यक्तिको गोपनीयता अतिक्रमण हुन नदिने व्यवस्था गरी मर्यादित जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न २०७५ सालमा वैयक्तिक गोपनियता सम्बन्धी ऐन, २०७५ जारी भएको हो । ऐनको दफा ३० को उपदफा १ मा दफा २९ को उपदफा (३) मा उल्लेख भएकोमा बाहेक यस ऐन अन्तर्गतका अन्य कुनै कसूर गरेकोमा सरोकारवाला व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा उजूर गर्न सक्ने व्यवस्था गरेको छ। यसबाट वैयक्तिक गोपनियता भंग भएमा जिल्ला अदालत जान पर्ने व्यवस्थाले गर्दा सर्वसाधारण नागरिकलाई त्यति सहज नभएको भनाई सरोकारवालाहरूबाट समय समयमा व्यक्त भएको सन्दर्भ र कतिपय देशमा सूचनाको हक र गोपनियता सम्बन्धी जिम्मेवारी एउटै निकायलाई प्रदान गरी Information and Privacy Commissioner नियुक्त गर्ने प्रचलन रहेको सन्दर्भलाई ध्यानमा राखी वैयक्तिक गोपनियता सम्बन्धी ऐनलाई संशोधन गरी शुरु उजुरी सुन्ने निकायका रुपमा राष्ट्रिय सूचना आयोग हुने व्यवस्था गर्ने । | |

| | | |
|---|---|---|
| २ | नेपालको संविधानको धारा २७ मा नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचना माग्ने र पाउने मौलिक हक कायम गर्न र सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी गरी संवैधानिक व्यवस्थाको कार्यन्वयनमा महत्वपुर्ण भुमिका निर्वाह गरेका अधिकांश राजनैतिक दलहरूले नै सूचनाको हकसम्बन्धी कानूनले व्यवस्था गरेका दायित्व पालना नगरेको अवस्था विद्यमान रहेको छ । राजनैतिक दलहरू पारदर्शी, जवाफदेही र जिम्मेवार हुँदा सर्वसाधारण नागरिकमा उत्साह थपिन्छ। तसर्थ राजनैतिक दलहरूले सूचनाको हकसम्बन्धी कानुन बमोजिम अनिवार्य रुपमा पालना गर्नु पर्ने सूचना अधिकारी तोक्ने, स्वत प्रकाशन गर्ने र सूचना माग भएमा तत्काल उपलब्ध गराउने व्यवस्था कार्यन्वयन गर्नु पर्ने । | |
| ३ | सूचनाको हक कार्यान्वयनमा र सूचना माग भएको तथ्याङ्क संकलनका लागि अत्यन्त महत्वपुर्ण रहेको नेपाल सरकारले स्वीकृत गरी कार्यान्वयनमा ल्याएको सूचनाको हक कार्यान्वयन अनुगमन निर्देशिका, २०७६ को कार्यान्वयन अवस्थामा सुधार हुन सकेको छैन । निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा रहेको केन्द्रीय समन्वय इकाई, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा रहेको कार्यान्वयन अनुगमन इकाई, प्रदेशको मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा रहेका प्रदेश अनुगमन इकाई र जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला अनुगमन इकाईहरूको सक्रियता अत्यन्त आवश्यक र अनिवार्य रहेकोले ती समन्वय र अनुगमन इकाईहरूलाई सक्रिय बनाउनु पर्ने । | |
| ४ | सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ मा रहेको सूचना वर्गीकरण सम्वन्धी व्यवस्था बमोजिम सूचनाको वर्गीकरण हुन सकेको अवस्था छैन। सूचनाको वर्गीकरण गर्दा विश्वमा पारदर्शिताका लागि भएका प्रयासहरू, लोकतन्त्रको स्थायित्वका लागि आवश्यक जवाफदेहिता, पारदर्शिता र जिम्मेवारीको आवश्यकता, सर्वसाधारण नागरिकको अपेक्षा, सुशासनका लागि आवश्यक शर्त, २०६४ सालमा बनेको कानूनी व्यवस्था भन्दा अगाडि बढेर अपवादका रुपमा र अत्यन्त थोरै र अत्यावश्यक सूचना मात्र छोटो समयका लागि गोप्य रहने गरी र नेपालको संविधान र सूचनाको हकसम्बन्धी कानूनले नेपाली नागरिकलाई प्रदान गरेको सूचनाको हकमा कुनै पनि हिसाबबाट संकुचन नहुने गरी वर्गीकरण गरिनुपर्ने । | |
| ५ | विश्वका १३६ देशमा सूचनाको हकसम्बन्धी कानून बनी कार्यान्वयनमा रहँदै गर्दा सूचनाको हकका लागि स्थापित आयोगहरूको स्वायत्तता माथि प्रश्न उठिरहेको अवस्था छ। राष्ट्रिय सूचना आयोगका सन्दर्भमा धेरै विषयमा स्वयत्तता रहँदा रहँदै पनि वित्तीय स्वायत्तता नभएको कारणबाट अन्तर्राष्ट्रिय मूल्याङ्कनमा कमजोर रहने गरेको सन्दर्भलाई ध्यानमा राखी आयोगलाई आवश्यक पर्ने बजेटका सम्बन्धमा सूचनाको हकसम्बन्धी संसदीय समितिमा अर्थ मन्त्रालय समेतको सहभागितामा छलफल गरी समितिको निर्णय अनुसारको बजेट विनियोजन गर्ने व्यवस्था हुन पर्ने । | |
| ६ | सूचनाको हक सर्वसाधारण नागरिकले प्रयोग गर्ने संवैधानिक र कानूनी अधिकार भएको र पछिल्लो अवधिमा सूचनाको माग गर्न जाँदा कतिपय सार्वजनिक निकायमा सूचना मागकर्ता उपर दुर्व्यवहार हुने तथा कतिपय अवस्थामा सूचना मागकर्ताको ज्यान समेत जोखिममा पर्ने गरेको अवस्थालाई ध्यानमा राखी नेपाल सरकारले सूचना मागकर्ताको सुरक्षाका लागि आवश्यक व्यवस्था गर्नु पर्ने । | |
| ७ | सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २९ मा रहेको सूचनादाताको संरक्षण सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यन्वयनका लागि नियमावली बनाउन आवश्यक भएको सन्दर्भलाई ध्यानमा राखी राष्ट्रिय सूचना आयोगले गत वर्ष सरोकारवालाहरूसँगको राय तथा पृष्ठपोषण, गोष्ठी, सर्वसाधारणको प्रतिक्रिया समेत लिई अन्तिम रुप दिइएको सूचनादाताको संरक्षण (Whistleblower's Protection) सम्बन्धी नियमावलीको मस्यौदा आयोगको मिति २०७९ भदौ १६ गतेको बैठकले स्वीकृत गरी नेपाल सरकार समक्ष सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत स्वीकृतिका लागि पेश गरेको छ, उक्त नियमावली जारी गर्ने व्यवस्था गर्नु पर्ने । | |
| ८ | सूचनाको हक कार्यान्वयनका सन्दर्भमा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि स्थापित राष्ट्रिय सूचना आयोगका लागि हुने बजेट विनियोजनमा आईरहेको ह्रास त्यसमा पनि कार्यक्रम बजेटमा आइरहेको निरन्तरको कमीका कारण आयोगले पुरा गर्नु पर्ने जिम्मेवारी र दायित्व पुरा गर्न बाधा पुगिरहेको विषयलाई गंभीरतापूर्वक लिई बजेट विनियोजन हुने व्यवस्था गर्नु पर्ने । | |

## २०८०/८१ का सुझाव

| क्र.सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | नेपालको संविधान र सूचनाको हक सम्बन्धी कानूनले नागरिकलाई प्रदान गरेको महत्वपुर्ण अधिकारका रुपमा रहेको सूचनाको हकको प्रभावकारी कार्यन्वयनका लागि सार्वजनिक निकायहरूले आन्तरिकीकरण गरेको हुनु पर्दछ । यसका लागि सूचनाको हकलाई सार्वजनिक निकायहरूमा मूलप्रवाहीकरण गर्न गराउन पर्ने देखिन्छ । मूलप्रवाहीकरणका लागि सार्वजनिक निकाय, राष्ट्रिय सूचना आयोग, नागरिक समाज, सञ्चारकर्मी तथा अभियन्ताहरूले गर्नु पर्ने कार्यहरूका वारेमा विस्तृत अध्ययन गरी छुट्टै बजेट सहितको कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ । | |
| २ | राष्ट्रिय सूचना आयोगले सूचनाको हकको प्रभावकारी कार्यन्वयनका लागि सन २०२१ देखि २०२५ सम्मका लागि सूचनाको हक सम्बन्धी राष्ट्रिय रणनैतिक योजना तयार गरी त्यसै अनुरुप आफ्ना कार्यक्रमहरू कार्यन्वयन गरिरहेको छ । तर आर्थिक स्रोतको अभावका कारण धेरै लक्ष्य अनुरुपका कार्यक्रमहरू गर्न नसकिएको कारणबाट आशिंक मात्र काम भैरहेको छ । तसर्थ रणनैतिक योजना कार्यन्वयनका लागि आवश्यक र पर्याप्त आर्थिक स्रोतको व्यवस्था हुनुपर्ने । | |
| ३ | नेपालको संविधानको धारा २७ मा नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचना माग्ने र पाउने मौलिक हक कायम गर्न र सूचनाको हक सम्बन्धी ऐन २०६४ जारी गरी संवैधानिक व्यवस्थाको कार्यन्वयनमा महत्वपुर्ण भुमिका निर्वाह गरेका अधिकांश राजनैतिक दलहरूले नै सूचनाको हक सम्बन्धी कानूनले व्यवस्था गरेका दायित्व पालना नगरेको अवस्था विद्यमान रहेको छ । राजनैतिक दलहरू पारदर्शी, जवाफदेही र जिम्मेवार हुंदा सर्वसाधारण नागरिकमा उत्साह थपिन्छ । तसर्थ राजनैतिक दलहरूले सूचनाको हक सम्बन्धी कानुन बमोजिम सूचना अधिकारी तोक्ने, स्वत प्रकाशन गर्ने र सूचना माग भएमा तत्काल उपलब्ध गराउने व्यवस्था कार्यन्वयन गर्नु पर्ने । | |
| ४ | सूचनाको हक कार्यन्वयनमा र सूचना माग भएको तथ्याङ्क संकलनका लागि अत्यन्त महत्वपुर्ण रहेको नेपाल सरकारले स्वीकृत गरी कार्यन्वयनमा ल्याएको सूचनाको हक कार्यन्वयन अनुगमन निर्देशिका २०७६ को कार्यन्वयन अवस्थामा अपेक्षित सुधार हुन सकेको पाइएको छैन । निर्देशिकाको प्रभावकारी कार्यन्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा रहेको समन्वय समिति, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा रहेको अनुगमन समिति, प्रदेशको मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा रहेका प्रदेश अनुगमन इकाई र जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला अनुगमन इकाईहरूको सकृयता अत्यन्त आवश्यक र अनिवार्य रहेकोले ति समन्वय र अनुगमन समिति तथा इकाईहरूलाई सकृया बनाउन पर्ने । | |
| ५ | सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा २७ मा रहेको सूचना वर्गिकरण सम्वन्धी व्यवस्था बमोजिम सूचनाको वर्गीकरण हुन सकेको अवस्था छैन । सूचनाको वर्गीकरण गर्दा विश्वमा पारदर्शिताका लागि भएका प्रयासहरू, लोकतन्त्रको स्थायित्वका लागि आवश्यक जवाफदेहिता, पारदर्शिता र जिम्मेवारीको आवश्यकता, सर्वसाधारण नागरिकको अपेक्षा, शुसासनका लागि आवश्यक शर्त, २०६४ सालमा बनेको कानूनी व्यवस्था भन्दा अगाडी बढेर अपवादका रुपमा र अत्यन्त थोरै र अत्यावश्यक सूचना मात्र छोटो समयका लागि गोप्य रहने गरी र नेपालको संविधान र सूचनाको हक सम्बन्धी कानूनले नेपाली नागरिकलाई प्रदान गरेको सूचनाको हकमा कुनै पनि हिसाबबाट संकुचन नहुने गरी वर्गिकरण गरिनुपर्ने । | |
| ६ | विश्वका १४० देशमा सूचनाको हक सम्बन्धी कानून बनि कार्यन्वयनमा रहँदै गर्दा सूचनाको हकका लागि स्थापित आयोगहरूको स्वायत्तता माथि प्रश्न उठीरहेको अवस्था छ । राष्ट्रिय सूचना आयोगका सन्दर्भमा धेरै विषयमा स्वयत्तता रहंदा रहँदै पनि वित्तिय स्वायत्तता नभएको कारणबाट अन्तरराष्ट्रिय मूल्याङ्कनमा कमजोर रहने गरेको सन्दर्भलाई ध्यानमा राखी आयोगलाई आवश्यक पर्ने बजेटका सम्बन्धमा सूचनाको हक सम्बन्धी संसदीय समितिमा अर्थ मन्त्रालय समेतको सहभागितामा छलफल गरी समितिको निर्णय अनुसारको बजेट विनियोजन गर्ने व्यवस्था हुन पर्ने । | |
| ७ | सूचनाको हक सर्वसाधारण नागरिकले प्रयोग गर्ने संवैधानिक र कानूनी अधिकार भएको र पछिल्लो अवधिमा सूचनाको माग गर्न जांदा कतिपय सार्वजनिक निकायमा सूचना मागकर्ताउपर दुर्व्यवहार हुने तथा कतिपय अवस्थामा सूचनामागकर्ताको ज्यान समेत जोखिममा पर्ने गरेको अवस्थालाई ध्यानमा राखी नेपाल सरकारले सूचनामागकर्ताको सूरक्षाका लागि आवश्यक व्यवस्था गर्न पर्ने । | |

| | | |
|---|---|---|
| ८ | सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा २९ मा रहेको सूचनादाताको संरक्षण सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यन्वयनका लागि नियमावली बनाउन आवश्यक भएको सन्दर्भलाई ध्यानमा राखी राष्ट्रिय सूचना आयोगले गत वर्ष सरोकारवालाहरूसंगको राय तथा पृष्ठपोषण, गोष्ठी, सर्वसाधारणको प्रतिक्रिया समेत लिई अन्तिम रुप दिइएको सूचनादाताको संरक्षण (Whistleblower's Protection) सम्बन्धी नियमावलीको मस्यौदा आयोगको मिति २०७९ भदौ १६ को बैठकले स्वीकृत गरी नेपाल सरकार समक्ष सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत स्वीकृतिका लागि पेश गरेको छ, उक्त नियमावली जारी गर्ने व्यवस्था गर्नु पर्ने । | |
| ९ | संयुक्त राष्ट्र संघको सन् १९४८ मा पारित मानवअधिकारको घोषणा पत्रको धारा १९ मा सूचनाको अधिकार मानवअधिकारको रूपमा उल्लिखित छ । त्यसमा भनिएको छः "हरेक व्यक्तिलाई विचार र राष्ट्रिय सूचना अभिव्यक्तिको स्वतन्त्रता छ । यो अधिकारभित्र कुनै बाधाबिना कुनै पनि विचार मान्ने र कुनै पनि माध्यमबाट र सीमाको बन्धनबिना सूचना खोज्ने, पाउने र बाँडने स्वतन्त्रता पर्छ ।" यो अधिकार अरु सबै मानवअधिकारको पनि आधार हो भन्ने कुरा बिर्सनु हुँदैन । सन् १९४६ मा संयुक्त राष्ट्र संघले एउटा प्रारम्भकालीन प्रस्ताव पारित गरेको थियो । त्यो प्रस्तावमा भनिएको थियोः सूचनाको हक मानिसको मौलिक अधिकार हो ... यो संयुक्त राष्ट्र संघ जुन स्वतन्त्रताका लागि समर्पित छ ती सबै स्वतन्त्रतालाई जाँच्ने आधार/कसी हो । त्यसैले समयको मागअनुसार नेपालका मानवअधिकारका लागि काम गरिरहेका गैरसरकारी संस्थाहरूले मानवअधिकारका अन्य विषयमाभन्दा सूचनाको हक स्थापित गर्ने काममा विशेष रूपमा सक्रिय हुनु आवश्यक छ । | |
| १० | सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने थुप्रै ऐन नियमहरू प्रचलनमा छन् । यसले गर्दा सार्वजनिक निकायका पदाधिकारीहरूलाई नयाँ कानुन अन्तर्गत कति सूचना खुला गर्ने र कति गोप्य राख्ने भन्ने निधो गर्न र काम गर्न गाह्रो भइरहेको छ । एउटा ऐनले सूचना दिनुपर्छ भन्छ भने अर्को ऐनले अनधिकृत रूपले सूचना सार्वजनिक गर्‍यो भने सजायको भागिदार हुन्छ भन्छ । यस्तोमा कर्मचारीहरू सजायको कुराप्रति बढी सचेत भएर सूचना नदिनेतिर लाग्ने सम्भावना बढी हुन्छ । सजायको कुराले त्रास खडा गरेको अवस्था पनि छ । सूचनामा पहुँचलाई बढाउन, त्यससम्बन्धी कानुनमा एकरूपता ल्याउन र सरकारलाई खुलापनतिर लैजान यस्ता कानुन बदल्नु वा संशोधन गरिनु पर्छ । | |
| ११ | नेपालमा विभिन्न पदको लागि लिइने शपथलाई चलन चल्तीमा पद तथा गोपनियताको शपथ भन्ने गरिन्छ । पदसँग गोपनियता गाँसिएको वा शपथ भनेकै गोपनियताका लागि हो भन्ने सोच छ । अब कुनै पनि पदाधिकारीले कामको प्रकृति हेरी ऐनअनुसार गोप्य राख्नुपर्ने विषय मात्रै गोप्य राख्नुपर्छ । पदभार ग्रहण गर्दा नै एकमुष्ठ रूपमा सूचना सार्वजनिक गर्ने काममा एकमुष्ठ प्रतिवन्ध लगाउन हुँदैन । यसो गर्दा सार्वजनिक निकायका पदाधिकारीहरूमा आफ्नो कर्तव्यको बारेमा भ्रम पैदा हुनसक्छ । आफ्नो जिम्मेवारी प्रमुखप्रति हो कि जनताप्रति हो भन्ने दुविधा उत्पन्न हुनसक्छ । आधुनिक लोकतन्त्रमा गोपनियताको सट्टा अब जनतालाई सबै कुरा खुला गर्ने पारदर्शिताको शपथ लिनुपर्छ । | |
| १२ | अभिलेखहरू सिर्जना गर्ने, व्यवस्थित गर्ने, भण्डारण गर्ने, चाहिएको बेलामा सजिलै र तुरुन्तै प्राप्त गर्न सकिने गरी राख्ने प्रभावकारी प्रणाली भएन भने सूचना प्रवाह कठिन हुन्छ । मागिएको सूचना कहाँ छ भन्ने बेलैमा थाहा भएन भने ऐनले तोकेको समयभित्र सूचना उपलब्ध गराउन सकिन्न । सूचना पढ्न वा नक्कल उतार्न नसकिने अवस्थामा पुगेको छ वा नष्ट भएको छ भने ऐन कार्यान्वयन गर्न सकिन्न । सूचनाको हकको केन्द्रमा अभिलेखहरू ९च्भअयचमक० हुन्छन् – कागजातहरू, लिखतहरू, फाइलहरू, टिप्पणीहरू, सामग्रीहरू, भिडियो, अडियो टेपहरू, नमुनाहरू, कम्प्युटरले छापेका प्रिन्टआउटहरू, हार्डड्राइभ, पेनड्राइभ सीडी, भिडिडी आदि विभिन्न माध्यममा सूचना, अभिलेख संकलित र सुरक्षित हुन्छन् । सरकारसँग विश्वसनीय अभिलेखहरू सिर्जना र व्यवस्थित गर्ने उचित प्रणाली हुनैपर्छ । अन्यथा असल नियतले काम गर्ने कर्मचारीले पनि काम गर्न सक्तैन । सूचना व्यवस्थित गर्ने उचित प्रणाली भएन भने अभिलेखहरू बिग्रन बिगारिन, मेटिन वा नष्ट हुन वा हराउन सक्छन् । नियमित रूपमा अनुगमन भयो भने मात्रै अभिलेख व्यवस्थापनको अवस्था कमी र तालिम तथा अन्य उपायको आवश्यकता थाहा हुन्छ । अतः सकेसम्म एकै ढाँचाको अभिलेख व्यवस्थापन लागू गर्ने र विद्यमान व्यवस्थापनमा सुधार ल्याउनु आवश्यक छ । | |

| | | |
|---|---|---|
| १३ | राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई सूचना प्रवाह गर्न दिएको आदेशका विरुद्धमा सम्मानित सर्वोच्च अदालत वा पुनरावेदन अदालतमा पुनरावेदन वा रिट निवेदन दिएको अवस्थामा महान्यायधिवक्ताको कार्यालयबाट पहिला जुन निकायले यस्तो पुनरावेदन वा रिट निवेदन गरेको हो उसकै पक्षबाट प्रतिरक्षा गर्ने गरेको र आयोग प्रतिरक्षाविहिन भएको र निजी कानुन व्यबसायी मुकरर गर्न वाध्य भएकोले यस्तो अवस्था सिर्जना हुँदा के कस्तो कार्यविधि अपनाउने भन्ने सम्बन्धमा उपयुक्त नीतिगत निर्णय वा प्रणाली व्यवस्थित गरिनु पर्ने आवश्यकता देखिएको छ । | |
| १४ | सूचनाको हकको प्रचलन, प्रवर्द्धन गर्ने प्रयोजनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ अनुसार तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४क. अनुसार सबै सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ति गर्ने व्यबस्था छ । तर कतिपय निकायहरूले यसलाई औपचारिकता मात्र दिने प्रयोजन गरेको पाइएको छ । सूचना अधिकारी मात्र नियुक्त भएर सूचना प्रवाह सरल र सहज नहुने हुँदा सूचना अधिकारीको पहुँचमा सूचना पुग्ने कार्यविधि पनि तर्जुमा गरी लागू गर्ने तथा सूचना अधिकारीलाई आफ्नो जिम्मेवारी पुरा गर्न न्यूनतम भौतिक पूर्वाधार, प्रोत्साहन भत्ता र काम, कर्तव्य एवम् अधिकारको स्पष्ट व्यबस्था गर्नु पर्ने हुन्छ । यसका अतिरिक्त कुनैपनि सार्वजनिक निकायमा तोकिएको सूचना अधिकारी कुनैपनि कारणले रिक्त भएमा स्वतः अर्को व्यक्ति तोकिने स्वचालित प्रणाली कायम गरिनु पर्दछ । | |
| १५ | नागरिक सूचना माग्न आएपनि वा नआएपनि सार्वजनिक निकाय आफै खुला, पारदर्शी र जवाफदेही हुँदै सुशासन कायम गर्न सूचना प्रवाह गर्नु संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को मूल मर्म हो । संविधान र कानूनको यो मूल मर्म कार्यान्वयनमा ल्याउन सार्वजनिक निकायका पदाधिकारी/कर्मचारीलाई जनतामा सूचना प्रवाह गर्न उत्प्रेरित, जागरुक र सचेत गराउन अनिवार्य हुन्छ । यही कारण अहिलेलाई कम्तिमा सार्वजनिक निकायमध्ये जनताप्रति बढि जवाफदेही हुनुपर्ने सरकारी कार्यालयका कर्मचारीहरूलाई सूचना प्रवाह गरेर पारदर्शी र जवाफदेही बनाउन उनीहरूको कार्यसम्पादन र मूल्याकंनको आधारहरूमध्ये सूचनाको हक कार्यान्वयनलाई पनि समावेश गर्ने गरी सम्बन्धित कानूनमा व्यवस्था गर्ने । | |
| १६ | सार्वजनिक निकायहरूले समय समयमा विभिन्न विषय वा घटनामा आधारित भएर छानवीन, अनुसन्धान, अध्ययन जस्ता कार्यहरू गरिरहेको हुन्छ, यसरी गरिने कार्यबाट प्राप्त हुने प्रतिवेदनहरू सार्वजनिक नहुंदा सर्वसाधारण नागरिकले शंका गर्ने, स्वामित्व नलिने तथा कतिपय अवस्थामा दुरुपयोग समेत हुन सक्ने अवस्थालाई ध्यानमा राखी सूचनाको हक सम्बन्धी कानूनले वर्जित गरेका विषय वाहेक स्वत सार्वजनिक गर्ने गराउने । | |
| १७ | राष्ट्रिय सूचना आयोगका कृयाकलापहरूलाई सहज र सरल तथा सर्वसाधारण नागरिक र सार्वजनिक निकायको पहुँचमा पुऱ्याउन सूचना प्रविधीको प्रयोग बढाउन पर्ने आवश्यकता देखिन्छ । कतिपय देशहरूमा आरटिआई पोर्टल नै बनाएको पाइन्छ । तसर्थ सूचना प्रविधी प्रणाली विकास गरी कार्यन्वयन गर्न तथा आरटिआई पोर्टल स्थापना गर्न बजेटको व्यवस्था हुनुपर्ने । | |
| १८ | हालप्रचलनमा रहेका कानूनले सार्वजनिक पदमा रहेका पदाधिकारीको सम्पत्ति विवरण गोप्य रहने व्यवस्था गरेको छ । तर भ्रष्टाचार नियन्त्रण गर्न, जवाफदेहिता कायम गर्न, पारदर्शिता बढाउन सार्वजनिक पद ग्रहण गर्ने उच्च तहका पदाधिकारीहरूको सम्पत्ति विवरण सार्वजनिक हुने व्यवस्था कानूनमा राखिनु पर्ने । | |
| १९ | सूचनाको हक कार्यन्वयनका सन्दर्भमा सूचनाको हकको सम्बर्द्धन, प्रवर्द्धन तथा प्रचलनका लागि स्थापित राष्ट्रिय सूचना आयोगका लागि हुने विनियोजनमा आईरहेको ऱ्हास त्यसमा पनि कार्यक्रम बजेटमा आइरहेको निरन्तरको कमीका कारण आयोगले पुरा गर्नपर्ने जिम्मेवारी र दायित्व पुरा गर्न बाधा पुगीरहेको विषयलाई गंभीरतापूर्वक लिई बजेट विनियोजन हुने व्यवस्था गर्न पर्ने । | |

## अनुसूची- १४

## उच्च अदालत पाटनमा राष्ट्रिय सूचना आयोगलाई विपक्षी बनाइएका मुद्दाको विवरण

| क.सं. | दर्ता मिति | मुद्दा नं. | मुद्दाको विषय | फैसला मिति | वादी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०७९।०७।०६ | ०७९-DP-०६४९ | दफा १०(३)(क) बमोजिम जारी आदेश बदरको माग गरेको | २०८०।०१।१५ | महानिर्देशक, भन्सार विभाग | फैसला भएको |
| २ | २०८०।०२।०९ | ०७९-DP-१५७७ | दफा १०(३)(क) बमोजिम जारी आदेश बदरको माग गरेको | २०८०।०६।२२ | प्राइम बैंक | फैसला भएको |
| ३ | २०७९।०७।१६ | ०७९-DP-०६४९ | कर फच्छ्यौंट आयोगको प्रतिवेदन उपलब्ध गराउनू भनी भएको आदेश विरुद्ध | २०८०।१०।०७ | अर्थ मन्त्रालय | फैसला भएको |
| ४ | | ०८०-WO-१५५४ | दफा १०(३)(क) बमोजिम जारी आदेश बदरको माग गरेको | | नेपाल लाईफ इन्स्योरेन्स कं. लि. | फैसला हुन बाँकी |
| ५ | | ०८०-WO-०९२९ | दफा १०(३)(क) बमोजिम जारी आदेश बदरको माग गरेको | | पाल्पा सिमेन्ट ई. प्रा. लि. | फैसला हुन बाँकी |
| ६ | | ०७९-DP-०१६९ | दफा ३२ बमोजिम भएको कारबाहीको निर्णय बदर माग गरेको | | पुष्पराज जोशी | फैसला भएको । पुनः आदेश गर्न नपर्ने आदेश |
| ७ | २०७९।०४।२९ | ०७९-DP-०११५ | उच्च अदालत पाटनबाट भएको फैसला बदर माग गरी सर्वोच्च अदालतमा पुनरावेदन गरेको | | राष्ट्रिय सूचना आयोग | फैसला हुन बाँकी |
| ८. | २०८२।०२।११ | ०८१-WO-२४६९ | उत्प्रेषण, परमादेश समेत | | केशव प्रसाई | फैसला हुन बाँकी |
| ९. | २०८१।०४।२२ | ०८१-WO-०१५३ | उत्प्रेषण, परमादेश समेत | | त्रिफु वरही ठाकुर | फैसला हुन बाँकी |
| १०. | २०८१।१०।०८ | ०८१-WO-०४११ | उत्प्रेषण, परमादेश समेत | | रणधिर कुमार ठाकुर | फैसला हुन बाँकी |

# अनुसूची- १५

## आरटिआई अडिट गरिएका सुदूरपश्चिम प्रदेश अन्तरगतका निकायको नामावली

क. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

ख. आन्तरीक मामिला तथा कानून मन्त्रालय

ग. आर्थिक मामिला मन्त्रालय

घ. भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

ङ. भौतिक पूर्वाधार विकास मन्त्रालय

च. सामाजिक विकास मन्त्रालय

छ. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

ज. प्रदेश सभा सचिवालय

झ. प्रदेश लोक सेवा आयोग

ञ. पूर्वाधार विकास कार्यालय, कैलाली

ट. यातायात व्यवस्था कार्यालय, कैलाली

ठ. जिल्ला मालपोत कार्यालय, कैलाली

ड. धनगढी उपमहानगरपालिका

सूदुरपश्चिम प्रदेश अन्तर्गतका मन्त्रालय, कार्यालय, स्थानीय तह लगायतका कार्यालयमा सूचनाको हकको कार्यान्वयनको अवस्था सम्बन्धमा RTI Audit बाट प्राप्त निश्कर्ष र सिफारिस देहाय बमोजिम रहेको छ ।

**निष्कर्ष र सिफारीश**
